# नेपाली भाषा शिक्षण

## पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम
(प्रथम सेमेष्टर)

२०६०

**प्रशिक्षार्थी स्रोतसामग्री**

49149504
NCED
2060

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शैक्षिक जनशक्ति बिकास केन्द्र**
सानोठिमी, भक्तपुर

परीक्षणको लागि

परीक्षणका लागि

# नेपाली भाषाशिक्षण

## पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम

## प्रथम सेमेष्टर

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रशिक्षार्थी स्रोतसामग्री

२२१ छो

प्रकाशक
श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण २०६०

G406

लेखनसमूह
१ श्री सुरेन्द्रराज काफ्ले
२ श्री द्रोण दाहाल
३ श्री अर्जुन श्रेष्ठ

विषयवस्तु तथा भाषा सम्पादन
श्री रमेश भट्टराई

संयोजन
श्री रामहरि श्रेष्ठ
श्री सुरेन्द्रराज काफ्ले

प्राविधिक सल्लाहकार
१ श्री डा. गजेन्द्रमान श्रेष्ठ
२ श्री डा. विष्णु सिंह राई

आवरण डिजाइन
श्री सुमन बज्राचार्य

# भूमिका

नेपाली भाषाशिक्षण विषयको प्रस्तुत स्रोतसामग्री १० महिने पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिममा सहभागी हुने प्रशिक्षार्थीहरूका लागि अनुपूरक सामग्रीको रूपमा तयार गरिएको हो ।

यो प्रशिक्षार्थी स्रोतसामग्री पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रममा आधारित छ । यो सामग्रीको प्रयोगबाट प्रशिक्षार्थीहरूले तालिममा सिकेका कुराहरूलाई अझ सवलीकरण गर्ने एवम् कक्षाकोठामा प्रयोग गर्न सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

यस सामग्रीअन्तर्गत भाषिक सीप शिक्षण गर्ने विविध क्रियाकलाप, भाषिकक्षेत्र पहिचान एवम् निराकरणात्मक क्रियाकलाप, आधारभूत व्याकरण शिक्षण, विविध भाषिक विधाको शिक्षण एवम् व्यावहारिक कागजात लेखनसम्बन्धी विषयवस्तुहरूको संयोजन गरिएकोछ ।

सामग्री तयार गर्नका लागि प्रमुख रूपमा पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रमको आधार लिइएको छ । लेखक तथा सम्पादकहरूका लागि प्राविधिक सल्लाहकारबाट अभिमुखीकरण कार्यशाला सञ्चालन भई सामग्रीको स्वरूप निर्धारण गरी तद्नुरूप लेखन कार्य अगाडि बढाइएको थियो । लेखन कार्यको क्रममा विभिन्न पुनरावलोकन कार्यशाला सञ्चालन गरी आवश्यक सुधार गरी यस रूपमा तयार गरिएको छ । प्रस्तुत सामग्री श्री शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार गरी परीक्षणको रूपमा प्रयोगमा ल्याइएको छ । शिक्षक, प्रशिक्षक तथा अध्ययन गर्ने सम्पूर्ण पाठक वर्गबाट यस सामग्रीमा भएका कमी कमजोरी औंल्याई सुधारका लागि आवश्यक सुझावको अपेक्षा यस केन्द्रले राखेको छ । प्राप्त हुने रचनात्मक सुझावहरूलाई आगामी संस्करणमा समावेश गरिनेछ ।

प्रस्तुत सामग्री तयारी गर्ने कार्यमा संलग्न लेखक, सम्पादक, प्राविधिक सल्लाहकार एवम् सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ ।

२०६० साल, असार

अर्जुनबहादुर भण्डारी
कार्यकारी निर्देशक

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| एकाइ १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र पूरक सामग्री | १ |
| एकाइ २ | सुनाइ सीपको विकास | ६ |
| एकाइ ३ | भाषिक पृष्ठभूमि र कठिनाइ क्षेत्रको पहिचान | ११ |
| एकाइ ४ | उच्चारण शिक्षण | १६ |
| एकाइ ५ | शब्दार्थशिक्षण | २० |
| एकाइ ६ | सुनाइ र बोलाइ सीपसम्बन्धी शिक्षण | २८ |
| एकाइ ७ | अक्षरशिक्षण | ३५ |
| एकाइ ८ | लेखाइ सीपको अभ्यास | ४४ |
| एकाइ ९ | व्यावहारिक कागजात | ५३ |
| एकाइ १० | कथाशिक्षण | ५९ |
| एकाइ ११ | कविताशिक्षण | ६६ |
| एकाइ १२ | प्रबन्ध | ७० |
| एकाइ १३ | जीवनी | ७४ |
| एकाइ १४ | रूपक | ७९ |
| एकाइ १५ (क) | शब्दभण्डारअन्तर्गतका विविध शब्दहरूको शिक्षण | ८६ |
| एकाइ १५ (ख) | शब्दवर्गको परिचय र प्रयोगका सम्बन्धमा शिक्षण | ९८ |
| एकाइ १६ (क) | पदसङ्गति शिक्षण | १०४ |
| एकाइ १६ (ख) | वर्णविन्यास र लेख्य चिन्ह शिक्षण | ११२ |
| एकाइ १७ | भाषिक मूल्याङ्कन | ११७ |

# पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक-निर्देशिका र अन्य पूरक सामग्री

## १ विषय प्रवेश

शिक्षण-सिकाइको प्रमुख आधार भनेको नै पाठ्यक्रम हो । पाठ्यक्रमबाट बालबालिकामा नेपाली विषयको शिक्षण किन गर्ने, कुन कक्षामा कति पढाउने, कसरी शिक्षण गर्ने र सिकाइउपलब्धि कतिसम्म हासिल भयो भन्ने कुरा कुन रूपमा पत्ता लगाउने भन्ने बारेमा जानकारी हासिल गर्न सकिन्छ । त्यसैले शिक्षकले पाठ्यक्रमका बारेमा विस्तृत जानकारी राख्नु आवश्यक छ ।

पाठ्यक्रमपछि पाठ्यपुस्तक शिक्षणमा प्रयुक्त आवश्यक सामग्री हो । पाठ्यपुस्तक शिक्षक र विद्यार्थी दुवैका लागि उत्तिकै उपयोगी हुन्छ । पाठ्यपुस्तक पाठ्यक्रमका आधारमा तयार गरिने भएकाले पाठ्यपुस्तक पाठ्यक्रममा उल्लेख गरिएका तहगत र कक्षागत सिकाइ-उपलब्धि हासिल गर्ने माध्यम वा साधन हो । साधनको उपयोगको आधारमा नै साध्यका नजिक पुग्न सजिलो हुन्छ । " बूढेस कालको सहारा लौरो " भनेजस्तै शिक्षक- निर्देशिकाले कक्षाकोठामा शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी रूपमा सम्पन्न गर्ने बाटो देखाउँछ । शिक्षण पेसालाई व्यावसायिक र मर्यादित बनाउन शिक्षकमा भएको सीमित ज्ञानलाई पर्याप्त मान्न सकिँदैन र बालबालिकाहरूका लागि पनि पाठ्यक्रमका सिकाइउपलब्धिहरूलाई पूर्ण रूपमा ग्रहण गर्न पाठ्यपुस्तक मात्रै पर्याप्त हुन सक्तैन । अतः शिक्षक र विद्यार्थीहरू दुवैका लागि नेपाली विषयको अध्ययन अध्यापन गर्न सम्बन्धित विषयका पूरक सामग्रीहरू आवश्यक पर्छन् । उल्लिखित सामग्रीविना शिक्षण-सिकाइलाई प्रभावकारी बनाउन सकिँदैन, शिक्षण-सिकाइ कार्य पनि अधुरो नै रहन्छ ।

## २ विषयवस्तु

### क) प्राथमिक तहको नेपाली भाषा-पाठ्यक्रम

प्राथमिक तहको नेपाली भाषाको पाठ्यक्रम अध्ययन गर्ने सन्दर्भमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, नेपाली विषयका तहगत सिकाइ-उपलब्धि र कक्षागत सिकाइ-उपलब्धिका बारेमा जानकारी राख्नु आवश्यक छ । त्यस्तै नेपाली भाषा विषयलाई दिएको पाठ्यभार र पूर्णाङ्कका बारेमा थाहा नपाई शिक्षणका सबै प्रक्रिया पूरा हुन सक्दैनन् । नेपाली भाषा-शिक्षणका सन्दर्भमा शिक्षकले बालबालिकालाई पढाउनुपर्ने पाठ्यवस्तु के हो र के-कस्ता विषयवस्तुलाई आधार मानेर बालबालिकामा पाठ्यवस्तु सम्प्रेषण गर्न सकिन्छ भन्ने सम्बन्धमा पनि ध्यान राख्नु आवश्यक छ । के-कस्ता शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण गर्ने र कुन रूपमा कहिले-कहिले विद्यार्थीहरूको मूल्याङ्कन गर्ने भन्ने कुरासमेत नेपाली विषयका शिक्षकलाई नेपाली भाषा पाठ्यक्रमले अवगत गराउँछ । शिक्षकलाई पाठ्यक्रमका बारेमा विस्तृत जानकारी राख्न सजिलो होस् भन्नका लागि यहाँ पाठ्यक्रमका तत्त्व वा अङ्गहरूका बारेमा उल्लेख गरिएको छ

- उद्देश्य
- विषयवस्तु वा पाठ्यवस्तु र तिनको क्षेत्र तथा क्रम
- शिक्षण-विधि वा शिक्षण-सिकाइ क्रियाकलाप
- मूल्याङ्कन

उद्देश्यलाई प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले सिकाइउपलब्धिका रूपमा प्रस्तुत गरेको छ । सिकाइउपलब्धि भनेको कक्षा वा तह पूरा गर्न विद्यार्थीहरूले हासिल गर्नुपर्ने मापनीय रूपमा दिइएको उद्देश्यको सूक्ष्म विवरण हो । प्राथमिक तहमा सिकाइ-उपलब्धिलाई तहगत र कक्षागत रूपमा प्रस्तुत गरिएको छ । कक्षागत सिकाइ-उपलब्धिका बारेमा पछिल्ला पाठहरूमा सम्बन्धित पाठ्यवस्तुको प्रसङ्गमा नै आवश्यकताअनुसार विश्लेषण गरिने छ । यहाँ तहगत सिकाइ-उपलब्धिको भने चर्चा गरिएको छ ।

कक्षा ५ को अन्त्यमा विद्यार्थीहरूले नेपाली भाषा विषयमा हासिल गर्नुपर्ने सिकाइउपलब्धिहरूलाई भाषिक सीप र भाषिक सीप विकासका क्षेत्रहरू भनेर दुई खण्डमा विभाजित गरिएको छ । भाषिक सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई उल्लेख गरिएको छ भने भाषिक सीप विकासका क्षेत्रहरूअन्तर्गत उच्चारण, बोध, कार्यमूलक व्याकरण, शब्दकोश, शब्दभण्डार र वाक्य संरचनाको उल्लेख गरिएको छ । यस किसिमका भाषिक सीप र भाषिक सीप विकासका क्षेत्रहरू नै नेपाली भाषा शिक्षणका पाठ्यवस्तु हुन् ।

भाषिक सीपलाई सुनाइ र बोलाइ अनि पढाइ र लेखाइ गरेर दुई आधारमा वर्णन गर्न सकिन्छ । सुनाइ र बोलाइलाई भाषिक सीपका प्रारम्भिक चरणका रूपमा हेर्न सकिन्छ भने पढाइ र लेखाइ ती भन्दा माथिल्लोस्तरका सीप हुन् जुन पूर्ण रूपले औपचारिक अध्ययनका आधारमा मात्र विकसित हुन्छन् । त्यस्तै बोध र अभिव्यक्तिका आधारमा भाषिक सीपहरूको विभाजन गर्ने हो भने सुनाइ तथा पढाइ बोधसँग र बोलाइ तथा लेखाइ अभिव्यक्ति पक्षसित सम्बन्धित छन् ।

प्राथमिक तहका बालबालिकाले सुनाइ सीपअन्तर्गत कुराकानी र छलफल सुन्न, विषयवस्तुका सम्बन्धमा भनिएका कुरा सुन्न र निर्देशनको पालना गर्नका लागि सुन्न सक्ने क्षमता राख्नु आवश्यक मानिन्छ । सुनेको कुरा बुझेर सामान्य अर्थ र आशयगत अर्थ बताउन सक्ने क्षमता हासिल गर्नुलाई नै वास्तविक रूपमा सुनाइ सीपको विकास भएको मान्न सकिन्छ । बोलाइ सीपअन्तर्गत उपयुक्त ढङ्गबाट स्वाभाविक रूपमा बोल्न, कुराकानी र प्रश्नोत्तर गर्न एवम् औपचारिक भाषा र अनौपचारिक भाषाको प्रयोग गरी कुराकानी गर्ने क्षमतासम्बन्धी कुराहरू पर्छन् । प्राथमिक तह पूरा गर्दा बालबालिकाले सुनाइ र बोलाइकासम्बन्धमा कम्तीमा पनि चारै सीपको भाषिक क्षमता हासिल गर्नु अनिवार्य हुन आउँछ ।

प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूले कक्षागत रूपमा क्रमिक रूपले पढाइ र लेखाइका सम्बन्धमा आफ्नो क्षमता विकास गर्दै लानुपर्ने कुरामा जोड दिनुपर्छ । पढाइ सीपअन्तर्गत पाठ्यवस्तुहरू उपयुक्त ढङ्गबाट स्वाभाविक रूपमा अर्थपूर्ण किसिमले पढ्ने र बालसाहित्य पढी ज्ञान र मनोरञ्जन लिने कुराहरू पर्छन् । त्यस्तै लेखाइ सीपअन्तर्गत चिन्हहरू र हिज्जे मिलाई ठीक दूरीमा सफासँग अरूलाई बुझाउन सक्ने गरी लेख्न, स्वतन्त्र रूपमा छोटा रचनाहरू गर्न अनि बैङ्चेक र फारामहरू भर्न सक्ने क्षमताका कुराहरू आउँछन् ।

तहगत सिकाइउपलब्धिमा भाषिक सीप विकासका क्षेत्रअन्तर्गत शुद्धसँग उच्चारण गर्न, सुनेका र पढेका कुराहरूको निष्कर्ष निकाल्न, कार्यमूलक व्याकरणका नियमहरूको पालना गरी नेपाली भाषाको अध्ययन गर्न, शब्दकोशको प्रयोग, तीन हजारसम्म शब्द प्रयोग गरी अभिव्यक्ति गर्न र दश-बाह्र शब्दसम्म प्रयोग गरेर वाक्य रचना गर्ने कुराहरूलाई लिन सकिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले कक्षा १ - ३ लाई नेपाली भाषा शिक्षण गर्न १५० पूर्णाङ्क र साप्ताहिक भाठ्यभार १० निर्धारण गरेको छ भने कक्षा ४ र ५ का लागि पूर्णाङ्क १०० र साप्ताहिक पाठ्यभार ८ कायम गरेको छ । शिक्षण-सिकाइ बालकेन्द्रित र क्रियाकलापमुखी हुनुपर्छ । पाठको प्रकृतिअनुसार शैक्षिक सामग्रीहरूको प्रयोग गर्न सकिन्छ तर शैक्षिक सामग्री भने

अनिवार्य रूपमा प्रयोग गरेकै हुनुपर्छ । शैक्षिक सामग्रीको प्रयोगका आधारमा गरेको शिक्षण-सिकाइ बढी प्रभावकारी हुन्छ । नेपाली भाषाशिक्षणका लागि भाषिक क्रियाकलाप गराउन त शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ ।

प्रयोगात्मक, स्थलगत अध्ययन, अनुसन्धान, प्रश्नोत्तर, प्रदर्शन, अभिनय जस्ता बालकेन्द्रित शिक्षण विधिहरूको प्रयोगका आधारमा नेपाली विषय शिक्षण गर्नु उपयोगी मानिन्छ । यस किसिमका शिक्षण विधिहरूलाई क्रियाकलापका रूपमा प्रयोग गर्न सकिन्छ । पाठ्यक्रमको आवश्यक तत्त्वका रूपमा मूल्याङ्कन पनि पर्छ । निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिलाई प्राथमिक तहमा लागू गर्ने शिक्षा तथा खेलकुद मन्त्रालयको नीति रहेको छ । विद्यार्थी मूल्याङ्कनले शिक्षण-सिकाइ प्रक्रियालाई सवलीकृत गर्नमा सहयोग गर्छ । यसैले प्राथमिक तहका कक्षाहरूमा औपचारिक र अनौपचारिक लिखित र मौखिक, आन्तरिक र बाह्य सबै तरिकालाई मूल्याङ्कनका रूपमा लागू गर्न सकिन्छ । त्रैमासिक परीक्षा र अन्तिम परीक्षाका रूपमा मूल्याङ्कनलाई औपचारिकता प्रदान गर्न सकिन्छ । पहिलो त्रैमासिक १० %, दोस्रो त्रैमासिक ३० % र अन्तिम परीक्षा ६० % बराबरको हुनेछ । उत्तीर्णाङ्कका लागि ३२ % कायम गरिएको छ । कक्षा ३ सम्मका विद्यार्थीहरूलाई बढीमा २ विषयसम्म मात्रै अनुत्तीर्ण भएमा मौका परीक्षाको व्यवस्था गरेर त्यसका आधारमा उत्तीर्ण हुने विद्यार्थीहरूलाई कक्षा चढाउन सकिन्छ ।

मूल्याङ्कनका लागि प्रश्न तयार गर्दा सिकाइ-उपलब्धिमा आधारित हुनुपर्ने र सबै सिकाइ-उपलब्धिलाई समेट्ने किसिमबाट प्रश्नहरू तयार गर्नु आवश्यक हुन आउँछ । प्रश्न तयार गर्दा शिक्षण-सिकाइको प्रभावकारिता र विद्यार्थीहरूको क्षमतालाई पनि ध्यानमा राखेर बालबालिकालाई प्रोत्साहित गर्ने ढङ्गबाट प्रश्नहरू तयार गर्नु आवश्यक हुन्छ । मूल्याङ्कनका आधारमा विद्यार्थीहरूको प्रगति प्रतिवेदन तयार गरेर समय-समयमा अभिभावकहरूलाई उपलब्ध गराउनु विद्यालयको दायित्व हुन आउँछ ।

ख) प्राथमिक तहका नेपाली विषयका पाठ्यपुस्तक

भाषा सिक्न र सिकाउन विभिन्न विषयवस्तुलाई आधार मान्न सकिन्छ । कथा, कविता, प्रबन्ध, जीवनी, रूपक जस्ता विधाहरूलाई आधार मानेर भाषा सिकाउन सकिन्छ । नेपाली भाषा-शिक्षण अभ्यासमूलक विषय हो । भाषा-शिक्षणमा बालबालिकालाई जति अभ्यास गरायो त्यति नै मात्रामा उनीहरूले भाषालाई प्रभावकारी रूपमा सिक्न सक्छन् । अतः नेपाली भाषाका पाठ्यपुस्तकहरूमा विधाको विविधता, विषयवस्तुको रोचकता र अभ्यासमा अनेकताको आवश्यकता पर्दछ ।

नेपाली भाषा-शिक्षणका लागि नेपाली विषयका पाठ्यपुस्तकहरू बालकेन्द्रित पाठ्यपुस्तकका रूपमा क्रियाकलाप तथा अभ्यासमूलक ढङ्गबाट तयार गरिएका छन् । ती कुराहरूलाई ध्यानमा राखेर कक्षा-शिक्षणमा पाठ्यपुस्तकको प्रयोग गर्नुपर्दछ । पाठ्यपुस्तक सजिलो, भरपर्दो र स्थायी प्रकृतिको मुख्य शैक्षिक सामग्री हो । विशेष गरेर यसै शिक्षण सामग्रीका आधारमा शिक्षण-सिकाइ कार्यक्रमलाई एक शैक्षिक सत्रभरि सञ्चालन गर्न सकिन्छ । पाठ्यपुस्तकको भाषा र विषयवस्तु कक्षाको स्तरअनुसारको हुनुपर्ने कुरालाई महत्त्वका साथ लिनुपर्छ । शिक्षकले पाठ्यपुस्तकमा उल्लेख भएका भन्दा बढी क्रियाकलापहरूको प्रयोग गरेर पनि भाषा-शिक्षण गर्नु उपयुक्त हुन आउँछ ।

नेपाली भाषाका पाठ्यपुस्तकहरू कक्षागत सिकाइउपलब्धिलाई मानेर तयार गरिएका छन् । यी पाठ्यपुस्तकलाई कक्षाकोठामा कार्यान्वयन गर्नाको उद्देश्य पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्य वा सिकाइउपलब्धिलाई हासिल गर्न बालबालिकालाई सक्षम तुल्याउनु हो ।

नेपाली भाषाका पाठ्यपुस्तकहरूको शिक्षण गर्नुको उद्देश्य बालबालिकामा भाषिक सीपको विकास गर्नुका साथै भाषिक तत्त्वका कुराहरू जस्तै उच्चारण, बोध, शब्दभण्डार र शब्दकोशको प्रयोग जस्ता कुराहरूका बारेमा जानकारी गराउनु रहेको छ । नेपाली भाषाका पाठ्यपुस्तकहरूलाई बाह्य साजसज्जा, कागज र पाठअनुसारका चित्रहरूले पनि आकर्षक बनाउनु पर्छ । वर्तमान पाठ्यपुस्तकमा यस दिशामा प्रयास भए पनि पूर्णचाहिँ हुन सकेको पाइन्न ।

### ग) शिक्षक-निर्देशिका

शिक्षक-निर्देशिका पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा नै तयार गरिएको हुन्छ । शिक्षक-निर्देशिका शिक्षण-सिकाइ प्रक्रियामा शिक्षकलाई बाटो देखाउने माध्यम वा साधन हो । शिक्षक-निर्देशिकाले पाठ्यपुस्तकका पाठहरूको परिचयात्मक विवरण दिने प्रयास गरेको पाइन्छ । कुन पाठ शिक्षणको प्रयोजन के हो, त्यो पाठ शिक्षण गर्नका लागि कस्ता किसिमका व्यावहारिक उद्देश्यहरू तयार गर्नु आवश्यक हुन्छ, कुन किसिमको शैक्षिक सामग्रीहरूको आवश्यकता पर्छ, कुन किसिमका क्रियाकलापको प्रयोगको आधारमा शिक्षण गरेमा शिक्षण-सिकाइ प्रभावकारी मानिन्छ भन्ने कुराहरू शिक्षक-निर्देशिकामा उल्लेख गरिएका हुन्छन् ।

पाठ्यपुस्तकले नसमेटेका पाठ्यक्रमका कतिपय कुराहरू शिक्षक-निर्देशिकाले समेट्ने प्रयास गरेको हुन्छ । शिक्षक-निर्देशिकाले शिक्षकलाई पाठयोजना बनाउन, कक्षा-शिक्षणका लागि तयारी गर्न र मूल्याङ्कनका लागि प्रश्नहरू निर्माण गर्नमा समेत सहयोग पुऱ्याउन सक्छ । शिक्षक-निर्देशिकाले शिक्षकलाई शिक्षण गर्नमा ठूलो सहयोग गर्छ । शिक्षक-निर्देशिकामा पाठ्यपुस्तकमा उल्लेख गरिएका अभ्यासभन्दा थप अभ्यासहरू समेत दिन सकिने भएकाले पनि शिक्षकका लागि शिक्षण गर्न शिक्षक-निर्देशिका बढी सान्दर्भिक हुन आउँछ । अतः शिक्षकहरूले शिक्षण गर्न शिक्षक-निर्देशिकाको अध्ययन अनिवार्य रूपमा गर्नुपर्छ । शिक्षक-निर्देशिकाको आधारमा तयारी गरेर अध्ययन गरेनगरेको कुरा कक्षा सुपरीवेक्षणबाट थाहा हुन आउँछ । कक्षा-शिक्षण गर्दा विद्यालय निरीक्षकहरूले यस सम्बन्धमा चासो राख्नु पर्छ ।

### घ) पूरक सामग्री

शिक्षण-सिकाइलाई सम्पन्न गर्ने सन्दर्भमा प्रयोग गरिने शिक्षण-सिकाइ सामग्री नै पूरक सामग्री हुन् । नेपाली भाषा-शिक्षणका सन्दर्भमा पाठ्यपुस्तकबाहेकका अन्य अध्ययन सामग्रीहरूलाई पूरक सामग्रीको रूपमा लिन सकिन्छ । शब्दकोश, व्याकरणका पुस्तक, बालसाहित्यसम्बन्धी लेखरचना, बालसन्दर्भ सामग्री र कार्यपुस्तिका तथा समाचारपत्रहरू नेपाली विषय शिक्षणका पूरक सामग्री हुन् ।

नेपाली भाषा शिक्षणमा पूरक सामग्रीहरूको विशेष महत्त्व हुन्छ । शब्दभण्डारको विकास गर्न, पढाइ सीपको विकास गर्न, मौलिक रूपमा सिर्जनशील रचनाहरू तयार गर्न, परिस्थितिअनुरूप वा अवस्थाअनुकूलको भाषा प्रयोग गर्न, बालसाहित्य पढी ज्ञान र मनोरञ्जन लिन, शैक्षिक सामग्रीका रूपमा पूरक सामग्रीहरूको प्रयोग गर्न पनि पूरक सामग्रीहरू आवश्यक मानिन्छन् ।

पूरक सामग्रीका माध्यमबाट कमजोर बालबालिकामा सिकाइप्रति रूचि जगाउन सकिन्छ भने क्षमतावान विद्यार्थीहरूलाई विशेष क्षमता हासिल गराउनमा पूरक सामग्रीले सहयोग गर्ने गरेको पाइन्छ । कक्षा शिक्षणमा प्रयोग गरिने पाठ्यपुस्तकमा भएका जटिलताहरूलाई सरलीकृत रूपमा ग्रहण गर्न पनि पूरक सामग्रीले मद्दत पुऱ्याउन सक्छन् । अतः भाषा शिक्षणका सन्दर्भमा

बालबालिकालाई भाषिक व्यवहारमा सक्षम तुल्याउन नेपाली विषयका शिक्षकले भाषा शिक्षणसँग सम्बन्धित पूरक सामग्रीहरूको प्रयोग गर्ने र गराउने बानीको विकास गर्नु आवश्यक मानिन्छ ।

## ३ प्रयोग

नेपाली भाषा शिक्षणका सन्दर्भमा प्रयोग गरिने जति पनि अध्ययनअध्यापनका सामग्रीहरू छन् ती सामग्रीहरूका बारेमा नेपाली विषयका शिक्षकलाई पूर्ण ज्ञान हुनु आवश्यक छ । जानकारी बिनाको शिक्षक कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा भने जस्तै हुन आउँछ । नेपाली विषयको शिक्षक लगनशील हुनुपर्छ । शिक्षण गर्नुपर्ने पाठ्यवस्तुका बारेमा पूर्ण जानकारी राखेर कक्षामा प्रवेश गरेमा शिक्षण प्रभावकारी हुन्छ र बालबालिकाहरूले पनि सिकाएबमोजिम सिक्न सक्छन् । थोरै पढाएर धेरै सिकाउने, एउटै अनुच्छेदबाट भाषा शिक्षणका धेरै क्रियाकलाप गराउने, शिक्षण-सिकाइमा सबै बालबालिकालाई समान रूपमा सहभागी तुल्याउने, बालबालिकालाई आफूले नै गरेर सिक्ने र शिक्षकले सहयोगीको मात्र भूमिका निर्वाह गर्ने, सबै बालबालिकालाई पाठ्यपुस्तकहरू उपलब्ध भएको छ वा छैन ख्याल गर्ने र उपलब्ध नभएको भए त्यसलाई संवेदनशील रूपमा लिने जस्ता कार्यहरूमा शिक्षकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । नेपाली विषयका शिक्षकले बालबालिकालाई कक्षाको स्तरअनुसार भाषिक व्यवहारमा कुशल बनाएर शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराई कक्षा चढाउने लक्ष्यका साथ प्रयत्न गर्नुपर्छ ।

## ४ उपसंहार

प्रभावकारी रूपमा शिक्षण गर्नका लागि शिक्षक सम्बन्धित विषयमा दक्ष, विषयवस्तुलाई प्रस्तुतीकरण गर्ने सीप भएको र लगनशील हुनु आवश्यक छ । कक्षा शिक्षणमा शिक्षकलाई सम्बन्धित विषयको पाठ्यक्रमका बारेमा विस्तृत जानकारी हुनु आवश्यक छ । त्यस्तै पाठ्यपुस्तकको सिंहावलोकन गर्ने क्षमता पनि शिक्षकमा अनिवार्य मानिन्छ । यसका साथै अन्य पूरक सामग्रीहरूको पनि प्रयोग गर्ने क्षमता र बानी शिक्षकमा भयो भने शिक्षकले शिक्षण गर्न सजिलो हुन्छ । शिक्षकलाई शिक्षणका लागि पाठयोजना बनाउन शैक्षिक सामग्री तयार गर्न, मूल्याङ्कनका लागि प्रश्न बनाउन र शिक्षणका लागि आफू तयारी अवस्थामा रहन पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य पूरक वा सन्दर्भ सामग्रीहरूलाई नियमित तथा निरन्तर रूपमा प्रयोगमा ल्याइरहनु आवश्यक मानिन्छ ।

## एकाइ - २

## सुनाइ सीपको विकास

### १ विषय प्रवेश

नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । विद्यालय तहमा गरिने शिक्षण-सिकाइको माध्यम पनि नेपाली भाषा हो । यसैले बालबालिकाहरूलाई नेपाली भाषाको भाषिक व्यवहारमा कुशल बनाउँदै लैजानु नेपाली भाषाशिक्षण गर्ने शिक्षकको मुख्य दायित्व हुन आउँछ ।

नेपाली भाषाशिक्षण गर्नु भनेको नेपाली भाषाका भाषिक सीपहरू सिकाउनु हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिक सीपहरू हुन् । सुनाइ र पढाइबाट बालबालिकाले अनुभव हासिल गर्छन् भने बोलाइ र लेखाइका माध्यमबाट बालबालिकाले आफ्ना मनका विचार वा भावनालाई अरूका सामु व्यक्त गर्छन् ।

### २ आवश्यकता

भाषिक व्यवहारमा वक्ता र श्रोताको समान महत्त्व रहन्छ । वक्ताले व्यक्त गरेको भावलाई श्रोताले अर्थगत रूपमा धारणा गर्न नसकेको अवस्थामा वक्ताको भनाइको कुनै अर्थ हुँदैन । वक्ताले भनेको विषयवस्तु श्रोताले शतप्रतिशत रूपमा ग्रहण गर्न सकेको अवस्थामा मात्रै बालबालिकामा सुनाइ सीपको विकास पूर्ण रूपमा भएको मान्नुपर्छ । सुनाइ सीपको विकासका लागि एकाग्र हुनुपर्ने वा ध्यानलाई केन्द्रित गर्नुपर्ने हुन्छ । सुनाइ सीपको विकास गर्न श्रोताले वक्ताले भनेको कुरालाई अर्थगत रूपमा धारण गर्न समग्रताबाट सूक्ष्मतातर्फ आफ्नो ध्यानलाई केन्द्रित गर्दै लानुपर्ने हुन्छ । श्रोताले आफ्नो ध्यानलाई जुन रूपमा केन्द्रित गर्दै लान सक्यो त्यही मात्रामा बालबालिकामा सुनाइ सीपको विकास हुन सक्छ । श्रोताले वक्ताले भनेको भनाइलाई तत्काल हुबहु ग्रहण गर्न सकेन र वक्ताले आफ्नो भनाइलाई पटक-पटक दोहोऱ्याउनुपर्ने अवस्था देखा पऱ्यो भने वक्ताले झन्झट मान्छ । आफूले भनेको कुरा श्रोताले ठम्याएर सुन्न र बुझ्न नसकेको अवस्थामा वक्तालाई झिझयाट लाग्ने र उसले झर्को मान्न सक्छ । अतः बालबालिकाले क्रमिक रूपमा सुनाइ सीपको विकास गर्दै लैजान सकून भन्ने कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ ।

वैदिक कालमा शिक्षण-सिकाइ केवल मौखिक क्रियाकलापका आधारमा मात्र सञ्चालन गरिन्थ्यो । गुरुकुलमा गुरुले भनेको र शिष्यहरूले सुनेको भरमा सिक्नु पर्थ्यो । यही परम्परामा वेदको शिक्षण-सिकाइ विकसित भएको र त्यसआधारमा नै वेदहरूलाई सुनेको भरमा ग्रहण गर्नुपर्ने भएकाले श्रुति भनिएको हो भन्ने मान्यता छ । लेखपढ गर्न नजानेका निरक्षर व्यक्तिहरूले सुनाइका आधारमा नै आफ्ना अनुभव र बौद्धिक क्षमतालाई विकसित गर्ने गरेको कुरा तपाईं हामी सबैले महसुस गरेका छौं । यसैले सुनाइलाई भाषिक क्षमताको विकासमा आधारभूत सीपको रूपमा लिन सकिन्छ अर्थात् भाषिक व्यवहारलाई एउटा महलको रूपमा लिने हो भने त्यो महलको जगका रूपमा सुनाइलाई लिनुपर्ने हुन्छ । यस अर्थमा पनि सुनाइ सीपको क्षमतालाई व्यक्तिले व्यक्तित्व विकासका लागि सुदृढ बनाउँदै लानु अत्यावश्यक मानिन्छ ।

सुनाइ सीपको विकास गर्नु भनेका श्रोतामा केवल आवाजको सम्प्रेषण गर्न सक्नु मात्र होइन । सुनाइ सीपको विकास गर्नु भनेको त वक्ताको भावभङ्गीसमेतलाई विचार गरेर आशयगत अर्थ पनि पत्ता लगाउन सक्नु हो । आजको २१ औं शताब्दी भनेको सूचना र प्रविधिको युग हो । अहिले शिक्षा वढी जानकारीमूलक भएको छ । यस्तो अवस्थामा त सुनाइको विशेष महत्त्व रहन्छ र सुनाइ

सीपको बढी विकास गर्नुपर्ने हुन्छ । सञ्चारका श्रव्यसामग्रीको माध्यमबाट व्यक्त विचारहरूलाई हामीहरूले सुनेर ग्रहण गर्नुपर्छ नत्र त्यस किसिमका सञ्चार माध्यमको कुनै अर्थ नै हुँदैन । वक्ताले भनेको भनाइलाई आफूले दोहोऱ्याएर भन्न सक्ने गरी सुन्न, सुनेको आधारमा सङ्क्षेपीकरण गर्न सक्ने गरी सुन्न, समाचार तयार गर्न सक्ने गरी भाषण सुन्न, श्रुतिसमभिन्नार्थक शब्द र वाक्यमा निहित अर्थलाई भिन्नगत रूपमा फरक अर्थ पहिल्याउन सक्ने गरी सुन्न, गति, यति, लयलाई अनुशरण गर्न सक्ने किसिमले र भनाइका आधारमा लेख्य चिन्ह र वर्णविन्यासको शुद्धाशुद्धिलाई समेत सही रूपमा प्रयोग गर्न सक्ने किसिमले सुन्नका लागि सुनाइ सीपको विकासका सम्वन्धमा ध्यान दिनुपर्छ। वालवालिका वा कक्षाका विद्यार्थीहरूमा नेपाली भाषा शिक्षणको सन्दर्भमा नेपाली विषयको शिक्षण गर्ने शिक्षकले सुनाइ सीपको विकास गर्नुपर्ने कुरालाई विशेष प्राथमिकताका रूपमा लिनुपर्छ । नेपाली विषयको पाठ्यक्रमले सुनाइ सीपको विकासका लागि निर्धारण गरेको पाठ्यभारलाई ध्यानमा राखेर भाषिक सीपको विकासमा जोड दिनुपर्ने हुन्छ ।

## ३ विषयवस्तु

भाषिक सीपहरूलाई भाषा-शिक्षणको पाठ्यवस्तुका रूपमा लिइन्छ, ती भाषिक सीपको विकासका लागि विषयवस्तुको आवश्यकता पर्छ । सुनाइ सीपका विकासका लागि पनि निश्चित विषयवस्तुको आवश्यकता पर्न सक्छ, जसको आधारमा वालवालिकामा सुनाइ सीपको विकास गर्नमा सजिलो हुन्छ ।

वालगीत, लोककथा, कविता, वर्णमालाका ध्वनिहरू, संवाद, घरपरिवार र विद्यालयको वातावरण, आवाज, ध्वनि, शब्द, वाक्य, अनुच्छेद, उखानटुक्का आदि सुनाएर बालबालिकामा सुनाइ सीपको विकास गर्न सकिन्छ। जस्तै

स्वरवर्ण र व्यञ्जनवर्णहरू सुन्ने र सुनेको आधारमा उच्चारण गर्ने कार्यमा वालवालिकाहरूलाई अभिप्रेरित गर्नु आवश्यक हुन्छ । ट, त / द, ध / ण, न, ङ, ञ / ड, ढ / य, ए / व, ओ क्ष, छ्य / ज्ञ, ग्य / घ, ग / ब भ । यस किसिमका अक्षरलाई सुनेका भरमा छुट्याएर उच्चारण गर्ने वा सुनेका आधारमा छुट्याएर पहिचान गर्ने क्षमता बालबालिकामा क्रमिक रूपले विकसित हुनाले नै सुनाइको सीपको विकासमा सहयोग पुग्छ । टाटो - तातो, पाठी - पाथी, साथी - साठी, काम - खाम यस्ता शब्दको आधारमा पनि सुनाइ सीपको विकास गर्ने कार्यमा अभ्यास गराउनु आवश्यक मानिन्छ । गइन् - गइन, स्वास्नी मान्छे - स्वास्नीमान्छे, वन्दछ - वन्द छ, देश - द्वेश, गर्व - गर्भ, जस्ता शब्दयुग्मलाई सुनाइ सीपको विकास गर्ने सन्दर्भमा विषयवस्तुका रूपमा प्रयोगमा ल्याउन सकिन्छ । अन्त्यं अनुप्रास मिल्ने र नमिल्ने शब्दहरूलाई पनि सुनाइ सीपका विकासका लागि विषयवस्तुका रूपमा लिन सकिन्छ ।

नेपाली भाषाको शिक्षण गर्ने सन्दर्भमा बालबालिकामा सुनाइ सीपको विकास गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ र सम्बन्धित कक्षाको "मेरो नेपाली किताब" मा दिएका पाठअन्तर्गतका विषयवस्तु र त्यस विषयवस्तुमा आधारित अभ्यासले विशेष रूपमा सहयोग पुऱ्याउन सक्छन् । कक्षा-शिक्षणका अतिरिक्त अतिरित्तक्रियाकलापका माध्यमबाट मनोरञ्जनात्मक ढङ्गले वालबालिकामा सुनाइ सीपको विकास गर्नाले शिक्षण-सिकाइ प्रभावकारी हुन्छ र वालवालिकामा सुनाइ सीपको विकासले गतिशीलता ल्याउन सक्छ ।

४ शैक्षिक सामग्री

भाषा शिक्षणमा शैक्षिक सामग्रीको विशेष भूमिका रहन्छ । नेपाली भाषा-शिक्षणका सन्दर्भमा सुनाइ सीपको विकासका लागि पनि शैक्षिक सामग्रीहरू आवश्यक पर्छन् । सुनाइ सीप विकासका लागि प्रयोग गर्न सकिने शैक्षिक सामग्रीका रूपमा ठोसवस्तु, चित्र, वर्ण-शब्द-वाक्य पत्ती वा तालिका, अनुच्छेद, विभिन्न किसिमका प्रश्नहरू, पाठ्यपुस्तक, बाल सन्दर्भसामग्री, बालसाहित्य वा बालरचना, श्रव्य सामग्रीका रूपमा रेडियो, क्यासेट चक्का र स्थानीय वातावरणलाई नै शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।

अर्थपूर्ण कथन, सिलसिलावद्ध अभिव्यक्ति र सन्दर्भ तथा प्रसङ्गअनुसारको कुराकानी र सृङ्खलावद्ध सिकाइका आधारमा नै सुनाइ सीपको विकास हुने भएकोले बालबालिकामा सुनाइ सीपको विकास गर्न शिक्षकले तद्नुरूपका शैक्षिक सामग्रीहरूलाई प्रयोगमा ल्याउनुपर्छ । यसबाट सुनाइ सीपका विकासका लागि शिक्षण-सिकाइमा अवश्य नै प्रभावकारिता ल्याउन सकिन्छ ।

५ शिक्षण-सिकाइ क्रियाकलाप

प्राथमिक तहका कक्षाहरूमा शिक्षक-केन्द्रित र विषयवस्तु-केन्द्रित क्रियाकलापहरूको प्रयोग गर्नुभन्दा विद्यार्थी वा बालबालिका-केन्द्रित क्रियाकलापका आधारमा शिक्षण गर्नु बढी वैज्ञानिक हुन्छ । विद्यार्थीकेन्द्रित क्रियाकलापको प्रयोग गर्न कक्षा-विद्यार्थी अनुपात र कक्षाको अन्य वातावरण पनि सुहाउँदिलो किसिमको हुनु आवश्यक छ । सुनाइ सीपको विकासका लागि कक्षाशिक्षणमा शिक्षकले विभिन्न किसिमका क्रियाकलापलाई प्रयोगमा ल्याउन सक्छन् । शिक्षण-सिकाइमा प्रयोग गरिने क्रियाकलापमा जति विविधता ल्याउन सक्यो त्यति नै शिक्षण-सिकाइमा प्रभावकारिता आउन सक्छ । तल्लो कक्षाहरूमा सुन र भन, सुन र गर, सुन र लेख जस्ता सुनाइ सीपसम्बन्धी क्रियाकलापहरूलाई कक्षा शिक्षणमा प्रयोगमा ल्याउन सकिन्छ । सुनाइ सीपसम्बन्धी शिक्षण क्रियाकलापको प्रयोग गर्दा कक्षाको स्तरलाई पनि विशेष रूपमा ख्याल गर्नु आवश्यक मानिन्छ । त्यसमा पनि प्राथमिक तहमा सुनाइ सीपको विकास गर्न प्रयोग गरिने शिक्षण क्रियाकलापहरूलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छ

क) निर्देशन पालन

निर्देशन पालन क्रियाकलापअन्तर्गत गर, नगर, जाउ, नजाउ, खाउ, नखाउ जस्ता निर्देशन सुनेर पालना गर्ने क्रियाकलाप पर्छन् । यस किसिमका क्रियाकलापहरू मौखिक रूपमा विद्यार्थीहरूलाई गर्न लगाइन्छ । यस्ता किसिमका क्रियाकलापहरूको प्रयोग विद्यार्थीहरूमा व्यक्तिगत वा सामुहिक दुवै रूपमा हुन सक्छ । लेख्ने, पढ्ने, करेसावारी बनाउने, खेल खेल्ने आदि काम गर्न दिइने निर्देशन विद्यार्थीहरूले सुनेर भनेअनुसारको काम गर्नु नै निर्देशन पालन हो कलम समात, किताब पढ, टेबुलमा किताब राख, क देखि ङ सम्म लेख जस्ता निर्देशन दिएर पालन गर्न लाउन सकिन्छ ।

निर्देशन पालन क्रियाकलापका आधारमा सुनाइ सीपको विकास गराउन शिक्षकले एकै समयमा धेरै निर्देशन दिएमा बालबालिकाले त्यसलाई ध्यानपूर्वक सुनेर निर्देशन दिएमुताविक कतिसम्म कार्य गर्दछन् भनेर थाहा पाउन सकिन्छ । उदाहरणकालागि झोलाबाट किताब झिक, त्यसपछि कापी पनि झिक, खल्तीबाट कलम निकाल, मेरो नेपाली किताबको पाना २५ पल्टाऊ, लेख्नका लागि कापीकलम तयार पार अनि पाना २५ को दोस्रो अनुच्छेद बाट त्यहाँ भएका कुरा सार्न सुरू

गर भनेर शिक्षकले एकैचोटि धेरै ओटा निर्देशन दिने र त्यसैबमोजिम विद्यार्थीहरूले पनि क्रमशः पालना गर्दै जानु आवश्यक छ। यसलाई पनि सुनाइ सीपको एउटा क्रियाकलाप मान्न सकिन्छ। समूहमा काम गर्न दिएका निर्देशनहरू बुझ्ने र पालन गर्ने सन्दर्भमा पनि निर्देशन पालनसम्बन्धी क्रियाकलापलाई कक्षाशिक्षणमा प्रयोग गर्न सकिन्छ । जस्तै मेरो नेपाली किताब कक्षा ५ को पौराणिक कथाबाट श्यामले १० ओटा नाम शब्द, रामले १० ओटा विशेषण, कृष्णले ५ ओटा नामयोगी शब्द र हरिले ३ ओटा संयोजक शब्द खोजेर आफ्नो कापीमा सार भनेर शिक्षकले निर्देशन दिने र विद्यार्थीले त्यसबमोजिम निर्देशन पालन गर्ने आधारमा पनि बालबालिकामा सुनाइ सीपको विकासलाई गतिशीलता दिनुपर्ने हुन्छ । यसबमोजिम निर्देशन पालनका विभिन्न उपायहरूको अवलम्बन गरेर शिक्षकले विद्यार्थीहरूमा सुनाइ सीपको विकास गराउनुपर्छ ।

### ख) प्रश्नोत्तर

बालबालिकामा सुनाइ सीपको विकास गर्ने अर्को क्रियाकलाप प्रश्नोत्तर हो । सुनाइ सीपको विकासका लागि प्रश्नोत्तर क्रियाकलापको प्रयोग मौखिक रूपमा गराउनु पर्ने हुन्छ । तिम्रो नाम के हो ? तिम्रो घर कहाँ छ ? जस्ता प्रश्नहरू शिक्षकले सोध्ने र त्यसको आधारमा सही तरिकाबाट जवाप दिने क्रियाकलापलाई प्रश्नोत्तरसम्बन्धी क्रियाकलाप भनिन्छ । यस आधारमा पनि बालबालिकामा सुनाइ सीपको विकास गर्न सकिन्छ । सुनाइ सीपको विकास गर्ने सन्दर्भमा प्रश्नोत्तरलाई कुराकानीको सन्दर्भमा लिनुपर्छ । पसल, घर, विद्यालय, खेल्ने चौर, छिमेकका बारेमा कुराकानी गरेर वा गर्न लगाएर पनि बालबालिकामा सुनाइ सीपको विकास गर्न सकिन्छ । प्रश्नोत्तरको रूपमा मौखिक कुराकानी गर्दा कुराकानीमा दोहोरो रूपमा समान सहभागिता जनाउन शिक्षक वा साथीले गरेका कुराकानीलाई पनि ध्यानपूर्वक सुन्नुपर्छ भनेर बालबालिकालाई सचेत गराउन सकिन्छ । यसबाट बालबालिकामा अरूले भनेका कुराप्रति ध्यानपूर्वक सुन्ने बानीको विकास हुन्छ ।

### ग) सुन र पुनरावृत्ति गर

भनेको कुरा हुबहु जस्ताको तस्तै सुनेर त्यसै रूपमा दोहोर्‍याएर भन भन्ने क्रियाकलाप पनि सुनाइ सीप विकास गर्ने क्रियाकलाप हो । जस्तै षट्कोण, त्रिशुली, घण्टा, शङ्ख, तगडा, पूर्वपट्टि, अड्डा, पिंजरा, पत्ती/पट्टी, काठ/काँठ, गर्व/गर्भ, अफ/आज, जस्ता शब्द शिक्षकले भन्ने र त्यसैअनुसार आफू सङ्सँगै आफूले भनेका शब्दहरू बालबालिकालाई पनि दोहोर्‍याउन लगाउनुपर्छ । यसबाट बालबालिकामा सुनाइ सीपको विकास हुनसक्छ । यस किसिमबाट बालबालिकामा सुनाइ सीपको विकास गर्न कक्षाको स्तरअनुसार कठिनाइको स्तरलाई पनि माथि उठाउँदै लानु आवश्यक हुन्छ । यस किसिमको क्रियाकलाप कविता विधाअन्तर्गतका पाठहरू शिक्षण गर्न र गद्य विधाअन्तर्गतका पाठहरू गति-यतिलाई आधार मानेर सस्वर वाचन गराउने सन्दर्भमा प्रयोग गर्नु उपयुक्त हुन्छ । यस किसिमका क्रियाकलापबाट उच्चारण शिक्षणलाईसमेत सहयोग गर्छ । रेडियो सुनेर गीत गायनमा अभ्यास गर्नाले पनि सुनेको कुरा दोहोर्‍याउने क्रियाकलापमा मद्दत पुर्‍याउँछ ।

### घ) सामान्य र आशयगत अर्थ पहिल्याउ

कतिपय पद, पदावली र वाक्यहरूले सामान्य अर्थ र विशेष अर्थ वा आशयगत अर्थ वहन गरेका हुन्छन् । वक्ताले व्यक्त गरेको सन्दर्भलाई ख्याल गरेर दुवै किसिमको अर्थ पहिल्याउने क्षमता श्रोतामा हुनुपर्छ । यो क्षमता सुनाइ सीपको विकासबाट हुन्छ । बालबालिकामा सामान्य अर्थ र

आशयगत अर्थ पहिल्याउने क्षमता सुनाइ सीपको विकासका लागि गरिने शिक्षणका माध्यमबाट अभिवृद्धि गर्नु आवश्यक हुन्छ । जस्तै "कुकुर्नी", "फतक्क गल्नु", "वाक्क लाग्नु", "मेरो घर रानीपोखरीमा छ" जस्ता कुराहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ । "कुकुर्नी" को सामान्य अर्थ पोथी कुकुर हो भने आशयगत अर्थ छुच्ची आइमाई भन्ने हुन्छ । "फतक्क गल्नु" को सामान्य अर्थ पाकेर वा गलेर गिलो हुनु हुन्छ भने आशयगत अर्थ परिश्रमले थाक्नु भन्ने हुन्छ । त्यस्तै "वाक्क लाग्नु" को सामान्य अर्थ वान्ता हुन खोज्नु भन्ने हुन्छ भने आशयगत अर्थ मन नलाग्नु भन्ने हुन आउँछ । "मेरो घर रानीपोखरीमा छ" भन्ने वाक्यको सामान्य अर्थ मेरो घर रानीपोखरीभित्र छ भन्ने बुझिने र आशयगत अर्थ मेरो घर रानीपोखरीको सेरोफेरोमा छ भन्ने बुझ्नु पर्ने हुन्छ । यसरी शिक्षकले सुनाइ सीपका बारेमा शिक्षण गर्दा बालबालिकाहरूलाई दुवै किसिमको अर्थ पहिल्याउने किसिमले सुन्ने क्षमताको विकास गराउनु आवश्यक छ । यस किसिमका धेरै सामग्री सङ्कलन गरेर ती सामग्रीहरूका आधारमा अभ्यास गराउन सकिएको खण्डमा क्रमिक रूपमा बालबालिकामा सुनाइ सीपको विकास हुन्छ ।

# एकाइ - ३

## भाषिक पृष्ठभूमि र कठिनाइ क्षेत्रको पहिचान

### १ विषय प्रवेश

नेपाली भाषा सिक्ने विद्यार्थीहरूलाई मोटामोटी रूपमा दुई समूहमा विभाजन गर्न सकिन्छ । नेपाल बहुभाषिक देश भएका कारणले हामीकहाँ नेपाली भाषा सिक्ने विद्यार्थीहरूलाई पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने र दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरू भनेर समूहकृत गर्नुपर्छ । यस आधारमा सबै बालबालिकाहरूको भाषा सिक्ने सन्दर्भमा कठिनाइका क्षेत्रहरू पनि फरक-फरक हुनसक्छन् । जस्तै नेवार मातृभाषी हुने विद्यार्थीहरूका लागि त वर्ग र ट वर्ग, मैथिली मातृभाषीलाई ड, द, र वर्ण र तामाङ मातृभाषीलाई अ र आ वर्णको प्रयोगमा कठिनाइ हुनसक्छ ।

### २ विषयवस्तु

#### क) सुनाइसम्बन्धी कठिनाइ

प्राथमिक तहका बालबालिकालाई श्रुतिसम वर्ण र त्यसका आधारमा बन्ने शब्दहरू, अप्रचलित कठिन शब्दहरू र तिनका आधारमा बनेका वाक्यहरू, समान जस्तै लाग्ने क्रियापदका रूपहरू, क्रम फरक परी समान वर्णहरू मिलेर बनेका शब्दलाई सुनाइसम्बन्धी कठिनाइ क्षेत्रका रूपमा लिन सकिन्छ । जस्तै गए / गएँ, नाउ / नाउँ, दाइ /दाइँ, आट /आँट, काठ /काँठ, व / ओ, य / ए, वकिल /ओखर, एक / यश, प्राज्ञ / प्रक्षेपण, जान्छौँ / जान्छौ, गइन् / गइन, प्रणाम / प्रमाण, परिणमा / परिमाण आदिको सुनाइमा बालबालिका अल्मलिन सक्छन् र एकथोक भनेकामा अर्को थोक बुझ्न सक्छन् ।

#### ख) बोलाइसम्बन्धी कठिनाइ

बोलाइसम्बन्धी कठिनाइका रूपमा पूरा वाक्यमा मौखिक उत्तर दिनुपर्ने कुरा, तीनचार जनाका बीचमा गरिने कुराकानी, शिष्ट रूपमा बोल्ने बानीको विकास, स्तरीय भाषालाई ख्याल गरेर बोल्ने क्षमता, नरोकिईकन सजिलो किसिमले श्रोताले बुझ्ने हिसाबबाट बोल्ने कुरा, सभा सम्मेलन र कार्यक्रममा प्रयोग गरिने औपचारिक भाषाको प्रयोग गरेर बोल्ने तरिका आदिलाई लिन सकिन्छ । बालवालिकाहरू मौखिक रूपमा उत्तर दिनुपर्दा वाक्यमा उत्तर नदिएर शब्दमा मात्र उत्तर दिने गरेको पाइन्छ । जस्तै तिमी कहिले आयौ, भनेर सोधेमा हिजो भनेर मात्र उत्तर दिने गर्दा भनाइ रुखो जस्तै लाग्न सक्छ ।

बालबालिकाहरूमा तीनचार जनाका बीचमा कुरा गर्न अप्ठ्यारो मान्ने, लजाउने, सही रूपमा जवाफ दिन नसक्ने, कुराकानीलाई बढाएर लान नसक्ने, प्रसङ्ग आदिलाई पहिल्याएर कुराकानी गर्नमा भुलिने आदि कठिनाइ देखिन्छन् । महोदय, हजुर, श्रीमान्को प्रयोग गरेर वा पछाडि जी, ज्यू लाएर बोल्ने क्षमता पनि बालबालिकामा विकास हुनु आवश्यक छ । तर व्यवहारमा समुदायका बालबालिकामा यस किसिमको क्षमताको अभाव भएको पाइन्छ । जस्तै दिदीज्यू, मितिनीज्यू, बुबाज्यू, गुरूज्यू, जस्तो प्रयोगका आधारमा बोल्नाले बोलाइमा शिष्टता झल्किन्छ । बहिनी भन्नुपर्नेमा वैनी, भैंसी भन्नुपर्नेमा भुईंसी, खाउँ भन्नुपर्नेमा खाम आदि अशुद्ध रूपको प्रयोग

बालबालिकामा पाइन्छ । तर उनीहरूलाई बोलाइमा यस्तो गल्ती भइरहेको छ भन्ने थाहा हुँदैन त्यसैले त्यस्ता त्रुटिहरू पहिल्याएर शिक्षकले सच्याइ दिनुपर्ने हुन्छ । ठिमीलाई थिमी, तपाईंलाई टपाईं, साहूलाई साउ भनेर बोलाइमा गल्ती गरेको खण्डमा तत्काल शिक्षकले सच्याउनुपर्छ । हिड / हिढ, अब / आब जस्ता शब्दहरूलाई बोलाइमा प्रयोग गर्दा बालबालिकाहरूले गल्ती गर्न सक्छन् । यस किसिमका बोलाइसम्बन्धी कठिनाइयुक्त कुराहरूलाई नै भाषिक पृष्ठभूमिमा कठिनाइयुक्त क्षेत्रका रूपमा लिन सकिन्छ ।

ग) पढाइसम्बन्धी कठिनाइ क्षेत्र

नेपाली भाषाको लेखनमा उच्चार्य वर्णहरूका अतिरिक्त कतिपय लेख्य चिन्ह पनि भएकाले बालबालिकाहरू पढाइमा अलमलिन्छन् । एउटै हुन् कि फरक हुन् जस्तो उनीहरूलाई लाग्छ, जस्तै रूपियाँ / रूपित्रा, उपियाँ / उपित्रा आदि । उच्चारणसम्बन्धी कठिनाइहरूलाई पढाइअन्तर्गत नै लिन सकिन्छ । ण को उच्चारण अडँका रूपमा हुने भएकाले कुन रूपमा उच्चारण गर्दा ठीक हुने वा शुद्ध मानिने हो बालबालिकालाई पहिल्याउन कठिन हुन्छ । जस्तै दण्ड, कण्ठ लाई यसै रूपमा लेखिन्छ भने उच्चारण गर्दा चाहिँ दन्ड र कन्ठ भन्ने गरेको हुन्छ । यसरी लेख्य र उच्चार्थ वर्णहरू कतिपय अवस्थामा फरक रूपमा प्रस्तुत हुने भएकाले बालबालिकाहरूलाई पढाइमा कठिनाइ आइपर्न सक्छ । अर्थभेदक अवस्थामा पनि बालबालिकाहरूले ण लाई पनि न भनेर पढ्ने गरेको पाइन्छ । अनु / अणु, चरण / चरन यसका उदाहरण हुन् । अक्षर / भिक्षालाई बालबालिकाहरू अछेर र भिछ्या भन्ने उच्चारण गर्छन् र त्यसैअनुसार पढ्छन् । नेपाली भाषाको वर्णविन्याससम्बन्धी व्यवस्थाका कारण पनि बालबालिकाहरूका भाषिक पृष्ठभूमिअनुसार कठिनाइका क्षेत्रहरू धेरै देखा पर्छन् ।

पढाइसम्बन्धी बालबालिकाहरूले गर्ने अन्य त्रुटिहरू प्रष्ट उच्चारण नगरी पढ्नु, अक्षर वा मात्रा छोडेर पढ्नु, गति-यतिको ख्याल नगरी पढ्नु, पढ्दाखेरि लेख्य चिन्हहरूलाई र वर्णविन्यासको व्यवस्थालाई ध्यान नदिनु आदि हुन् ।

घ) लेखाइसम्बन्धी कठिनाइको क्षेत्र

बालबालिकाहरूले लेखाइसम्बन्धमा गर्ने गल्तीहरूलाई लेखाइसम्बन्धी कठिनाइ क्षेत्रका रूपमा लिन सकिन्छ । अक्षर छुटाएर लेख्ने, सिधा हारमा नलेख्ने, नेपाली भाषाको वर्णविन्यासको व्यवस्थाका आधारमा लेख्न नसक्ने वा लेख्दा गल्ती गर्ने, अक्षर बान्की मिलाएर लेख्न र राम्रो लिपि तथा सफासँग लेख्न कठिनाइ मान्ने जस्ता कुराहरूलाई नै लेखाइसम्बन्धी कठिनाइका रूपमा लिन सकिन्छ । लेख्दा वैकल्पिक रूपको प्रयोग हुन सक्ने अवस्थाले पनि लेखाइसम्बन्धी कठिनाइको सिर्जना गर्दछ ।

लिखित रूपमा प्रश्नोत्तर गर्न नसक्नु, व्यावहारिक कागजात लेखनमा आत्मनिर्भर नहुनु, सिर्जनात्मक लेखनमा रूचि नराख्नुलाई पनि लेखाइसम्बन्धी कठिनाइकै रूपमा लिन सकिन्छ । जस्तै

- लेख्य चिन्हहरूको वैकल्पिक रूप - झ / भ्क, ण / रा,
- नेपाली उच्चारणमा नआउने तर लेखनमा प्रयोग हुने अतिरिक्त लिपि चिन्हहरूको स्थिति - ई, उ, ऋ, अं, अ, त्र, ण, श, ष, स, त्र, ज्ञ आदि

- नेपालीमा कतिपय शब्दहरूको वर्णविन्यास उच्चारणका आधारमा नभई तत्सम शब्दका आधारमा पनि निश्चित गरिन्छ । जस्तै ऋषि / रिसि, ऋचा / रिचा, कृषक / किसक, वृष्टि / व्रिस्टि आदि
- उच्चारण र लेखाइमा देखिने वैकल्पिक रूप, जस्तै - अंवा / अम्वा, चंकनु / चम्कनु, मञ्च / मन्च, मञ्जन / मन्जन, रूपियाँ / रूपित्रा, उपियाँ / उपित्रा, दण्ड / दन्ड, घण्टा / घन्टा, कण्ठ / कन्ठ, कृष्ण / कृष्न, सन्तोष / सन्तोस
- प्रत्यय लाग्दा शब्दको रूपमा परिवर्तन हुने - काम + आइ = कमाइ, प्रसङ्ग + इक = प्रासङ्गिक
- श्रुतिसमभिन्नार्थक शब्दहरूको बाहुल्य - अनु / अणु, खेरी / खेरि, सखा / शाखा, दाइ / दाईं, भिँजो / भिजो आदि

### ३ निराकरणात्मक उपाय

शिक्षकको तर्फबाट सिर्जना हुने समस्यालाई निराकरण गर्न शिक्षक लगनशील हुनु आवश्यक छ । पाठयोजनाका आधारमा शिक्षण गर्ने, शिक्षण गर्दा कठिनाइका क्षेत्रप्रति शिक्षणलाई केन्द्रित गर्ने गर्नु आवश्यक हुन्छ । शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण गर्नु भाषा शिक्षणका सन्दर्भमा कठिनाइलाई निराकरण गर्ने मुख्य उपाय मानिन्छ । जस्तै कठिनाइयुक्त, क्षेत्रलाई आधार मानेर अक्षर, शब्द र वाक्यपत्तीहरू तथा तालिका आदिलाई प्रयोगमा ल्याउनुपर्छ । विविध क्रियाकलापहरूका आधारमा शिक्षण गर्नु पनि कठिनाइलाई निराकरण गर्ने उपाय हुन सक्छ । शिक्षणको सन्दर्भमा वर्णविन्याससम्वन्धी अन्यौल हुने अवस्थालाई शिक्षकले प्रसङ्गअनुसार प्रष्ट पार्ने गर्नाले बालबालिकालाई आफूले थप र नयाँ कुरा जानेको वा सिकेको आभास हुन सक्छ । भाषा जस्तै जटिल विषय शिक्षण गर्दा केवल पाठ्यपुस्तकमा मात्र भर नपरेर शिक्षण-सिकाइमा थप सामग्रीको पनि प्रयोग गर्नु आवश्यक हुन्छ ।

सबै बालबालिका समान क्षमताका हुन्छन् र समान गतिमा सिक्न सक्छन् भन्ने कुरालाई शिक्षकले विश्वास गर्नु हुँदैन । त्यसलाई श्रुतिलेखन क्रियाकलापले नै प्रष्ट पार्छ । श्रुतिलेखन क्रियाकलाप गराउँदा बालबालिकाले समान गतिमा लेख्न भ्याएका पनि हुँदैनन् र उनीहरूले सबैले गरेका गल्तीहरू समान किसिमका पनि हुँदैनन् । यसरी बालबालिकाले समान गतिमा सिक्न प्रयत्न गर्दा पनि उनीहरू समान गतिमा सिक्न सक्दैनन् । यसमा शिक्षक संवेदनशील हुनु आवश्यक छ । यसका लागि बालबालिकाहरूलाई समूहगत रूपमा विभाजन गर्ने र वैयक्तिक विभिन्नतालाई ख्याल गरेर शिक्षण गर्नु आवश्यक हुन्छ ।

### ४ कठिनाइ क्षेत्रका आधारमा शिक्षण गर्ने क्रियाकलापहरू

#### क) अनुकरण

बोलाइ र पढाइका सम्बन्धमा देखा पर्ने कठिनाइको निराकरण गर्नका लागि शिक्षकबाट नमुना प्रस्तुत गर्ने र त्यसलाई विद्यार्थीहरूबाट अनुकरण गर्न लगाउनु उपयुक्त हुन्छ किनभने बालबालिकाहरूले अक्सर गरेर अनुकरण र अभ्यासको माध्यमबाट नै नेपाली भाषा सिक्ने गरेको पाइन्छ । अतः नेपाली भाषाशिक्षणको सन्दर्भमा कठिनाइ क्षेत्रहरूलाई निराकरण गर्ने उपायहरूमा अनुकरण र अभ्यासलाई आधार मान्नु पर्ने हुन्छ । जस्तै शिक्षकले अब, कता, चिन्ता, पराई, हिँड

जस्ता उच्चारणमा अलमलिने शब्द आफूले नमुनाका रूपमा उच्चारण गरेर सुनाउने र बालबालिकालाई त्यसैअनुसार उच्चारण गर्न लगाउनु उपयुक्त हुन्छ ।

ख) अनुवाद र कुराकानी

दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने बालबालिकाका लागि पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने बालबालिकाको भन्दा फरक किसिमका कठिनाइ क्षेत्रहरू हुनसक्छन् । उनीहरूलाई कतिपय अवस्थामा शब्दको अर्थ बोध गर्न पनि कठिनाइ हुन सक्छ । यस्तो अवस्थामा उनीहरूलाई अनुवाद विधिको माध्यमबाट शिक्षण गर्नाले शिक्षण प्रभावकारी हुन्छ । दोस्रो भाषाको रूपमा नेपाली सिक्ने बालबालिकाहरूका लागि सुनाइ र बोलाइ सीपको विकास गर्ने कुरा पनि त्यति सजिलो हुँदैन । भाषा व्यावहारमूलक र अभ्यासमूलक विषय भएकाले व्यवहारको माध्यमबाट नै बालबालिकामा भाषिक सीपको विकास गर्न सकिन्छ । यसका लागि शिक्षकले बालबालिकाहरूलाई आपसमा कुराकानी गर्न लगाउने र उनीहरूले गरेका गल्तीहरूलाई तत्काल रूपमा सच्याउनुपर्छ । यसबाट बालबालिकाहरू भाषा सिक्नमा अभिप्रेरित हुन सक्छन् ।

कुराकानी वा संवादले भाषा सिक्ने कार्यलाई विशेष रूपमा सहयोग पुऱ्याउँछ । यसमा शिक्षकले विषय दिनुपर्छ र आवश्यकताअनुसार सहयोग पनि गर्नुपर्छ । छलफलमा शिक्षक आफैं पनि सहभागी हुनु झन् राम्रो हुन्छ । मातृभाषामा बोलेका वाक्यलाई नेपालीमा रूपान्तर गर्ने र तिनै वाक्यहरू प्रयोग गरी कुराकानी गर्न लगाउनु उपयुक्त मानिन्छ ।

ग) सस्वर र मौनपठनमा अभ्यास

पढाइ सीपको विकासमा आइपर्ने कठिनाइहरूलाई सस्वर र मौनपठनका माध्यमबाट निराकरण गर्न सकिन्छ । सस्वर पठनबाट शुद्ध उच्चारण तथा गतियतिलाई ख्याल गरेर पढ्ने वानीको विकास हुन्छ । सस्वरपठनबाट वक्ता र श्रोता दुवैलाई एकै पटक फाइदा पुग्न सक्छ । सस्वरपठन व्यक्तिगत तथा सामुहिक रूपमा गराउन सकिन्छ । सस्वरपठनबाट वाचन क्षमताको विकास हुन्छ । जसले गर्दा प्रतिवेदन पढ्ने जस्ता कामका लागि मद्दत गर्छ ।

मौनपठनबाट पठनबोधको विकास हुन्छ । पढाइ सीपको विकास गर्नु भनेको नै पठनबोधको विकास गर्नु हो । सन्दर्भ वा प्रसङ्गलाई आधार मानेर पढ्न, तात्पर्य भाव र मूलमर्मलाई विचार गरेर पढ्न, प्रश्नोत्तर गर्ने दृष्टिबाट पढ्न, जटिल वा कठिन विषयवस्तुलाई बुझ्ने किसिमले पढ्न पनि मौन पठन क्रियाकलापलाई कक्षाकोठामा प्रयोग गर्नुपर्छ । मौन पठन सामूहिक रूपमा गराउन सकिन्छ । यसबाट अरूलाई कुनै किसिमको बाधा पर्दैन र आफूलाई पनि त्यस्तो थकावटको अनुभूति हुँदैन ।

घ) मौखिक तथा लिखित रूपमा शब्द प्रयोग र वाक्यगठन

भाषाशिक्षणका सन्दर्भमा विविध विधाहरूको शिक्षण गर्दा कतिपय शब्दहरू बालबालिकाले नसुनेका हुन्छन् र उनीहरूलाई त्यस किसिमका शब्दहरू भाषिक व्यवहारमा प्रयोग गर्न कठिनाइ पर्ने सम्भावना रहन्छ । यस किसिमको कठिनाइ शिक्षकले हटाउन त्यस किसिमका शब्दलाई बोलाइ र लेखाइमा प्रयोग गर्न लगाउनुपर्छ । कक्षाको स्तरअनुसार शब्दप्रयोग र वाक्यगठन गर्न लगाउनाले बालबालिकाहरूको भाषिक व्यवहारको क्षमता विकास हुन्छ । यस किसिमबाट मौखिक तथा लिखित रूपमा शब्द प्रयोग गराउँदा कक्षाको नेपाली विषयका पाठ्यपुस्तकमा दिएका पाठहरूलाई पनि आधार मान्न सकिन्छ ।

ङ) अभ्यास र पुनरावृत्ति

नेपाली भाषा शिक्षणमा प्रयोग हुने अभ्यास र पुनरावृत्ति त्यस किसिमका शिक्षण-सिकाइ क्रियाकलाप हुन् जसबाट बालबालिकामा भाषिक सीपको विकास गर्न मद्दत मिल्छ र बालबालिकाले अभ्यास र पुनरावृत्ति क्रियाकलापको माध्यमबाट सिकेका कुराहरू स्थायी रूपमा रहन्छन् । पुनरावृत्ति भनेको भाषिक सीपको विकासका सन्दर्भमा दोहोऱ्याएर अध्ययन गर्ने क्रियाकलाप हो भने अभ्यास विधि भनेको सम्बन्धित विषयको अध्ययनमा निरन्तर रूपमा लाग्ने क्रियाकलाप हो । यसबाट बालबालिकाले भाषा सिकाइमा देखापरेका त्रुटिहरूलाई कम गर्दै लाने र परिमार्जित भाषा प्रयोगमा आफ्नो बानीलाई विकसित गर्दै लाने गर्छन् । यस आधारमा अभ्यास र पुनरावृत्तिलाई भाषा शिक्षणको महत्त्वपूर्ण क्रियाकलापका रूपमा लिन सकिन्छ ।

च) थप शैक्षिक सामग्रीको प्रयोग

नेपाली भाषा शिक्षणका प्रसङ्गमा बालबालिकाले कठिनाइ महसुस गरेका कुराहरूलाई वर्णपत्ती, शब्दपत्ती, शब्दखेल र हिज्जे प्रतियोगिता आदिका लागि सामग्री तयार गरी शिक्षण गर्नु उपयुक्त हुन्छ । यसले बालबालिकाको सिकाइलाई सहज तुल्याउँछ । बालबालिकाले शैक्षिक सामग्रीको प्रयोगको माध्यमबाट कुनै पनि जटिल कुरालाई सहज रूपमा सिक्न सक्छन् । अतः नेपाली भाषाशिक्षणमा देखापर्ने कठिनाइलाई कम गर्न पर्याप्त शैक्षिक सामग्रीहरूको प्रयोग गर्नु आवश्यक मानिन्छ ।

छ) थप कक्षाकार्य र गृहकार्य

भाषा सिकाइमा बालबालिकाबाट हुने गल्ती हटाउन थप कक्षाकार्य र गृहकार्य दिनु आवश्यक छ । यसबाट बालबालिकाहरू सिकाइमा संलग्न भइरहन्छन् र बालबालिकाबाट हुने गल्तीहरू पनि क्रमशः कम भएर जान्छन् । कक्षाकार्य र गृहकार्य दिँदा कक्षाको स्तर र कठिनाइको क्षेत्र दुवैलाई ख्याल गरेर शिक्षकले नेपाली भाषाको सिकाइमा विद्यार्थीहरूलाई संलग्न गराउनुपर्छ ।

## ५ उपसंहार

कक्षाका सबै बालबालिकाहरूको भाषिक पृष्ठभूमि फरक-फरक हुन सक्छ । भाषिक पृष्ठभूमि फरक भएको आधारमा कठिनाइको क्षेत्र पनि फरक हुन जान्छ । अतः भाषा शिक्षणको सन्दर्भमा कुन बालबालिकालाई अप्ठ्यारो लाग्ने क्षेत्र कुन हो भनेर पत्ता लगाउनु शिक्षकको पहिलो दायित्व हुन्छ । त्यसका आधारमा मात्र निराकरणात्मक उपायहरूको अवलम्बन गर्न सकिन्छ । पाठयोजना तयार गरेर शैक्षिक सामग्री प्रयोग गरेर भाषाशिक्षण गरेको खण्डमा बालबालिकाले भाषा सजिलै सिक्न सक्छन् । भाषा व्यवहारका आधारमा सिकिने विषय हो । यसका लागि अभ्यास विधि, अनुकरण विधि, संवाद विधि, प्रयोग विधि जस्ता शिक्षण विधिको आधारमा शैक्षिक क्रियाकलापलाई लागू गरेर बालबालिकालाई सिकाइप्रति अभिप्रेरित गर्न सकिन्छ । यसका लागि शिक्षकमा लगनशीलताको खाँचो पर्छ । शिक्षक आफैँले पनि स्थानीय स्रोत र सामग्रीको प्रयोग गरेर नेपाली भाषा सिकाइमा बालबालिकालाई सचेत गराउनु आवश्यक मानिन्छ ।

# एकाइ - ४

## उच्चारणशिक्षण

### १ विषय प्रवेश

प्राथमिक शिक्षा पाठ्यक्रमले उच्चारणलाई भाषिक सीप विकासका क्षेत्रअन्तर्गत राखेको छ । यसले के कुराको सङ्केत गर्छ भने भाषिक सीपको विकासका लागि उच्चारणको महत्त्वपूर्ण भूमिका हुन्छ । उच्चारण भाषा शिक्षण-सिकाइको पाठ्यवस्तु र क्रियाकलाप दुवै हो । बालबालिकाहरूले भाषा सिक्ने सन्दर्भमा उच्चारण गर्ने क्षमता नै हासिल गर्न सकेनन् भने भाषिक सीपको विकास हुने सम्भावना अत्यन्तै कम रहन्छ किनभने भाषा भनेको नै उच्चारण अवयवबाट उच्चारित ध्वनिप्रतीकहरूको समूह हो । अतः भाषा-शिक्षणको सन्दर्भमा उच्चारणलाई आधारभूत पाठ्यवस्तुको रूपमा लिनुपर्छ ।

नेपाली भाषाका वर्ण, अक्षर, शब्द, पद र पदावलीहरूलाई प्रष्टसँग अभिव्यक्त गर्नु नै उच्चारण हो । सबैले बुझ्ने शब्दमा भन्ने हो भने अक्षर फुटालेर पढ्नु नै राम्रोसँग उच्चारण गर्नु हो । यसैले उच्चारणको मुख्य सम्बन्ध भाषिक सीपअन्तर्गत प्रत्यक्ष रूपमा पढाइसित रहेको पाइन्छ । तर उच्चारणले भाषाका सबै सीपलाई प्रभावित तुल्याउँछ । प्रष्टसँग उच्चारण भएन भने वक्ताले बोलेको कुरालाई श्रोताले राम्रोसँग बुझ्न सक्तैन । उच्चारणको प्रभाव लेखाइमा पनि पर्छ । त्यसैले भाषा अध्ययनको सन्दर्भमा उच्चारण शिक्षणको विशेष महत्त्व छ । पढाइलेखाइको प्रारम्भ नै उच्चारणबाट हुन्छ ।

उच्चारण गर्ने क्षमता बालबालिकामा विकसित गर्न उनीहरूको अध्ययनको आरम्भदेखि नै ध्यान दिनु आवश्यक छ । उच्चारण गर्ने क्षमता बालबालिकामा विकसित गर्नु भनेको भाषा सिकाइको जग बलियो बनाउनु हो । बालबालिकाहरूलाई सुरूमा नै अक्षरहरू राम्रोसँग उच्चारण गरेर पढ्ने बानीको विकास गर्नु आवश्यक मानिन्छ । नेपाली भाषाशिक्षणको सन्दर्भमा जोडेमोडेका अक्षरहरू, मात्रा लागेका वर्णहरू, हलन्त अक्षरहरूको उच्चारण गर्ने क्षमता बालबालिकामा क्रमिक रूपले विकसित गर्दै लानुपर्ने आवश्यकता नेपाली भाषाशिक्षणको विशेषता हो ।

उच्चारणमा हुने अशुद्धिले गर्दा भाषा लरखरिने, जिब्रो नफट्कारिने, शब्द उच्चारणमा अर्थको अनर्थ हुने, अभिव्यक्ति कमजोर र अप्रभावकारी हुने आदि समस्याहरू देखा पर्छन् । उच्चारण प्रष्ट नहुनामा कतिपय बालबालिकाहरूको उच्चारण अवयवमा भएका कमजोरीलाई पनि लिन सकिन्छ । तर यस किसिमबाट उच्चारणमा हुने कमजोरीभन्दा बालबालिकाहरूका लागि शिक्षण-सिकाइका कारणबाट उच्चारणमा हुने कमजोरी बढी हानिकारक मानिन्छ र औपचारिक तथा अनौपचारिक रूपमा बालबालिकाले पढाइ र बोलाइको प्रसङ्गमा उच्चारणमा गरेका त्रुटिहरूलाई समयमा नै सच्याइदिनु आवश्यक मानिन्छ ।

उच्चारण शिक्षणले बालबालिकामा भाषिक शुद्धताको विकास गराउँछ । पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने बालबालिकाहरूले गर्ने स्तरीय भाषाको उच्चारणमा उनीहरूको घरपरिवारमा बोलिने कथ्य भाषाले प्रभाव पार्छ भने दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्ने बालबालिकाहरूले गर्ने स्तरीय भाषाको उच्चारणमा बालबालिकाको मातृभाषाको विशेषताले विशेष रूपमा प्रभाव पारेको पाइन्छ । यसले गर्दा पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने र दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने दुवैखाले विद्यार्थीहरूका लागि उच्चारण शिक्षण उत्तिकै मात्रामा महत्त्वपूर्ण र आवश्यक मानिन सक्छ ।

२ विषयवस्तु

उच्चारण भाषिक सीप विकासका क्षेत्रहरूअन्तर्गतको पाठ्यवस्तु हो । यस पाठ्यवस्तुका बारेमा बालबालिकाहरूलाई कुशल तुल्याउन केही आधारहरूको आवश्यकता पर्छ, जसलाई उच्चारण शिक्षणको विषयवस्तुका रूपमा लिन सकिन्छ । उस्तै-उस्तै किसिमका ध्वनिहरू भएका अक्षरहरूलाई पनि उच्चारण शिक्षणका विषयवस्तुको रूपमा लिन सकिन्छ । जस्तै

| | |
|---|---|
| ट / त = टोप / तोप | द / ध = प्रदान / प्रधान |
| ठ / थ = ठिमी / थिमी | छ्य / क्ष = ओछ्यान / वक्ष |
| ड / ढ = ओडा / ओढा | स / श = कोस / कोश |

यस किसिमका उस्तै-उस्तै ध्वनि भएका अक्षरहरूलाई आधार मानेर शुद्धसँग उच्चारण गर्न लगाएमा पनि बालबालिकाहरूमा उच्चारणमा अभ्यास बढाउन सकिन्छ । यस किसिमका श्रुतिसम वर्णहरू पाठ्यक्रमको तहगत उच्चारण क्षेत्रअन्तर्गतका सिकाइउपलब्धिहरूमा उल्लेख गरिएका छन् । त्यस्तै कक्षागत सिकाइउपलब्धिलाई आधार मानेर पनि बालबालिकालाई उच्चारणशिक्षणमा अभ्यास गराउन सकिन्छ । जस्तै

क) सग्ला अक्षर — य / ए, व / ओ, न / ण, क्ष / छ आदि

ख) जोडेमोडेका अक्षर — क्य, ख्य, ग्य, क, ख, ग्र, क्व, ख्व, ग्व, क्क, ख्ख, ग्ग, च्च, क्ल, ख्ल, ग्ल आदि

ग) उस्तै-उस्तै सुनिने अक्षर — सुग्घर / सुग्गर, साफा / साजा, बढी / वडी, काँध / काँद, भारा / भाडा, चार / चाड

घ) शुद्ध र स्पष्ट उच्चारण गर्ने सबै किसिमका शब्दहरू

- झुण्डिएका वर्ण - खड्ग, बुद्ध, द्वार, उद्देश्य, अङ्ग ।
- आधा गरिने - वाक्य, शाक्य, क्यारे, व्यारे ।
- खुट्टा काटिएका - बट्टा, खड्ग, शड्का, शड्ख ।
- रेप लागेका - फर्सी, सर्प, हर्ष ।
- ऋ लागेका - मृग, वृक्ष ।
- र कार चिन्ह लागेका - ट्रक, ड्राइभर, भऱ्याङ, बाख्रा, गाग्री ।
- जोडिएमोडिएका अक्षर - यिनलाई दुई रूपमा लिन सकिन्छ । १) संयुक्त उच्चारणभएका र २) मिश्र उच्चारण भएका अक्षरहरू । जोडिएका अक्षरहरू मिलेर बनेको शब्दलाई टुकयाएर उच्चारण गर्न सकिन्छ भने त्यस्ता जोडिएका अक्षरलाई संयुक्त अक्षर र टुकयाएर उच्चारण गर्न नसकिने किसिमबाट शब्दमा प्रयोग भएका जोडिएका अक्षरहरूलाई मिश्र उच्चारण भनिन्छ ।
- कठिन शब्द - अक्षर, कृष्ण, पड्खा, ऋण, ध्यान,

झल्यास्स, भन्ज्याङ, सल्क्यो, चिन्ह, गाह्रो, बाह्र, सन्ध्या ।

- कठिन वाक्य - पृथ्वी घुम्छ । बच्चाहरू कराउँछन् ।
  वृक्षरोपण कार्यक्रम आरम्भ भएको छ ।
  षड्कोण चिन्ह सरस्वतीको स्वरूप हो ।

यसबाहेक कठिन शब्द प्रयोग भएका वाक्यहरूले बनेका अनुच्छेदहरू तथा प्रबन्ध र जीवनी पाठमा उल्लेख भएको पाठको मूल अंशका आधारमा पनि बालबालिकाहरूलाई उच्चारण शिक्षण गराउन सकिन्छ । अर्थात् यस किसिमका सामग्रीहरू नै उच्चारण शिक्षणका विषयवस्तु हुन् । उच्चारण शिक्षणका विषयवस्तुका लागि सन्दर्भ सामग्री, कार्यपुस्तिका र बालसाहित्यसम्बन्धी रचनाहरूलाई पनि प्रयोग गर्न सकिन्छ ।

## ३ शैक्षिक सामग्री

उच्चारण शिक्षणका लागि जोडेमोडेका अक्षर र त्यस किसिमका अक्षर प्रयोग भएका शव्दपत्ती तथा तालिकाहरूलाई शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ । कठिन शब्द प्रयोग भएका वाक्यपत्ती तथा तालिकाहरूलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रदर्शन गरेर शिक्षण गर्न सकिन्छ । गोजीतालिका, फलाटिन बोर्ड, अनुच्छेद, विभिन्न किसिमका प्रश्नहरूलाई शैक्षिक सामग्रीका रूपमा लिन सकिन्छ । उच्चारण आधारभूत सिकाइअन्तर्गत पर्ने विषय भएकाले प्रत्येक बालबालिकालाई वैयक्तिक विभिन्नताका आधारमा शिक्षण गर्नुपर्ने हुँदा उच्चारण शिक्षणलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । उच्चारण शिक्षण प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरू यसप्रकारका छन्

क) अक्षरहरू र तिनका सीमालाई ठम्याएर उच्चारण गरेमा मात्र शब्दको सही उच्चारण हुनसक्छ । त्यसका लागि शब्दहरूलाई निम्न रूपमा लेखिएका शब्दपत्ती प्रयोगमा ल्याउनुपर्छ । जस्तै भान्सा / भान्-सा, इमान्दार / इ-मान्-दार, स्वास्थ्य / स्वास-थ्य, मन्त्र / मन्-त्र, सस्तो / सस्-तो । यस किसिमबाट शब्दांशलाई आधार मानेर शैक्षिक सामग्रीका रूपमा शब्दपत्ती तयार गर्न सकेमा उच्चारण शिक्षण गर्न सजिलो पर्न आउँछ ।

ख) उच्चारण शिक्षणका लागि य, र, ल, व अक्षर भएका अक्षरपत्तीलाई शैक्षिक सामग्रीका रूपमा प्रयोग गरेर उच्चारण शिक्षण गर्नुपर्छ किनभने यी अक्षरमा अन्य अक्षर संयुक्त हुन आउँछन् । जस्तै क्य, क्र, क्ल, क्व आदि । यस किसिमका अक्षरका आधारमा उच्चारण गर्नमा बालबालिकाहरूलाई सुरूमा अभ्यास गराउनु आवश्यक मानिन्छ ।

ग) उच्चारण शिक्षणका लागि शैक्षिक सामग्री तयार गर्दा मूल शब्द र व्युत्पन्न शब्दका अलग-अलग शब्दका तालिका तयार गरेर ती व्युत्पन्न शब्द कसरी तयार भएका हुन्, तिनको बनोटका ढाँचासमेत बताएमा बालबालिकालाई उच्चारण शिक्षण गर्न सजिलो हुन्छ । जस्तै महत्त्व / म-हत् + त्व

घ) उच्चारण शिक्षणमा अक्षर सीमाले विशेष भूमिका निर्वाह गर्ने हुँदा त्यसलाई ख्याल गरेर शैक्षिक सामग्री तयार गर्नु आवश्यक छ । जस्तै नेपाल / ने-पाल, नेपा-ल । उच्चारण शिक्षणका लागि अक्षर सीमा थाहा पाउनु महत्त्वपूर्ण कुरा हो ।

ङ) नेपालीमा लेख्दा हलन्त नलेख्ने र उच्चारण गर्दा हलन्त उच्चारण गर्ने प्रचलन पनि केही शव्दहरूमा पाइन्छ, त्यसलाई आधार मानेर पनि शैक्षिक सामग्रीहरू तयार गर्न सकिन्छ ।

जस्तै भात् /भात । यस्तो अवस्थामा सुहाउँदो अवस्थासम्म लेखाइलाई नै आधार मानेर उच्चारण गराउने बानी बालबालिकामा बसाल्न सक्नु आवश्यक हुन्छ ।

४ शिक्षण-सिकाइ क्रियाकलाप

बालबालिकालाई उच्चारण शिक्षण गर्ने सन्दर्भमा विभिन्न क्रियाकलापहरूलाई प्रयोगमा ल्याउन सकिन्छ । उच्चारण शिक्षणमा मुख्य विधिको रूपमा अभ्यास विधिलाई नै आधार मान्नुपर्ने हुन्छ । त्यस्तै उच्चारण शिक्षणमा प्रयोग गर्न सकिने विधिहरूमा अनुशरण, अभ्यास र प्रश्नोत्तर विधिलाई प्रयोगमा ल्याउन सकिन्छ ।

क) अनुशरण विधि

संयुक्त र मिश्र उच्चारण हुने शब्दहरू सङ्कलन गरेर शिक्षकले सर्वप्रथम आफूले उच्चारण गरेर सुनाउने र बालबालिकालाई त्यसैअनुसार उच्चारण गर्न लगाउने गर्नुपर्छ । यस किसिमको उच्चारण अक्षर, शब्द, वाक्य र अनुच्छेदगत आधारमा गराउन सकिन्छ । शिक्षकले उच्चारण गर्न सिकाउँदा उच्चारण अवयवको अवस्था र स्थितिसमेत प्रदर्शन गरी विद्यार्थीलाई देखाउनुपर्छ र त्यसको अनुशरण गर्न सिकाउनु आवश्यक छ ।

ख) अभ्यास विधि

उच्चारणका दृष्टिले कठिन मानिएका वर्ण, अक्षर, शब्द र शब्दावलीको उच्चारण गर्ने कार्यमा बालबालिकालाई पटकपटक अभ्यास गर्न लगाउनुपर्छ र गल्ती गरेको अवस्थामा सच्याएर उच्चारण गर्न अभ्यास गराउनु आवश्यक हुन्छ ।

ग) प्रश्नोत्तर विधि

उच्चारण गर, यसलाई तिमी कसरी उच्चारण गर्छौ, सुन र भन, सुन र लेख जस्तै किसिमवाट प्रश्नोत्तरको रूपमा उच्चारणसम्वन्धी क्रियाकलाप गराउन सकिन्छ ।

# एकाइ - ५

## शब्दार्थ शिक्षण

१ विषय प्रवेश

अर्थ निस्कने एक वा एकभन्दा बढी अक्षरको बनोटलाई शब्द भनिन्छ । शब्दको अर्को नाम पद हो । प्रत्येक शब्दको कम्तीमा पनि एउटा अर्थ हुन्छ । विना अर्थको शब्द हुँदैन । एउटा शब्दको एकभन्दा बढी अर्थ पनि हुनसक्छन् । त्यस्ता शब्दलाई अनेकार्थक शब्द भन्ने गरिन्छ । एउटै अर्थ दिने एकभन्दा बढी शब्दहरू पनि हुन्छन्, त्यस्ता शब्दलाई समानार्थक शब्द वा पर्यायवाची शब्द भनिन्छ । भाषामा शब्दको केन्द्रीय वा महत्त्वपूर्ण भूमिका हुन्छ । शब्दबेगर त भाषाको सृजना नै हुन सक्तैन । यसैले भाषा सिक्ने सन्दर्भमा बालबालिकाले शब्दको नालीबेलीका बारेमा जानकारी नराखे पनि त्यो शब्दले बहन गरेको सामान्य अर्थ भने थाहा पाउनुपर्छ । शब्दको अर्थ थाहा भएन भने सुनाइ र पढाइबाट श्रुतिबोध र पाठनबोधका बारेमा कुनै पनि उपलब्धि हासिल हुन सक्तैन । अर्थ थाहा नभएको शब्दलाई बोलाइ र लेखाइमा प्रयोग गर्न पनि सकिँदैन । यसैले शब्दको अर्थका बारेमा जानकारी गर्नु र गराउनु नेपाली विषयका शिक्षकको दायित्व हुन आउँछ ।

शव्दभण्डार बढाउन शब्दका अर्थका बारेमा जानकारी राख्नुपर्छ । प्राथमिक तह पूरा गरेका बालबालिकाहरूले कम्तीमा पनि तीन हजारसम्म शब्दहरू प्रयोग गरेर भाषिक व्यवहार गर्न सक्ने सामर्थ्यको विकास गर्नुपर्छ भन्ने अपेक्षा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले गरेको छ । शब्दको अर्थ थाहा पाउन शब्दकोशको प्रयोग गर्ने बानी बालबालिकामा बसाल्नुपर्ने कुरा पनि पाठ्यक्रमले बताएको छ । शब्दभण्डारको विकास गर्ने कुरालाई भाषिक सीपको विकास गर्ने पाठ्यवस्तुको क्षेत्रका रूपमा नै लिन सकिन्छ । भाषिक सीप विकास गर्ने कार्यमा शब्दभण्डारको विशेष भूमिका रहन गएको हुन्छ । यसैले प्राथमिक शिक्षा पाठ्यक्रमले बालबालिकामा शब्दभण्डारको विकास गर्ने प्रसङ्गमा विभिन्न खाले शब्दहरूको अर्थ बताएर शिक्षण गर्ने कुरा पाठ्यक्रमको कक्षागत सिकाइउपलब्धिमा उल्लेख गरिएको छ । जसअनुसार प्राथमिक तहका बालबालिकाहरूलाई शिक्षण गर्नुपर्ने शदहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ

क) सामान्यार्थक शब्द
ख) अनुकरणात्मक शब्द
ग) विपरीतार्थक शब्द
घ) समूहवाचक शब्द
ङ) बालबोली शब्द
च) पर्यायवाची शब्द
छ) अनेकार्थक शब्द
ज) सांस्कृतिक शब्द
झ) प्राविधिक शब्द
ञ) प्राकृतिक शब्द
ट) नैतिक शब्द

यस किसिमको विभाजन शब्दभण्डारका दृष्टिबाट गरिएको विभाजन हो । यस किसिमका विभिन्न रूपमा अर्थ बताउने, विभिन्न क्षेत्रमा प्रयोग हुने र शब्दवर्गका आधारबाट नेपाली भाषाको शिक्षणलाई बढी रोचक तुल्याउने खालका शब्दलाई आधार मानेर शब्दार्थको शिक्षण गर्ने कुरालाई प्राथमिक शिक्षा पाठ्यक्रमले निर्देश गरको पाइन्छ ।

शब्दार्थ शिक्षण गर्नु भनेको बालबालिकालाई शब्दको बारेमा जानकारी गराउनु र त्यो शब्दलाई भाषिक व्यवहारमा प्रयोग गर्न सक्ने तुल्याउनु हो । पहिलो भाषाको रूपमा नेपाली भाषा सिक्ने र दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्ने दुवैखाले विद्यार्थीहरूका लागि शब्दको अर्थ थाहा पाउनु र त्यसलाई भाषिक व्यवहारमा प्रयोग गर्न सक्ने हुनु उत्तिकै आवश्यक कुरा हो । भाषिक व्यवहारमा प्रयोग गरिने सामान्य प्रचलनमा आएका शब्दको अर्थका बारेमा पनि थाहा भएन भने बालबालिकाले त्यस भाषामा विचार आदान-प्रदान गर्न सक्ने क्षमता नै राख्न सक्तैनन् । त्यसले गर्दा पनि बालबालिकाहरूलाई शब्दको अर्थका बारेमा जानकारी गराउन नेपाली भाषाका पाठ्यपुस्तकहरूले विशेष महत्त्वका रूपमा लिएको पाइन्छ ।

नेपाली भाषाका पाठ्यपुस्तकहरूका पाठमा मूल अंशका साथै शब्द र अर्थलाई अभ्यासका रूपमा दिने गरिएको छ । यसबाट प्रष्ट हुन्छ नेपाली भाषाशिक्षणमा शब्दार्थ शिक्षण आवश्यक र महत्त्वपूर्ण छ । शब्दार्थ शिक्षण गर्नुको अर्थ बालबालिकालाई शब्दको अर्थ बताउनुको साथै पाठको विषयवस्तुलाई सरल तुल्याउनु पनि हो । नेपाली भाषाका पाठ्यपुस्तकहरूका पाठहरूको शिक्षण गर्दा अभ्यासका रूपमा दिएका शब्दहरूको साथै पाठमा प्रयोग भएका र बालबालिकालाई कठिन लागेका शब्दहरूको पनि अर्थ बताउनु आवश्यक हुन्छ । शब्दार्थ शिक्षण गर्दा शब्दलाई वाक्यमा पनि प्रयोग गर्न लगाउन आवश्यक हुन आउँछ ।

२ विषयवस्तु

शब्दार्थ शिक्षण गर्दा शब्दको परिचय दिनुको साथै त्यस किसिमका शब्दहरूको उदाहरण दिने काम पनि गर्नुपर्छ । पाठ्यपुस्तकको अभ्यासमा दिएका शब्दहरू त केवल नमुनाका लागि मात्र हुन्, त्यस सन्दर्भमा थप जानकारी त शिक्षक आफैले गराउनुपर्ने हुन्छ । यहाँ विषयवस्तुका रूपमा पाठ्यक्रमले निर्धारण गरेका शब्दहरूको सामान्य परिचयात्मक विवरण प्रस्तुत गरिएको छ ।

क) सामान्यार्थक शब्द

सामान्य रूपमा अर्थ बताइने वा सामान्य अर्थ दिने शब्दहरू नै सामान्यार्थक शब्द हुन् । जस्तै

वस्तु = सामान
बस्तु = पशु
प्रधानाध्यापक = मुख्य अध्यापक
विद्यार्थी = विद्या आर्जन गर्ने व्यक्ति
संरक्षक = संरक्षण गर्ने व्यक्ति, अभिभावक
पोइ = लोग्ने
जोई = स्वास्नी
विद्यायल = पढ्ने घर, पाठशाला
वचन = बोली

ख) अनुकरणात्मक शब्द

अनुकरणात्मक शब्द क्रिया विशेषणका रूपमा प्रयोग हुने शब्दहरू हुन् । जस्तै घाम झुलुक्क झुल्के । तिमी टुप्लुक आयौ । उ टक्क अडियो । अनुकरणात्मक शब्द भन्नाले कुनै वस्तु वा कुराको ध्वनि, आवाज र आभास दिने शब्द भन्ने बुझ्नुपर्छ । यस आधारमा अनुकरणात्मक शब्दलाई ध्वन्यात्मक, अनुकरणात्मक र दृश्यात्मक गरी तीन किसिममा विभाजन गर्न सकिन्छ । ध्वन्यात्मक

अनुकरणात्मक शब्द सजीव प्राणीको ध्वनिको आधारमा निर्मित शब्द हुन् । अर्थात् सजीव प्राणीको बोली वा आवाजको नक्कलका आधारमा विकसित भएका शब्दहरू नै ध्वन्यात्मक अनुकरणात्मक शब्द हुन् । जस्तै भु-भु, च्याँ, काग-काग, म्याँ-म्याँ, कुहु-कुहु आदि । अनुकरणात्मक शब्द भने निर्जीव पदार्थको रगडाइ वा घोटाइ या आपसमा ठक्कर आएको आधारमा निर्मित भएको पाइन्छ । जस्तैः घारघुर, गड्याङ, टिङटिङ, टकटक, ड्याङ, चिलित्त, ठ्वाङ आदि । यस्ता शब्दहरू धातु, काठ, ढुङ्गा, पानी आदि निर्जीव पदार्थको रगडयाईबाट निस्की आवाजका आधारमा बनेका हुन्छन् ।

दृश्यात्मक अनुकरणात्मक शब्दहरू कुनै दृश्यलाई देखेर त्यस किसिमको दृश्यको अवस्थालाई प्रष्ट्याउने वा बयान गर्ने सन्दर्भमा बनाएका हुन्छन् । जस्तै छ्याङ्ङ, झलमल्ल, निस्पट्ट, मिरमिर, ढकमक्क आदि । यस किसिमका दृश्यात्मक अनुकरणात्मक शब्दले घटना, क्रियाकलाप, दृश्यलाई देखेर त्यसको अनुकरण गरिएको पाइन्छ ।

अनुकरणात्मक शब्दहरू नेपाली भाषामा प्रशस्तै छन् । यो नेपाली भाषाको आफ्नै मौलिक विशेषता पनि हो । अनुकरणात्मक शब्द र निपात शब्दहरू नेपाली भाषाको व्यवहारमा प्रशस्त मात्रैमा प्रयोग गरिन्छन् । यस किसिमका शब्दको प्रयोगबाट भाषा रोचक बन्छ र भाषामा मिठासता पनि पाउन सकिन्छ । यस किसिमका शब्दहरूको सिकाइमा बालबालिकाहरू बढी रूचि पनि देखाउँछन् । अनुकरणात्मक शब्दका अन्य केही उदाहरणहरू

थपक्क, मुसुक्क, प्याट्ट, प्याच्य, गलल्ल, फुत्त, सुटुक्क, दङ्ग, गजक्क आदि ।

### ग) विपरीतार्थक शब्द

विपरीत वा उल्टो अर्थ दिने शब्द विपरीतार्थक शब्द हुन् । विपरीत शब्द भनेको अकरण रूप होइन । सबै शब्दको विपरीत अवस्था जनाउने अर्को शब्द नहुन पनि सक्छ । विपरीत शब्द एकलै र कतिपय अवस्थामा साथसाथै प्रयोग भएका पनि पाइन्छन् । विपरीतार्थक शब्दका केही उदाहरणहरू

| | | |
|---|---|---|
| अग्लो - होचो | आयो - गयो | लेख्छ - मेट्छ |
| दिन - रात | माथि - तल | उज्यालो - अँध्यारो |
| खान्छ - उकेल्छ | नजिक - टाढा | धर्ती - आकाश |
| देव - दानव | राम्रो - नराम्रो | |

सँगसँगै वा साथसाथै प्रयोग हुने प्रकृतिका विपरीतार्थक शब्द

| | | |
|---|---|---|
| आकास-पाताल | उकालो-ओरालो | तल-माथि |
| वारि-पारि | सुख-दुख | रात-दिन |
| जन्म-मरण | यता-उता | उठ-बस |
| सन्चो-विसन्चो | न्याय-अन्याय | |

घ) समूहवाचक शब्द

समूहवाचक शब्दको अध्ययन शब्द वर्गभित्र पनि गरिन्छ । समूहवाचक शब्दहरू नामका किसिमका रूपमा समूहलाई जनाउने नाम शब्दभित्र पर्छन् । यस किसिमका समूह शब्दहरू नेपाली भाषामा प्रशस्तै नभए पनि यस किसिमको शब्दको अनिकाल भने छैन । समूहवाचक शब्दहरूका केही उदाहरण

| | | |
|---|---|---|
| जनता | ताँती | थुप्रो |
| मेला | जन्ती | हार |
| फौज | गोलो | भीड |
| भीड | मलामी | कुर्‍यु |
| बथान | रास | समिति |
| वृन्द | खात | हूल |

ङ) बालबोली शब्द

शिशु उमेरका बालबालिकालाई फकाउन, पुल्याउन र तर्साउनका लागि ठूलाले प्रयोग गर्ने र त्यस आधारमा बालबालिकाका जिब्रोले तुरून्त टिपेर प्रयोग गर्ने शब्दहरूलाई बालबोलीका शब्द भनिन्छ । यस किसिमका शब्दहरू कथ्य भाषामा बालबालिकालाई सम्बन्धित गराएर प्रयोग गरेको पाइन्छ । यस किसिमका शब्दहरूले पनि शब्दभण्डारको विकासमा सहयोग गरेको पाइन्छ । भाषाशिक्षणका सन्दर्भमा यस किसिमका शब्दले पनि केही रमाइलोपन ल्याउने भएकाले यस किसिमका शब्दहरूको पनि शिक्षण गर्ने उद्देश्य राखिएको छ । जस्तै

| | | |
|---|---|---|
| तेते - तेल | भी- घाउ | बुबु - दुध |
| मने- पाठो | नाना- लुगा | पाँ- पानी |
| पराई-अन्यत्री | माम- भात | निनी-वाछो |
| चाचा-गहना | हम्वा - गाई | |

च) पर्यायवाची शब्द

उस्तै अर्थ दिने अर्को शब्दलाई पर्यायवाची शब्द भनिन्छ । जस्तै

| | | |
|---|---|---|
| विद्यालय - पाठशाला | पृथ्वी - धर्ती | वन - जङ्गल |
| बल - तागत | महिला - आइमाई | चलाख - वाठो |
| सहर - नगर | मेच - कुर्सी | मुलुक - संसार |
| कार्यालय - अड्डा | उत्तर - जवाफ | बाकस - सन्दुस |

छ) अनेकार्थक शब्द

एकभन्दा बढी अर्थ दिन सक्ने शब्दलाई अनेकार्थक शब्द भनिन्छ । यस किसिमका अनेकार्थक शब्दको अर्थ प्रसङ्ग र ठाउँअनुसार लाग्ने गर्छ । प्रयोग गर्दा प्रसङ्गअनुसार प्रयोग गर्नुपर्छ । जस्तै

उत्तर - जवाफ
उत्तर - चार दिशामध्यको एक दिशा

| | |
|---|---|
| हार - गहना | हार - पराजय |
| साँचो - सत्य | साँचो - ताल्चा |
| मार्ग - बाटो | मार्ग - मङ्सिर |
| पत्र - पात | पत्र - चिठी |
| अर्थ - वित्त | अर्थ - मतलब |

### ज) सांस्कृतिक शब्द

सांस्कृतिक क्षेत्रमा प्रयोग हुने शब्दलाई सांस्कृतिक शब्द भनिन्छ । नेपाली भाषाशिक्षण गर्ने सन्दर्भमा भाषिक सीप विकास गर्नका लागि सांस्कृतिक विषयवस्तुलाई आधार मानेर कविता, प्रबन्ध, कथा आदि विधामा पाठहरू तयार गरिएका छन् । त्यस किसिमका पाठमा सांस्कृतिक शब्दहरूको प्रयोग हुनु स्वाभाविक हुन आउँछ । त्यस किसिमका सांस्कृतिक शब्दहरूलाई यसप्रकार लिन सकिन्छ

| | |
|---|---|
| प्रार्थना - आरधना | पौराणिक - पुराणसम्बन्धी |
| पर्व - चाड | ध्यान - तपस्या |
| भगवान - देवता | आस्तिक - ईश्वरमा विश्वास गर्ने |
| परोपकार - अरूको हितमा गर्ने कार्य | धाम - पवित्र स्थान |

### झ) प्राविधिक शब्द

प्रविधिसित सम्बन्धित शब्दलाई प्राविधिक शब्द भनिन्छ । प्राविधिक शब्द कुनै खास प्रयोग क्षेत्रसँग सम्बन्धित हुन्छन् । प्राविधिक शब्दको अर्थबोध गर्न त्यस्ता शब्दको अर्थलाई बयान वा व्याख्याद्वारा बुझाउनुपर्छ । वाक्यमा प्रयोग गरेका आधारमा पनि प्राविधिक शब्दको अर्थ बताउन सकिन्छ । आधुनिक विचार, धारणा र ज्ञानविज्ञानसम्बन्धी अभिव्यक्तिका लागि पनि प्राविधिक शब्दहरूको आवश्यकता पर्छ । केही प्राविधिक शब्दहरूको अर्थ यहाँ दिन सकिन्छ

वन्यजन्तु - बनमा रहने जीवित वस्तु
निर्जीवीकरण - सजिववस्तुलाई निर्जीव बनाउने काम
शल्य चिकित्सा - चिरफार गरेर गरिने उपचार
तालिका - कुनै काम गर्न बनाएको सूची

### ञ) प्राकृतिक शबद

प्रकृतिसँग सम्बन्धित शब्दलाई प्राकृतिक शब्द भनिन्छ । अर्थात प्राकृतिक क्षेत्रमा प्रयोग हुने शब्द नै प्राकृतिक शब्द हुन् । नेपाली भाषाको पाठ्यवस्तु भाषिक सीपहरू हुन् भने ती पाठ्यवस्तुहरू हासिल गर्ने माध्यमका रूपमा प्राकृतिक विषयवस्तुलाई प्रयोग गर्न सकिने भएकाले प्राकृतिक शब्दका अर्थ पनि प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाले जान्नु आवश्यक पर्छ । प्राकृतिक शब्दका केही उदाहरणहरू यसप्रकार छन्

उत्खनन् - खनेर निकाल्ने काम
हिमनदी - हिउँ पग्लेर बनेको नदी
हावापानी - जलवायु
वर्षा - झरी
क्षितिज - पृथ्वी र आकाश जोडिएको भान हुने दृश्य
स्रोत - मुहान

ट) नैतिक शब्द

नैतिक क्षेत्रमा प्रयोग हुने शब्दलाई यहाँ नैतिक शब्द भनिएको छ । नेपाली भाषाका पाठ्यपुस्तकहरूमा नैतिक कथाहरू समावेश गरिएकाछन् । त्यस किसिमका पाठमा प्रयोग भएका नैतिक शब्दलाई शिक्षण गर्नु आवश्यक ठानेकाले पाठ्यक्रमले नैतिक शब्दको शिक्षण गर्ने कार्यलाई विशेष महत्त्वका साथ लिएको पाइन्छ । यस किसिमका शब्दहरूको शिक्षणसम्बन्धित पाठका आधारमा गराउन सकिन्छ । यसबाट शब्दभण्डारको विकास हुने र त्यस शब्दका माध्यमबाट बालबालिकालाई आचरणसम्बन्धी सन्देश पनि दिन सकिन्छ । यस अर्थमा नैतिक शब्द-शिक्षणको पनि विशेष भूमिका रहन्छ ।

सत्य - साँचो
विश्वास - भरोसा
कमाइ - आर्जन
इमान्दार - विश्वास गर्न लायक
भलाइ - हित
विश्वासघात - धोखा
परिश्रम - मिहेनत

माथि उल्लिखित विशेष तोकिएका क्षेत्रहरू त शब्दार्थ शिक्षणका लागि सामान्य आधार मात्र हुन् । नेपाली भाषाका पाठ्यपुस्तकका आधारमा बालबालिकालाई कठिनाइ हुने खालका सबै शब्दहरूको शब्दार्थको रूपमा शिक्षण गर्नु उत्तिकै महत्त्वपूर्ण मानिन्छ । शब्दको अर्थ नै थाहा भएन भने बालबालिकाको भाषा सिकाइले गति लिन सक्तैन । अतः भाषाशिक्षणका सन्दर्भमा शब्दार्थ शिक्षणको विशेष महत्त्व रहन्छ ।

## ३ शब्दार्थ शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलाप

क) चित्र वा वस्तुद्वारा शब्दको अर्थ बताउने

कतिपय शब्दहरू शिक्षण गर्ने सन्दर्भमा शब्दको अर्थ बताउन चित्र वा वस्तुलाई शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्नुपर्छ । यसले पहिलो भाषाको रूपमा नेपाली सिक्ने र दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्ने दुवैखाले बालबालिकाका लागि शब्दको अर्थ थाहा पाउन सजिलो हुन्छ । यस किसिमको चित्र वा ठोस वस्तुलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गरेर शिक्षण गर्दा शिक्षण-सिकाइ प्रभावकारी मानिन्छ र कक्षाको वातावरण रमाइलो पनि हुनसक्छ । जस्तै हात्ती, हिमाल, उँट, बाघ शब्दको शिक्षण गर्नु पर्‍यो भने चित्रको माध्यमबाट र कैँची सियो शब्दको अर्थ बताउन् पर्‍यो भने ठोस वस्तुको नै प्रयोग गरेर शब्दार्थ शिक्षण गर्न सकिन्छ ।

ख) पर्यायवाची शब्द

शब्दार्थ शिक्षणका लागि अर्थ बताउन पर्यायवाची शब्दहरूको पनि सहयोग लिन सकिन्छ । यसले शब्दभण्डारको विकासलाई मद्दत गर्छ । एउटा शब्दको शिक्षणको सन्दर्भमा अर्को शब्दकको अर्थ पनि वालबालिकाहरूले थाहा पाउन सक्छन् । यसले पनि बालवालिकालाई शव्दार्थ शिक्षणका वारेमा रूचि जगाउँछ । जस्तै माता = आमा, पिता = बुबा, भय = डर, मनुष्य = मान्छे, हिमाँशु = जून । यस किसिमले अर्थ बताउने प्रक्रियालाई पर्यायवाची शव्दका माध्यमद्वारा शव्दार्थ शिक्षण गर्ने कार्य भनिन्छ ।

ग) बयान वा परिभाषा

कतिपय शब्दहरूको अर्थ बताउने अरू विकल्प केही नभएर शिक्षकले शिक्षण गर्न शब्दको अर्थ बताउन बयान वा परिभाषाको सहयोग लिनुपर्ने आवश्यकता पर्छ । यस किसिमको शव्दार्थ शिक्षण क्रियाकलापलाई अलि जटिल किसिमको क्रियाकलापका रूपमा दिइन्छ । तर यस विधिवाट पनि शब्दको अर्थ बताउनु आवश्यक नै हुन्छ । उदाहरण

विद्यालय = केटाकेटीलाई शिक्षा दिने ठाउँ

परिवार = एउटै घरमा बस्ने र एउटै भान्सामा खाना खानेहरूको समूह

यस किसिमबाट अर्थ बताउँदा बताएको शब्दको अर्थ बालबालिकाहरूलाई आफ्नो कापीमा टिपोट गर्न लगाउनुपर्छ ।

घ) आशयको व्याख्यान

शव्दार्थ शिक्षण गर्ने अर्को विधिको रूपमा आशयको व्याख्यानलाई पनि मान्न सकिन्छ । यस शिक्षण विधिमा शब्दको आशयगत अर्थ बताइन्छ अर्थात शब्दको अर्थ बताउनु पऱ्यो भने व्याख्यानसम्म गर्नुपर्ने हुन्छ । उदाहरणका रूपमा दुर्गन्ध शब्दलाई लिउँ । दुर्गन्ध भनेको कुनै वस्तु कुहेर वा सडेर त्यसबाट आउने गन्धलाई भनिन्छ भनेर आशयगत रूपमा वयान वा व्याख्यान गरेर शब्दको अर्थ बताउने कार्यलाई नै आशयको व्याख्यान भनिन्छ ।

ङ) विपरीतार्थी शब्दद्वारा शब्दार्थ शिक्षण

अँध्यारो = उज्यालो सस्तो = महँगो

रित्तो = भरी फोहोर = सफा

यस किसिमवाट विपरीत अर्थ बताएर गरिने शव्दार्थ शिक्षणलाई विपरीतार्थी शब्दार्थ शिक्षण भनिन्छ । यस किसिमको शब्दार्थ शिक्षण कार्यलाई खेल वा प्रतियोगितामा परिणत गर्न सकिन्छ ।

च) वाक्यमा शब्द प्रयोग

शब्दलाई वाक्यमा प्रयोग गरेर शिक्षण गर्नाले पनि बालबालिकाहरू त्यस किसिमका शब्दको अर्थ ग्रहण गर्न सक्छन् । अन्य माध्यमवाट शब्दको अर्थ बताएको खण्डमा पनि अन्त्यमा

बालबालिकाहरूले शब्दलाई वाक्यमा प्रयोग गर्नैपर्छ । शब्दलाई उचित रूपमा वाक्यमा प्रयोग गर्न सकेको अवस्थामा बालबालिकाले शब्दको अर्थ बास्तविक रूपमा बुझ्न सकेको मानिन्छ । जस्तै

आज्ञाकारी = राम गुरुले भनेको मान्छ, त्यसैले उ आज्ञाकारी छ ।

यस किसिमले वाक्यमा प्रयोगका माध्यमबाट पनि शब्दार्थ शिक्षण गर्नु उपयुक्त मानिन्छ ।

# एकाइ - ६

## सुनाइ र बोलाइ सीपसम्बन्धी शिक्षण

### १ विषय प्रवेश

सुनाइ र बोलाइ नेपाली भाषाका प्रारम्भिक सीप हुन् । यिनीहरू विशेष गरेर कथ्य भाषासँग सम्बन्धित मानिन्छन् । श्रुतिबोधका लागि सुनाइ सीप र मौखिक अभिव्यक्तिका लागि बोलाइ सीपले महत्त्व राख्छन् । दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने बालबालिकाहरूका लागि सुनाइ र बोलाइलाई दैनिक व्यवहारमा प्रयोग गर्ने दृष्टिबाट शिक्षण-सिकाइको थालनी गर्नुपर्ने र पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने बालबालिकाहरूका लागि सुनाइ र बोलाइलाई भाषिक सीपको दृष्टिबाट शिक्षण गर्नुपर्छ ।

बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण गर्ने समस्या आफैँमा जटिल विषय बन्छ । त्यसमा पनि सुनाइ र बोलाइ जस्ता प्रारम्भिक सीपलाई समान वातावरणमा समान किसिमले विकास गर्नु एकदम नै कठिन कार्य हो । तर पनि भाषाशिक्षणका सन्दर्भमा र दैनिक व्यवहारमा आइपर्ने जीवनोपयोगी शिक्षाका रूपमा बोलाइका सम्बन्धमा कुशल तुल्याउनु आवश्यक छ । यस किसिमको चुनौतिपूर्ण समस्यामा नेपाली विषयका शिक्षकले सफलता हासिल गर्न सुनाइ र बोलाइ सीपको विकासका सम्बन्धमा शिक्षण गर्ने विषयलाई लिएर विशेष दक्षता हासिल गर्नु आवश्यक हुन्छ ।

सुनाइ र बोलाइ अलग-अलग सीप भए पनि भाषाशिक्षणका सन्दर्भमा यिनीहरू पारस्परिक रूपले सहसम्बन्धित हुन्छन् । सुन्नका लागि बोलाइको र बोलाइका लागि सुनाइको आवश्यकता पर्छ । भाषा विचार विनिमयको माध्यम भएका कारणले विचारको आदान-प्रदानका लागि सुनाइ र बोलाइले भाषिक व्यवहारमा विशेष महत्त्व राख्दछ ।

भनिएका कुरा बुझ्ने गरी सुन्न, अर्थ र आशय व्यक्त गर्न सक्ने गरी सुन्न र निर्देशन पालना गर्नका लागि बालबालिकामा सुनाइ सीपको विकास हुनु आवश्यक हुन आउँछ । त्यस्तै उपयुक्त ढङ्गबाट स्वाभाविक रूपमा बोल्न, शिष्ट तथा नम्र भाषामा कुराकानी तथा प्रश्नोत्तर गर्न र परिस्थितिअनुसार औपचारिक र अनौपचारिक भाषाको प्रयोग गरी कुराकानी गर्न बालबालिकामा बोलाइ सीपको विकास गराउने कुरामा ध्यान दिनुपर्दछ ।

नेपाली भाषाशिक्षणका सन्दर्भमा सुनाइ र बोलाइ पाठ्य क्षेत्रअन्तर्गतका पाठ्यवस्तु हुन् । यसका लागि बालबालिकामा शब्दभण्डारको विकास हुनु, प्रष्ट उच्चारण गर्ने क्षमता वा बानीको विकास हुनु र भाषाको प्रचलित संरचनाको बारेमा जानकारी हुनुपर्ने हुन्छ । तब मात्र बालबालिकाहरूले भाषिक व्यवहारमा सुनाइ र बोलाइलाई प्रयोग गर्न सक्छन् । नेपाली विषयका शिक्षकले बालबालिकालाई भाषिक व्यवहारमा कुशल तुल्याउन सर्वप्रथम बालबालिकामा भाषिक व्यवहारको पूर्वाधार तयार गर्नु आवश्यक पर्छ । त्यसपछि मात्र विशेष प्रविधि तथा प्रक्रियाहरूलाई अवलम्बन गरेर प्रभावकारी शिक्षणका माध्यमबाट बालबालिकामा सुनाइ र बोलाइ सीपको विकास गर्न सकिन्छ ।

## २ विषयवस्तुका रूपमा पाठ्यवस्तुको व्यापकता

प्राथमिक तहका बालवालिकाहरूमा सुनाइ सीपको विकास गराउनका लागि साधारण परिचित तथा अपरिचित प्रचलित बालगीत, कविता तथा कथा सुनेर बताउन; उस्तै उस्तै ध्वनि भएका वर्ण, शव्द, विभिन्न प्रकारका आवाज र वाक्यहरू सुनेर छुट्याउन; परिचित र अपरिचित वातावरणमा चार-पाँचजनासम्मको बीचमा हुने सामान्य कुराकानी सुनेर प्रतिक्रिया देखाउन; परिचित वातावरणमा हुने मौखिक अनुरोध, निर्देशन, आदेश र प्रश्नहरू बुझेर पालन गर्न; सुनेर सामान्य र आशयगत अर्थको भिन्नता छुट्याउन र विभिन्न कार्यक्रम सुनेर व्यक्त गर्न सक्ने क्षमताको विकास गर्नुपर्ने हुन्छ । यस किसिमका सुनाइ सीपको विकास गर्ने साधन वा माध्यम भनेका कथा, कविता, संवाद, जीवनी, प्रबन्ध, र चिठी जस्ता साहित्यिक विधाहरू नै हुन सक्छन् । विषयवस्तुका रूपमा सांस्कृतिक चाडपर्वहरू, प्राकृतिक तथा सामाजिक वातावरणसम्वन्धी कुराहरू, नैतिक मूल्य र मान्यताका कुराहरू, व्यापार-व्यवसायका कुराहरू, शिक्षा, स्वास्थ्य, खेलकुद र सरसफाइ जस्ता आधारभूत विषयहरूलाई विषयवस्तु बनाएर प्रश्नोत्तर, संवाद, छलफल र कुराकानीका माध्यमबाट बालबालिकामा सुनाइ सीपको विकास गर्न मद्दत मिल्छ ।

सुनाइ सीपको विकासबाट बोलाइ सीपको विकास गर्नमा मद्दत मिल्छ । बोलाइ सीपको विकास गर्नु भनेको वालवालिकामा अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसबाट बालबालिकालाई अन्तर्निहित क्षमता वा प्रतिभाको विकास गर्ने अवसर पनि प्राप्त हुन सक्छ । बालबालिकाले देखेर, सुनेर, पढेर, अनुभव गरेर हासिल गरेको आफूमा भएको अनुभव उनीहरू बोलाइद्वारा नै व्यक्त गर्छन् । त्यसैले बालबालिकामा सुनाइको महत्त्व छ । विभिन्न ध्वनि भएका वर्ण र शव्दलाई शुद्धसँग उच्चारण गरी स्वाभाविक रूपमा नरोकिईकन बोल्न, थाहा पाएका घटना, चित्र र वस्तुका वारेमा वर्णन गर्न, शब्द तथा वाक्यमा प्रश्नको जवाफ दिन, जानकारी लिनका लागि प्रश्नहरू गर्न, अभिवादन र आभारका लागि सुहाउँदा शब्दहरूको प्रयोग गरी बोल्न, सजिला उखानटुक्काहरूको प्रयोग गरी बोल्न र नाटक वादविवादमा बोल्न तथा औपचारिक उद्घोषण गर्नका लागि बालबालिकामा बोलाइ सीपको विकास गराउने कुरामा जोड दिनु आवश्यक हुन आउँछ । यस किसिमका बोलाइसम्बन्धी भाषिक सीपको विकास गर्ने शिक्षण-सिकाइका साधन वा माध्यमहरू भनेका पनि साहित्यिक विधाहरू नै हुन् र विषयवस्तुको रूपमा पनि सांस्कृतिक चाडपर्वहरू, प्राकृतिक तथा सामाजिक वातावरणसम्बन्धी कुराहरू, नैतिक मूल्य र मान्यताका कुराहरू, व्यापार-व्यवसायका कुराहरू, शिक्षा, स्वास्थ्य, खेलकुद तथा सरसफाइ जस्ता आधारभूत विषयहरूलाई विषयवस्तु बनाएर प्रश्नोत्तर, संवाद, छलफल, कुराकानी र वर्णनका माध्यमबाट बालबालिकाहरूमा वोलाइ सीपको विकास गर्न मद्दत मिल्छ ।

प्राथमिक तहका कक्षाहरूमा भाषाशिक्षण गर्ने सन्दर्भमा बालबालिकाहरूमा सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि सम्बन्धित पक्षको शिक्षण-सिकाइलाई साथसाथै अगाडि बढाउनु वा गतिशील तुल्याउनु उपयुक्त हुन्छ । सुनाइ र बोलाइ सीपको विकासका लागि भएको शिक्षण-सिकाइमा बालबालिकालाई सक्रिय रूपले सहभागी गराउनु आवश्यक छ । भाषाशिक्षणमा वालवालिकाले जति मात्रामा क्रियाशीलता वा सक्रियता देखाएमा त्यति नै मात्रामा उनीहरूले सुनाइ र बोलाइमा कुशलता हासिल गर्न सक्छन् । भाषाशिक्षण वा नेपाली विषयको सिकाइ अभ्यासमा भर पर्ने पक्ष हो । यो अभ्यासमूलक विषय हो । अभ्यासका आधारमा नै वालवालिकाहरूले सुनाइ र बोलाइमा कुशलता हासिल गर्न सक्छन् ।

३ सुनाइ र बोलाइ सीपको विकासका लागि शैक्षिक सामग्रीको प्रयोग

सिकाइलाई दिगो र अर्थपूर्ण बनाउन शैक्षिक सामग्री महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सुनाइ र बोलाइ सीपको विकासका लागि पनि शैक्षिक सामग्रीको आवश्यकता पर्छ । पाठ्यपुस्तक बाहेक सुनाइ र बोलाइ सीपको विकासका लागि अन्य किसिमका शैक्षिक सामग्रीहरूको पनि प्रयोग गर्न सकिन्छ ।

सुनाइ सीपको विकासका लागि श्रव्य सामग्रीहरू प्रयोग गर्न सकिन्छ र अन्य सामग्रीहरू पनि शिक्षकबाट बालबालिकामा सुनाइ सीपको विकासका लागि उपयोग गरिन्छ । ठोसवस्तु, घटना, चित्रहरूको वर्णन सुनाएर बालबालिकामा सुनाइ सीपको विकास गर्न सकिन्छ भने ती सामग्रीको बालबालिकाबाट वर्णन गर्न लगाएर उनीहरूमा बोलाइ सीपको विकास गर्न सकिन्छ । यस सन्दर्भमा पनि समान किसिमका शैक्षिक सामग्रीहरूलाई प्रयोग गरेर एकै समयमा बालबालिकामा सुनाइ र बोलाइ सीपको विकासलाई साथ-साथै अगाडि बढाउन सकिन्छ ।

बालबालिकामा सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि कक्षाकोठाभित्रको वातावरण र कक्षाकोठाबाहिरको वातावरणलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । सुनाइ सीपको र बोलाइ सीपको विकास गर्नका लागि शिक्षक स्वयँ आफूले निर्माण गरेका र आफूले सङ्कलन गरेका शैक्षिक सामग्रीहरूलाई पनि प्रयोग गर्न सक्छन् । आधुनिक उपकरणहरू जस्तै रेडियो, टेपरिकर्डर, टि. भी., कम्प्युटर आदिलाई पनि सुनाइ सीपको विकासका लागि शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ । यस किसिमका शैक्षिक सामग्रीहरूको प्रयोग गरेर बालबालिकालाई सुनाइ र बोलाइ सीपको विकासमा लगनशील तुल्याउन सकिन्छ ।

४ सुनाइ र बोलाइ सीपको विकास गर्ने शिक्षण क्रियाकलाप

प्राथमिक तहका बालबालिकाहरूमा सुनाइ र बोलाइ सीपको विकास कसरी गर्ने भन्ने कुरामा सचेतता आवश्यक छ । यसका लागि खास कुनै एउटा क्रियाकलापहरूको मात्र प्रयोग नगरेर विविध क्रियाकलापलाई अवलम्बन गर्नु आवश्यक मानिन्छ । यहाँ ध्यान दिनुपर्ने कुरा के हुन सक्छ भने सुनाइ सीप विकाससम्बन्धी क्रियाकलापबाट बोलाइ सीपको विकास हुन सक्छ र बोलाइ सीपको विकाससम्बन्धी क्रियाकलापबाट सुनाइ सीपको विकास पनि हुन सक्छ । साथै दुवै सीपको विकासका लागि प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पनि भाषिक सीपको विकासको सन्दर्भमा सुनाइ र बोलाइलाई समान भार प्रतिशतमा उल्लेख गरेको छ । नेपाली विषयको शिक्षकले भाषाशिक्षण गर्दा कुन तहको कुन कक्षामा कुन-कुन भाषिक सीपहरूलाई कति प्रतिशत भार विनियोजन गरिएको छ भन्ने विषयमा पनि ध्यान दिनु आवश्यक हुन्छ ।

सुनाइ र बोलाइ सीपहरूका बारेमा शिक्षण गर्दा उपयोग हुने शिक्षण विधिका रूपमा प्रश्नोत्तर, कथाकथन, छलफल, मौखिक अभ्यास, विभिन्न किसिमका शब्दखेल, श्रुतिलेख आदिलाई लिन सकिन्छ । यस किसिमका विधिहरूका साथै सुनाइ र बोलाइ सीप सिकाउन निम्नबमोजिमका क्रियाकलापहरूलाई पनि प्रयोगमा ल्याउनुपर्ने हुन्छ

क) सुनाइ

- आवाज चिन्न लगाउने ।
- आवाजको नक्कल गर्न लगाउने ।
- कुनै कथा, घटना आदि सुनाइ त्यसबारेमा प्रश्न गर्ने ।

- निर्देशनअनुसार काम गर्न लगाउने ।
- श्रुतिलेखन गराउने ।
- प्रश्नोत्तर गराउने ।
- कथा आदिको सारांश दिन लगाउने ।
- सुनेका कुराको घटनाक्रम मिलाई भन्न लगाउने ।

ख) बोलाइ

- चित्र, वस्तु तथा घटना आदिका बारेमा वर्णन गर्न लगाउने ।
- प्रश्नोत्तर गराउने ।
- छलफल, वादविवाद तथा वक्तृत्व गराउने ।
- देखे, सुने, अनुभव गरेका कुराको वर्णन गर्न लगाउने ।
- उच्चारण गराउने ।

सुनाइ र बोलाइ सीपको विकास गर्न शिक्षकहरूलाई शिक्षक निर्देशिकाले सहयोग पुऱ्याउँछ । सुनाइ र बोलाइ सीपको विकास गर्न शिक्षकले थप क्रियाकलापका रूपमा सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापहरूको प्रयोगबाट बालबालिकामा सिकाइप्रति अभिरूचि जाग्ने, आत्मविश्वास र मनोबल बढ्ने र सिकाइमा अभिप्रेरित गर्न पनि सहयोग मिल्ने भएकाले निम्नबमोजिमका सहक्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई विद्यालयले प्रयोगमा ल्याउन सक्छ । जस्तै

- कथा, कविता, निबन्ध आदि साहित्यिक विधामा आधारित प्रतियोगिता ।
- वादविवाद, वक्तृत्वकला जस्ता सुनाइ र बोलाइ सीपको विकास गर्ने प्रतियोगितात्मक कार्यक्रम ।
- हाजिरी जवाफ, अन्ताक्षरी, गाउँखाने कथा र वर्णविन्याससम्बन्धी हिज्जे प्रतियोगिता ।
- ध्वनि पहिचान, शब्द दौड जस्ता भाषिकसँग सम्बन्धित खेल ।
- भाषा र साहित्य क्षेत्रका महापुरूषहरूको जीवनी सुनाएर अथवा पढाएर प्रश्नोत्तर गर्ने । यस्तै शिक्षाप्रद टेप सुनाइ त्यसबाट अर्थ ग्रहण गर्न लगाउने ।

निर्देशन पालन, प्रश्नोत्तर, सुनेका कुरा दोहोऱ्याउने, सामान्य र आशयगत अर्थ पहिल्याउने, ध्वनि पहिचान जस्ता सुनाइ र बोलाइ सीपसँग सम्बन्धित क्रियाकलापहरू भाषिक सीपसँग सम्बन्धित प्रारम्भिक चरणका क्रियाकलापहरू हुन् । कुराकानी, वस्तु वा चित्रवर्णन, श्रुतिबोध, वर्ण विभेदीकरण र वाक्य विभेदीकरण आदि भाषिक क्रियाकलापहरू सुनाइ र बोलाइ सीपको विकास गर्ने केही माथिल्लो स्तरका क्रियाकलापहरू हुन् ।

क) कुराकानी

कुराकानीको माध्यमबाट बालबालिकामा सुनाइ र बोलाइ सीपको विकास गर्न शिक्षकले बालबालिकाको ज्ञान, रूचि, अनुभव र समसामयिक सान्दर्भिक विषयवस्तुलाई आधार मानेर त्यस

किसिमको विषय वा शीर्षक छनौट गरी कुराकानी गर्न लगाउन सकिन्छ । उदाहरणको रूपमा तिमी राम्रो नाना र मीठो खानामा कुनलाई बढी महत्त्व दिन्छौ ? तिमीले यस किसिमले राम्रो नाना वा मीठो खानालाई किन महत्त्व दिएका हौ ? तिम्रो नाना कसले किनिदिएको हो ? कहिले किनिदिएको हो ? यो राम्रो नाना कसले धोइदिन्छ, कसले इस्त्री गर्छ, कति दिनमा धुने गर्छौ ? यस किसिमका प्रश्न सोधेर उत्तर दिन लगाउन सकिन्छ भने त्यस्तै किसिमको कुराकानी मीठो खानाका बारेमा पनि गर्नु उपयुक्त हुन्छ ।

कुराकानीका माध्यमबाट बालबालिकामा सुनाइ सीपको विकास गर्न विषयको प्रकृतिअनुसार छलफल, संवाद, प्रश्नोत्तर आदि शैलीलाई प्रयोग गर्नुपर्ने हुन्छ । शिक्षक र विद्यार्थीबीच, विद्यार्थी-विद्यार्थीबीचमा पनि कुराकानी हुनसक्छ । डाक्टर र बिरामी, पसले र ग्राहक, नेता र कार्यकर्ता, कर्मचारी र उपभोक्ता, अभिभावक र बालबालिका आदिको अभिनयको रूपमा पनि कुराकानी गराउन सकिन्छ । यसबाट बालबालिकालाई व्यावहारिक विषयवस्तुका बारेमा कुराकानी गर्ने सीपको विकासको साथै अभिनयात्मक कलाको पनि विकास हुन सक्छ । यसबाट बालबालिकामा सहज अभिव्यक्ति र संवेगात्मक तथा सामाजिक विकासमा पनि सहयोग हुनसक्छ ।

### ख) वस्तु वा चित्रवर्णन

वस्तु वा चित्रवर्णनबाट सुनाइ वा बोलाइ सीपको विकास गराउन सकिन्छ । शिक्षकले पाठ्यपुस्तकमा भएका पाठअनुसारका चित्र, आफूले बनाएका र सङ्कलन गरेका चित्र, विद्यार्थीबाट तयार पारिएका चित्रहरू, आफूले वर्णन गरेर सुनाउने र त्यसको आधारमा त्यस्तै ढङ्गबाट अन्य चित्रहरू बालबालिकाहरूलाई वर्णन गर्न लगाउनु आवश्यक हुन आउँछ ।

वर्णन क्रियाकलापको प्रयोग गर्दा शिक्षकले नमुना वर्णन सुनाएपछि प्रत्येक बालबालिकालाई कुनै विषयवस्तुका बारेमा वर्णन गर्न लगाउन सकिन्छ । कुनै बालबालिकालाई ठोस वस्तु दिएर वा देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउन सकिन्छ । एवम् क्रमले कुनै बालबालिकालाई कुनै घटनाका बारेमा वर्णन गर्न लगाउन सकिन्छ । यस किसिमबाट वस्तु वर्णन, चित्र वर्णन, घटना वर्णन, अनुभव वर्णन गर्न लगाएर त्यसका आधारमा बालबालिकामा सुनाइ र बोलाइ सीपको विकास गर्नाले कक्षा शिक्षण प्रभावकारी हुन्छ ।

शिक्षण-सिकाइमा बालबालिकालाई नै अभिप्रेरित गरेर सहभागिता गराउनाले सिकाइ राम्रो हुन सक्छ । शिक्षक त सहजकर्ताको रूपमा सहयोगी मात्र हो । सिक्ने कार्य त स्वयम् बालबालिकाहरूको नै हो । शिक्षकले त बालबालिकामा अभिरूचि जगाउने मात्र हो । सबै बालबालिकालाई सिक्ने अवसर समान रूपमा प्रदान गर्नु आवश्यक हुन्छ । अनि मात्र शिक्षकको दायित्व निर्वाह हुन सक्छ ।

### ग) वर्णविभेदीकरण

सुनाइ र बोलाइ सीपको अर्को क्रियाकलापको रूपमा वर्णविभेदीकरणलाई लिन सकिन्छ । यसबाट सुनाइ र बोलाइ दुवै सीपको विकास हुन्छ । वर्णहरू भनेका ध्वनि प्रतिकका एकाइगत रूपहरू हुन् । वर्ण विभेदीकरणको अभ्यासबाट सुनाइ र बोलाइमा उच्चारण प्रष्टताको विकास भएर जान्छ ।

वर्णविभेदीकरणको आधारमा सुनाइ र बोलाइ सीप विकास गर्ने आधार वर्णको रूपमा त / ट, थ / ठ, ढ / ड, द / ध, क्ष / छे, य / ए, आ / अ, क / का आदि वर्णहरूलाई लिन सकिन्छ । यस किसिमका वर्णहरू अरू पनि हुन सक्छन् । वर्णको आधारमा सुनाइ र बोलाइ

सीपको विकास गर्ने तत्परता शिक्षक स्वयम्ले देखाउनु आवश्यक मानिन आउँछ । उच्चारण सुनाएर र उच्चारण गर्ने कार्यमा अभ्यास गराएर वर्णविभेदीकरणका आधारमा सुनाइ र बोलाइ सीपको विकास गर्ने कार्यमा सहयोग पुऱ्याउन सकिन्छ । यस किसिमबाट वर्णविभेदीकरणको आधारमा सुनाइ र बोलाइ सीपको विकास गर्ने सन्दर्भमा शिक्षकले शैक्षिक सामग्रीहरूको पनि प्रयोग गर्न सक्छन् ।

### घ) शब्दविभेदीकरण

शब्दविभेदीकरण वर्णविभेदीकरणको नै माथिल्लो स्तरको रूप हो । यस किसिमका शब्दहरूमा तार / टार, ताप / टाप, क्षत्रिय / क्षेत्रीय आदि शब्दहरूलाई लिन सकिन्छ । यस किसिमका अन्य शब्दमा ठिमी / थिमी, अब / आव, द्वेश / देश आदिलाई लिन सकिन्छ । यस किसिमका शब्दहरू उच्चारण गरेर सुनाउने र त्यसैअनुसार उच्चारण गर्न अभ्यास गराउनका साथै फरक अर्थ पत्ता लगाउन पनि आवश्यक हुन आउँछ । यस किसिमका शब्दहरू पाठ्यपुस्तकबाट नै सङ्कलन गरेर अभ्यास गराउनु उपयुक्त हुन्छ । सुनाइ र बोलाइ सीपको विकास गर्ने सन्दर्भमा पाठ्यपुस्तकका पाठहरूलाई सन्दर्भ मिलाएर अधिकतम रूपमा प्रयोग गर्नुपर्छ । भाषाशिक्षणमा पाठ्यपुस्तकको प्रयोजन भनेको नै भाषिक सीपहरूको विकास गर्नु हो । प्रत्येक पाठबाट कुनै न कुनै रूपमा सबै किसिमका भाषिक सीपहरू विकास गर्नमा सहयोग पुऱ्याउन सकिन्छ । केवल शिक्षकले शिक्षण कार्यलाई सीपमुखी तुल्याउनुपर्ने कुरालाई भने अति महत्त्वपूर्ण रूपमा लिन सकिन्छ ।

### ङ) वाक्यविभेदीकरण

वाक्यविभेदीकरण पनि भाषिक सीप विकासको क्रियाकलाप हो । यसबाट सुनाइ र बोलाइ दुवै सीपको विकास गर्न सकिन्छ । वाक्य जोडीहरूलाई अर्थ भिन्नता पहिल्याई सुन्न सक्नु र अर्थ भिन्नता पत्ता लाउन सक्ने गरी व्यक्त गर्नुबाट सुनाइ र बोलाइ सीपको विकास हुन सक्छ । वाक्यविभेदीकरण क्रियाकलापमा प्रयोग गरिने केही वाक्यहरूको उदाहरण यसप्रकार प्रस्तुत गर्न सकिन्छ । जस्तै राम जाँदैन / राम जान्दैन, सीता गइन / सीता गइन् , दोकान बन्दछ / दोकान बन्द छ, लोग्नेले भनेको स्वास्नी मान्छे / तिमी स्वास्नीमान्छे हौ, हामी पढ्छौँ / तिमीहरू पढ्छौ आदि । यस किसिमबाट वाक्यविभेदीकरणका आधारमा अभ्यास गराउनाले बालबालिकाहरू ध्यानपूर्वक सुन्ने, सुक्ष्म रूपको अन्तर थाहा पाउने हुनसक्छन् । त्यस्तै किसिमबाट प्रष्ट सुनिने र बुझिने रूपमा बोल्नुपर्ने कुरामा सचेतताको विकास हुँदै जान सक्छ ।

### च) श्रुतिबोध

श्रुतिबोध सुनेर अर्थ बुझ्ने वा ग्रहण गर्ने भाषिक क्रियाकलाप हो । यसबाट सुनाइ सीपको विकास हुन्छ र बोलाइलाई पनि सहयोह पुग्न सक्छ । श्रुतिबोध क्रियाकलाप गराउँदा पाठ्यपुस्तक वा पत्रपत्रिकाबाट केही सुनाएर प्रश्न गर्ने र त्यसको उत्तर मौखिक रूपमा दिन लगाउनुपर्छ । उत्तर दिँदा बोलाइ सीपको विकास हुन्छ । यस क्रियाकलापमा क्यासेट सुनाएर पनि बालबालिकाको जाँच लिन सकिन्छ ।

सुनाइ र बोलाइका बारेमा विभिन्न शिक्षण क्रियाकलापहरूको प्रयोग गरी शिक्षण गरेपछि शिक्षण-सिकाइ कतिसम्म प्रभावकारी भयो भनेर थाहा पाउन सम्बन्धित प्रश्नहरूको माध्यमबाट बालबालिकाको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । बोलाइ सीपको विकासको सन्दर्भमा मौखिक

प्रश्नोत्तर, छलफल, वादविवाद, वक्तृत्व, अन्तर्क्रियाका आधारमा मूल्याङ्कन गर्न सकिन्छ भने सुनाइ सीपको सन्दर्भमा मौखिक र लिखित दुवै किसिमका परीक्षाका माध्यमबाट मूल्याङ्कन गर्न सकिन्छ । मूल्याङ्कन शिक्षणको अभिन्न अङ्ग भएकाले शिक्षण कार्यसम्पन्न भएपछि पाठ्यवस्तु तथा विषयवस्तुबमोजिमका प्रश्नहरू विकास गरी बालबालिकाको मूल्याङ्कन गर्नुपर्छ ।

## एकाइ - ७

## अक्षर शिक्षण

### १ परिचय

विभिन्न समुदायको पृष्ठभूमिबाट भर्खर भर्खर विद्यालयमा प्रवेश गरेका बालबालिकाहरूलाई अक्षर चिनारी र लेखन शिक्षण गर्दा निकै ध्यान दिनुपर्दछ । केही बालबालिकाहरूले आफ्नो घर-परिवारमा नै सामान्य ढङ्गबाट अक्षर चिनी सकेका हुन्छन् भने केही बालबालिकाहरूलाई विद्यालयमा अएपछि मात्र अक्षर चिनाउनुपर्ने हुन्छ । अक्षर चिनिसकेका र अक्षर नचिनेका बालबालिकाहरूलाई एउटै कक्षामा राखेर शिक्षण गर्दा शिक्षकले दुवै किसिमका विद्यार्थीहरूलाई उपयुक्त हुने तरिका अपनाएर अक्षर चिनाउन सकिएन भने अक्षर लेखनसम्बन्धी अभ्यास गराउन पनि कठिन हुन्छ किनभने अक्षर चिनाइसम्बन्धी राम्रो धारणाको विकास नगराई अक्षर लेखाउन सकिँदैन । त्यसैले प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकले यिनै कुराहरूलाई दृष्टिगत गरी कसरी अक्षर चिनारी र अक्षर लेखन शिक्षण गर्दा प्रभावकारी हुन्छ भन्ने कुराको बारेमा जानकारी राख्नु आवश्यक छ ।

### २ अक्षर चिनारी

कुनै पनि भाषाको आधार भनेको अक्षर वा लिपि हो । नेपाली भाषाको आधार देवनागरी लिपि हो । यो लिपि नेपाली भाषा सिक्नका लागि मात्र नभई अन्य विषयको ज्ञान हासिल गर्न पनि आवश्यक पर्दछ । त्यसैले सबै बालबालिकाहरूले अक्षर चिन्न, उच्चारण गर्न, पढ्न र लेखनमा सक्षम हुनु पर्दछ । यसै कुरालाई ध्यानमा राखेर प्राथमिक पाठ्यक्रममा कक्षा एकको अक्षर चिनारीअन्तर्गत निम्न सिकाइउपलब्धिहरू राखिएका छन् ।

१ वर्णमालाका ध्वनिहरू सुनी छुट्याउन ।
२ वर्णमालाका ध्वनिहरू उच्चारण गर्न ।
३ वर्णमालाका अक्षरहरू चिन्न र पढ्न ।
४ कालोपाटी, चित्र तथा शब्दपत्तीमा लेखिएका अक्षरहरू पढ्न ।
५ बान्की मिलाएर अक्षरहरू लेख्न ।

उक्त सिकाइउपलब्धिहरू हासिल गराउनका लागि तपसिलका क्रियाकलाप गराउन सकिन्छ । जस्तै " ग " अक्षर चिनाउने तरिका -

क) आकारको आधारमा अक्षर चिनाउने

- कक्षा शिक्षणको क्रममा " ग " अक्षर चिनाउनका लागि सर्वप्रथम विद्यार्थीहरूलाई " ग " अक्षरबाट उच्चारण हुने ठोस वस्तुहरू वा चित्रहरू देखाउने र ती वस्तु वा चित्रहरू के-के का हुन् भनेर प्रश्न सोध्ने र जवाफ दिन उत्प्रेरित गराउने । जस्तै गमला, गणेश, गजुर, गधा आदि ( वस्तु वा चित्रहरू विद्यार्थीको अनुभव क्षेत्रभित्रका प्रयोग गर्ने ) ।

- गमला, गणेश, गजुर र गधाका चित्रहरू र उक्त चित्र जनाउने शब्दको शब्दपत्तीहरू क्रमश पकेटवोर्डमा राख्ने र उच्चारण गर्न लगाउने ।
- गमला, गणेश, गजुर र गधा उच्चारण गर्दा सवभन्दा पहिला आउने अक्षर " ग " हो भनी चिनाउने ।
- " ग " अक्षर भएका शब्दपत्तीहरू पकेटवोर्डमा राख्ने र विद्यार्थीहरूलाई " ग " लेखिएको अक्षरपत्ती दिने । उक्त शब्दपत्तीमा अक्षरपत्तीको जस्तै अक्षर " ग " कहाँनिर छ भनी देखाउन लगाउने । जस्तै

| | | | | | |
|---|---|---|---|---|---|
| गमला | गजुर | मंगल | सलगम | कागत | मगज |
| माग | भगवान | दाग | आदि । | | |

- पकेटवोर्डमा विभिन्न अक्षर लेखिएका अक्षरपत्तीहरू राख्ने र त्यसमध्येबाट " ग " अक्षरपत्ती कुन हो, पहिचान गर्न लगाउने र सो अक्षर पकेटवोर्डबाट निकाल्न लगाई उच्चारण गराउने । जस्तै

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | ग | म | भ | ण | य | ग |

- यस्तै तरिकाले क्रमश म, भ, झ, य, ण, ट, ठ आदि अक्षर सिकाउने ।
- विद्यार्थीहरूले चिनीसकेका अक्षरपत्तीहरू पकेटवोर्डमा राख्ने र ती अक्षर कुन-कुन हुन् क्रमश सोधी उच्चारण गर्न लगाउने । जस्तै

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग | म | भ | झ | य | ण | क | घ | ख |

- विभिन्न अक्षर लेखिएका अक्षरपत्तीहरू पकेटवोर्डमा घोप्ट्याएर राख्ने र विद्यार्थीहरूलाई क्रमश अगाडि वोलाएर कुनै एउटा अक्षरपत्ती निकाल्न लगाउने र उक्त पत्तीमा भएको अक्षर कुन हो, उच्चारण गरी सबैलाई भन्न लगाउने । जस्तै

| | | | | | |
|---|---|---|---|---|---|
| | ग | | | | |

- अक्षर तालिकालाई झुड्याउन लगाउने र विद्यार्थीलाई चिनाइसकेको अक्षर उच्चारण गरी उक्त अक्षर तालिकामा उच्चारण गरिएको अक्षर पहिचान गरी देखाउन लगाउने । यस्तो क्रियाकलापले ध्वनिको आधारमा अक्षर चिन्न सक्नेछन् ।

| अक्षर तालिका | | | | |
|---|---|---|---|---|
| ग | म | भ | क | ख |
| च | य | भ | ण | ट |
| र | ल | न | त | ल |

- **अक्षर अक्षर बीच पाइने समानता र भिन्नताको बारेमा बताई अक्षर पहिचान गर्न लगाउने । जस्तै**

  – **" ग " बाट " म " बन्ने तरिका वा " ग " र " म " मा पाइने समानता र भिन्नता**

**ग → ग → म**

- **यस्तै किसिमले एक अक्षर अर्को अक्षरबीचको समानता र भिन्नता पहिचान गराउने,**

**म → → भ**

**भ → → भ**


**ग → → य**

**ग → → ण**

**ख) खेलको माध्यमबाट अक्षर चिनारी**


**अ) केन्द्रमा आउने खेल**

विद्यार्थीहरूलाई चौरमा वा ठूलो कक्षा छ भने कक्षाकोठामा नै गोलो घेरामा बस्न निर्देशन दिने । उनीहरूलाई चिनाइसकेको अक्षरपत्तीहरूको एक-एक पत्ती दिने र आफूलाई परेको उक्त अक्षरलाई राम्ररी पहिचान गर्न लगाउने । उनीहरूलाई विस्तारै-विस्तारै घेरामा घुम्न लगाउने । शिक्षकले विद्यार्थीहरूलाई बाँडेका अक्षरहरूमध्ये कुनै एक अक्षरलाई उच्चारण गरी दिने । उच्चरित अक्षर पत्ती लिएका विद्यार्थीहरूलाई केन्द्रमा आउन लगाउने र आफूसँग भएको कार्ड घेरामा बसेका साथीहरूलाई देखाउन लगाउने । गलतपत्ती देखाउने विद्यार्थीलाई खेलबाट बाहिर निकाल्दै जाने । अन्त्यसम्म रहने विद्यार्थीलाई विजयी बनाउने । यसरी पनि विद्यार्थीहरूलाई अक्षर पहिचान गर्ने अभ्यास गराउन सकिन्छ ।




आ) कुनामा जाने खेल

कक्षाकोठा वा चौरको ४/५ कुनामा विद्यार्थीले चिनीसकेका अक्षरहरू लेखी टाँसी दिने । विद्यार्थीहरूलाई एउटा निश्चित घेरामा उभिन लगाउने र विद्यार्थीहरूलाई एक-एक वटा अक्षरपत्तीहरू दिने । विद्यार्थीलाई घेरामा घुम्न लगाउने । शिक्षकले घेराको बीचमा बसी कुनै एक अक्षर ठूलो स्वरले उच्चारण गरी दिने र उच्चारण गरेको अक्षरपत्ती लिएका विद्यार्थीहरू सम्बन्धित अक्षर टाँसेको कुनामा जानेछन् । ठीक ठीक विद्यार्थीहरू कुनामा गएका छन् वा छैनन् मूल्याङ्कन गर्ने । जस्तै




ग) गीतको माध्यमबाट अक्षर चिनारी



जस्तै म चिनाउन

म


राम्रो चाहिँ अरू भन्छन् । साँच्चै राम्रो " म "
मन्दिरमा मजेरीमा जतासुकै " म "
लेख्न पनि मसी चाहिने मसीमा नि " म "
मयुरको नाच जस्तै साँच्चै राम्रो " म "

मन्दिरको चित्र

मयुरको चित्र

घ) टुक्रे अक्षरको माध्यमबाट चिनारी

अक्षरपत्तीलाई दुई टुक्रा हुने गरी मिलाएर टुक्रा बनाउने र ती टुक्रालाई छ्यासमिस पारेर मिसाउने । विद्यार्थीहरूलाई दुई टुक्रा मिलाएर सही अक्षर बनाउने अभ्यास गराउने । जस्तै




माथि उल्लिखित तरिकाबाट अक्षर चिनारी गराउँदा विद्यार्थीहरू -

- क) रमाउँछन् ।
- ख) क्रियाकलापमा सक्रिय सहभागी हुनेछन् ।
- ग) अक्षरको स्वरूप र ध्वनिको आधारमा अक्षर चिन्नेछन् ।
- घ) खेल र गीतबाट अक्षरको पहिचान गर्नेछन् ।
- ङ) सिकाइ मनोरञ्जनपूर्ण हुनुको साथै सिकाइएका कुराहरू अर्थपूर्ण र दिगो हुन्छ ।

३ अक्षर लेखन

भाषाका चार कुशलताहरूमध्ये लेखाइ एक महत्त्वपूर्ण सीप हो । मौन रूपमा आफ्ना अभिव्यक्ति प्रकट गर्न लेखाइ सीपको आवश्यकता पर्दछ । त्यसैले लेखनसम्बन्धी अभ्यास गराउँदा सुरूमा अक्षर लेख्न नजानेका बालबालिकाहरूलाई अक्षर लेखनमा सक्षम बनाउने तरिका बारे यहाँ उल्लेख गर्न खोजिएको छ ।

अक्षर लेखन गराउँदा सुरूमा त्यस्ता अक्षरहरू लेख्न सिकाउनु पर्दछ । जुन अक्षरको सहायताबाट अन्य अक्षरहरू पनि सजिलै लेख्न सकियोस् । त्यसका लागि अक्षरहरूको डिको, ठाडो धर्को, छड्के घुमाइ र गोलाइको आधारमा सरलबाट जटिलको क्रममा सूची तयार पार्ने र त्यसैअनुसार अक्षर लेखनको अभ्यास गरी लेखनमा सक्षम बनाउन सकिन्छ । त्यस्तो अभ्यास गराउँदा निम्नलिखित तालिकामा दिइएभैं खास-खास अक्षरहरूलाई आधार मानी गराउन सकिन्छ । त्यस्ता आधार अक्षर र ती अक्षरबाट बन्ने अक्षरहरूको समूह तालिका

| त्र. सं. | आधार अक्षर | सोबाट बन्न सक्ने अन्य अक्षरहरू |
|---|---|---|
| १ | ग | म, भ, भ्क, ण, य, थ |
| २ | त | न, ल, ज, ज्ञ |
| ३ | ट | ठ, ढ, द, क्ष, ड, ङ, ह, इ, ई |
| ४ | व | ब, च, क |
| ५ | र | स, ख, श, ए, ऐ |
| ६ | प | ष, प |
| ७ | छ | घ, ध |
| ८ | त्र | त्र, ऋ |
| ९ | उ | उ, अ, आ, ओ, औ, अं, अ |


बालबालिकाहरूलाई उक्त अक्षर लेखनमा सक्षम बनाउन निम्न क्रियाकलापहरू क्रमश गराउँदै लैजानु पर्दछ ।

क) सर्वप्रथम बालबालिकाहरूलाई स्वतन्त्र लेखनसम्बन्धी अभ्यास गराउने, जसले गर्दा उपयुक्त ढङ्गबाट कलम समाउने सीपको विकास हुन्छ ।


ख) त्यसपछि बालबालिकाहरूलाई निर्देशित रूपमा ठाडो, तेर्सो, गोलो, आधा गोलो, छड्के आदि धर्काहरू पाटीमा, कालोपाटीमा वा अभ्यास कापीमा लेख्न लगाउने । जस्तै

।, - , O, C, ⊃, \ /

ग) शिक्षकले कालोपाटी वा अभ्यास कापीमा विन्दु-विन्दु वा थोप्ला थोप्लाद्वारा अक्षरहरूको आकृति बनाइदिने र उक्त आकृतिलाई जोड्न वा भर्न लगाई अक्षरको पूर्ण आकार बनाउन लगाउने । जस्तै


ग ——► , म ——► 

घ) शिक्षकले अक्षरकको खाका तयार गरी दिने र उक्त खाकामाथि विद्यार्थीहरूलाई अक्षर लेख्ने अभ्यास गराउने । जस्तै




ङ) धुलो वा बालुवामा औंलाले अक्षर लेख्ने अभ्यास गराउने । उक्त कार्यका लागि सिकाउन खोजिएको अक्षरको आकृति बनाइदिने र सो आकृतिमाथि विद्यार्थीहरूलाई अक्षर लेख्ने अभ्यास गराउने । जस्तै

च) चरणबद्ध तरिकाबाट अक्षर लेखनसम्बन्धी अभ्यास गराउने । उक्त क्रियाकलापमा अक्षरका टुक्रा-टुक्रा लेख्न लगाउने । विभिन्न चरणमा अभ्यास गराउँदै पूरा अक्षर लेख्न लगाउने र यसका लागि अक्षरका टुक्रेपत्तीहरू पनि प्रयोग गर्ने । जस्तै



छ) शिक्षकले हावामा अक्षर लेखेको देखाउने र विद्यार्थीलाई पनि त्यसैअनुसार हावामा औँलाले अक्षर लेखनको अभ्यास गराउने ।

ज) शिक्षकले सिकाउन खोजिएको खाका तयार गरी दिने र सो खाकामाथि मिल्ने गरी ढुङ्गा, छेस्का, पात आदि वस्तु राखी अक्षरको आकार बनाउन लगाउने । जस्तै



झ) आधा अक्षर लेखनसम्बन्धी अभ्यास –

⇒ आधा अक्षर लेखनसम्बन्धी अभ्यास गराउने क्रममा एउटै संयुक्त अक्षरलाई भिन्न-भिन्न तरिकाबाट लेखिएको अवलोकन गराई लेखनसम्बन्धी अभ्यास गराउने । जस्तै

क् + त = क्‌त / क्त
द् + य = द्‌य / द्य
द् + द = द्‌द / द्द
ट् + ट = ट्‌ट / ट्ट

⇒ अन्तमा ठाडो धर्को भएका अक्षरहरूको आधार अक्षर बनाउँदा ठाडो धर्को हटाउने अभ्यास गराउने । जस्तै

ग्य, भ्य, ख्य, च्व

⇒ हलन्त प्रयोग गरी आधा लेखिने वर्णहरूको अभ्यास गराउने । जस्तै

चङ्गा, कट्टु, मुद्दा

⇒ अक्षरको केही भाग हटाएर आधा लेखिने अक्षरहरूको अभ्यास गराउने । जस्तै

क्य, फ्या, भ्या

⇒ " र " को आधा बन्ने रूपमा लेखनसम्बन्धी अभ्यास गराउने । जस्तै

सर्प, पर्व, पऱ्यो, भऱ्याङ

यसै गरी अन्य लेखनसम्बन्धी अभ्यास गराई अक्षर लेखनमा सक्षम बनाउँदै लैजानु पर्दछ । विद्यार्थीहरूले अक्षर चिन्ने र लेख्ने सीप हासिल गरे वा गरेनन् भनी पत्ता लगाउन प्रयोग गर्न सकिने विभिन्न तरिकामध्ये एउटा तरिका निम्नानुसार छ ।

⇒ दुईजना विद्यार्थीहरूलाई अगाडि बोलाउने र ठीक कालोपाटीको अगाडि लाइनमा उभिन लगाउने, पछाडि बस्ने विद्यार्थीलाई अगाडि बस्ने विद्यार्थीको पिठ्यूँमा सिकाइएको कुनै अक्षर लेख्न लगाउने, अगाडि बस्ने विद्यार्थीलाई आफ्नो पिठ्यूँमा लेखिएको अक्षर पहिचान गरी कालोपाटीमा लेख्न लगाउने ।

⇒ यस किसिमको अभ्यासबाट अक्षर लेखनमा हुने उपलब्धिहरू

१) विद्यार्थीहरूले रमाइलो अनुभव गर्दछन् ।
२) अक्षर पहिचान गर्न मद्दत मिल्दछ ।
३) अक्षर लेखनको क्रम थाहा पाइन्छ ।
४) अक्षरको स्वरूपलाई स्पष्टसँग सम्बन्ध जोड्न सकिन्छ ।
५) सबै विद्यार्थीहरूको ध्यानाकर्षण गर्न सकिन्छ ।

## ४ लेखनका प्रकार

| लेखनका प्रकार | लेखन अभ्यासबाट विकास हुने कुराहरू |
|---|---|
| १ हस्तलेखन | – अक्षर राम्रो हुन्छ । |

| | |
|---|---|
| लिखित रूपमा प्रस्तुत गरिएका वर्णहरूलाई दोहोऱ्याई, तेहऱ्याई लेखन गर्ने अभ्यासलाई हस्तलेखन भनिन्छ । | – बान्की मिलाएर अक्षर लेख्ने सीपको विकास हुन्छ । |
| २ अनुलेखन<br>लिखित सामग्री जस्ताको तस्तै सार्ने अभ्यासलाई अनुलेखन भनिन्छ । | – आँखा र हातको सन्तुलन मिलाई लेख्ने बानीको विकास हुन्छ ।<br>– हिज्जे मिलाई शुद्ध लेख्ने सीपको विकास हुन्छ । |
| ३ श्रुतिलेखन<br>शिक्षकले उच्चारण गरेको वा अन्य माध्यमबाट सुनाइएका अक्षरहरू चिनेर लेख्ने अभ्यासलाई श्रुतिलेखन भनिन्छ | – ध्यानपूर्वक सुन्ने सीपको विकास हुन्छ ।<br>– सुनेका आधारमा शुद्धसँग लेख्ने सीपको विकास हुन्छ ।<br>– उच्चारणको आधारमा वर्णहरूको सही पहिचान गर्ने क्षमताको विकास हुन्छ ।<br>– छिटो-छिटो लेख्ने सीपको विकास हुन्छ ।<br>– उच्चारणमा र लेखाइमा शुद्धता र स्पष्टताको विकास हुन्छ । |
| ४ स्वतन्त्र लेखन<br>आफूले जानीसकेका अक्षरहरूमध्ये आफूखुसी लेख्ने अभ्यास र लिखित रूपमा स्वतन्त्र अभिव्यक्त गर्ने अभ्यासलाई स्वतन्त्र लेखन भनिन्छ । | – अभिव्यक्ति गर्ने बानीको विकास हुन्छ ।<br>– विषयवस्तुलाई क्रमबद्ध सिमीत गर्ने क्षमताको विकास हुन्छ ।<br>– सिर्जनात्मक क्षमताको विकास हुन्छ ।<br>– मौलिकतामा अभिवृद्धि हुन्छ । |

## एकाइ - ८

# लेखाइ सीपको अभ्यास

## क) लेखाइ सीप शिक्षणको आवश्यकता

भाषा विचार आदान-प्रदान गर्ने माध्यम हो । भाषाका चार सीपमध्ये लेखाइ एक प्रदानात्मक सीप हो । भाषालाई मौन रूपमा आभिव्यक्ति गर्न लेखाइ सीपको आवश्यकता पर्दछ । सुनेका, देखेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिने कार्य लेखाइबाट हुन्छ । लेखाइको प्रयोग विद्यालय र विश्वविद्यालयमा मात्र उपयोगी नभएर घरायसी कामकाजमा पनि यसको उपयोग हुने भएकाले लेखाइको महत्त्व रहेको हुन्छ ।

लेखाइको महत्त्व त्यतिबेला हुन्छ, जतिबेला वक्ताले बोलेको कुरा श्रोताले नजिकमा वसेर सुन्न सक्दैन । त्यस परिस्थितिमा वक्ताको अभिव्यक्ति वा विचारलाई लेखाइको माध्यमबाट लिपिवद्ध गरी सुरक्षित राख्ने वा प्रापक समक्ष पुऱ्याउनु पर्ने हुन्छ । त्यस्तै कुनै वक्ताले बोलेका कुरा सर्वसाधारणका लागि सम्बोध्य गराउन वा सम्बोध्य व्यक्ति अज्ञात भएमा लेखाइको आवश्यकता टड्कारो रूपमा महसुस गरिन्छ ।

मनको विचार बोलाइबाट पनि प्रकट गर्न सकिन्छ तर यो चिरस्थायी हुन सक्दैन । फेरि बोलाइका लागि वक्ता र श्रोता दुवै पक्षको उपस्थिति हुनु आवश्यक हुन्छ । तर लेखाइका लागि वक्ता वा अभिव्यक्तिकर्ता भए पुग्दछ । यसरी लेखाइ एक चिरस्थायी सीप हो र जुन आफूले अनुभव गरेका तथा ज्ञान आर्जन गरेका कुरालाई सम्झनाका लागि सञ्चित एवम् सुरक्षित र सङ्गठित राखी भविष्यका लागि समेत उपयोग गर्न सकिन्छ ।

प्राथमिक तहका लागि लेखाइ केवल अभ्यासिक क्रियाकलाप मात्र हुन सक्दछ । निम्नमाध्यमिक र माध्यमिक तहमा लेखाइले एक अभ्यासिक कार्यका साथै सिर्जनात्मक कार्यमा संलग्न हुन सहयोग गर्दछ । लेखाइ सीपको पूर्णता प्राप्त गराउन तथा सिर्जनात्मक लेखनका अभ्यास र व्यक्तिगत कार्य सम्पादन गर्नका लागि लेखाइको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र सम्भव हुने भएकाले बालकहरूलाई दक्ष बनाउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । यसका लागि विद्यार्थीहरूलाई विभिन्न क्रियाकलापमा सरिक गराएर लेखाइ सीपको विकास गराउन सकिन्छ ।

## ख) लेखाइ सीप शिक्षणका क्रियाकलापहरू

विद्यार्थीलाई लेखाइ सीप विकास गराउन उनीहरूको आवश्यकता र तह अनुकूल विभिन्न क्रियाकलाप गराउन सकिन्छ । घर व्यवहारमा प्रयोग हुनेदेखि लिएर उच्च शिक्षासम्म लेखाइको महत्त्व रहेकाले प्राथमिक तहदेखि नै लेखाइ सीप विकास गराउन आवश्यक हुन्छ । विद्यार्थीहरूलाई लेखाइ सीपमा दक्ष बनाउन, लेख्य भाषाका विशेषता र नियमहरूमा अभ्यस्त बनाउन लेखाइ शिक्षणले ठूलो भूमिका खेल्ने भएकाले विद्यार्थीलाई लेखाइ शिक्षणका क्रियाकलाप गराएर मात्र सम्भव हुन्छ । त्यसैले यहाँ उक्त क्रियाकलापहरूको चर्चा गरिन्छ ।

### १) हस्तलेखन

लिखित रूपमा प्रस्तुत नमुना वर्ण, शब्द वा वाक्यलाई धेरैपल्ट दोहोऱ्याई लेखिने अभ्यासलाई हस्तलेखन भनिन्छ । प्राथमिक तहका सुरू कक्षामा विद्यार्थीहरूलाई अक्षरको बान्की, ठाउँ छोडाई, बराबरी आकार, डिको र हरप मिलाई राम्रो अक्षर लेख्न लगाउनु आवश्यक छ । त्यसैले यस

क्रियाकलापको अभ्यास गराउँदा शिक्षकले नमुना प्रस्तुत गर्दा अक्षरको बान्की, मोटाइ, ठाउँ छोडाइ र आकार-प्रकारमा विशेष ध्यान दिनु पर्दछ ।

अक्षर लेखाइको सन्दर्भमा हस्तलेखन प्रभावकारी अभ्यास हो । यसबाट विद्यार्थीको अक्षर लेखाइमा राम्रो प्रभाव हुने हुँदा प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई यसले निकै लाभ पुऱ्याउँदछ । यसको अभ्यासले अक्षरको बान्की, मोटाइ, अक्षर-अक्षर बीचको ठाउँ छोडाइ, अक्षरको पारस्परिक समानता जस्ता कुरामा राम्रो प्रभाव पर्ने हुँदा यो निकै महत्त्वपूर्ण क्रियाकलाप हो ।

प्राथमिक तहमा हस्तलेखनको अभ्यास गराउन शिक्षकले शुद्ध, स्पष्ट र आकार-प्रकार मिलेको नमुना दिनुपर्छ । यस्तो नमुना प्रथमत वर्ण, शब्द र वाक्यमा आधारित हुनुपर्छ । अपेक्षित सीप हासिल नभएसम्म नमुनाका आधारमा हस्तलेखनको अभ्यास गराउन सकिन्छ ।

२) अनुलेखन

विद्यार्थीलाई लेखाइमा सक्रिय बनाउनका लागि कुनै लिपिबद्ध सामग्रीबाट जस्ताको त्यस्तै सार्ने कार्यलाई अनुलेखन भनिन्छ । अक्षर सफा बनाउन, राम्रो र स्पष्टसँग लेख्न, किनारा छाडेर व्यवस्थित तरिकाले लेख्ने सीपको विकास गर्न, वर्णविन्यास र लेख्य चिन्हको सही किसिमले प्रयोग गराउन अनुलेखन उपयोगी ठहरिन्छ । हात र आँखाको सन्तुलन मिलाएर क्रमिकतासाथ सफा तथा राम्रा अक्षर बनाउन उपयोगी अनुलेखन हुने हुनाले अक्षर भद्दा, अस्पष्टता र फोहोर लेख्नेहरूका लागि यो क्रियाकलाप निकै फाइदाजनक हुन सक्दछ । यसप्रकारको क्रियाकलाप शिक्षकले आवश्यकताअनुसार समयको विचार गरी कक्षाकोठा वा गृहकार्यको रूपमा गराउन सक्छन् । यस कार्यको अन्तमा अनुलेखन गरिएको कक्षाकार्य वा गृहकार्यलाई परीक्षण गरी आवश्यक पृष्ठपोषण दिएमा विद्यार्थीहरू प्रोत्साहित हुनेछन् ।

३) श्रुतिलेखन

सुनेको आधारमा वर्ण, शब्द, पदावली, वाक्य र अनुच्छेद लेख्ने अभ्यासलाई श्रुतिलेखन भनिन्छ । शिक्षकले शुद्ध उच्चारण गरी कुनै वर्णयुग्म ( वर्णजोडी ), शब्दयुग्म ( शब्दजोडी ), वाक्ययुग्म ( वाक्यजोडी ) वाक्यसमूह र अनुच्छेद भनी दिने र सुनेको आधारमा विद्यार्थीलाई लेख्दै जान लगाउनु श्रुतिलेखन क्रियाकलाप हो । श्रुतिलेखनले विद्यार्थीहरूमा ध्यानपूर्वक सुन्ने, हिज्जे मिलाएर लेख्ने, छिटो-छिटो लेख्ने सीपमा अभ्यास बढ्छ । श्रुतिलेखन गराउँदा निम्न कुरा अपनाउन सकिन्छ

- श्रुतिलेखन गराउने विषयवस्तुलाई शिक्षकले कम्तीमा दुईपटकसम्म दोहोऱ्याएर पढी दिने ।
- श्रुतिलेखन गराइसकेपछि विद्यार्थी विद्यार्थीबीच कापी साटेर हेर्न लगाउने र आवश्यक ठाउँमा सुधार गर्न लगाउने ।
- विद्यार्थीसँग छलफल गर्दै कालोपाटीमा शुद्ध रूप लेखिदिई कापीमा सोहीअनुसार सच्चाउन लगाउने ।
- शिक्षक आफैँले कापीमा सच्याइ दिने र त्यसलाई फेरि लेख्न लगाउने ।

यसको साथै उपयुक्त अन्य तरिका अपनाई यो क्रियाकलापलाई अगाडि बढाउन पनि सकिन्छ ।

४) चित्र, वस्तु तथा वातावरण वर्णन

प्राथमिक कक्षाका बालबालिकाहरूलाई कक्षास्तरअनुसार उनीहरूको अनुभवले समेट्ने खालका विभिन्न वस्तु, चित्र र दृश्य दृश्यावली निर्माण र सङ्कलन गरी त्यससम्बन्धमा लिखित वर्णन गर्न लगाउनुलाई नै वस्तु, चित्र तथा वातावरण वर्णन भनिन्छ ।

यस्तो क्रियाकलापबाट बालबालिकाहरूमा निम्न सीपहरूको विकास गराउन सकिन्छ ।

- वाक्यगठन गर्ने ।
- क्रमबद्ध रूपमा प्रस्तुत गर्ने ।
- सिर्जनात्मक क्षमताको विकास गर्ने ।
- मौलिक अभिव्यक्तिको विकास गर्ने ।
- प्रस्तुत विषयवस्तुको आकार-प्रकार, काम र महत्त्व बुझ्ने ।
- लेख्य चिन्हहरूको उचित प्रयोग गर्ने सीपको विकास गर्न ।

प्राथमिक तहका कक्षामा यो क्रियाकलाप प्रयोग गर्दा बालबालिकाहरूको अनुभव क्षेत्र वा सेरोफेरोसँग सम्बन्धित विभिन्न प्रकारका वस्तु, चित्र वा चित्रावली र दृश्य दृश्यावली निर्माण वा सङ्कलन गरी कक्षाका सबैले देख्ने गरी फलाटिन पाटी वा प्रदर्शनपाटीमा राखी वा वस्तु नै भए सबैले देख्ने ठाउँमा राखी प्रदर्शन गर्ने र तिनको बारेमा लिखित वर्णन गर्न लगाउनु पर्छ । यसरी वर्णन गर्न लगाउनुभन्दा पहिला नमुनाहरू प्रदर्शन गर्नु वेश हुन्छ । त्यसपछि प्रदर्शित चित्र, वस्तु वा वातावरणसम्बन्धी लेख्न लगाउने र लेखिसकेपछि आफ्नो लिखित वर्णनलाई कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक हौसला र पृष्ठपोषण दिई अभिप्रेरित गराउनु पर्दछ ।

प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा संयोजन गरिएका चित्रहरूलाई प्रयोग गरी यो क्रियाकलापलाई अगाडी बढाउन पनि सकिन्छ । जस्तै कक्षा २ को मेरा नेपाली किताबको पाठ ३ को पृष्ठ १६ मा रहेको " गाउँघर " शीर्षकको चित्र देखाई तलका जस्ता प्रश्नहरू गरेर त्यसको उत्तरको रूपमा वर्णन गर्न लगाउनु वा अभ्यास गराउनु राम्रो हुन्छ ।

प्रश्नहरू

१) माथिको चित्रमा के के देख्छौ ?
२) चित्रमा कति जना मानिसहरू छन् ?
३) चित्रमा चरो कहाँ बसेको छ ?
४) चित्रमा कुन-कुन जनावरहरू देखिन्छन् ?
५) यो चित्रको समय कुन हो ?
६) चित्रमा देखिएका मानिसहरूले के-के गरिरहेका छन् ?

५) श्रुतिरचना

कुनै घटना, प्रसङ्ग वा विषयवस्तुको वर्णन गरी बालबालिकाहरूलाई सुनाई उक्त सुनेका कुराहरूलाई उनीहरूले सम्झेका आधारमा सिलसिला मिलाएर लेख्ने अभ्यासलाई नै श्रुतिरचना भनिन्छ । यो क्रियाकलाप कथा, लेख वा रचना, मेलापर्व, जात्रा, भ्रमण गर्दाको अनुभव, घटना, जीवनी, प्रबन्ध सुनाएर गराउन सकिन्छ ।

यस क्रियाकलापबाट बालबालिकाहरूमा निम्न कुराहरूको विकास गराउन सकिन्छ ।

- सुनेको कुरा सम्झने क्षमताको विकास हुन्छ ।
- उपयुक्त ढङ्गबाट शब्दको छनौट र प्रयोग गर्ने सीपको विकास हुन्छ ।
- वाक्यरचना गर्ने र सिलसिला मिलाई लेख्ने सीपको विकास हुन्छ ।
- हिज्जे मिलाएर लेख्ने सीपको विकास गराउँछ ।

प्राथमिक तहका कक्षामा विद्यार्थीहरूलाई पाठ्यपुस्तकबाट वा अन्य कुनै रोचक कथा, घटना, प्रसङ्ग, कुराकानी तथा मेलापर्व, जात्रा, भ्रमण आदिको अनुभव आदि सुनाएर सम्झेको आधारमा लिखित रचना तयार पार्न लगाउन सकिन्छ । लिखित रचना तयार भएपछि सबैले सुन्ने गरी कक्षामा पढेर प्रस्तुत गर्न लगाउनु पर्दछ र आवश्यक पृष्ठपोषण दिई लेखन क्षमतामा अभ्यस्त गराई लेखन सीपको विकास गराउन सकिन्छ । यसका लागि प्राप्त भएसम्म बालसाहित्यलाई प्रयोग गर्न सकेमा अझै वेस हुन्छ ।

६) अनुभव वा घटनावर्णन

बालबालिकाहरू स्वयंले देखेका, सुनेका, पढेका र भोगेका अनुभव तथा घटनाहरूलाई लिखित रूपमा वर्णन गर्न लगाउनुलाई अनुभव वा घटनावर्णन भनिन्छ ।

यसबाट बालबालिकाहरूमा निम्न उल्लिखित सीप हासिल गराउन मद्दत गराउने छ ।

- वाक्यरचना गर्ने सीपको विकास गराउँछ ।
- दैनिक जीवनमा भोगेका घटना र अनुभवलाई क्रमबद्ध रूपमा वर्णन गर्ने सीपको विकास गराउँछ ।
- घटना तथा अनुभवलाई रोचक ढङ्गले प्रस्तुत गर्ने सीपको विकास गराउँदछ ।

- वर्णविन्यास र लेख्यचिन्हको ठीक ठीक ढङ्गले प्रयोग गर्ने सीपको विकास गराउँछ ।

प्राथमिक तहमा यस किसिमको लेखनसम्बन्धी अभ्यास गराउँदा बालबालिकाहरूले देखे, सुने र भोगेका अनुभव र घटनाहरूलाई सिलसिला मिलाएर लेख्न लगाउनु पर्छ । यसका लागि उनीहरूको सेरोफेरोको अनुभव तथा घटनाका विषयवस्तु दिएर पनि यो क्रियाकलापमा अभ्यास गराउन सकिन्छ । जस्तै बनभोज जाँदा, चाडपर्व, शैक्षिक भ्रमण, खोलो तर्दा, विद्यालयमा पहिलो दिन आउँदा, रूखबाट खस्दा आदि जस्ता अनुभव तथा घटना दिएर पनि लेख्न लगाउन सकिन्छ । यसरी बालबालिकाहरूले लेखी सकेपछि अनुभव तथा घटनालाई कक्षामा प्रस्तुत गर्न लगाउनु पर्दछ ।

### ७) सम्वादलेखन

विद्यार्थीहरूलाई खास-खास प्रसङ्ग वा विषयवस्तु दिई दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बीच हुने कुराकानी वा वार्तालापलाई लिखित रूपमा प्रस्तुत गर्नुलाई सम्वादलेखन भनिन्छ । सम्वाद मौखिक भाषाको दृष्टिले स्वभाविक हुनु पर्दछ ।

यस क्रियाकलापले विद्यार्थीहरूमा खास-खास अवस्थानुसार वक्ता र श्रोताद्वारा प्रयोग गरिने स्वाभाविक भाषा लेखन क्षमता विकास गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । सम्वादमा प्रयुक्त हुने भाषा मौखिक र व्यावहारिक क्षेत्रको भाषाको नजिक भएकाले यसबाट जीवन्तता र अभिनयात्मकता पाइन्छ । त्यसैले सम्वाद लेखनमा प्रयोग हुने शब्द वा वाक्यमा जीवन्त भाषाको प्रयोग हुने भएकाले सहज भाषा लेखनका लागि पनि मद्दत मिल्नु स्वाभाविकै हो ।

प्राथमिक तहका विद्यार्थीहरूलाई सम्वाद लेख्न सिकाउन कालोपाटीमा सम्वाद लेखिदिएर वा फलाटिनपाटीमा सम्वादको नमुना देखाएर त्यस किसिमको सम्वाद लेखनमा अभ्यास गराउनु राम्रो हुन्छ । सम्वाद लेखनको अभ्यास गराउँदा आवश्यकताअनुसार कुनै विषयवस्तु दिएर स्वतन्त्र लेखन र आवश्यक बुँदा दिई खाली ठाउँ भर्न लगाएर गराउन सकिन्छ । जस्तै

**शीर्षक - शैक्षिक भ्रमण**

राम हरि हाम्रो कक्षाका साथीहरू पर्सि शैक्षिक भ्रमण जाने रे । तिमीले थाहा पायौ ?
हरि अहँ ! मलाई थाहा छैन, कुन ठाउँमा जाने नि ?
राम पोखरा जाने भएका छौं ।
हरि अहा, खुब खुसी लाग्यो । धेरै रमाइलो हुने भयो ।
राम अब पोखराका रमाइला ठाउँहरू आफ्नै आँखाले हेर्न पाउने भयौं ।
हरि मलाई पनि धेरै आनन्द हुने भयो ।

### ८) सारांशलेखन

सुनेका वा पढेका कुराहरूको मुख्य विचार वा कथनलाई समाती लेख्ने अभ्यासलाई सारांशलेखन भनिन्छ । शिक्षकले पाठ्यपुस्तक वा बाहिरका उपयोगी रचनाको उपयोग गरी कुनै घटना, कथा, विषयवस्तु वर्णन गरी सुनाउने वा सम्बन्धित रचनाको पाठ तोकिदिएर त्यसलाई पढ्न लगाई त्यसको सारांश लेख्न लगाउन सकिन्छ । यसबाट विद्यार्थीहरूमा निम्नकुराको सीप विकास गराउन मद्दत पुऱ्याउँछ ।

- विषयवस्तुमा भएका मुख्य-मुख्य कुरा ठम्याउने सीपको विकास गराउँछ ।
- सिलसिला मिलाएर मुख्य बुँदालाई सङ्गठित गर्ने सीपको विकास गराउँछ ।
- अनावश्यक कुरा हटाउने र महत्त्वपूर्ण कुरा नहटाउने सीपमा दक्ष बनाउँछ ।
- शुद्ध हिज्जे लेख्ने र सुहाउँदो वाक्यगठन गर्ने सीपको विकास गराउँछ ।

प्राथमिक तहका कक्षामा विद्यार्थीहरूलाई कुनै घटना, विषयवस्तु वा कथाको वर्णन गरिदिई त्यसको सारांश लेख्न लगाउन सकिन्छ । यसबाट कुनै पाठ पढ्न लगाई त्यसका मुख्य घटना, बुँदा वा विचारलाई सिलसिला मिलाइ लेख्न लगाउन सकिन्छ । यसका निम्ति सम्बन्धित कक्षाको नेपाली भाषाको पाठ्यपुस्तकका विभिन्न विधाका पाठहरू वा अन्य उपयोगी बालसाहित्य वा बालपत्रिकाका रचनाहरू उपयोग गर्नु उपयुक्त हुन्छ ।

९) अनुच्छेद लेखन

कुनै विषयवस्तुका सम्बन्धमा एकै अनुच्छेदमा आफ्नो विचार लिखित रूपमा उल्लेख गर्नु अनुच्छेद लेखन हो । प्राथमिक तहमा साना-साना बालिबालिकाहरूलाई प्रारम्भमा कुनै पनि वस्तु, चित्र, घटना आदिका बारेमा एक अनुच्छेदमा सिलसिला मिलाई लेख्न सिकाउनु उपयुक्त हुन्छ ।

यस लेखनबाट विद्यार्थीहरूमा विचारलाई सङ्गठित तथा सिलसिलाबद्ध रूपमा प्रकट गर्ने, सुहाउँदा शब्द, वाक्य प्रयोग गर्ने, ठीक हिज्जे मिलाई लेख्ने र रचनात्मक तथा सिर्जनात्मक क्षमताको विकास गराउन सहयोग पुग्दछ ।

प्राथमिक तहका कक्षामा अनुच्छेद लेखन सिकाउँदा प्रारम्भमा जुनसुकै वस्तु, चित्र, घटना तथा दृश्य आदि दिन सकिन्छ । यसबाहेक वस्तु, चित्र तथा वातावरण वर्णन, घटना तथा अनुभव वर्णन र श्रुतिरचना क्रियाकलापमा बताइएका तरिकाहरू प्रयोग गरेर पनि प्राथमिक तहका विद्यार्थीहरूलाई अनुच्छेद लेखन गराउन सकिन्छ । यसरी अनुच्छेद लेखन सिकाउँदा पहिलो चरणमा खाली ठाउँ भर्न लगाएर, दोस्रो चरणमा बुँदा दिएर र अर्को चरणमा शीर्षक मात्र दिई स्वतन्त्र रूपमा लेख्ने अभ्यास गराउनु वेस हुन्छ । उदाहरणका लागि " बाटोको महत्त्व " शीर्षकमा यसरी अनुच्छेद लेख्न सिकाउन सकिन्छ ।

अ) खाली ठाउँ भर्न लगाएर

बाटोको महत्त्व

हाम्रो देश .................... बाटोको .................... राम्रो .................... एक ठाउँबाट .................... सजिलै .................... गर्न सकिन्छ । घुमफिर .............. आफैँले .................... र.............. बोक्न पर्दैन । उकालो .............. को .............. पनि .................... पर्दैन । सबैले .................... र तराइका .................... हेरेर .................... लिन पाउँछन् । जहाँसुकै पनि .................... मालसामान .................... चीजबीज .................... गर्न पाइन्छ । देशभर .................... शिक्षा .................... र .................... धन्दाको विकास हुन्छ ।

आ) बुँदाहरू दिएर

**बाटोको महत्त्व**

क) नेपालमा बाटोको सुविधा भएमा एक ठाउँबाट अर्को ठाउँमा जान आउन सजिलो ।
ख) हिँड्न, बोक्न नसक्नेले पनि घुमफिर गर्न पाउने ।
ग) उकालो-ओरालो हिँड्नु पर्ने कष्ट हटाउने ।
घ) मालसामान र चीजवीज पुऱ्याउन र उपभोग गर्न सजिलो ।
ङ) व्यापार र उद्योग धन्दाको विकास आदि ।

इ) शीर्षक मात्र दिएर स्वतन्त्र रूपमा

**शीर्षक - बाटोको महत्त्व**

नमुना

हाम्रो देश नेपालमा बाटो घाटोको सुविधा राम्रो भएमा एक ठाउँबाट अर्को ठाउँमा सजिलै आवत-जावत गर्न सकिन्छ । घुमफिर गर्दा आफैँले हिँड्न र भारी बोक्न पर्दैन । उकालो-ओरालोको कष्ट पनि आइपर्दैन । सबैले हिमाल, पहाड र तराईका रमाइला दृश्यहरू हेरेर आनन्द लिन पाउँछन् । जहाँसुकै पनि जुनसुकै मालसामान र चीजवीज पुऱ्याउन र उपभोग गर्न पाइन्छ । देशभर जताततै शिक्षा, व्यापार र उद्योगधन्दाको विकास हुन्छ ।

१०) प्रतिवेदन लेखन

विद्यार्थीहरू आफ्नो दैनिक जीवनमा विभिन्न किसिमका मेला, चाडपर्व, जात्रा, बनभोज, सभा र समारोह आदिमा सहभागी भइरहेका हुन्छन् । उनीहरूले त्यस अवसरमा देखेका-बुझेका तथ्यहरूलाई सिलसिलेवार किसिमले लिखित रूपमा प्रस्तुत गर्नुलाई नै प्रतिवेदन लेखन भनिन्छ । लिखित प्रतिवेदन वस्तु, चित्र, अनुभव तथा घटना वर्णनभन्दा भिन्न हुन्छ किनभने यसमा तथ्यहरूको सघनता हुनाका साथै प्रस्तुति पनि योजनाबद्ध हुन्छ ।

प्रतिवेदनको तयारी गर्दा सोचविचार गर्नु पर्ने हुँदा यस्तो अभ्यासबाट बालबालिकामा स्पष्ट चिन्तन गर्ने बानीको विकास हुन्छ । यसबाट आफ्नो तर्कलाई पुष्ट्याइँ गर्ने दायित्वको बोध हुन्छ र निष्कर्षसम्म पुग्ने बानीको विकास गर्न पनि प्रोत्साहन मिल्दछ । यसरी लिखित प्रतिवेदनले अभिव्यक्तिलाई तर्कपूर्ण र खँदिलो बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।

लिखित प्रतिवेदन व्यक्तिगत रूपमा प्रस्तुत गर्न लगाउनु राम्रो हुन्छ । विद्यार्थी सङ्ख्या धेरै भएमा सामुहिक रूपमा प्रोजेक्ट कार्य दिएर प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउन पनि सकिन्छ । समय अभाव भएमा एक पटकमा एक समूहलाई र अर्को पटकमा अर्को समूहलाई आलोपालो गरी प्रस्तुत गर्न लगाए पनि हुन्छ । प्रतिवेदन लेखनपछि प्रस्तुति पश्चात् शिक्षकले आवश्यक टिपपणी गरिदिनु सान्दर्भिक हुन्छ ।

११) **निवन्धलेखन / प्रबन्धलेखन**

कुनै पनि विषय शीर्षकमा केन्द्रित भएर स्वतन्त्रपूर्वक लेख्न लगाउने कार्य नै निवन्ध लेखन हो । निवन्ध लेखन अनुच्छेद लेखन कै विस्तारित रूप हो । यसमा कुनै शीर्षकका बारेमा विभिन्न अनुच्छेदमा विचारको श्रृङ्खलाबद्ध रूपमा प्रस्तुति गर्नुपर्ने हुन्छ । यस्तो प्रस्तुतिपछि वैचारिक र आत्मपरक बनाउँदै लैजान सकिने भए पनि प्रारम्भमा विद्यार्थीहरूले देखे, सुनेका र अनुभव गरेका विषयवस्तुको वर्णन वा विवरणमा नै सीमित गर्नु उपयुक्त हुन्छ । यस तहका विद्यार्थीबाट सिलसिलेवार लिखित अभिव्यक्तिको प्रस्तुति नै पर्याप्त ठान्नुपर्दछ ।

निबन्ध वा प्रबन्ध लेखनको अभ्यास गराउँदा अनुच्छेदहरूको आपसी सम्बन्ध, विषयगत परिचय र विस्तार तथा निष्कर्ष जस्ता कुराहरूप्रति विद्यार्थीहरूलाई सजग गराउनु पर्दछ । त्यसबाहेक यस लेखनले शीर्षक, उपशीर्षक राख्नु, किनारा छोडाइ, अनुच्छेद विभाजन जस्ता सीपहरू हासिल गराउन राम्रो मद्दत मिल्दछ ।

प्राथमिक तहमा निबन्ध / प्रबन्ध लेखन निर्देशित र स्वतन्त्र दुवै किसिमले गराउन सकिन्छ । निबन्ध तथा प्रबन्ध लेखनको ढाँचामा अभ्यास गराउन सङ्केतात्मक खालका प्रबन्ध तथा निबन्ध लेखाउन लगाउनु उचित हुन्छ । यस्तो लेखनमा विषय शीर्षकसँग सम्बन्धित विभिन्न बुँदाहरू दिइन्छ र विद्यार्थीले तिनै बुँदालाई आधार मानी विस्तार गरी लेख्नु पर्ने हुन्छ । तर यसरी लेखिएका प्रबन्ध तथा निबन्धहरू सिर्जनात्मकभन्दा बढी यान्त्रिक हुन पुग्दछन् । लेखनको जग बसाल्न र कुनै खास विषयको वर्णनमा अभ्यास गराउन भने यस्ता अभ्यासले पनि कम महत्त्व राख्दैन ।

प्रबन्ध वा निबन्ध लेखनको अभ्यास गराउनु अघि भने अनुच्छेद लेखनसम्बन्धी राम्रो अभ्यास गराइसकेको हुनुपर्दछ । त्यसैले यसप्रकारका अभ्यास गराउनुभन्दा अगाडि वस्तु, चित्र, घटना तथा अनुभव वर्णन जस्ता विभिन्न क्रियाकलापका अभ्यासमा अभ्यस्त भइसकेको हुनुपर्दछ ।

## लेखाइको शुद्धीकरण र पुनरावृत्ति

लेखाइ अभ्यासले मात्र पर्याप्त हुँदैन । विद्यार्थीहरूले लेखेको कुराहरू ठीक छ वा छैन भनेर पत्ता लगाउनु पनि अति आवश्यक पर्दछ । त्यसरी पत्ता लगाइसकेपछि मात्र लेखाइको अभ्यासलाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

लेखाइसम्बन्धी विविध किसिमका परिचय र अभ्यास गराए पनि त्यसको शुद्धीकरण नगरेमा प्रशस्त त्रुटिहरू रहिरहने सम्भावना भइरहन्छ । यसैले लेखाइका विविध पक्षमा विद्यार्थीहरूलाई कक्षाकार्य र गृहकार्य दिएर लेख्न लगाई गल्ती भए गल्ती निर्देश, अशुद्ध भए शुद्धीकरण र व्यहोरा नमिल्ने भए पुनःलेखन वा पुनरावृत्ति जस्ता कार्य गराई लेखनको शुद्धीकरण गरिदिनु पर्दछ ।

यस क्रियाकलापले विद्यार्थीहरूमा रहेको कमीकमजोरी हटाउने, वाक्यगठन, हिज्जेलेखन, शब्दको प्रयोग र लेखाइ सङ्गठनमा परिमार्जन आउँछ । यसैगरी शुद्धीकरणले लेखनमा वेवास्ता गर्ने, अल्छी गर्ने, कक्षा शिक्षणमा ध्यान नदिने प्रवृतिलाई पनि हटाउन मद्दत गर्छ । यसका साथै विराम चिन्हको प्रयोग, वाक्य निर्माण, ठाउँ छोडाइ आदिमा पनि सावधान बनाउँछ । यसका अतिरिक्त विद्यार्थीहरूलाई उनीहरूले लेखेको ठीक छ-छैन भन्ने थाहा पाउनुका साथै लेखाइलाई अझ सवलीकरण गराउन सकिन्छ ।

प्राथमिक तहका कक्षामा लेखनको शुद्धीकरण गर्दा सामान्यतया तलका तरिकाहरू अपनाउनु आवश्यक हुन्छ

क) विद्यार्थीले लेखेका रचनालाई जाँची व्यक्तिगत सुझावहरू दिने र शुद्ध रूपमा दोहोऱ्याई, तेहऱ्याई लेखन अभ्यास गराउने ।

ख) विद्यार्थीहरूले लेखेका रचनाहरूलाई हेरी तीमध्ये उत्तम, मध्यम र निम्न खालका रचना छानी कक्षामा प्रस्तुत गर्न लगाउने ।

ग) प्रस्तुत रचनामाथि शिक्षकले आवश्यक टिप्पणी गरी तुलनात्मक आधारमा विद्यार्थीबीच विचारविमर्श र छलफल गराउने ।

घ) रचनाहरूमा देखिएका त्रुटिहरूलाई कालोपाटीमा उल्लेख गरी प्रश्नोत्तर र छलफलका आधारमा सुधार गर्न लगाउने ।

ङ) विद्यार्थीहरूमा शुद्धसँग लेख्ने बानीको विकास गराउन शुद्धाशुद्धिका लागि अङ्क प्रदान गर्ने, जसले बालबालिकाहरूमा हौसलाका साथै अभिप्रेरण जगाउने ।

# एकाइ - ९

## व्यावहारिक कागजात

जीवनमा विभिन्न किसिमको घरायसी कागजात लेखनको विशेष महत्त्व हुन्छ । घरायसी व्यवहार र कारोवारमा व्यावहारिक कागजात लेखनको महत्त्व दिन प्रतिदिन बढ्दै गएको पाउँछौ । यसैकारणले गर्दा बालबालिकाहरूलाई प्राथमिक तहदेखि नै व्यावहारिक कागजात लेखनसम्बन्धी अभ्यास गराई उक्त लेखन कार्यमा पोख्त बनाउनु अति आवश्यक भएको छ । त्यस्ता कागजातहरूमा चिठी, निवेदन, भरपाई, निमन्त्रणा पत्र, बील, चेक, भौचर र विभिन्न किसिमका फारामहरू भर्ने कार्यहरू पर्दछन् ।

दैनिक व्यवहारका कागजात लेखनसम्बन्धी शिक्षण गर्नुको मुख्य उद्देश्य व्यावहारिक कागजात लेखाइ सीपको विकास गराउनु हो । जसले व्यावहारिक कागजात लेखनको शिक्षण गर्दा उक्त कागजातको परिचय, प्रयोजन र ढाँचाको बारेमा जानकारी दिई लेख्ने सीपको विकासमा जोड दिनु पर्दछ ।

प्राथमिक तहका विद्यार्थीहरूलाई दैनिक व्यवहारमा आउने लिखत वा कागजात लेखन र उपयोगमा समर्थ बनाउनु पर्दछ । यसैले दैनिक व्यवहारका कागजातको लेखनअन्तर्गत घरायसी चिठी, विद्यालयीय चिठी, निवेदन, बैङ्चेक र भौचर, विभिन्न किसिमका फारम भराइ र लेखाइ गराउनु पर्दछ ।

यसबाट बालबालिकाहरूमा दैनिक व्यवहारमा आइपर्ने चिठीहरू, निवेदन र भरपाई लेख्ने क्षमताको विकास, बैङ्चेक, भौचर, विभिन्न फारामहरू भर्ने क्षमताको विकास गराउन सकिन्छ ।

प्राथमिक तहमा चिठी र निवेदन लेखनको अभ्यास गराउँदा कुन उद्देश्यका लागि लेख्ने हो, सोहीअनुसारको व्यहोरामा पहिले शिक्षकले नमुना दिई त्यसमा आवश्यक महत्त्वपूर्ण कुरा ठेगाना, मिति, सम्बोधन, अभिवादन जस्ता शीर्षभाग, त्यसपछि चिठी वा निवेदनको मूल व्यहोराको मध्यभाग र समापन, हस्ताक्षर जस्ता अन्तिम भागसँग परिचित गराएर चिठी लेखनसम्बन्धी अभ्यास गराउनु पर्दछ । यसैगरी बैङ्चेक, भौचर र फाराम भराइ आदिको अभ्यास गराउँदा उक्त कागजातको नमुना प्रदर्शन गर्ने र त्यस्ता नमुनाहरू उपलब्ध गराई लेख्न र भर्न लगाई अपेक्षित सीप हासिल गराउनु पर्दछ ।

### व्यावहारिक कागजात लेखन तरिकाको प्रदर्शन

#### क) परिचय पत्र

कुनै पनि व्यक्तिको पहिचान गर्ने आधारलाई परिचय पत्र भनिन्छ । परिचय पत्रले कुनै पनि व्यक्ति कहाँको हो, के काम गर्छ भन्ने आदि कुराको जानकारी गराउँछ । यो पनि व्यावहारिक रूपमा प्रयोगमा आउने कागजात हो ।

यस किसिमको परिचय पत्रले व्यक्तिलाई चिनाउने काम गर्ने हुनाले नयाँ ठाउँमा जाँदा आइपर्ने व्यावहारिक समस्याबाट छुट्कारा पाउन सजिलो हुन्छ ।

यस किसिमका परिचय पत्रअन्तर्गत विद्यालय, क्याम्पसको विद्यार्थी परिचय पत्र, विभिन्न सङ्घ संस्था वा कार्यालयमा काम गर्ने कर्मचारीको परिचय पत्र, नागरिकता प्रमाण पत्र, राहादानी, लाइसेन्सहरू पर्दछन् ।

प्राथमिक तहका बालबालिकाहरूलाई माथि उल्लिखित परिचय पत्रहरूको नमुना प्रदर्शन गरी अध्ययन गर्न लगाई त्यसैअनुसारको नमुना बनाउन लगाउनु पर्दछ । ती नमुनामा आवश्यक कुराहरू भर्न लगाई परिचय पत्र लेखनसम्बन्धी अभ्यास गराई परिचय पत्र लेखनमा पोख्त बनाउनु पर्दछ ।

### परिचय पत्रको नमुना

फोन नं. ०११-६६२०५३

श्री ५ को सरकार

शैक्षिक जनशक्ति विकास केन्द्र

प्राथमिक शिक्षक तालिम केन्द्र, काभ्रे

प्रशिक्षार्थी परिचय पत्र

नाम ..............................

विद्यालय ..............................

स्थायी ठेगाना ..........................

ना. नं. ...................... जिल्ला ..............

रो. नं. .......... सेक्सन ..................

फोटो

प्याकेज पहिलो / चौथो

यो परिचय पत्र मान्य रहने अवधि

......................... देखि ......................... सम्म

.....................                .........................

प्रशिक्षार्थीको सही                प्रमाणित गर्नेको सही

मिति

Name :

School :

Address :

यो परिचय पत्र कसैले फेला पार्नु भएमा यस तालिम केन्द्रमा वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु होला । धन्यवाद

यसको साथै अन्य परिचय पत्रको नमुना प्रदर्शन गरी शिक्षण गर्नु ज्यादै राम्रो हुन्छ ।

### ख) घरायसी चिठी

चिठी खास गरी लेख्य विधा हो । व्यावहारिक जीवनमा चिठीको ठूलो महत्त्व हुन्छ । चिठीका माध्यमबाट टाढा बसेका आफन्त वा इष्टमित्रसँग विचार आदान-प्रदान गर्न सजिलो हुन्छ । चिठी शिक्षणको प्रमुख प्रयोजन लेखन क्षमताको विकास गराउनु हो । त्यसैले बालबालिकाका लागि व्यावहारिक कागजातअन्तर्गत घरायसी चिठी लेख्ने क्षमता विकास गराउनु आवश्यक छ ।

घरायसी चिठी प्राय आफ्ना आमाबाबु, दाजुभाइ, दिदीबहिनी, मामामाइजू, हजुरबा, हजुरआमाका साथै अन्य टाढा बसेका आफन्तहरूसँग सामान्य सम्पर्क वा विशेष खबरका लागि लेखिन्छ । यस्ता चिठीहरू प्राय व्यक्तिगत कुशलमङ्गल, विचारको आदान-प्रदान, खास समाचार वा विशेष जानकारी लिने दिने उद्देश्यले लेखिन्छन् । यसप्रकारका चिठीहरू सरल, सरस र सजीव किसिमले लेख्नुपर्दछ । जसले गर्दा आफन्त र इष्टमित्रको बीच सम्बन्ध र सम्पर्क सूत्रलाई निरन्तरता र जीवन्तता बनाई राख्दछ ।

प्राथमिक तहमा घरायसी चिठी शिक्षण गर्दा ध्यान दिनुपर्ने मूलभूत कुराहरूमा जोड दिनुपर्छ । जस्तै

ठेगाना
मिति

सम्बोधन

अभिवादन

प्रारम्भ

व्यहोरा

समापन

घरायसी चिठीको दाहिनेतिर माथि अन्दाजी २" माथितिर र १.५ दाहिनेतिर किनारा छोडिने गरी ठेगाना र मिति स्पष्ट रूपमा लेख्ने अभ्यास गराउनु पर्दछ। जस्तै

१६३/९७ शान्तिनगर, काठमाडौं
२२ चैत्र २०५९

त्यसपछि देब्रेतिर माथि सम्बोधन र अभिवादन लेख्नुपर्छ। सम्बोधन गर्दा जुन व्यक्तिलाई लेखिएको हो उसलाई सम्बोधन गर्नुपर्छ। जस्तैः आमावावुलाई भए श्री पूज्यपिता, श्री पूज्यमाता। मामामाईजूलाई भए आदरणीय मामा/माइजू, आफू समानका साथीभाइलाई भए प्रिय र आफूभन्दा सानालाई भए प्यारो / प्यारी, चिरञ्जीवी जस्ता शब्दहरू राख्नु वेस हुन्छ। अभिवादन व्यक्त गर्दा पनि मर्यादाक्रमअनुसारका शब्दहरू प्रयोग गराउनुपर्छ।

चिठीको प्रारम्भमा कुशलमङ्गलको कामना गर्ने चलन छ। त्यसपछि चिठी लेख्नुको उद्देश्य के हो त्यसको विस्तृत व्यहोरा लेख्नु पर्छ। यसमा विभिन्न अनुच्छेद विभाजन गरेर लेख्नु पर्छ।

चिठीको व्यहोरा लेखिसकेपछि लेख्ने व्यक्तिले आवश्यक शब्द प्रयोग गरी समापन गर्नु पर्दछ। प्राय समापन गर्दा चिठीको दाहिनेतिर अन्त्यमा पारेर लेख्नुपर्छ। यसरी समापन गर्दा मर्यादाक्रमअनुसार नै समापनको शब्द उल्लेख गर्न सिकाउनु पर्दछ। जस्तै ठूलालाई भए आज्ञाकारी / प्यारो / प्यारी र सानालाई भए तिम्रो माया गर्ने भनी नाम लेख्नु पर्दछ।

मिति : २०६०/३/३२
जनकपुर

प्यारी वहिनी रोशना
शुभ आशिर्वाद

मलाई यहाँ सञ्चै छ । त्यहाँ पनि सवैलाई सञ्चै होला भन्ने आशा गर्दछु । घर नआएको ६ महिना पुगिसक्यो । ज्यादै न्यास्रो लागेको छ । पढाइ नै ठूलो भएकाले परीक्षा नसिध्याई आउने कुरा भएन । आजको दुई महिनामा त परीक्षा सकिहाल्छ । अनि त, बुवाआमा र प्यारी वहिनीसँग भेट हुने नै छु । परीक्षा आउन लागेकाले धेरै मिहिनेत गर्दैछु । त्यहाँ तिम्रो पढाइ कस्तो छ ? अवश्य मिहिनेत गरेकै होउली । अर्को वर्ष त तिम्रो पाँच कक्षाको पढाइ सकिने छ । दाजु वहिनी यहीं बसेर पढ्ने नै छौं ।

चिठी पठाउँदै गर्ने नै छयौं । आजलाई यतिमात्र अरू अर्को पत्रमा ।

तिम्रो प्यारो दाजु
रिषभ कोईराला

ग) विद्यालयीय चिठी / कार्यालयीय चिठी वा निवेदन

कुनै पनि विद्यालय वा कार्यालयलाई सम्बन्धित बनाएर लेखिने चिठीलाई विद्यालयीय वा कार्यालयीय चिठी भनिन्छ । यी चिठीहरू प्राय औपचारिक व्यहोराका नै हुन्छन् । यस्ता चिठीहरूमा व्यक्तिगत समस्याको चर्चा हुने भए तापनि यिनको प्रस्तुति खास ढाँचामा नै गर्नुपर्ने हुन्छ । यी चिठीहरूमा निजी चिठीमा जस्तै कुशलमङ्गल वा भावुकताको अपेक्षा राखिँदैन ।

छात्रछात्राहरूले आफ्नो विद्यालयका प्रधानाध्यापक वा कक्षा शिक्षकलाई सम्बोधन गरी खास माग र आग्रहका साथ लेखिने चिठी नै विद्यालयीय चिठी हो । यसप्रकारका चिठी निवेदनको नै ढाँचामा लेखिएका हुन्छन् । जस्तै

- प्रधानाध्यापकलाई विरामी विदा माग्न लेखिने चिठी
- चारित्रिक वा स्थानान्तरण प्रमाण-पत्र पाउँ भन्ने चिठी
- खेलकुद शिक्षकलाई खेलकुद वा साँस्कृतिक कार्यक्रमको व्यवस्था वा आयोजना गर्नेसम्बन्धमा लेखिएको चिठी, आदि ।

मिति २०५९/१२/२२

श्रीमान् प्रधानाध्यापकज्यू,
आकास भैरव प्रा. वि.
शान्तिनगर, काठमाडौं ।

विषय प्रमाण-पत्र पाउँ ।

प्रस्तुत विषयमा म विगत दुई वर्षदेखि यस विद्यालयमा नियमित रूपमा अध्ययन गर्दै आइरहेको छु । हाल मेरो बुबाको जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट जिल्ला शिक्षा कार्यालय कास्कीमा सरुवा भएकाले हामी स-परिवार पनि उतै जाने भएका छौं । त्यसैले त्यहाँको विद्यालयमा भर्ना भई मेरो अध्ययनलाई नियमितता दिनका लागि यस विद्यालयमा कक्षा ५ मा अध्ययन गरी रहेको व्यहोरा जनाई स्थानान्तरण प्रमाण-पत्र पाउँ भनी श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु ।

आज्ञाकारी
समिता श्रेष्ठ, कक्षा ५, क्रमाङ्क २

कुनै कार्यालयलाई आफ्नो समस्या वा माग राखी आवश्यक कारवाहीका लागि लेखिने निवेदन नै कार्यालयीय चिठी हो । यस किसिमको चिठीमा कार्यालयका प्रमुखलाई नै सम्बोधन गरिन्छ । तर अब कार्यालयलाई नै सम्बोधनमा राखिने गरिएको पनि पाइन्छ । यसमा आफ्नो माग, समस्या र कार्यालयलाई आवश्यक जानकारी गराउने उद्देश्यले यो चिठी वा निवेदन लेखिन्छ । यस्तो चिठी वा निवेदन निश्चित ढाँचा वा औपचारिक व्यहोरामा नै लेख्न सिकाउनु पर्दछ । जस्तै

- जिल्ला शिक्षा अधिकारीलाई शिक्षक पदमा नियुक्ति पाउँ भन्ने बारेको निवेदन ।
- जिल्ला प्रशासन कार्यालयलाई नागरिकता पाउँ भन्ने बारेको निवेदन ।
- जिल्ला अस्पतालका चिकित्सा अधिकृतलाई निरोगिताको प्रमाण-पत्र पाउँ भन्ने बारेको निवेदन आदि ।

मिति २०५९/१२/२२

श्रीमान् जिल्ला शिक्षा अधिकारीज्यू,
जिल्ला शिक्षा कार्यालय,
काभ्रेपलाञ्चोक ।

विषय शिक्षक पदमा नियुक्ति पाउँ ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०५९/१२/१५ को सूचनाअनुसार श्री कामना प्रा. वि. धुलिखेलका लागि एक S.L.C. उत्तीर्ण गरेको प्रा.वि. शिक्षक पदको लागि दरखास्त माग भएकोले सो पदमा नियुक्ति पाउँ भनी आवश्यक विवरण साथ श्रीमान् समक्ष यो निवेदन पेस गरेको छु ।

निवेदक
हरिकुमार श्रेष्ठ
धुलिखेल न.पा. ५

प्राथमिक तहका विद्यार्थीहरूलाई व्यावहारिक कागजात लेखनअन्तर्गत चिठी र निवेदन लेख्ने अभ्यास गराउन सरल खालका विषयवस्तु प्रस्तुत गरी लेख्न सिकाउनु पर्दछ ।

घ) भौचर

कुनै पनि आम्दानी वा खर्चलाई व्यवस्थित गरी नियमित गर्ने कामलाई भौचरले सहयोग पुऱ्याउँछ । आफ्नो आम्दानी भएको रकमलाई बैङ्कमा जम्मा गर्दा होस् वा जम्मा भएको रकमलाई खर्च गर्नुपर्दा भौचर भर्नु पर्दछ ।

प्राथमिक तहका बालबालिकाहरूलाई यस किसिमको लेखनसम्बन्धी अभ्यासले व्यावहारिक रूपमा प्रयोग गर्ने कागजात लेखन वा भौचरलाई सही ढङ्गबाट प्रयोग गर्ने सीपको विकास गराउनु हो । बैङ्क भौचर तथा गोश्वारा भौचरमध्ये प्राथमिक तहमा बैङ्क भौचर भर्ने अभ्यास गराउनु पर्दछ ।

भौचर भर्दा मिति, रकम, अक्षरूपी, खाता नं., खातावालाको नाम र ठेगाना राम्रोसँग विचार पुऱ्याई लेख्नुपर्ने कुरा बताउनु पर्दछ ।

ङ) बैङ्क चेक

बैङ्कमा जम्मा गरेको पैसा निकाल्नलाई प्रयोग गरिने कागजातलाई बैङ्क चेक भनिन्छ । बैङ्क चेकलाई उपयुक्त र सफासँग नभरीकन बैङ्कले भुक्तानी दिँदैन । त्यसैले चेकलाई राम्ररी भर्ने अभ्यास गराउनु नै बैङ्क चेक लेखन शिक्षणको प्रमुख प्रयोजन हो ।

प्राथमिक कक्षामा बालबालिकाहरूलाई व्यावहारिक कागजातअन्तर्गतको बैङ्क चेकमा निम्न कुरा राम्ररी लेख्न सिकाउनु पर्छ । जस्तै :

- बैङ्क चेकमा पैसा निकाल्ने मिति केरमेट नगरी लेख्ने सीपको विकास ।
- भुक्तानी लिने व्यक्तिको नाम शुद्ध र स्पष्टसँग लेख्ने सीपको विकास ।
- बैक चेकमा खाता नं. स्पष्ट ढङ्गबाट उल्लेख गर्ने सीपको विकास ।
- भुक्तानी लिने रकम अङ्क र अक्षरमा शुद्ध र स्पष्टसँग केरमेट नगरी लेख्ने सीप विकास ।
- खातावालाले दस्तखत गर्नुपर्ने कुराको जानकारी गराउने । आदि ।

च) फाराम भराइ

दैनिक व्यवहारमा विभिन्न किसिमको फाराम भर्नुपर्ने हुन्छ । ती फारामहरूमा भर्ना फाराम, बैङ्क खाता खोल्ने फाराम, नागरिकता लिने फाराम, पासपोर्ट लिने फाराम, विभिन्न संस्थाबाट ऋण माग फाराम आदि जस्ता व्यावहारिक कागजात लेख्न र भर्न लगाउनु पर्दछ ।

प्राथमिक तहमा यस्ता व्यावहारिक कागजातहरूको नमुना तयार गरी बालबालिकाहरूलाई लेख्न र भर्न लगाई दक्ष बनाउनुपर्दछ । जसले गर्दा प्राथमिक शिक्षा आर्जन गरेका व्यक्तिहरूले आफ्नो समस्या समाधान गर्ने सीप हासिल गर्न सक्षम हुन्छन् । यसरी भर्दा विद्यार्थीहरूलाई कठिन भएको ठाउँमा शिक्षकले विशेष ध्यान दिनुपर्दछ र विद्यार्थीहरूले भर्न गल्ती गरेमा सो ठाउँमा उनीहरूलाई विशेष अभ्यास गराई सक्षम बनाउनुपर्दछ ।

# एकाइ - १०

## कथाशिक्षण

१ पाठ परिचय

प्राथमिक तहका बालबालिकाका लागि लोकप्रिय विधाको रूपमा कथा विधालाई लिइन्छ । मानिसको जीवनजगत्सँग कथाको सम्बन्ध हुने भएकाले कथा सुन्न विद्यार्थीहरू ज्यादै रमाउँछन् । कथाको माध्यमबाट सिकाउँदा सिकाएका विषयवस्तु वा कुरा पछिसम्म सम्झिराख्छन् । कथाले रोमाञ्चक ढङ्गबाट मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ । कथामा उपयोग गरिएको भाषा सरल र बोधगम्य हुने हुनाले बोध क्षमताको विकास जीवन्त र रोचक ढङ्गबाट हुन्छ । कथालाई भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ विकासका लागि उपयोगमा ल्याउन सकिन्छ । पठनबोध सीप विकासका लागि भनै महत्त्व राख्दछ । सानैदेखि आकर्षण भएको विषय भएकाले यसबाट बालबालिकाहरूको शब्दभण्डारको विकास र भाषिक संरचना बुझ्ने क्षमता विकासका साथै कल्पनाशक्तिको विकास गर्नमा सघाउ पुऱ्याउँदछ । कथा शिक्षणको प्रयोजन बुँदागत रूपमा निम्नबमोजिम दिन सकिन्छ

- शब्दभण्डार वृद्धि गर्न
- चरित्रनिर्माणमा मद्दत गर्न
- भाषाका चारै सीप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ ) विकासका लागि श्रव्य, कथ्य, लेख्य र पठ्यकार्यमा अभ्यास गराउन
- प्रश्नोत्तर गर्न
- कल्पना र भाषिक संरचना बुझ्ने क्षमताको विकास गर्न
- साहित्यप्रतिको अभिरुचिमा वृद्धि गर्न

२ विषयवस्तु

माथि उल्लिखित प्रयोजनका लागि पाठ्यपुस्तकमा रहेका कथाहरूमा मात्र भर नपरी तीनलाई आधार मानी विद्यार्थीलाई कथा भन्न लगाउने, सुन्न लगाउने र सो आधारमा कथा लेख्न लगाउने कार्य शिक्षकले गर्नुपर्ने हुन्छ । यस्तै शब्दभण्डार वृद्धिका लागि वाक्यगठन, वाक्यसङ्गति र शब्दवर्ग आदिको अभ्यासका लागि कथा उपयोगमा ल्याउनु जरूरी छ ।

कथा शिक्षणका लागि विभिन्न किसिमका क्रियाकलापहरू उपयोगमा ल्याउनु पर्ने हुन्छ । उपयोगमा ल्याउन उपयुक्त प्रमुख क्रियाकलापहरूको परिचय र प्रयोगका चरणहरू तल दिइएकाछन् ।

१ सारांश कथन वा लेखन

यो क्रियाकलाप गराउँदा शिक्षकले निम्नानुसार गराउनु उपयुक्त हुन्छ

- पाठभित्रका कथाको मुख्य-मुख्य कुराहरू विद्यार्थीलाई बताउने

- पाठभित्रबाट विद्यार्थीलाई पढेर कठिन लागेका शब्द छान्न लगाउने
- कठिन शब्दहरूको शब्दार्थ, उच्चारण अभ्यास र वाक्यमा प्रयोग गराउने
- कथा सस्वर वा मौन पठन गर्न लगाई कथामा भएका मुख्य-मुख्य कुरा भन्न लगाउने
- विद्यार्थीले भनेका मुख्य कुरा कालोपाटीमा टिप्ने
- कालोपाटीमा टिपेका बुँदा सिलसिला मिलाई विद्यार्थीहरूलाई भन्ने अभ्यास गराउने
- मौखिक अभ्यासपछि कालोपाटीमा टिपेका बुँदाको आधारमा लिखित अभ्यास गराउने
- शिक्षकले कक्षास्तर सुहाउँदो कथाको कुनै घटना वा विषयवस्तु वर्णन गरी सोको आधारमा सारांश लेखन अभ्यास गराउन पनि सकिन्छ
  ( सारांश लेखन गराउनु अगाडि शिक्षकले नमुना देखाई छलफल गराउनु राम्रो हुन्छ । )
- कथासँग सम्बन्धित मुख्य घटना चित्र भएमा सो देखाई सोही आधारमा सारांश लेखन वा कथन अभ्यास गराउने

२ सस्वरपठन

सस्वरपठन भन्नाले लिखित सामग्रीलाई आवाज निकाली पढ्नु भन्ने बुझिन्छ । यसले विद्यार्थीहरूको उच्चारण शैलीमा परिष्कार एवम् बोलाइका अन्य सीप विकासमा समेत मद्दत गर्दछ । यसको उपयोग विद्यार्थीले पढ्दा अक्षर उल्टोपाल्टो गरी पढ्ने, ठाउँठाउँमा शब्द वा अक्षर छोडेर पढ्ने एक किसिमको अक्षरमा अर्कै किसिमले पढ्नेजस्ता त्रुटिहरू निराकरण गर्न वा सुधार गर्नमा गरिन्छ ।

सम्बन्धित कथा वा कथाभित्रको पाठको अनुच्छेद गति, यति मिलाई सस्वर पढ्न लगाउने । सस्वर पठन निम्नानुसार गराउने

- शिक्षकले पढ्ने
- एक दुई विद्यार्थीलाई पढ्न लगाउने
- पुन दोहोऱ्याउने
- विद्यार्थीलाई समूहमा पढ्न लगाउने
- व्यक्तिगत अभ्यास गराउने

सस्वरपठन गराउँदा कक्षाभित्र एकै स्तरका वा एकै भाषी मात्र नहुने हुँदा एकै स्तरको सामग्री प्रयोगमा कठिन हुन्छ । दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीलाई उनीहरूको स्तर हेरी सरलबाट जटिल भाषाका पाठ अभ्यास गराउनु पर्ने हुन्छ । यसका लागि उपयुक्त पाठ वा अनुच्छेदको छनौट गर्नुपर्ने हुन्छ । पठन गराउँदा गति-यति मिलाए नमिलाएको चिन्हको विचार गरी पढे-नपढेको, हाउभाउ मिलाए नमिलाएको, लय सुरको आरोह अवरोध मिलाई पढे नपढेकोमा ध्यान दिनुपर्ने हुन्छ ।

### ३ मौनपठन

आवाज ननिकाली लिपिबद्ध भाषालाई मनमनै पढ्नु नै मौनपठन हो । विषयवस्तुमा ध्यान केन्द्रित गरी पढ्ने बानीको विकास गरी बोधग्रहण क्षमताको विकास गर्न पाठ्यवस्तुबाट मुख्य-मुख्य कुराको छनौट गरी लिने र थोरै समयमा धेरै सामग्री पढी विश्लेषण गर्न सक्ने सीप विकास प्रयोजनका लागि यसलाई उपयोग गरिन्छ ।

मौन पठन गराउँदा विद्यार्थीको बसाइ स्थिति मिले नमिलेको, किताब पढ्दा आँखा र किताबबीचको दूरी ठीक भएनभएको, ओठ चलाएनचलाएको जस्ता कुरामा विचार पुऱ्याउनुपर्छ । मौनपठन गराउँदा निम्न कुरामा विचार पुऱ्याउनु पर्दछ ।

- किताब र आँखा बीचको दूरी राख्न लगाउने ।
- बसाइको तरिका ठीक छ वा छैन, नभए सो मिलाई बसाउने ।
- ओठ नचलाई, नहल्लिएर शान्तसँग पढ्न लगाउने ।
- साथी भाइलाई घचेट्ने, इसारा गर्ने आदि गरेको देखेमा सो गर्न रोक्ने ।

मौनपठन क्रियाकलाप सकिएपछि पठनबोध भए नभएको जाँच्न विभिन्न किसिमका प्रश्नहरूको उपयोग गर्नुपर्ने हुन्छ । यसका साथै विद्यार्थीको समूह निर्माण गरी पढेको पाठभित्र छलफल गराउने, पढेको पाठभन्दा अघि वा पछि के हुन सक्ला भनी प्रश्न राखी समूह वा व्यक्तिमा प्रश्न राखी विचार लिने, प्रश्न दिएर उत्तर खोज्न लगाउने, पठित अनुच्छेदबाट प्रश्ननिर्माणमा अभ्यास गराउने, पठित अनुच्छेदबाट मुख्य-मुख्य विषयवस्तु वा घटना भन्न वा लेख्न लगाउने आदि कार्य गर्न लगाउनु ठीक हुन्छ ।

### ४ बोध प्रश्नोत्तर

कथा विधाको प्रमुख प्रयोजन विद्यार्थीहरूमा बोधसामर्थ्य विकास गर्नु हो । तसर्थ बुझे नबुझेको पत्ता लगाउन बोध पक्षको अभ्यास गराउनु पर्ने हुन्छ । बोध प्रश्नोत्तर सस्वर पठन वा मौन पठनपछि लगत्तै गर्नु ठीक हुन्छ ।

बोध प्रश्नोत्तरका चरणहरू

- कथाको पाठ छान्ने
- विद्यार्थीहरूलाई सस्वर पठन वा मौन पठन के गराउने हो सो गर्ने तरिका सहित पठन गर्न निर्देशन दिने
- निर्देशनअनुसार भए नभएको हेर्ने र नभएमा सुधार्न भन्ने
- पठनको समाप्तिपछि कठिन शब्द छान्न लगाउने
- शिक्षकले कठिन शब्द कालोपाटीमा टिपी अर्थ र वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने
- शिक्षकले पठन गराइएको पाठका लागि प्रश्नोत्तर गर्न पहिले नै निम्न आधारमा प्रश्न निर्माण गरिएको हुनुपर्ने
    - प्रश्न विद्यार्थीको स्तर सुहाउँदो हुनुपर्ने

- प्रश्न दोहोरो अर्थ नलाग्ने हुनुपर्ने
- विषयवस्तु र उद्देश्य मापन गर्ने खालको हुनुपर्ने
- प्रश्न छोटो र एउटै उत्तर आउने खालको हुनुपर्ने

- प्रश्नको प्रयोग गरी लिखित वा मौखिक रूपमा उत्तर लिने
- उत्तर सन्तोषजनक नभएमा शिक्षकले पुनः अभ्यास गराउने वा सिकाउने

## ५ शब्द र उखान-टुक्काको प्रयोग

विद्यार्थीहरूलाई पाठको विषयवस्तु बुझ्न सजिलो बनाउनका लागि कथाभित्र प्रयोग भएका कठिन शब्द र उखान-टुक्काहरूको अर्थ र प्रयोग पठनबोध अभ्यास गराउनुभन्दा पहिले गराउनु ठीक हुन्छ । विद्यार्थीमा शब्दभण्डार शिक्षणबाट निम्न कुराका विकास हुन्छ

- विद्यार्थीहरूमा शब्दभण्डार वृद्धि हुनु ।
- नयाँ-नयाँ शब्दलाई वाक्यमा प्रयोग गर्ने क्षमता विकास हुनु ।
- शुद्ध भाषाको प्रयोग मौखिक रूपमा ( मौखिक प्रयोग गराउँदा ) र लिखित रूपमा ( लिखित प्रयोग गराउँदा ) गर्ने क्षमतामा वृद्धि हुनु ।
- शब्दलाई वाक्यको आशयअनुसार प्रयोग गर्ने क्षमताको विकास हुनु ।

( शब्द र उखान-टुक्काको प्रयोग शिक्षण शब्दार्थ शिक्षण पाठमा भनेअनुसार गरिनु उपयुक्त हुन्छ )

खेल विधिको प्रयोगबाट पनि रमाइलो वातावरणमा शब्द र उखान-टुक्काको शिक्षण गराउन सकिन्छ । जस्तै

- स्वतन्त्र शब्द र उखान टुक्काको प्रयोग खेल
  - विद्यार्थीलाई समूहमा बाँड्ने ।
  - प्रत्येक समूहलाई अक्षरबाट सुरू हुने अर्को नयाँ शब्दनिर्माण गर्न र सो शब्द राखी वाक्यमा प्रयोग गर्न लगाउने । जस्तैः कलश, सहर, रथ आदि
  - शब्दनिर्माण गरी वाक्य प्रयोग गर्न नसके शून्य दिई अर्को समूहलाई पालो दिने ।
  - यसरी सबै समूहलाई पालैपालो घुमाई खेल खेलाउने खेल सुरू गर्दा शिक्षकले कुनै कक्षाको स्तर सुहाउँदो शब्द भनी सोबाट खेल सुरू गराउनु पर्दछ ।
  - कुनै समूहले पनि भन्न नसकेमा शिक्षकले शब्द ठीक बेठीक केही भनिदिनु पर्दछ र ठीक भएमा अर्थसहित वाक्यमा प्रयोग गरिदिनु पर्दछ ।


प्राप्ताङ्क तालिका

| चरण | निर्माण गरिएको शब्द | समूहले प्राप्त गरेको अङ्क | | | | |
|---|---|---|---|---|---|---|
| | | समूह "क" | समूह "ख" | समूह "ग" | ............ | ........ |
| पहिलो | | | | | | |
| दोस्रो | | | | | | |
| तेस्रो | | | | | | |
| चौथो | | | | | | |
| पाँचौ | | | | | | |
| छैटौ | | | | | | |
| | कुल प्राप्ताङ्क | | | | | |

- खेलद्वारा शब्द वा उखान टुक्का प्रयोग

माथि शब्द र उखान-टुक्का प्रयोगसम्बन्धी क्रियाकलापबारे चर्चा भैसकेको छ । साना बालबालिकालाई खेलबाट शिक्षण गर्न सकेमा उनीहरू खेल्न पाउँदा रमाउने र शब्द र उखान-टुक्का सजिलैसँग सिकाउन सकिने भएकाले खेल खेलाउने तरिका दिइएको छ

- बाहिर चौरमा चुना हालेर वा छेस्काले कोरेर निम्न कोठा बनाउने ।



- निर्माण गर्नुपर्ने वा अर्थ लगाउनु पर्ने शब्द वा उखान-टुक्का जतिओटा छन् प्रत्येकलाई पछाडि १, २ गर्दै अङ्क दिने ।
- कार्डमा दिएको अङ्क सङ्ख्या देखिने गरी घेराको माझमा राख्ने ।
- विद्यार्थीलाई समूहमा विभाजन गर्ने ( आवश्यकताअनुसार ) ।
- समूहका विद्यार्थीबाट घेराभित्र अङ्कमा पर्ने गरी गोटी हान्न लगाउने ।
- गोटी जुन अङ्कमा पर्छ त्यस अङ्कको प्रतिनिधित्व गर्ने शब्द / उखान-टुक्का शिक्षकले सुनाउने र गोटी हान्न समूहलाई अर्थ भनी वाक्यमा प्रयोग गर्न लगाउने ।
- समूहले अर्थसहित वाक्यमा सही प्रयोग गरेमा प्रत्येकलाई ५ अङ्क दिने । नसकेमा शून्य दिने ।

- सो समूहले नसकेमा अन्य समूहमा प्रश्न राख्ने जुन समूहले भन्छ उसलाई १ अङ्क दिने ।
- कतैबाट पनि नआएमा शिक्षकले अर्थसहित वाक्यमा प्रयोग गरी सुनाउने वा देखाउने ।
- सबै अङ्क घेरामा राखी पालैपालो सबै समूहलाई खेलाउने ।
- प्रत्येक समूहलाई सम्भव भएसम्म सबै अङ्कमा पालैपालो हान्न लगाउने । सम्भव नभएमा शिक्षकले सङ्ख्या तोक्ने ।
- जति सङ्ख्या ( शब्द / उखान-टुक्का ) छन् त्यतिकोठा भएको अङ्क तालिका बनाउने जस्तै - १० वटा शब्द भएमा

| समूह | प्राप्ताङ्क | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| क | | | | | | | | | | | |
| ख | | | | | | | | | | | |
| ग | | | | | | | | | | | |

- जति नं. को शब्द छ त्यसको मुनि अङ्क दिने ।
- घेराभन्दा बाहिर गोटी परे फेरि हान्न लगाउने ।
- जुन समूहले बढी अङ्क ल्याउँछ उसलाई विजय घोषित गर्ने ।
- शिक्षकले चार्टमा हेरी विद्यार्थीले जवाफ दिन नसकेको शब्दलाई विशेष ध्यान दिई अभ्यास गराउने ।

### ६ घटनाक्रम मिलाउने

सम्बन्धित कथाका मुख्य घटनाहरू छ्यासमिस पारी ती मुख्य घटनालाई विद्यार्थीद्वारा सिलसिलाबद्ध रूपमा मिलाउने कार्य गराउने भएको हुँदा निम्नानुसार चरणको प्रयोग गर्नु ठीक हुन्छ

- सम्बन्धित कथाका घटनाक्रमलाई टुक्रे कागजमा लेख्ने । छ्यासमिस पारी फलाटिनपाटी वा भित्तामा टाँस्ने वा छ्यासमिस पारी कालोपाटीमा लेख्ने,
- विद्यार्थीहरूलाई मुख्य घटनालाई कथाको क्रमअनुसार भन्न वा मिलाउन लगाउने,
- कथाको खासखास घटना सुनाइ बाँकी अंश पूरा गर्न लगाउने

### ७ लेखाइसम्बन्धी अभ्यास

विद्यार्थीलाई कक्षाको स्तरअनुसार लेखाइसम्बन्धी निम्न अभ्यास गराउनु उपयुक्त हुन्छ

- हिज्जेका दृष्टिले कठिन शब्द छानी श्रुतिलेखन गराउने,
- एक किसिमको पात्र घटना भएको कथासँग मिल्दोजुल्दो पात्र वा घटना कल्पना गरी कथा लेख्न लगाउने,
- स-साना विषय वा घटना दिई मौलिक रूपमा कथालेखन अभ्यास गराउने

## ८ चित्रपतीको प्रयोगबाट कथाशिक्षण

यस तरिकाबाट शिक्षण गर्दा धेरै प्रभावकारी हुन्छ तर शिक्षण क्रियाकलाप सञ्चालनका लागि शिक्षकले धेरै मिहेनत गर्नुपर्ने हुन्छ । कथालाई समेट्ने गरी चित्रहरू तयार गर्नुपर्दछ वा सङ्कलन गर्नुपर्दछ । चित्रहरू भएर मात्र हुँदैन त्यसलाई राम्रोसँग प्रयोग गर्न पनि सक्नुपर्ने हुन्छ । यसका लागि निम्न तयारी गर्नुपर्दछ

- कथालाई समेट्ने गरी चित्रहरू तयार गर्ने वा सङ्कलन गर्ने ।
- तयार भएका चित्रहरूको क्रम मिलाउने ।
- प्रत्येक चित्रको पछाडि क्रमैले अङ्क राख्ने ।
- चित्रपतीको प्रयोगबाट शिक्षण गर्नु पूर्व अभ्यास गर्ने ।

चित्रपतीको प्रयोग गरी कथाशिक्षण

- शिक्षकले कथा भन्न सुरू गर्ने कथाको प्रसङ्गअनुसार पात्र, विषय र घटना जनाउने चित्रहरू क्रमशः पकेटबोर्डमा राख्दै विद्यार्थीलाई सिलसिला मिलाउँदै देखाउँदै कथा भन्दै जाने ।
- हाउभाउसहित चित्रमा देखिएका कथाका विषय वा पात्रका बारेमा भन्ने वा विद्यार्थीलाई भन्न लगाउने ।
- कथाको निष्कर्ष बताउने वा भन्न लगाउने ।
- १/२ विद्यार्थीलाई बोलाई चित्रको माध्यमले कथा भन्न लगाउने ।
- कथाका चित्रलाई छ्यासमिस पारी राख्ने र कथाको प्रसङ्गअनुसार पकेटचार्टमा चित्रपती राख्दै कथा भन्न विद्यार्थीलाई अभ्यास गराउने ।

नमुना चित्रपती



एकाइ- ११

## कविताशिक्षण

### १ विषय प्रवेश

कविता लयात्मक, भावमय र साङ्गीतिक विधा हो । प्राथमिक तहका विद्यार्थीहरूका लागि रूचिपूर्ण र उपयोगी विधाका रूपमा लिइन्छ । बालबालिकाका लागि कवितालाई विशिष्ट अभिव्यक्तिका रूपमा नलिएर सरल ढङ्गबाट प्रस्तुत गर्नु उपयुक्त हुन्छ । सामान्य किसिमबाट कविताको रसास्वादन गराएमा रूचिपूर्ण हुन्छ । सरल भाषामा लेखिएका कविताहरूको लय, भाव र सङ्गीतले बालहृदयलाई आनन्दित गराउने हुँदा यसको माध्यमबाट शुद्ध उच्चारण तथा पढ्ने बानीको विकास गर्न मद्दत मिल्छ । सुरू तहका वालवालिकाहरू लयबद्ध रूपमा सुन्न र पढ्न रूचाउने हुन्छन् । उनीहरूको पढ्ने अभिरूचि जगाउन यस विधालाई विशुद्ध रूपमा श्रव्य र पठ्यमा नै प्रयोग गर्नु उपयुक्त हुन्छ । यसबाट उच्चारणमा सुधार, शब्दभण्डार तथा रचना सामर्थ्य जस्ता महत्त्वपूर्ण भाषिक सीपहरूको विकास गर्नमा ठूलो मद्दत पुऱ्याउँछ । बालबालिकाको कल्पना शत्ति र सृजनात्मक क्षमताको पनि वृद्धि हुन्छ । यसर्थ कविता शिक्षणवाट विद्यार्थीमा व्यापक दृष्टिकोणको विकास हुने अपेक्षा गर्न सकिन्छ । साना बालबालिकाका लागि पठ्य विधा भएकाले कविताशिक्षणको मुख्य उद्देश्य गति, यति मिलाई लयवद्ध रूपमा सस्वर पठनको अभ्यास गराउनु हो ।

प्राथमिक तहदेखि नै कविता विधा राख्नुको मुख्य प्रयोजन बुँदागत रूपमा निम्नवमोजिम छन्

- गति, यति मिलाई लयवद्ध पठन अभ्यासको विकास गर्न
- शब्दभण्डारको विकास गर्न
- शुद्ध उच्चारण क्षमताको विकास गर्न
- कविताप्रति रूचि र सृजनात्मक प्रकृतिको विकास गर्न
- कल्पनाशत्तिको विकास गर्न

### २ विषयवस्तु

कविता पद्य तथा गद्य दुई प्रकार भए पनि प्राथमिक तहमा पद्यात्मक कविता नै राखिएका छन् । यसर्थ कविता शिक्षण गर्दा लयबद्ध वाचन गराउन, भावबोध गराउन, शुद्ध उच्चारण अभ्यास, प्रश्नोत्तर, सारांश लेखन सीप विकासका लागि सुहाउँदिला क्रियाकलाप सञ्चालन गरी शिक्षण गर्नु उपयुक्त ठहर्छ ।

यसका लागि निम्न क्रियाकलाप गराउनु बढी व्यावहारिक तथा सान्दर्भिक देखिन्छ

#### *१ लयबोध*

शिक्षकले लयबोध अभ्यास गराउँदा गति, यति र लयलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । शिक्षकद्वारा गरिने वाचन लयबद्ध र शुद्ध हुनु नितान्त जरूरी छ । विद्यार्थीहरूलाई पनि यस कुरामा बढी ध्यान

पुऱ्याई अभ्यास गराउनुपर्ने हुन्छ । नेपाली भाषा लेखाइ र बोलाइमा एउटै हुँदैन । यसैकारणले लेखाइलाई ख्याल गरी पठन अभ्यासमा मद्दत पुऱ्याउन लयबोध गराउनुपर्ने हुन्छ । लयबोधका लागि वाचन गराउँदा निम्न चरण अपनाई गर्नु ठीक हुन्छ

- शिक्षकले लय मिलाई आदर्श वाचन गर्ने । विद्यार्थीहरूलाई शिक्षकले वाचन गरेपछि सोहीअनुसार वाचन गर्न लगाउने ।
- सबै विद्यार्थीलाई आदर्श वाचन साथसाथै अनुशरण वाचन गराई सकेपछि समूह वाचन अभ्यास गराउने । यसो गराउँदा लय टिप्न नसक्नेहरूले पनि लय टिप्ने मौका पाउँदछन् ।
- समूह वाचन गराइसकेपछि शिक्षकले व्यक्ति तोकी पालैपालो व्यक्तिगत वाचन गराउने र गति, यति, लय नमिलेमा आफैँले वा जान्ने विद्यार्थीमार्फत् वाचन गराई अभ्यास गराउनु पर्ने हुन्छ ।

२ *शब्दार्थ अभ्यास*

लयबोध अभ्यास अघि वा पछि पाठभित्रको कविता मौन रूपमा पढ्न लगाई कठिन शब्द खोज्न लगाउने र अर्थसहित वाक्यमा प्रयोग अभ्यास गराउनुपर्ने हुन्छ ।

- पाठ मौनरूपमा पठन गराउने ।
- कठिन शब्द टिपोट गर्न लगाउने वा विद्यार्थीले भन्ने र शिक्षकले कालोपाटीमा टिप्ने कार्य गर्ने ।
- कठिन शब्दको अर्थ विद्यार्थी समूहबाट लिन शिक्षकले प्रयास गर्ने । विद्यार्थीले नसकेमा शिक्षक स्वयंले नै शब्दार्थ शिक्षणको तरिका अपनाई अर्थ स्पष्ट पार्ने ।
- उच्चारण गर्न कठिन शब्द भएमा उच्चारण अभ्यास गराउने ।
- शब्दलाई वाक्यमा प्रयोग गर्न अभ्यास गराउने । नमिलेमा शिक्षक स्वयंले सच्याइ दिने वा वाक्यनिर्माण गरी बताउने ।

शब्दार्थ शिक्षण पाठमा बताएअनुसार शब्दार्थ शिक्षण गर्न उपयुक्त हुन्छ । यहाँ एउटा खेल विधिको प्रयोग गरी शब्दार्थ शिक्षण गर्ने प्रयास भएको छ ।

शब्द र उखान-टुक्काको प्रयोग खेललाई पाठभित्रका शब्द र उखान-टुक्काको प्रयोग गरी खेलाउन सकिन्छ । तर यसरी खेल खेलाउँदा निम्न प्रक्रिया अपनाउनु ठीक हुन्छ ।

- पाठभित्रबाट कठिन शब्द वा उखान टुक्का छान्न लगाउने ।
- विद्यार्थीले छान्न नजाने वा नसकेमा शिक्षकले छान्ने ।
- छानेका शब्द वा उखान-टुक्कालाई कागजको टुक्रामा लेखी पट्याएर एउटा भाँडामा राख्ने ।
- विद्यार्थीलाई समूहमा ( विद्यार्थी सङ्ख्याको आधारमा ) बाँड्ने ।
- प्रत्येक समूहलाई समूह छलफलबाट तय भएको अर्थ समूहबाट एकजनाले उत्तर दिन लगाउने ।

- पालो मिचेर अर्को समूहबाट आएको उत्तरलाइ अङ्क नदिने ।
- सोधिएको समूहले भन्न नसके अर्को समूहले भनेमा अङ्क दिने ।
- प्रत्येक समूहले ठीक उत्तर दिएमा १ अङ्क दिने नदिएमा शून्य दिने ।
- अङ्कतालिका निम्नानुसार भर्ने

| चरण | सोधिएको शब्द | आएको अर्थ | समूहले प्राप्त गरेको अङ्क | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समूह "क" | समूह "ख" | समूह "ग" | .......... | .......... |
| पहिलो | | | | | | | |
| दोस्रो | | | | | | | |
| तेस्रो | | | | | | | |
| चौथो | | | | | | | |
| | जम्मा | | | | | | |

- जुन समूहले बढी अङ्क प्राप्त गर्छ सो समूहलाई विजयी घोषित गर्ने ।

यसरी खेलबाट विद्यार्थीलाई शब्दार्थ शिक्षण गराउँदा

- विद्यार्थीहरू रमाइलो मान्छन् ।
- मनोरञ्जनात्मक ढङ्गबाट सिकेका कुरा अर्थपूर्ण र दिगो हुन्छ ।
- विद्यार्थी विद्यार्थीबीच पनि खेलको रूपमा शब्दार्थ शिक्षण गर्दछन् ।
- सबै विद्यार्थीले समान रूपमा सहभागी हुने मौका पाउँछन् ।

*३ भावबोध*

कविताको मूल आशय बुझ्ने काम नै भावबोध हो अथवा कवितामा भन्न खोजेको के हो ? सो कुरा राम्रोसँग बुझेर विद्यार्थीले आफ्नै भाषा शैलीमा व्यक्त गर्नु हो । यसमा कविताको आशय छलङ्ग्याउने काम हुन्छ । लयबोध र शब्दार्थ अभ्यासपछि भावबोधको अभ्यास गराउनु ठीक हुन्छ । भावबोध अभ्यास गराउँदा विद्यार्थीलाई ज्यादै सक्रिय बनाउनुपर्ने हुन्छ । लयबोध र मौन पठन गरी शब्दार्थ अभ्यास भैसकेको हुने हुनाले कविताभित्रबाट सरल र छोटा प्रश्नहरू सोधी प्रश्नोत्तर गराउनु पर्दछ । सोही आधारमा कविताको भाव ठम्याउन लगाउने, कवितासँग सम्बन्धित चित्रहरू भएमा सो चित्र देखाई चित्रका आधारमा भाव ठम्याउन लगाउने कार्य गर्न पनि सकिन्छ । विद्यार्थीहरूलाई कविताभित्रका मुख्य-मुख्य बुँदाहरू टिपोट गराएर कविताको भावार्थ भन्न लगाउने प्रयास गर्नु पर्दछ । छोटकरीमा भन्ने हो भने निम्न चरण अपनाई भावबोध शिक्षण गराउनु उपयुक्त हुन्छ

- कविता राम्रोसँग वाचन गराउने ।
- कविताभित्र भएका कठिन शब्द छानेर भन्न लगाउने ।

- शिक्षकले कठिन शब्दको अर्थ अभ्यास गराउने ( विद्यार्थीबाट सोधेर, विद्यार्थीबाट नआएमा शिक्षकले भनेर वा कालोपाटीमा लेखेर ) ।
- कविताको प्रत्येक हरपले भन्न खोजेको कुरा आफ्नै शैलीमा शिक्षकले भनिदिने वा विद्यार्थीलाई भन्न वा लेख्न लगाउने ।
- विद्यार्थीले भनेको सुनी वा लेखेको हेरी मौखिक रूपमा वा लिखित रूपमा स्पष्ट पार्ने ।

४ *प्रश्नोत्तर*

निर्दिष्ट कविता मौन वा सस्वर पठन गराउने । पठित कविताभित्रबाट विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर मौखिक वा लिखित उत्तर लिनुपर्दछ । कविताको भाव ठम्याउन प्रोत्साहन गर्नका लागि यस क्रियाकलापको उपयोग गर्न सकिने कुरा उल्लेख भैसकेको छ । यसले विद्यार्थीहरूलाई सक्रिय बनाउँछ । पठनबोधात्मक प्रश्न सोध्दा सकेसम्म विभिन्न भाषिक सीप पूरा हुने खालका प्रश्नहरू निर्माण गरी सोध्नुपर्दछ । शिक्षकले मौखिक प्रश्न सोध्दा निम्नकुरामा ध्यान दिनु बेस हुन्छ ।

- कक्षामा प्रश्न सबैका लागि राख्ने ।
- सबै विद्यार्थीलाई प्रश्नको उत्तर सोच्न समय दिने ।
- व्यक्ति वा समूह तोकी उत्तर माग्ने ।

५ *सारांश*

पाठभित्रका कविताका मुख्य-मुख्य बुँदा भन्ने कार्य गराएमा सारांशकथन क्रियाकलाप गराएको हुन्छ भने मुख्य-मुख्य बुँदा लेखन गराएमा सारांशलेखन क्रियाकलाप गराएको हुन्छ । विद्यार्थीहरूको बोलाइ तथा लेखाइ सीप विकासमा यस क्रियाकलापले ठूलो मद्दत पुऱ्याएको हुन्छ ।

६ *कवितालेखन अभ्यास*

प्राथमिक तहका माथिल्ला कक्षाका विद्यार्थीहरूलाई स्तर सुहाउँदो सरल कविताको नमुना दिई सोही आधारमा कविता लेखन अभ्यास गराउन सकिन्छ । कक्षामा तयार गरेका कविताहरूबाट स्वयंलाई कक्षामा भन्न लगाउने कार्य गराउनु पर्दछ । यसबाट बालबालिकाको काल्पनिक शक्ति, सृजनात्मक क्षमता विकास, मिल्दो शब्द छनौट गर्ने सामर्थ्यको अभिवृद्धिका साथै लेखाइ, पढाइ, सुनाइ सीपको विकास गर्नमा मद्दत पुग्छ ।

## एकाइ- १२

## प्रबन्ध

१ पाठ परिचय

बालबालिकाहरूले देखेका, अनुभव गरेका र पढेका कुराहरू सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न लगाउने मुख्य उद्देश्य प्रबन्ध विधाले राखेको छ । विभिन्न विषय क्षेत्रसँग सम्बन्धित शब्दभण्डारको विकास गर्न तथा अभिव्यक्ति बोधको अभ्यासका लागि र पठनबोधका लागि प्रबन्ध शिक्षण उपयोगी ठहरिन्छ । विद्यालय तहमा प्रबन्ध राखिनुको मूल उद्देश्य विद्यार्थीमा कुनै पनि वस्तुबारे वस्तुपरक रूपमा अभिव्यक्त गर्ने र बोध गर्ने क्षमताको विकास गर्नु हो । आफ्ना विचारलाई सङ्गठित रूपले प्रस्तुत गर्न सिकाउने र प्रबन्धको विषय जुनसुकै विषयक्षेत्रसँग पनि सम्बन्धित हुने हुँदा यसबाट बालबालिकाहरूमा शब्द भण्डार वृद्धिका लागि विचारको सङ्गठन, प्रस्तुतीकरण, वाक्यगठन, अनुच्छेद गठनका कारणले प्रबन्धको प्रयोजन उच्च रहेको छ ।

प्रबन्ध अन्य विधाभन्दा प्रौढ र खँदिलो तथा बौद्धिक अभिव्यक्ति हो । यसैकारण पठनबोधको अभ्यासका लागि प्रबन्ध बढी उपयुक्त विधा मानिन्छ । प्रबन्धलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै शब्दोच्चारण, हिज्जे तथा अन्य भाषिक संरचनात्मक अनुभवका लागि पनि उपयोग गर्न सकिन्छ ।

प्रबन्ध शिक्षणका केही प्रयोजन बुँदागत रूपमा तल देखाइएका छन्

- पढेका, देखेका, अनुभव गरेका कुराहरूलाई श्रृङ्खला मिलाई लिखित रूपमा वर्णन गर्न ।
- विचारलाई सङ्गठित रूपमा प्रस्तुत गर्न ।
- मौलिक रूपमा प्रबन्धको रचना गर्न ।
- शब्दभण्डारको वृद्धि गर्न ।
- पठनबोध अभ्यास बढाउन ।

२ विषयवस्तु

प्रबन्ध रचना गर्न सिकाउँदा आवश्यकतानुसार बुँदा उपलब्ध गराएर, खाली ठाउँ भर्ने गरी मुख्य-मुख्य वाक्यहरू दिएर र शीर्षक मात्र दिएर रचना गर्न लगाउने स्वतन्त्र लेखनको उपयोग गर्न सकिन्छ ।

प्रबन्ध विधा शिक्षणका लागि उपयोगमा ल्याउन सकिने मुख्य-मुख्य क्रियाकलापहरू निम्नानुसार छन्

*१ मौखिक वर्णन*

विद्यार्थीले देखे, सुनेका वा अनुभव गरेका खास वस्तुको आकार-प्रकार, कार्य महत्त्व आदिका बारेमा मौखिक रूपमा वयान गर्न लगाउने कार्यलाई मौखिक वर्णन भनिन्छ । विद्यार्थीले उपभोग गरेका गाउँघरमा देखेका वस्तुहरूको आकार-प्रकार, कार्य महत्त्व आदि बारे भन्न लगाउने अभ्यास गराउनु राम्रो हुन्छ । प्रबन्धको शीर्षक वा विषयवस्तु विद्यार्थीको स्तरअनुसार हुनुपर्दछ । विषयवस्तु

वा प्रवन्धका लागि छनौट भएका वस्तुको बारेमा क्रमिक रूपमा भन्न लगाउनुपर्दछ । यसका लागि निम्नानुसार कार्य गर्न सकिन्छ -

- विद्यार्थीलाई कक्षा कोठाको चारैतिर हेर्न लगाउने र देखेका वस्तुमध्ये कुनै एउटाको नाम भन्न लगाउने ।

  वा

  विद्यार्थीहरूलाई आफ्नो गाउँघरका वस्तु वा जनावरको नाम भन्न लगाउने ।
- विद्यार्थीबाट आएको नाम कालोपाटीमा टिप्दै जाने ।
- विद्यार्थीले भनेअनुसार कालोपाटीमा टिपोट गरिएको बुँदामा उनीहरूलाई के थाहा छ सोबारे क्रमिक रूपमा मौखिक वर्णन गर्न लगाउने ।
- वर्णन गर्न छुट भएका कुरा अन्य विद्यार्थीबाट भन्न लगाउने ।
- विद्यार्थीले वर्णन गर्दा सहयोगको आवश्यकता परेमा शिक्षकले सहयोग गर्ने ।

यसरी वर्णन गर्न लगाउँदा निम्न वस्तुहरू उपयोग गर्नु ठीक हुन्छ

- विद्यार्थीले खाएका खानेकुराको बारेमा ।
- विद्यार्थीले प्रयोग गरेका वस्तुहरूका बारेमा ( कपडा, खेल्ने सामान, किताब आदि ) ।
- कोठाभित्र भएका वस्तुहरू (कालोपाटी, झ्याल, ढोका, फर्निचर, अन्य सामग्री आदि) का बारे ।
- घर पालुवा जनावर वा चराचुरुङ्गी आदिका बारे ।

### २ *लिखित वर्णन*

लिखित रूपमा कुनै पनि विषयको वर्णन गर्नु नै लिखित वर्णन हो । माथि मौखिक वर्णन क्रियाकलापअन्तर्गत उल्लेख भएका विषयवस्तु माथि लिखित रूपमा वर्णन गराउन लगाएर नै लिखित वर्णन क्रियाकलाप गर्न सकिन्छ । लिखित वर्णन गर्न लगाउनु अघि सोका बारेमा शिक्षकले वर्णन गरिदिनु पर्दछ । प्रबन्धलेखनका लागि लिखित सामग्री भएमा वा पाठभित्रका सामग्री भएमा पाठका कठिन शब्दको अर्थ र वाक्य प्रयोग शिक्षण गराउनुपर्छ । शब्दार्थ शिक्षणपछि मात्र विद्यार्थीको ज्ञानस्तरअनुसार विषय शीर्षक दिई प्रबन्ध लेखन अभ्यास गराउनु बेस हुन्छ । प्रबन्ध लेखन सीप विकास गर्न सुरूमा निर्देशात्मक प्रबन्ध लेखन ( खाली ठाउँ भर्न लगाएर, बुँदाका आधारमा ) अभ्यास गराउनु पर्दछ ।

- पाठभित्रको प्रबन्ध भएमा सो प्रबन्धका बारेमा शिक्षकले लिखित सामग्री पढेर वा मौखिक सुनाउने ।
- विद्यार्थीलाई मौन वा सस्वर पठन गर्न लगाई कठिन शब्द टिप्न लगाउने ।
- विद्यार्थीलाई कठिन लागेका शब्द कालोपाटीमा टिपी विद्यार्थीहरूलाई कठिन शब्दको अर्थ र वाक्यमा प्रयोग गर्न अभ्यास गराउने ।

- पाठको प्रबन्ध पढी सोही शीर्षकमा स्वतन्त्र लेखन अभ्यास वा शिक्षकले बुँदा दिई सोही बुँदाका आधारमा निर्देशित प्रबन्ध लेखन अभ्यास गराउनु ठीक हुन्छ । तर यसरी लेखन गराउँदा पहिला निर्देशित लेखन गराई अनि स्वतन्त्र लेखन अभ्यास गराउनु बेस हुन्छ ।

निर्देशित लेखन अभ्यास गराउँदा माथि क्रियाकलाप नं. १ मा उल्लेख भएका विषयवस्तुभित्रको विषयलाई लिनु पर्दछ । निर्देशित लेखन सुरूमा खाली ठाउँ भर्न लगाएर त्यसपछि बुँदा दिएर गराउन उपयुक्त हुन्छ ।

*क) खाली ठाउँ भर्न लगाएर*

गाई ............. हो । गाईका ................. सिङ हुन्छ । गाईका ........... आँखा हुन्छन् । गाईको ............ पुच्छर हुन्छ । गाई ...................................... रङ्गको हुन्छ । गाईले ................ खान्छ । गाईले ................ दिन्छ । दूध .......... हुन्छ । दूधबाट .............. बन्छ । दहीबाट मही र घिउ बन्छ ।

*ख) बुँदाको आधारमा लेखन गराएर*

- गाई घरपालुवा जनावर ।
- गाई दुई आँखा, दुई कान, नाक, पुच्छर, चार खुट्टा भएको जनावर ।
- गाई घाँस लगायत विभिन्न खानेकुराहरू खाने शाकाहारी जनावर ।
- गाई दूध दिई सेवा गर्ने ।
- यसको गोबर, हाड, छाला आदि पनि उपयोगी हुन् ।
- हिन्दुहरूले यसको पूजा गर्ने ।

यसरी निर्देशित लेखन अभ्यासपछि स्वतन्त्र लेखन अभ्यास गराउनु पर्दछ । स्वतन्त्र प्रबन्ध लेखन अभ्यास गराउनु अघि सो शीर्षकमा शिक्षकले मौखिक वर्णन गरिदिनु बेस हुन्छ ।

*३ प्रश्नोत्तर*

सम्बन्धित पाठका आधारमा विद्यार्थीलाई प्रश्न सोधेर त्यसको उत्तर मौखिक वा लिखित दिन लगाउनु प्रश्नोत्तर हो ।

बालबालिकाहरूलाई विभिन्न किसिमले प्रश्नोत्तर अभ्यास गराउन सकिन्छ । जस्तै

- शिक्षकले तोकिएको प्रबन्धको सस्वर वाचन गरी विद्यार्थीलाई सुनाउने र सुनेका आधारमा जवाफ दिन श्रुतिबोधात्मक प्रश्नोत्तर गर्ने ।
- प्रबन्धको सस्वर वा मौन पठन गर्न लगाई विषयवस्तुका बारेमा मौखिक वा लिखित प्रश्नोत्तर गराउने ।

- विद्यार्थीहरूलाई सम्बन्धित पाठभित्रबाट पहिला नै प्रश्न दिई पाठको सस्वर वा मौन पठनपछि उत्तर मौखिक वा लिखित दिने गरी प्रश्नोत्तर गराउन सकिन्छ ।

यसरी प्रबन्ध शिक्षणमा प्रश्नोत्तर गराई प्रबन्धको आशय ठम्याउन विद्यार्थीलाई प्रोत्साहित गर्दा कक्षामा विद्यार्थीको सहभागिता बढ्छ । प्रश्नोत्तरबाट सिकाउन खोजिएको कुरा सिकाउन सजिलो हुन्छ । विद्यार्थीहरू कलिला उमेरका हुने भएकाले एकै पटक प्रबन्ध जस्तै गहन विषय स्वतन्त्र लेखन गराउनु उचित हुँदैन । निम्नानुसार लेखन अभ्यास बढाउँदै जानु ठीक हुन्छ

- अनुच्छेदभित्रका मुख्य घटना वा विषय खाली छोडी सो भर्न लगाई अनुच्छेद लेखन गराउने ।
- बुँदा वा सङ्केत दिई सो ठाउँमा भर्न लगाई अनुच्छेद लेखन गराउने ।
- विषयवस्तु / शीर्षकसम्बन्धी विभिन्न प्रश्न दिने । प्रश्नको उत्तरलाई शृङ्खला मिलाई राख्न लगाएर अनुच्छेद लेखन गराउने ।
- चित्र दिएर चित्रको आधारमा चित्रको वस्तुमाथि अनुच्छेद लेखन गराउने ।
- प्राँणी, वस्तु, दृश्य वा अनुभवसँग सम्बन्धित विषय शीर्षकमा सिलसिला मिलाएर स्वतन्त्र रूपमा सरल प्रबन्ध लेखन गराउने ।

# एकाइ - १३

## जीवनी

### १ पाठपरिचय

भाषा पाठ्यपुस्तकमा जीवनी राखिनुको मुख्य उद्देश्य व्यक्तिका जीवन चरित्रसँग परिचित गराएर तदनुकूल विद्यार्थीको मनोवल बढाउनु हो । प्राथमिक विद्यालयस्तरमा जीवनी विधालाई मुख्य गरी पाठ्य विषयसँग सम्बन्धित गराएर शिक्षण गर्नु ठीक हुन्छ । जीवनी भन्नाले कुनै व्यक्तिको जीवनसँग सम्बन्धित वृतान्त हो । जीवनीका लागि  छनौट भएका महान व्यक्तिहरूको असल गुणहरू अवलम्वन गरी सोहीअनुसार विद्यार्थीको आचरण र व्यवहारमा परिवर्तन ल्याउन यसले मद्दत पुऱ्याउने विश्वास लिइन्छ । जीवनीमा व्यक्तिका तथ्यपरक घटना तथा विभिन्न मोडहरूको बारेमा उल्लेख गरिने हुनाले शिक्षण-सिकाइमा यसले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

जीवनी विधा प्रेरणा र हौसला दिने विधा हो । तथ्यपरक हुने हुँदा अन्य विधाभन्दा बढी रोचक हुन्छ । यसको रोचक र उत्साहप्रद पृष्टभूमीले गर्दा भाषाका विभिन्न सीप सिक्नमा विद्यार्थीहरूलाई प्रेरित बनाउँछ । त्यसैले भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित भाषिक सीपको विकासमा यो विधा ज्यादै उपयुक्त छ ।

जीवनी विधा गद्य विधा भएकाले यस विधाबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइअन्तर्गत श्रुतिवर्णन, सस्वर पठन, प्रश्नोत्तर, सारांश कथन, सारांश लेखन, मुख्य घटना टिपोट, श्रुतिलेखन, उच्चारण, शब्दार्थ, पठनबोध, लिखित रचना, व्याकरणका अभ्यास आदि विकासका साथै विद्यार्थीको आत्मवल बढाइ चारित्रिक विकास गर्नमा सहयोग पुऱ्याउँछ ।

जीवनी विधाको मुख्य प्रयोजन यसप्रकार छ

- पठनबोधको विकास गर्न ।
- चारै भाषिक सीपको विकास गर्न ।
- मुख्य-मुख्य बुँदा टिप्ने बानी विकास गर्न ।
- शब्दभण्डार वृद्धि गर्न ।
- सारांश कथन र लेखन सीपको विकास गर्न ।
- महान व्यक्तिका कार्यहरूको अनुसरण गर्ने बानी विकास गरी व्यक्तित्व विकास गर्न

जीवनी विधाको उद्देश्य प्राप्तिका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । शिक्षणका लागि उपयोगमा ल्याउन सकिने प्रमुख क्रियाकलापहरू तिनका चरणहरू निम्नबमोजिम वर्णन गरिएकोछ

*१ पठनबोध*

विद्यार्थीहरूलाई जीवनी भित्रका खास-खास अनुच्छेद मौन रूपमा पढ्न लगाउनुपर्छ । विद्यार्थीले मौन पठन गर्दा बसाइ तरिका ठीक छ, छैन, मुख नचलाई पढेका छन् वा छैनन्, आँखा र पाठ्यपुस्तकको दूरी ठीक छ वा छैन जस्ता कुरालाई शिक्षकले ध्यान दिनुपर्दछ । खास-खास

छानिएका पाठवाट मौन पठन गराइ सकिएपछि बोध भए नभएको जाँच्नका लागि बोध प्रश्न सोधी लिखित वा मौखिक उत्तर दिन लगाउनुपर्दछ । शिक्षकले पठनबोध गराउने अनुच्छेद छनौट गरिसकेपछि मौन पठन गराउनु अगाडि नै सो अनुच्छेद भित्रबाट विद्यार्थीको स्तर सुहाउँदा प्रश्नहरू निर्माण गरिसक्नु पर्दछ ।

## २ *शब्दार्थ तथा वाक्यमा प्रयोग*

विद्यार्थीहरूमा शब्दभण्डार क्षमता बढाउन जीवनी विधाभित्र रहेका कठिन शब्द तथा उखान टुक्का विद्यार्थीलाई पाठको मौन वा सस्वर पठन गर्न लगाई टिपोट गर्न लगाउने कार्य गर्नु पर्दछ । शब्दार्थ शिक्षण पाठअन्तर्गत बताइएअनुसार शब्दार्थ तथा उखान टुक्काको अर्थसहित वाक्यमा प्रयोग अभ्यास गराउनु पर्दछ किनकि विद्यार्थीहरू शब्दको सही अर्थमा प्रयोग गर्न सक्दछन् । यसले बोध र अभिव्यक्तिमा सक्षम बनांउँछ । शब्दार्थ शिक्षणमा प्रयोग विधिका साथै कथा शिक्षणका क्रियाकलाप नं. ५ मा उल्लिखित विधिबाट पनि शब्दार्थ शिक्षण गराउन सकिन्छ ।

## ३ *सस्वर पठन*

शिक्षकले जीवनी विधाअन्तर्गतका खास-खास अनुच्छेद सस्वर पठन गराउन लगाउनु पर्दछ । सस्वर पठन गराउँदा निम्न कुरामा शिक्षकले ध्यान पुऱ्याई विद्यार्थीले गरेनगरेको हेर्नुपर्दछ ।

- गति, यति मिलाई पढेनपढेको ।
- चिन्हको विचार पुऱ्याई पढेनपढेको ।
- हाउभाउ प्रदर्शन गरी पढेनपढेको ।
- भावअनुसार पढेनपढेको ।

## ४ *श्रुतिवर्णन*

शिक्षकले कुनै घटना, प्रसङ्ग वा विषयवस्तुको वर्णन विद्यार्थीलाई सुनाई उक्त सुनेका कुराहरूलाई विद्यार्थीहरूले आफूले सम्झेका आधारमा सिलसिला मिलाइ लेख्न वा मौखिक वर्णन गर्न लगाउनु नै श्रुतिवर्णन हो । यसले सुनेर सम्झन सक्ने क्षमताको विकास गर्दछ ।

## ५ *हिज्जे शुद्धि*

शिक्षकले जीवनी पाठवाट अनुच्छेद छनौट गर्ने । पाठमा प्रयोग भएका हिज्जे तथा पद सङ्गति बिगारी कालोपाटीमा लेखिदिई विद्यार्थीलाई शुद्ध गर्न लगाउने कार्य गर्नु पर्दछ ।

## ६ *मुख्य-मुख्य घटनाको टिपोट*

सम्वन्धित पाठमा उल्लिखित व्यक्तिका जीवनीमा घटेका मुख्य-मुख्य घटनाहरू उक्त पाठका आधारमा विद्यार्थीहरूलाई टिप्न लगाउन सकिन्छ । यस सन्दर्भमा शिक्षक आफूले शिक्षक-सामग्रीको रूपमा पनि जीवनीका घटनाहरू टिपी कालोपाटी वा फलाटिनपाटीमा राखी विद्यार्थीहरूलाई देखाउन र त्यस सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल्न सकिन्छ । यसै गरी विद्यार्थीहरूले कक्षामा टिपेका मुख्य घटनाहरूलाई टिपोट गरी परस्परमा तुलना गर्दै आवश्यक थपघट पनि गर्न लगाउन सकिन्छ । यो क्रियाकलापबाट अक्षर सफासँग लेख्ने बानी विकास हुन्छ,

मुख्य मुख्य घटनालाई शृङ्खला मिलाई लिखित रूपमा वर्णन गर्ने बानीको विकासका साथै नयाँ नयाँ शब्दहरूको प्रयोग गर्ने सीप विकासमा मद्दत पुऱ्याउँछ ।

उदाहरणार्थ, मेरो नेपाली किताब कक्षा ५ मा रहेको यी अमर सन्ततिहरू नामक जीवनी-विधाबाट पासाङ ल्हामु सेर्पाको जीवनीका मुख्य-मुख्य घटनाको टिपोट यसरी गर्न सकिन्छ ।

- पासाङ ल्हामु सेर्पा सगरमाथाको चुचुरोमा पुग्ने पहिलो नेपाली महिला ।
- यिनी २०१७ सालमा सोलुखुम्बुमा जन्मेकी ।
- यिनी निकै साहसी र आँटिली ।
- सानैदेखि यिनमा पर्वतारोहणको सोख ।
- पर्वतारोहणमा तालिम पनि लिएकी ।
- यिनी विवाहित र यिनका दुइ छोरी र एक छोरा ।
- नेपाली पुरुषजस्तै महिलाहरू पनि समर्थ छन् भन्ने विश्वास ।
- चोथो पटकको आरोहणमा चुचुरोमा पुग्न सपल ।
- चुचुरोमा पुगेर फर्कदा प्रतिकूल मौसम ।
- खराब मौसमको कारणले उनको मृत्यु ।
- नेपालीहरू दुखित ।
- इतिहासमा यिनको नाम अमर ।
- मृत्युपछि धेरै पुरस्कारले सम्मानित ।
- नेपालकी राष्ट्रिय विभूति ।

यसै गरी नारायणगोपालको जीवनीबाट पनि मुख्य-मुख्य घटनाको टिपोट गर्न लगाउन सकिन्छ ।

*७ सारांश कथन / लेखन*

सम्बन्धित जीवनीका आधारमा सम्बन्धित व्यक्तिको मुख्य-मुख्य घटनाहरूलाई भन्न लगाउनु सारांशकथन हो भने सोही किसिमका घटनालाई मिलाएर संक्षिप्त वृत्तान्त लेख्न लगाउनु सारांशलेखन हो । यस क्रियाकलापबाट जीवनीका मुख्य-मुख्य कुरा ठम्याउने हुनाका साथै बोलाइ तथा लेखाइ सीपको अभ्यासमा पनि मद्दत पुग्छ । यो क्रियाकलाप मौखिक रूपमा गराउँदा कुनै पनि विषय वा वस्तुकाबारेमा मुख्य-मुख्य कुरा नछुटाई शृङ्खला मिलाई बोल्ने बानीको विकास हुन्छ भने लिखित रूपमा गराउँदा मुख्य-मुख्य बुँदा नछुटाई लेख्ने बानीको विकास हुन्छ । सारांश लेखन वा कथनसम्वन्धमा माथि अन्य पाठमा पनि चर्चा भैसकेकोछ । हामीले निम्न कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ

- विद्यार्थीको स्तरलाई ध्यानमा राखी विषयवस्तु छनौट गर्नुपर्दछ ।
- त्यस पाठभित्र कठिन शब्द भएमा शब्दको अर्थ र वाक्यमा प्रयोग अभ्यास गराउने ।
- मुख्य-मुख्य बुँदाहरू के-के हुन सक्लान् छलफल गर्ने ।
- विद्यार्थीलाई सम्वन्धित पाठ पढ्न लगाउने ।

- मुख्य-मुख्य बुँदाहरू टिपोट गर्न लगाउने ।
- टिपिएका बुँदालाई क्रमबद्ध रूपमा लेख्न वा भन्न लगाउने ।
- गल्ती भएमा शिक्षकले सच्याई दिने ।
- सारांश सम्बन्धित पाठको एक तृतीयांश हुनुपर्ने कुरा बताउने ।

उदाहरणका लागि मेरो नेपाली किताब, कक्षा ५ को यी अमर सन्ततिहरू नामक जीवनी विधामा आधारित पासाङ ल्हामु सेर्पाको जीवनीको सारांश यसप्रकार छ -

सगरमाथाको चुचुरामा पाइला टेक्ने पहिलो महिलाको नाम पासाङ ल्हामु सेर्पा हो । वि. सं. २०१७ सालमा जन्मेकी यिनी निकै साहसिली र आँटिली महिला थिइन् । सानैदेखि यिनमा पर्वतारोहणको सोख थियो । यिनले यसमा तालिम पनि लिइन् । नेपाली महिला पनि पुरुषजस्तै समर्थ छन् भन्ने देखाउन यिनले सगरमाथा चढिछाड्ने प्रतिज्ञा गरिन् । यिनले धेरैपटक कोसिस गरेपछि वि. सं. २०५० साल बैशाखमा सगरमाथा-शिखरमा पाइलो टेकिन् । यसरी सगरमाथा विजयको भन्डा फहराएर फर्कदा खराब मौसमको कारण यिनको मृत्यु भए पनि पर्वतारोहणको इतिहासमा अमर बनेकी प्रथम सगरमाथा आरोही महिला पासाङ मृत्युपछि विभिन्न पुरस्कारद्वारा सम्मानित भएकी छन् । उनी नेपालीकी विभूति पनि हुन् ।

विद्यार्थीहरूलाई यस किसिमको सारांश फलाटिनपाटी तालिकामा प्रस्तुत गरी देखाएर उनीहरूलाई त्यसरी नै भन्न वा लेख्न लगाउन सकिन्छ । यसरी सारांशकथन, लेखन सिकाउँदा उनीहरूलाई मुख्य-मुख्य बुँदाको मुन्तिर धर्को तान्न लगाउनु वा बुँदा टिप्न लगाउनु बेस हुन्छ ।

### ८ *प्रश्नोत्तर*

सम्बन्धित जीवनीका आधारमा विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर तिनको मौखिक वा लिखित उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यो जीवनी-शिक्षणमा उपयोग गरिने मुख्य घटनाको टिपोट, सारांशजस्ता विभिन्न क्रियाकलापलाई समेत सहयोग पुऱ्याउने क्रियाकलाप हो । जीवनी-शिक्षणमा प्रश्नोत्तर गराई जीवनीका मुख्य घटना वा संक्षिप्त वृत्तान्त टिपोटजस्ता कार्यमा विद्यार्थीलाई प्रोत्साहित गर्दा कक्षामा विद्यार्थीहरूको सहभागिता पनि बढ्छ । यसै सन्दर्भमा सम्बन्धित व्यक्ति र उनको जीवनका घटनाहरूसँग सम्बन्धित चित्रहरूको उपयोग हुन सक्यो भने त्यसबाट विद्यार्थीहरू निकै अभिप्रेरित हुन जान्छन् । यसका साथै प्रश्नोत्तरबाट शिक्षकले विद्यार्थीलाई आफूले बुझाउन चाहेको कुरा पनि बुझाउन सजिलो हुन्छ । यति मात्र होइन, लिखित अभिव्यक्ति सिकाउँदा पनि प्रश्न गरेर त्यसमा प्राप्त उत्तरलाई सिलसिला मिलाई अनुच्छेद तयार गर्न सिकाउन सकिन्छ । यसैले प्रश्नोत्तर-शिक्षणमा उपयोगी हुने उपयुक्त क्रियाकलाप प्रस्तुत प्रश्नोत्तर-क्रियाकलापका लागि हुने प्रश्नहरूको उदाहरण दिने सन्दर्भमा कक्षा ५ को यी अमर सन्ततिहरू नामक जीवनीमा आधारित प्रश्नहरू यस प्रकार छन् -

- नेपाललाई किन विश्वको छानो भनिएको हो ?
- सगरमाथाको चुचुरोमा पाइला टेक्ने पहिलो महिला को हुन् ?
- पासाङलाई वीराङ्गाना किन भनिन्छ ?
- नारायणगोपाल को हुन् ?

- नारायणगोपाललाई किन स्वरसम्राट भनिएको हो ?
- नारायणगोपालका गीतले मुटु छुनाका कारणहरू के-के हुन् ?

यसै गरी प्रश्नोत्तरको सन्दर्भमा कुनै अनुच्छेद पढ्न दिई त्यसका आधारमा प्रश्नोत्तर गराउन तलका उदाहरणमा दिएजस्तै बोध-प्रश्नहरूको पनि उपयोग गर्न सकिन्छ-

अनुच्छेद

सगरमाथा-विजयको भन्डा फहराएर फर्कंदा प्रतिकूल मौसमसँग लड्दालड्दै वीराङ्गना पासाङले सधैंका लागि हामीलाई छाडेर गइन् । यो क्षण नेपाली जनताका लागि हाँसो र आँसुको क्षण बन्न पुग्यो । पासाङ मरे पनि अमर बनिन् । नेपालको पर्वतारोहणको इतिहासमा उनको नाम स्वर्णअक्षरले लेखिएको छ ।

प्रश्नहरू

१) सगरमाथामा विजयको भन्डा फहराएर फर्कने को हो ?
२) पासाङले सधैंका लागि किन छाडेर गइन् ?
३) कस्तो क्षण नेपालीहरूको लागि हाँसो र आँसुको क्षण बन्यो ?
४) पासाङ किन अमर बनिन् ?
५) पर्वतारोहण भनेको के हो ?
६) कसको नाउँ पर्वतारोहणको इतिहासमा सुनौला अक्षरले लेखिएको छ ?

# एकाइ - १४

## रूपक

१ पाठपरिचय

कुनै पनि विषयवस्तु वा घटनालाई हाउभाउद्वारा प्रदर्शन गरिने गरी तयार गरिएको रचनालाई रूपक भनिन्छ । रूपक कथ्य भाषासँग सम्बन्धित भएकाले मौखिक अभिव्यक्तिको माध्यमले व्यक्तिका भावना चरित्र आदिको प्रदर्शन यसका माध्यमबाट गरिन्छ । रूपक नाटकीकरण वा अभिनयात्मक पक्षसँग सम्बन्धित छ ।

प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई मौखिक अभिव्यक्तिगत ढाँचाअनुरूप उपयुक्त परिस्थितिअनुसार हाउभाउपूर्ण ढङ्गबाट अङ्ग सञ्चालन गरी विचारको प्रस्तुतीकरण र व्यवहार गर्न कुशल बनाउन, अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्न, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्न, तार्किक क्षमताको विकास गर्ने प्रयोजनका लागि प्राथमिक तहका विद्यार्थीहरूमा अभिवादन, आभार, कुराकानी, छलफल, सम्वाद, वादविवाद, अन्तरवार्ता, नाटकीकरण, भूमिका अभिनय आदि क्रियाकलापका विषयवस्तुबाट माथि उल्लिखित सीप विकास गर्ने उद्देश्यले रूपक विधा राखिएकोछ । छोटकरीमा भन्ने हो भने निम्नप्रयोजनका लागि रूपक विधा राखिएकोछ -

- विद्यार्थीहरूमा सिर्जनात्मक र तार्किक क्षमताको विकास गर्न ।
- भाषाको मौखिक अभिव्यक्ति शुद्ध रूपले गर्न ।
- अरूले गरेका भाषिक व्यवहारको अनुकरण गर्न ।
- अभिनयात्मक भाषिक व्यवहारमा बानी बसाल्न ।
- परिस्थितिअनुसार सुहाउँदो हाउभाउ, चेष्टा, मुखमुद्रा गरी अभिनयात्मक ढङ्गबाट परिस्थितिअनुसार बोल्न सक्ने बनाउन ।

२ विषयवस्तु

रूपक विधाअन्तर्गत प्राथमिक तहमा सम्वाद र वादविवाद उप-विधाहरू राखिएकाछन् । सम्वाद भन्नाले कुनै पनि खास विषयमा दुई वा सोभन्दा बढी व्यक्तिहरूकोबीच हुने वार्तालाप ( कुराकानी, छलफल ) हो । यस्तो वार्तालापमा सहभागी व्यक्तिहरूले आफ्ना-आफ्ना विचार प्रस्तुत गर्ने र वैचारिक फाटो नहुने हुँदा अन्तमा मिलनमा पुगेर टुङ्गिने हुन्छ । वादविवादमा भने दुई वा दुईभन्दा बढी जति मानिस भएपनि पक्ष विपक्षमा विभाजित भएका हुन्छन् । एक पक्षले राखेका तर्कहरू अर्को पक्षले खण्डन गरी आफ्ना तर्कहरू प्रस्तुत गर्ने कार्य भएको हुन्छ ।

पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रममा रूपक विधाअन्तर्गत अभिवादन, आभार, क्षमा, कुराकानी, छलफल, सम्वाद, वादविवाद, अन्तरवार्ता, भूमिका अभिनय र नाटकीकरणलाई विषयवस्तुका रूपमा राखिएकाछन् । यसमा अभिवादन, आभार, क्षमा, भेटघाट, कुराकानी छलफल आदिमा समयानुसार प्रयोग गरिने सीपहरू हुन् । सम्वाद शिक्षणभित्र कुराकानी र छलफल पर्दछन् । तसर्थ रूपक विधा शिक्षणका लागि निम्न शिक्षण क्रियाकलापहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ -

## ९ *सम्वाद शिक्षण*

सम्वाद भन्नाले दुई वा दुईभन्दाबढी व्यक्तिबीचको कुराकानी हो । कुराकानी वा छलफलको खास उद्देश्य हुन्छ । उद्देश्यका बारेमा मिलनविन्दुमा पुग्न आ-आफ्ना दृष्टिकोणहरू एक अर्कामा राखिन्छन् । निष्कर्ष वा मिलनमा पुऱ्याएर विषयलाई टुङ्ग्याइएको हुन्छ ।

सम्वाद शिक्षण गराउँदा निम्न कुरामा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ

- पाठ्यपुस्तक बाहिरबाट सम्वाद गराइने हो भने विषयवस्तुको छनौट ।
- सम्वादमा प्रयोग भएका सहभागी सङ्ख्यामा मिल्ने गरी विद्यार्थीहरूलाई भूमिका निर्वाह गर्ने जिम्मेवारी तोक्ने ।
- विद्यार्थीलाई भूमिका निर्वाह गर्न लगाउने ।
- सही तरिकाबाट भूमिका निर्वाह नभएमा सुधार गर्ने ।
- सम्पूर्ण विद्यार्थीलाई सहभागी बनाउने ।

पाठ्यपुस्तकमा दिइएका सम्वाद शिक्षण गर्दा निम्नचरणहरू अपनाउनु उपयुक्त हुन्छ -

- पाठभित्र भएका कठिन शब्दको अर्थ र प्रयोग गराउने ।
- शिक्षकद्वारा आदर्श पाठ गर्ने ।
- पाठको भूमिकाबमोजिम विद्यार्थीको समूह विभाजन गर्ने ।
- समूहद्वारा तोकिएको भूमिका सस्वर पठन गर्ने ।
- शिक्षकले कमी कमजोरी भए हटाउन पृष्ठपोषण दिने ।
- पुनः सस्वर वाचन अभ्यास गराउने ।
- कक्षामा सम्वाद पाठको अभिनय अभ्यास गराउने ।

विद्यार्थीहरूमा सम्वाद सीपमा दक्षता वृद्धि गर्न पाठ्यपुस्तकमा दिइएकाबाहेक अन्य क्रियाकलाप पनि गराउनु पर्ने हुन्छ । यसका लागि निम्न व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

- बालपत्रिका वा अन्य पुस्तकमा भएका सम्वादलाई उपयोगमा ल्याई सम्वादमा अभ्यास गराउने ।
- शिक्षकले निर्देशित सम्वाद लेखन अभ्यास गराउने ।
- स्वतन्त्र सम्वाद लेखन अभ्यास गराउने ।
- विद्यार्थीबाट तयार भएको स्तरीय सम्वाद छनौट गरी नाटकीकरण अभ्यास विद्यार्थीहरूबाट गराउने ।

उदाहरणका लागि निर्देशित सम्वाद लेखन अभ्यास निम्न तरिका अपनाई गराउन सकिन्छ -

| बसपार्क | टिकट काट्ने कर्मचारी |
| --- | --- |
| विराटनगर जानका लागि टिकट माग्नुहोस् । | कतिओटा चाहिने सङ्ख्या सोध्नुहोस् । |
| चाहिने सङ्ख्या बताउने । | एकतर्फी / दुईतर्फी ( जाने / फर्कने ) के हो सोध्ने |
| एकतर्फी/दुईतर्फी के को आवश्यकता उत्तर दिने | टिकटभाडा माग्ने |
| भाडा दिने | टिकट दिने |
| टिकट चेक गरी बस नं. छुटेको जानकारी दिने | क्षमायाचना माग र सच्याइएको टिकट दिने |

माथि प्रस्तुत निर्देशन जस्तै अन्य विषयवस्तु राखी निर्देशन तयार गर्ने र सोही सङ्ख्यामा कोठा बनाई भर्न लगाउने । निर्देशन तयार गर्दा कार्डबोर्ड/न्युजप्रिन्ट नभएमा कालोपाटीमा पनि तयार गर्न सकिन्छ ।

| | |
| --- | --- |
| दाइ ! विराटनगर जानका लागि टिकट छ ? | छ । कतिओटा ? |
| दुईओटा दिनुहोस् । | .................................... |
| .................................... | .................................... |
| .................................... | .................................... |

शिक्षकले विद्यार्थीलाई अभ्यस्त बनाउन धेरैपटक यो अभ्यास गराउनु पर्ने हुन्छ । तयार भएको सम्वादलाई विद्यार्थीको समूहमा प्रस्तुत गर्न लगाउनु पर्दछ । यसलाई नमुना सम्वाद तयार गरी बीच-बीचका पात्रका भूमिका हटाई त्यसमा भर्न लगाउन पनि सकिन्छ ।

हरि नमस्कार सर !

गोपाल नमस्कार ! बसौं न ।

हरि ..........

गोपाल हावाले उडाएको छाना त लगाउनु पर्ने हो । तर कसरी लगाउने ?

हरि ....................

गोपाल राम्रो कुरा भन्नुभयो । हामी विद्यालय सञ्चालकले सकेको पैसा उठाउँ गाउँका अरूबाट श्रम मागौं । हुँदैन त ?

हरि ........................

गोपाल उसो भए अभिभावक बैठक कहिले बस्ने ?

हरि ....................

गोपाल हुन्छ त ! टुङ्गो भेलामै लगाउँला ।

हरि विदा हुन्छु त ! नमस्कार !

गोपाल ..........................

यस किसिमको अभ्यास गराएपछि विद्यार्थीले अनुभव गरेका विषयक्षेत्रका बारेमा साना-साना सम्वाद लेखनको स्वतन्त्र-लेखन अभ्यास गराउने र राम्रा सम्वाद छनौट गरी भूमिका निर्वाह अभ्यास गराउनु उपयुक्त हुन्छ ।
अन्तिममा स्वतन्त्र रूपमा सुहाउँदो विषयवस्तु तोकी दुईजनाबीच कुराकानी वा छलफल अभ्यास गराउनु पर्दछ ।

२ *वादविवाद*

वादविवाद पनि सम्वाद जस्तै मौखिक अभिव्यक्तिसँग सम्बन्धित छ । तर वादविवाद सम्वादभन्दा माथिल्लो स्तरको हुन्छ । यसमा तार्किकता र बौद्धिकता बढी हुन्छ । यसमा सहभागीहरू एकै पक्षमा रही छलफल वा कुराकानी नगरी पक्ष र विपक्षमा बाँडिएका हुन्छन् । एकले अर्काको

विचारमा असहमति जनाउँदै आफ्ना तर्कहरू प्रस्तुत गर्ने कार्य हुन्छ । त्यसैले वादविवाद क्रियाकलापबाट विद्यार्थीमा अर्को पक्षले राखेका कुरालाई तर्कपूर्ण ढङ्गमा दोष देखाई खण्डन गर्ने र तर्कपूर्ण ढङ्गबाट आफ्ना विचारलाई मण्डन गर्न निश्चित नियम र परिधिमा रही आफ्ना अभिव्यक्ति प्रस्तुत गर्ने क्षमताको विकास हुन्छ ।

वादविवाद शिक्षण बोलाइ सीपसँग सम्बन्धित भएकाले वादविवाद क्रियाकलाप गराएरै शिक्षण गराउनुपर्दछ । वादविवादको आयोजना गर्नु पूर्व पाठ्यपुस्तकमा प्रस्तुत वादविवाद पाठको सस्वर पठन गराउने, पाठभित्रका कठिन शब्द छानी अर्थसहित वाक्यमा प्रयोग गराउनु पर्ने हुन्छ । वादविवाद पठनपछि शिक्षकले वादविवाद गर्दा कसरी सम्बोधन गर्ने, विषयवस्तुको थालनी कसरी गर्ने, अर्को पक्षले राखेका तर्कहरूलाई खण्डन गर्न कहाँ जोड दिएर बोल्ने, अन्तिम कसरी गर्ने आदि कुरामा अभ्यास गराउनुपर्दछ ।

*वादविवाद सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू*

- वादविवाद गर्ने कला सिकाउन पाठ्यपुस्तकमा प्रस्तुत पाठ सस्वर वाचन गराउने, वादविवाद प्रस्तुत गर्दा एक पक्षले अर्को पक्षले पेस गरेको तर्क खण्डन गर्न आफ्नो तर्क पेस गरी अरूलाई आफूतिर आकर्षित गर्ने कला सिकाउने ।
- विद्यार्थीको कक्षको स्तरअनुसारको विषयवस्तु छनौट गर्ने ।
- पक्ष तथा विपक्षमा बोल्ने सहभागी विद्यार्थीलाई बोल्नका लागि शीर्षक दिई अध्ययन गर्न सन्दर्भ सामग्री भए सो दिने, सो नभए सुरू-सुरूमा निर्देशन खाका बनाई दिने ।
- वादविवाद कार्यक्रम सञ्चालन समयका लागि समय हेर्ने व्यक्ति र निर्णायक मण्डल तयारी गर्ने ।
- वादविवाद सञ्चालन पश्चात प्रस्तुत वादविवाद सम्बन्धमा मुख्य व्यक्ति / सभापतिबाट टिप्पणी गर्ने र सुधार गर्नुपर्ने कुराको सल्लाह दिने ।

*वादविवाद शिक्षण गर्दा निम्नक्रम अपनाउनु ठीक हुन्छ -*

- विद्यार्थीबाट सस्वर पठन गर्ने ।
- कठिन शब्द छनौट गरी अर्थसहित वाक्यमा प्रयोग गर्ने ।
- शिक्षकद्वारा आदर्श पाठ गर्ने ।
- विद्यार्थीलाई पक्ष र विपक्षमा विभाजन गर्ने ।
- भूमिकाअनुसार आफ्नो समूहको पाठ सस्वर वाचन अभ्यास ( भूमिकाअनुसार दुईजनाबीच पालैपालो )
- भूमिका बदलेर अभ्यास गराउने ।
- शिक्षकले सुधारका लागि सुझाउ दिने ।
- पाठ्यपुस्तकमा प्रस्तुत वादविवादको विषयवस्तुका आधारमा कक्षामा वादविवाद आयोजना गर्ने ।

- अन्य शीर्षक छनौट गरी वादविवाद सञ्चालन र अभ्यास गर्ने ।

वादविवादको मौखिक अभ्यासपछि वादविवाद लेखन अभ्यास गराउनुपर्दछ । लेखन अभ्यास गराउँदा पहिला निर्देशित किसिमको गराउनुपर्दछ ( पक्ष र विपक्षले बोल्ने विषयवस्तुको बुँदा उपलब्ध गराएर वा सम्वादमा नै निर्देशन उपलब्ध गराई खाली ठाउँ भर्न लगाएर ) र अन्तिममा स्तर सुहाउँदो विषय दिई स्वतन्त्र लेखन अभ्यास गराउनुपर्दछ ।

उपयोगमा ल्याउन सकिने पाठ्यपुस्तकबाहेकका केही शीर्षकहरू निम्न हुन सक्छन् । अन्य यस्ता कतिपय शीर्षकहरू हुन पनि हुन सक्छन्

- धन ठूलो कि स्वास्थ्य ठूलो
- कलम ठूलो कि तरवार ठूलो
- गाउँको जीवन राम्रो कि सहरिया जीवन राम्रो
- टेलिभिजन बढी उपयोगी कि रेडियो

### ३ *नाटकीकरण*

नाटकीकरण भन्नाले नाटकको पात्रको गर्ने वा देखाउने चारित्रिक व्यवहार हाउभाउ आदि झल्कने गरी गरिएका स-साना अभिनय वा भूमिका प्रदर्शनलाई भनिन्छ । प्राथमिक तहका विद्यार्थीले नाटकको पूरा भूमिका निर्वाह गर्न नसक्ने भए तापनि उनीहरूलाई रूपक विधाअन्तर्गतका कथावस्तुमा आधारित पात्रको अभिनय गर्न लगाएर नाटकीकरणको सञ्चालन गर्न सकिन्छ । यसबाट सम्बन्धित पात्रको अनुकरण तथा प्रसङ्गअनुसार भाषाको प्रयोग गर्ने क्षमताको विकास हुन्छ ।

प्राथमिक कक्षामा सम्वाद र वादविवादसँग सम्बन्धित पाठबाट नाटकीकरण अभ्यास गराउनु राम्रो हुन्छ ।

### ४ *अन्तरवार्ता*

एक व्यक्तिले अर्को व्यक्ति वा व्यक्ति समूहसँग अन्तर्क्रिया गर्नुपर्ने हुन्छ । अन्तर्क्रिया गर्दा विभिन्न किसिमका छलफलहरूमध्ये अन्तर्वार्ताको पनि प्रयोग गरिन्छ । तसर्थ अन्तर्वार्ता पनि एक किसिमको छलफल हो भन्न सकिन्छ ।

विद्यालयमा शिक्षकले विद्यार्थीको सुनाइ तथा बोलाइ सीपको मूल्याङ्कन गर्दा अन्तर्वार्ता लिने स्थिति आउँदछ भनी विद्यार्थीसँग शिक्षणसम्बन्धी पृष्ठपोषण लिन अन्तर्वार्ता गर्नुपर्ने विद्यार्थीहरूसँग होस् वा समुदायका व्यक्तिसँग होस् छलफल र अन्तर्वार्ता लिनुपर्ने स्थिति आउँदछ । यसले आफ्नो शिक्षण कार्यलाई गुणात्मक बनाउन मद्दत मिल्दछ । यसको साथै विद्यार्थीहरूले पनि साथीभाइसँग होस् वा अन्य समुदायसँग प्रश्न राखी उत्तर लिने काम गरिरहेका हुन्छन् । विद्यालय वा पठन-पाठनसम्बन्धी होस् वा अतिरिक्त क्रियाकलापअन्तर्गत जस्तै विद्यालय वा भित्ते पत्रिका प्रकाशनका लागि विचार सामग्री सङ्कलनका लागि अन्तर्वार्ता लिनुपर्ने हुन्छ ।

शिक्षकले लिँदा वा विद्यार्थीद्वारा अन्तर्वार्ता लिने तरिका सिकाउँदा होस् निम्न कुरामा ध्यान दिनुपर्ने हुन्छ -

- कुन उद्देश्यका लागि अन्तर्वार्ता लिने हो स्पष्ट हुनुपर्दछ ।
- अन्तर्वार्ताका लागि खास व्यक्तिको छनौट हुनुपर्दछ ।
- अन्तर्वार्ता लिने व्यक्तिले दिने व्यक्तिको कार्य क्षमता, शैक्षिक स्तर आदि थाहा पाउनुपर्दछ । यसबाट अन्तर्वार्ता प्रभावकारी हुन्छ ।
- अन्तर्वार्ता लिने व्यक्तिलाई के-कस्तो प्रकारको सूचना चाहिने हो पहिले नै स्पष्ट हुनुपर्दछ ।
- अन्तर्वार्ता लिने स्थान सकभर एकान्त होहल्ला नहुने हुनुपर्दछ ।
- अन्तर्वार्ताकारले अन्तर्वार्ता दिने व्यक्तिले नडराई प्रष्टसँग भन्न सक्ने वातावरण तयार गर्नुपर्दछ ।
- अन्तर्वार्ता लिने व्यक्तिसँग किन अन्तर्वार्ता गर्न लागेको हो ? उद्देश्य स्पष्ट राख्नुपर्दछ ।
- प्रश्नजस्तै राख्यो जवाफ उस्तै आउँने हुँदा कुनैखास कार्यका लागि खास किसिमका प्रश्नहरू सोध्नुपर्दछ ।
- भनेको कुरा ध्यान दिएर सुन्ने र टिप्ने गर्नुपर्दछ । बीचैमा कुरा काटी प्रश्न गर्नुहुँदैन ।

विद्यालयमा विद्यार्थीहरूलाई पनि अन्तर्वार्ता गर्ने सीप सिकाउन सकेमा उसको सुनाइ र बोलाइ सीपको साथै लेखाइ सीपमा विकास हुनुका साथै प्रसङ्गअनुसार निर्भिक रूपमा भाषाको प्रयोग गर्ने क्षमतामा वृद्धि हुने हुँदा अभ्यास गराउनुपर्ने हुन्छ । अन्तर्वार्ताका लागि पनि वादविवादका लागि दिइएका शीर्षकमा अन्तर्वार्ता लिन सकिन्छ । यसका लागि

- अन्तर्वार्ताको विषय छनौट गर्नुपर्दछ ।
- विषयसँग सम्बन्धित प्रश्न निर्माण गर्ने ।
- कक्षामा नमुना अन्तर्वार्ता लिएर विद्यार्थीलाई देखाउने ।
- अन्तर्वार्ता लिने सम्बन्धमा छलफल गर्ने ।
- प्रश्न तयार गरी कक्षामा वितरण गर्ने र एकले अर्कासँग अन्तर्वार्ता लिने अभ्यास गराउने ।
- विषय शीर्षक दिएर सोबारे प्रश्न निर्माण गर्न लगाउने र त्रुटि भए सुधार्ने ।
- अन्तर्वार्ता लिन विद्यालय परिवार वा समुदाय सदस्यसँग सहयोग मागी अन्तर्वार्ता दिन अन्तर्वार्ता लिने अभ्यास गराउने ।

# एकाइ - १५ (क)

## शब्दभण्डारअन्तर्गतका विविध शब्दहरूको शिक्षण

१ विषय प्रवेश

पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरूलाई प्रयोग गरेर भाषिक व्यवहार गर्ने क्षमता बालबालिकामा क्रमिक रूपमा विकसित हुन सकोस् भन्ने भावना नेपाली भाषा शिक्षणसँग सम्बन्धित सबै पक्षको हुन्छ । यसका लागि नेपाली भाषा पाठ्यक्रमले शब्दभण्डारको विकास गर्ने सन्दर्भमा बालबालिकालाई शब्द र तिनको अर्थ बताउन विभिन्न किसिमका आधारहरूलाई प्रस्तुत गरेको छ । त्यस किसिमका आधारहरूलाई निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ

क) सामान्यार्थक शब्द
ख) अनुकरणात्मक शब्द
ग) विपरीतार्थक शब्द
घ) समूहवाचक शब्द
ङ) बालबोली शब्द
च) पर्यायवाची शब्द
छ) अनेकार्थक शब्द
ज) सांस्कृतिक शब्द
झ) प्राविधिक शब्द
ञ) प्राकृतिक शब्द
ट) नैतिक शब्द

२ विषयवस्तुको विवरण

यस पाठको विषयवस्तुको रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा शब्दभण्डारअन्तर्गत दिएका शब्दहरूलाई लिनु उपयुक्त हुन्छ । यस किसिमका शब्दहरू पाठ्यपुस्तकका पाठको मूल अंश, शब्द र अर्थ र पाठ्यपुस्तकका पाठमा दिएका अभ्यासका आधारमा सिकाउन सकिन्छ । यस पाठमा भने शब्दहरूको सैद्धान्तिक परिचय र तिनको शिक्षण गर्नेसम्बन्धमा छलफल गर्नु उपयुक्त हुन्छ । सर्वप्रथम शब्दहरूको सैद्धान्तिक परिचयका बारेमा नै छलफल गरौं, त्यसपछि शिक्षण प्रक्रियाका सम्बन्धमा छलफल गरौं ।

२.१ सामान्यार्थक शब्द

सामान्य अर्थ बताएर शब्दको अर्थबोध गराउने शब्दलाई सामान्यार्थक शब्द भनिन्छ । नेपाली भाषामा सामान्यार्थक शब्दको बाहुल्यता छ, यसलाई स्वाभाविक रूपमा लिन सकिन्छ । विशेष किसिमका शब्दको रूपमा प्रचलित शब्दबाहेक सबै शब्दहरू सामान्यार्थक शब्दभित्र पर्छन् । सामान्यार्थक शब्दहरूको रूपमा निम्न शब्दहरू लिन सकिन्छ

संयोजक = संयोजन गर्ने

भर्ती = भर्ना
फाल्तु = अनावश्यक
सल्लाह = सुझाव
चित्त = मन, हृदय
सम्भवत = सम्भव भएसम्म
कानो = एउटा आँखो नभएको
ल्यागत = योग्यता
जाँच = परीक्षा
माझ = बीच
जोड = बल
अनौठो = नौलो
त्यै = त्यही
त्यही = त्यो नै
यही = यो नै
सेना = फौज
भन्नासाथ = भन्नेबित्तिकै
नक्कल = देखासिकी
ठेगान = टुङ्गो
ताल = पारा
प्रकाश = उज्यालो,
राख्नु = थान्को लाउनु
हाल्नु = मिलाउनु
रोदन = रूवाइ
डाक = बोली
झिमक्याउन = झिम्म पार्न
सम्साँझै = साँझ पर्ने बित्तिकै
डाम्ना = गाईवस्तु

यस किसिमबाट अर्थ दिने शब्दलाई सामान्यार्थक शब्द भनिन्छ ।

## २.२ अनुकरणात्मक शब्द

कुनै वस्तु वा कुराको ध्वनि, आवाज र आभाष दिने शब्दहरू अनुकरणात्मक शब्द हुन् । अनुकरणात्मक शब्दले क्रियाको विशेषता बताउने काम गर्छन् । अनुकरण शब्द सजीवको ध्वनि, निर्जीवको आवाज र अवस्थाको आभासको अनुकरण गरी बनेका हुन्छन् । यस आधारमा अनुकरणात्मक शब्दलाई तीन किसिमले विभाजन गर्न सकिन्छ क) ध्वन्यात्मक, ख) अनुरणात्मक र ग) दृश्यात्मक ।

क) ध्वन्यात्मक : यसअन्तर्गत सजीव प्राणीको ध्वनिका नक्कलका आधारमा निर्मित शब्दहरूपर्छन् जस्तै म्याउम्याउ, म्याँम्याँ, भ्याभ्या, वाँ, भुक्भुक, टवाट्वाँर, कुरकुर आदि ।

ख) अनुरणात्मक : निर्जीव पदार्थको रगडबाट निस्केको आवाजको आधारमा बनेका शब्दहरूलाई अनुरणात्मक अनुकरण शब्द भनिन्छ । यस किसिमका शब्दहरूमा छङ्छङ, ढ्वाङ्ङ, प्याट्ट, करचाक्क, गर्ल्याम्म आदि पर्छन् ।

ग) दृश्यात्मक : अवस्थाको आधारमा अनुकरण गरिएका शब्दहरूलाई दृश्यात्मक अनुकरण शब्दको रूपमा लिइन्छ । यस किसिमका शब्दहरू कुनै घटना, क्रियाकलाप र दृश्यका आधारमा अनुकरण गरेर तयार पारिएका हुन्छन् । जस्तै झलमल्ल, लहलह, मसक्क, निस्पट्ट, छयाङ्ङ आदि ।

**अनुकरणात्मक शब्दका केही उदाहरण**

टुसुक्क
टुकुक्क
थुचुक्क
थ्याच्च
सरक्क
ढसमस्स

यस किसिमका अनुकरणात्मक शब्दले बसाइको स्थितिलाई बुभाउँछन् ।

घुँक्कघुँक्क
सुँक्कसुँक्क
ह्वाँह्वाँ
च्याँच्याँ

यस किसिमका अनुकरणात्मक शब्दले रुवाइको किसिमलाई जनाउँछन् ।

खितखित
ङिच्च
मुसुक्क
खिस्स
हलहल

यी अनुकरण शब्दले हाँसेको किसिमलाई जनाउँछन् ।

यस्तै अनुकरणात्मक शब्दले कुनै कार्यको अवस्थालाई जनाउने भएकाले यिनलाई क्रियायोगी वा क्रिया विशेषण शब्द भनिएको हो । जस्तै निथ्रुक्क, भ्रुलुक्क, फुत्त, खुरूक्क, फरक्क, जुरूक्क, टुप्लुक्क, सरक्क, मुसुक्क, सुटुक्क, छ्याङ्ङ, छर्लङ्ङ, यिनले क्रियाको विशेषतामा प्रकाश पार्छन् । अनकरणात्मक शब्दले भनाइलाई आकर्षक तुल्याउँछन् र श्रोता तथा पाठकमा गतिलो प्रभाव पार्छन् । भाषालाई रसिलो र स्वादिलो तथा लयालु पार्नमा पनि अनुकरणात्मक शब्दको विशेष भूमिका रहन्छ । अनुकरणात्मक शब्दको प्रयोग नभई पनि वाक्यको संरचना हुन सक्छ तर त्यस्ता वाक्यले कार्यको अवस्थालाई प्रष्ट रूपमा छर्लङ्ग्याउन सक्तैनन् । त्यसैले क्रिया विशेषणको रूपमा अनुकरण शब्दको विशेष भूमिका रहेको हुन्छ ।

अनुकरणात्मक शब्द नेपाली भाषाको आफ्नै मौलिक विशेषता हो । यस किसिमका अनुकरणात्मक शब्द तत्सम, तद्भव र आगन्तुकमा पर्दैनन् । अनुकरण शब्दको प्रयोग कथ्य र लेख्य दुवै भाषाको रूपमा उत्तिकै मात्रामा प्रयोग भएको पाइन्छ । यसले बालबालिकाहरूलाई नेपाली भाषाको शिक्षण सन्दर्भमा अनुकरणात्मक शब्दका बारेमा विशेष रूपमा जानकारी गराउन आवश्यक हुन आउँछ । नेपाली भाषालाई समृद्ध तुल्याउन अनुकरणात्मक शब्दको महत्त्वपूर्ण योगदान छ भनेर भन्न सकिन्छ ।

- <u>अनुकरणात्मक शब्दका विशेषता</u>

  – अनुकरणात्मक शब्दको अन्त्यमा संयुक्त अक्षरको प्रयोग भएको पाइन्छ । जस्तै टक्क

- अनुकरणात्मक शब्द थोरै अक्षरहरू मिलेर बनेका हुन्छन् । जस्तै सल्ल
- अनुकरणात्मक शब्द खास क्रियापदसँग प्रयोग हुन्छन् । जस्तै प्याट्ट पिटयो ।
- अनुकरणात्मक शब्दले अनुप्रासयुक्त हुँदै ध्वनि सौन्दर्यलाई बढाउँछ । जस्तै लसक्क लम्कन्छ ।
- कामको निरन्तरतामा अनुकरणात्मक शब्दको रूप दोहोरिने र फरक पर्ने हुन्छ । जस्तै पिटिक्क = पिटिपिटी
- अनुकरणात्मक शब्दको निर्माण प्रक्रिया द्वित्वमा निर्भर गर्छ । जस्तै जऱ्याक्क = जऱ्याकजुरुक्क
- बीचको अक्षर आकारान्त वा उकारान्त भएर अनुकरणात्मक शब्दको द्वित्व हुन्छ । जस्तै पट-पट = पटापट, थाम-थाम = थामथुम आदि
- अनुकरणात्मक शब्दमा प्रत्यय लागेर पनि शब्द निर्माण हुन्छ । जस्तै कलकल = कलकली, तपतप = तपतपी
- एउटै मूल अनुकरणबाट विभिन्न अनुकरणात्मक शब्द बन्छन् । जस्तै सर्र, सुर्र, सिर्र, स्यार्र, स्वार्र, सरर्र आदि ।
- ध्वनि, आवाज, क्रियावस्तु एवम् दृश्यवस्तुको अनुकरण गरी अनुकरण शब्द बनेका हुन्छन् । जस्तै काग-काग, टिनिन्न, टहटह ।
- अनुकरण शब्द दोहोरिदा अगिल्लो अनुसार उच्चारण हुने गर्छन् । जस्तै ककयाक्क + ककयाक्क = ककयाककुकुक्क
- अनुकरणात्मक शब्दको उत्पत्ति अनुकरण पद्धतिबाट भएको हो ।
- प्रयोगको आधारमा अनुकरण शब्दलाई बालबालिकाले छिटोबोध गर्छन् ।
- अनुकरणात्मक शब्दबाट नाम, धातु र विशेषणजस्ता विकारी शब्दहरू पनि बन्ने गर्छन् ।

## २.३ विपरीतार्थक शब्द

विपरीत वा उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ । बालबालिकामा शब्दभण्डार विकास गर्ने विविध उपायमा विपरीतार्थक शब्दको शिक्षणलाई पनि लिन सकिन्छ । शिक्षण-सिकाइमा विपरीतार्थक शब्दको शिक्षण रोचक मानिन्छ र बालबालिकाले चाँडो पनि सिक्छन् र उनीहरूमा सजिलैसँग शब्दभण्डारको विकास पनि हुन सक्छ । विपरीतार्थक शब्दको उदाहरण-

| | | |
|---|---|---|
| अग्लो = होचो | मित्र = शत्रु | समेत = बाहेक |
| देव = दानव | सानो = ठूलो | भित्र = बाहिर |
| स्वर्ग = नरक | खान्छ = उकेल्छ | नजिक = टाढा |
| विजय = पराजय | लेख्छ = मेट्छ | यी = त्यो |

### विपरीतार्थक शब्दका विशेषता

- शब्दवर्गको आधारमा विपरीतार्थक शब्द पनि त्यही शब्दवर्गको नै हुन्छ ।

- विपरीतार्थक शब्द एकैसाथ पनि प्रयोग हुन्छन् । जस्तै सुखदुख, उकालोओरालो
- सबै शब्दको विपरीतार्थक शब्द नहुन सक्छ । जस्तै किताब, कलम, रातो
- दुबै रूपबाट पनि केही विपरीतार्थक शब्दको प्रयोग हुने गरेको पाइन्छ । जस्तै सानोठूलो, ठूलोसानो आदि ।
- सबै विपरीतार्थक शब्दहरूलाई दुबै रूपमा प्रयोग गर्न मिल्दैन । जस्तै प्रश्न-उत्तर, पाप-पुण्य, एक-अनेक आदि ।

विपरीत शब्द नाम, विशेषण, क्रिया, क्रिया विशेषणका रूपमा प्रयोग हुन्छन् । विपरीतार्थक शब्दको शिक्षण-सिकाइ क्रियाकलाप गराउँदा विभिन्न क्रियाकलापलाई प्रयोग गर्न सकिन्छ । विपरीतार्थक शब्दको शिक्षण-सिकाइलाई शैक्षिक सामग्रीहरूको सहयोगबाट शिक्षण गर्न सकिन्छ । विपरीतार्थक शब्दको शिक्षण गर्दा पाठ्यपुस्तकका पाठमा प्रयोग भएका शब्दलाई नै उपयोग गर्नु बढी सान्दर्भिक हुन आउँछ । कुनै अनुच्छेदका सबै शब्दहरूलाई विपरीत रूपमा अर्थ्याउन प्रयास गरेको खण्डमा विपरीत अर्थ दिने र दिन नसक्ने अर्थका बारेमा जानकारी हुन्छ । वाक्यमा प्रयोग गर्न लगाएर विपरीतार्थक शब्दको शिक्षण गर्नाले शिक्षण-सिकाइ बढी प्रभावकारी हुन्छ ।

## २.४ समूहवाचक शब्द

समूहलाई जनाउने शब्दहरू नै समूहवाचक शब्द हुन् । समूहवाचक शब्द नेपाली भाषामा कमै प्रयोग पाइन्छ । समूहवाचक शब्दका उदाहरणहरू यस प्रकार दिइएको छ

हुल, वथान, फौज, बगाल, भीड, ताँती, जन्ती, मलामी, जनता, समिति, गोलो, थुप्रो, हार, खात, भण्डार, गण, वर्ग, वृन्द, टोली, पल्टन, सङ्घ, मन्डली, दल, परिवार, सभा, लस्कर, झुप्पो, बिटो, रास, मुठो, मुस्लो, झाङ, गुजुल्टो, माला, चाङ, श्रृङ्खला, अखडा आदि ।

समूहवाचक शब्दको शिक्षण गर्दा शैक्षिक सामग्रीको रूपमा चित्र, शब्दपत्ती र शब्दतालिकालाई प्रयोगमा ल्याउन सकिन्छ । यस्ता शब्दहरूलाई वाक्यमा प्रयोग गरेर सिकाउनाले बालबालिकाले प्रष्टसँग बुझ्न सक्छन् । समूहवाचक शब्दमध्ये केही समूहवाचक शब्दको पर्यायवाची शब्द हुन्छ भने केही समूहवाचक शब्दको विपरीषर्थक शब्द पनि हुन्छ । यसले गर्दा शब्दअनुसारको शिक्षण क्रियाकलाप अपनाउनु उपयुक्त हुन्छ । खाली ठाउँ भर्ने र ठीक-वेठीक छुट्याउने प्रश्नलाई प्रयोग गरेर पनि समूहवाचक शब्दहरूको शिक्षण गर्न सकिन्छ । जस्तै

- जनताको पर्यायवाची शब्द - प्रजा
- जनताको विपरीतार्थक शब्द - सरकार
- मानिसको समूहलाई ......... भनिन्छ ।
- दाउराको समूहलाई झुप्पो भनिन्छ । ( वेठीक )
- दाउराको समूहलाई बिटो, मुठो, हार, अँगालो आदि भन्न सकिन्छ । **( ठीक )**

समूहवाचक शब्दलाई कर्ता, कर्म र पूरक रूपमा पनि प्रयोग गर्न सकिन्छ । जस्तै

– जन्तीले श्लोक भने ।
– जन्तीलाई मीठोमीठो खुवाउ ।
– उसले सभा गऱ्यो ।

## २.५ बालबोली शब्द

बालबोलीका शब्दहरूको प्रयोग लेख्य भाषामा कम र कथ्य भाषामा बढी प्रयोग हुन्छ । संवादमा कताकति लेख्य भाषामा पनि बालबोलीका शब्दहरू प्रयोग गरिन्छन् । बालबोलीका शब्दहरू बालबालिकाले प्रयोग गर्ने बालबालिकाका लागि प्रयोग गरिने शब्दहरू हुन् । शब्दभण्डारका दृष्टिले बालबोलीका शब्दहरूको पनि महत्त्व छ । बालबोलिका शब्दहरू अधिकांश मात्रामा सरल प्रकृतिका हुन्छन् । बालबालिकाका लागि स्नेहपूर्ण रूपमा यस्ता बालबोलीका शब्दहरू प्रयोग गर्ने प्रचलन छ । बालबोलीका शब्दहरूको उदाहरण

चरी, मने, पापा, चिची, नाना, चाचा, बुबु, माम, गुजी, पराई, आत्था, पाना, तेते, सुरी, जीउ, पाइया, च्युँ, बड, आदि ।

यस किसिमका बालबोली शब्दहरू सीमित हुन्छन् । तर तल्लो कक्षामा रमाइलोका लागि प्रयोगद्वारा र अर्थ बताएर यस किसिमका बालबोलीका शब्दहरूको शिक्षण गर्न सकिन्छ । यस किसिमका बालबोलीका शब्दहरू अधिकांश मात्रामा नाम शब्द वर्गभित्र पर्छन् ।

## २.६ पर्यायवाची शब्द

उस्तै अर्थ दिने वा पर्यायका रूपमा प्रयोग हुने शब्दलाई पर्यायवाची शब्द भनिन्छ । एउटै वस्तु, घटना, अवस्था वा कार्यव्यापारलाई बुझाउने एकभन्दा बढी शब्दहरूको प्रयोग हुन सक्छ, त्यस किसिमका शब्दहरू नै पर्यायवाची शब्दको रूपमा प्रयोग हुन्छन् । उदाहरणको रूपमा त्यस्ता शब्दहरूलाई पनि यहाँ उल्लेख गर्न सकिन्छ । यस किसिमका शब्दहरू नेपाली भाषामा प्रशस्तै पाइन्छन् । उदाहरण

| | | |
|---|---|---|
| किताब = पुस्तक | माया = प्रेम | तिर = तर्फ |
| झोला = थैलो | विद्यालय = पाठशाला | सित = सँग |
| दरवार = महल | विद्या = शिक्षा | हे = ए |
| नगर = सहर | न्याय = निसाप | भाग्य = कर्म |
| महिला = आइमाइ | धेरै = ज्यादै | आफल्नु = फ्याँक्नु |
| मानिस = मानव | निकै = प्रशस्त | सम्म = सम्मन् |
| ओछ्यान = विछ्यौना | कमजोर = निर्धो | खाजा = अरनी |
| तथापि = तापनि | कुद्नु = दौड्नु | पहाड = पर्वत |
| तन्नेरी = जवान | | |

पर्यायवाची शब्दको आधारमा शब्दको अर्थ बताउन सजिलो हुन्छ र शब्दभण्डारको पनि विकास हुन्छ । प्राथमिक तहका बालबालिकाहरूलाई शब्दको अर्थ बताउँदा पर्यायवाची शब्दका आधारमा नै अर्थ बताउनु उपयुक्त मानिन्छ । पर्यायवाची शब्दको अभ्यास गराउँदा बालबालिकालाई वाक्यमा

प्रयोग गर्न लगाएर अभ्यास गराउनु उपयुक्त हुन्छ । जोडा मिलाउने प्रश्न दिएर मिल्दो पर्यायवाची शब्दको जोडा मिलाउ भन्ने क्रियाकलाप गराउन सकिन्छ ।

पर्यायवाची शब्दको शिक्षण गर्दा शैक्षिक सामग्रीको रूपमा ठोसवस्तु, चित्र र शब्दपत्ती तथा शब्द तालिकालाई पनि प्रयोगमा ल्याउन सकिन्छ । खाली ठाउँ भर्न लगाएर, ठीक-वेठीक छुट्याउन लगाएर, जोडा मिलाउन लगाएर, अर्थ बताउन लगाएर पर्यायवाची शब्दको शिक्षण तथा मूल्याङ्कनसम्बन्धी कार्य एकै साथ गर्न सकिन्छ । यस किसिमका शब्दको शिक्षण शब्दभण्डारको विकास गर्ने दृष्टिबाट पनि गरिने भएकाले शब्दार्थ शिक्षणमा पर्यायवाची शब्दको महत्त्वपूर्ण भूमिका मानिन्छ ।

पर्यायवाची शब्दको माध्यमबाट शब्दको अर्थ बताउनाले शब्दभण्डारको विकास जति मात्रामा शब्दभण्डारको विकास भयो त्यति नै मात्रामा बालबालिकामा भाषिक क्षमता बढेर जान्छ । भाषिका क्षमताको विकास हुनु भनेको नै बालबालिकामा भाषिक कुशलताको विकास हुनु हो ।

## २.७ अनेकार्थक शब्द

एकभन्दा बढी अर्थ लाग्ने शब्दलाई अनेकार्थी शब्द भनिन्छ । नेपाली भाषामा अनेकार्थी शब्दको पनि कमी छैन । यस्ता अनेकार्थी शब्दको अर्थबोध प्रसङ्गअनुसार वा वाक्य प्रयोगको आधारमा गर्न सकिन्छ । अनेकार्थी शब्दहरू पनि शब्दभण्डारका स्रोत हुन्, शब्दभण्डारको विकासमा अनेकार्थी शब्दको महत्त्वपूर्ण भूमिका रहन्छ । अनेकार्थक शब्दहरूलाई नमुनाका रूपमा यहाँ यस प्रकार दिएको छ -

| | | |
|---|---|---|
| मोठ = लगत दर्ता किताब | मोठ = आँगन नजिक बनाएको चौको | |
| पत्र = चिठी | पत्र = पात | |
| पत्र = तह | पत्र = पाना | पत्र = पत्रिका |
| अर्थ = धन | अर्थ = मतलब | |
| कर = हात | कर = तिरो | कर = ढिपी |
| लम्पट = विछ्यौना | लम्पट = आशक्त | |
| वर = दुलाहा | वर = आशीर्वाद | वर = वृक्ष विशेष |
| मास = महिना | मास = दाल | |
| मास = मास्ने काम गर | | |
| बल = तागत, शक्ति | बल = भकुण्डो | |
| उत्तर = जवाफ | उत्तर = पछाडि, पछिल्लो, पछि | |
| उत्तर = पूर्व, पश्चिम, उत्तर, दक्षिण गरेका चार दिशामध्येको एक दिशा | | |
| मुडुली = पोथी मृग | मुडुली = कपाल नभएकी आइमाई | |
| माल = अड्डा विशेष | माल = गाइको गला | माल = सामान |
| साँचो = सत्य | साँचो = ताल्चा खोल्ने यन्त्र | |
| हार = पराजय | हार = गहना, माला | |
| हार = हार्ने काम गर | हार = लस्कर, लाम | |
| टीका = दशैँमा लाइने प्रसाद | टीका = व्याख्या | |
| डबल = सिक्का | डबल = दोब्बर | |
| मूल = मुख्य | मूल = मुहान | मूल = स्रोत |

अनेकार्थी शब्दहरूले अनेक अर्थ दिने भएकाले अर्थबोध गर्ने सन्दर्भमा बालबालिका अल्मलिन सक्छन् । यसका लागि ठोसवस्तु, चित्र र शब्दपत्तीजस्ता शैक्षिक सामग्रीको माध्यमबाट अर्थलाई प्रष्ट पार्नु आवश्यक हुन्छ । यस किसिमका अनेकार्थक शब्दलाई वाक्यमा प्रयोग गरेर शिक्षण गर्नाले शिक्षण-सिकाइ प्रभावकारी हुन सक्छ । अनेकार्थक शब्दको आधारमा बालबालिकालाई शब्द खेल पनि खेलाउनुपर्छ । पाठ्यपुस्तकका पाठहरूबाट बालबालिकालाई अनेकार्थक शब्दहरू खोज्न लगाएर त्यस किसिमका शब्दहरूबाट बढी अर्थ बताउन लगाउन सकिन्छ ।

अनेकार्थक शब्दहरूको शिक्षण गर्नुको उद्देश्य बालबालिकामा शब्दभण्डारको विकास गर्नुको साथै शब्दको वास्तविक अर्थ पत्ता लगाउने क्षमताको पनि विकास गर्नु हो । यसबाट बालबालिकामा शब्दलाई वाक्यमा प्रयोग गर्ने विषयलाई लिएर सचेतताको पनि अभिवृद्धि हुन सक्छ ।

### २.८ साँस्कृतिक शब्द

साँस्कृतिक क्षेत्रमा प्रयोग गरिने शब्दलाई साँस्कृतिक शब्द भनिन्छ । यस किसिमले क्षेत्रगत आधारमा शब्द र तिनको अर्थका सम्बन्धमा शिक्षण गर्नाले शब्दभण्डारको विकास गर्नमा मद्दत मिल्छ । बालबालिकालाई क्षेत्र विशेषका आधारमा शब्दहरूसँग परिचित हुने अवसर पनि प्राप्त हुन्छ । जस्तै साँस्कृतिक क्षेत्रमा प्रयोग हुने केही शब्दलाई यहाँ प्रस्तुत गरिएकोछ -

| | |
|---|---|
| फूल = पुष्प, पाती | पर्व = चाड |
| नैवेद्य = प्रसाद | न्वारान = जन्म संस्कार |
| गङ्गाजल = पवित्र पानी | अन्त्येष्टी = मृत्यु संस्कार |
| धाम = तीर्थ, पवित्र स्थल | पूर्वज = पूर्खा |
| दैव = भाग्य | पितृ = मरेका पूर्वज |
| दक्षिणा = दानको रूपमा दिइने नगद | सङ्कल्प = प्रतिज्ञा |
| उपासना = आराधना | ग्रन्थ = शास्त्र |
| तपस्या = ध्यान | वेद = हिन्दूहरूको धार्मिक ग्रन्थ |

प्राथमिक तहका बालबालिकाहरूलाई आफ्नो संस्कृतिप्रति आस्था, आफ्नो वातावरणको रहनसहनका बारेमा जानकारी र आफ्नो समाजमा घुलमिल हुनका लागि पनि साँस्कृतिक शब्दको शिक्षण गर्न सकिन्छ । यस किसिमका साँस्कृतिक शब्दहरू नेपाली भाषाका पाठ्यपुस्तकमा पनि प्रयोग गरिएका छन् र बालबालिका स्वयमसँग कुराकानी गरेर पनि साँस्कृतिक शब्दहरूको सङ्कलन गर्न सकिन्छ । साँस्कृतिक शब्दहरूको शिक्षण गर्न शैक्षिक सामग्रीको आवश्यकता पर्छ र शिक्षणमा पनि विविधताको खाँचो मानिन्छ । शब्दार्थ शिक्षणका क्रियाकलापहरूलाई नै प्रयोग गरेर साँस्कृतिक शब्दहरूको पनि शिक्षण गर्न सकिन्छ ।

### २.९ प्राविधिक शब्द

आजको एकाइसौं शताब्दि भनेको सूचना र सञ्चारको समय हो । आधुनिक जमानामा विविध किसिमका वैज्ञानिक प्रविधिहरू आधुनिक रूपमा विकसित भएका छन् । त्यस किसिमको प्रविधिसँग सम्बन्धित विषय नै प्राविधिक शब्दहरू हुन् । अर्थात प्राविधिक क्षेत्रमा प्रयोग गरिने शब्दहरू नै

प्राविधिक शब्द हुन् । यस किसिमका शब्दहरूको उदाहरणका रूपमा निम्न शब्दहरूलाई प्रस्तुत गर्न सकिन्छ -

> ट्रलिवस, भूउपग्रह, स्पुतनिक, छन्द, निरस्त्रीकरण, निर्जीवीकरण, प्रक्षेपण, विकिरण, परिवहन, तालिका, प्रशोधन, प्रतिरोपण, शल्य चिकित्सा, परागण, प्रजाति, नशच्छेदन, सारिणीकरण आदि ।

यस किसिमका प्राविधिक शब्दहरूको आफ्नै विशेषता छ । यस किसिमका प्राविधिक शब्द खास प्रयोग क्षेत्रसँग सम्बन्धित हुन्छन् । प्राविधिक शब्दहरू सामान्य शब्दका तुलनामा लक्षणमूलक हुन्छन् । प्राविधिक शब्दको अर्थ प्रयोग क्षेत्रका आधारमा लगाउनुपर्छ । आधुनिक विचार, धारणा र ज्ञान विज्ञानसम्बन्धी अभिव्यक्तिका निम्ति प्राविधिक शब्दहरूको विशेष आवश्यकता हुन्छ । प्राविधिक शब्दको अर्थ बताउन परिभाषा दिनुपर्छ, प्राविधिक शब्दलाई वाक्यमा प्रयोग गरेर पनि अर्थबोध गराउन सकिन्छ । प्राविधिक शब्दहरू बालबालिकाका लागि जटिल हुन भएकाले तिनीहरूको अर्थ सिकाउनमा भन्दा तिनलाई वाक्यमा प्रयोग गर्न वा भाषिक व्यवहारमा प्रयोग गर्ने क्षमताको विकासमा जोड दिनु आवश्यक हुन्छ ।

### २.१० प्राकृतिक शब्द

प्रकृतिसँग सम्बन्धित वा प्राकृतिक क्षेत्रमा प्रयोग हुने शब्दलाई नै प्राकृतिक शब्द भनिएको हो । प्राकृतिक क्षेक्रमा प्रयोग हुने शब्दहरू प्रशस्तै हुन्छन् । उदाहरणका लागि केही प्राकृतिक शब्दहरू यस प्रकार छन् -

> वनजङ्गल, झर्ना, हिमालय, हिमनदी, बर्सा, बाढीपहिरो, प्राकृतिक प्रकोप, पाखापर्वत, इन्धन, हावा, जमिन, धरातल, भूबनोट, भूपरिबेष्टित, नदीनाला, रूखविरूवा, बोटविरूवा, भूक्षय, वातावरण, बगैंचा, फूलफलेदो, लहरा, लेकवेँसी, पहाडतराई, उपत्यका, पर्यटन, तापक्रम, न्यानो, गर्मी, पशुपंछी आदि ।

प्राकृतिक शब्दहरूको शिक्षण गर्नका लागि शैक्षिक सामग्रीहरूको प्रयोग र शब्दार्थ शिक्षणका विभिन्न क्रियाकलापहरूलाई प्रयोग गर्न सकिन्छ । शब्दको अर्थ बताउ, प्रष्टसँग उच्चारण गर, सच्याएर लेख, वाक्यमा प्रयोग गरजस्ता क्रियाकलापका माध्यमबाट शिक्षणका साथै मूल्याङ्कन कार्य पनि गर्न सकिन्छ ।

### २.११ नैतिक शब्द

नैतिक क्षेत्रसँग सम्बन्धित शब्दलाई नैतिक शब्द भनिन्छ । नैतिक शब्दहरूको मूल स्रोत भनेका नीति नियमहरू नै हुन् । नीति नियमहरू भने धर्म, समाज, राजनीति, प्रशासन आदि विभिन्न क्षेत्रका हुन सक्छन् । यसका आधारमा नैतिक शब्दको स्रोतलाई पनि व्यापक रूपमा लिन सकिन्छ । नैतिक शब्दका केही उदाहरणहरू -

> सुशासन, अनुशासन, सत्य, धर्म, आदर, सत्कार, मेलमिलाप, सहिष्णुता, एकता, देशभक्ति, देशप्रेम, राष्ट्रनिर्माण, कर्तव्य, दायित्व, जिम्मेवारी, उत्तरदायित्व, सदाचार, शिष्टाचार,

आस्था, विश्वास, उपकार, परोपकार, सहयोग, सद्भाव, न्याय, निष्पक्ष आदि शब्दहरूलाई नैतिक शब्दको रूपमा लिन सकिन्छ ।

नैतिक शब्दहरूको शिक्षण गर्न शैक्षिक सामग्रीको आवश्यकता पर्छ । यस किसिमका शैक्षिक सामग्रीहरूमा शब्दपत्ती, शब्द तालिका, ठोसवस्तु र चित्र आदिलाई लिन सकिन्छ । शिक्षणका लागि शब्दार्थ शिक्षणका विविध क्रियाकलापलाई प्रयोग गर्नु आवश्यक हुन्छ ।

## ३ शब्दभण्डारअन्तर्गतका शब्दहरूको शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्री

क) शब्दपत्ती, शब्दतालिका
ख) गोजी तालिका फलाटिन बोर्ड
ग) सूचनापाटी
घ) क्लिप र फ्लिप चार्ट
ङ) ठोस वस्तुहरू तथा चित्र
च) पढाइसम्बन्धी सामग्री
छ) नमुना पाठयोजना
ज) विभिन्न शब्दहरूको सूची
झ) शब्द प्रयोगका नमुना वाक्यपत्ती
ञ) शब्द प्रयोगको वाक्यतालिका । आदि

यस किसिमका शैक्षिक सामग्रीहरू शिक्षक निर्मित र स्थानीय प्रकृतिका हुनु आवश्यक हुन आउँछ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षण-सिकाइलाई आकर्षक, रोचक र प्रभावकारी तुल्याउने काम गर्छ । शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण-सिकाइ गर्न सजिलो हुन्छ र शैक्षिक सामग्रीको प्रयोग गरेर सिकाएका सबै जसो कुरा विद्यार्थीहरूले सिक्छन् र सिकेको कुरा उनीहरूले हत्तपत्त विर्सदा पनि बिर्सँदैनन् ।

शैक्षिक सामग्रीको प्रयोग गर्दा कक्षाको वातावरण, विषयवस्तुको प्रकृति, बालबालिकाको रूचि, क्षमता र आवश्यकता विद्यालयको स्रोत र साधन आदिलाई ध्यानमा राख्नुपर्छ । स्मरणीय कुरा के हो भने शैक्षिक सामग्री बेगरको शिक्षण निरर्थक मानिन्छ ।

## ४ शब्दभण्डारअन्तर्गतका शब्दहरूको शिक्षणसम्बन्धी क्रियाकलाप

क) प्रश्नोत्तर
ख) वाक्यमा प्रयोग
ग) प्रदर्शन
घ) अभिनय
ङ) व्याख्या वा बयान
च) पुनरावृत्ति
छ) स्थानापन्न
ज) अन्ताक्षरी

झ) छलफल
ञ) खोज तथा सङ्कलन
ट) उदाहरण
ठ) तालिकीकरण तथा सूचीकरण
ड) उच्चारण
ढ) समूहकृत
ण) अनुवाद

भाषा शिक्षणमा शब्दार्थ शिक्षणको महत्त्वपूर्ण भूमिका हुने भएको हुँदा बालबालिकालाई विभिन्न क्षेत्रमा प्रयोग हुने शब्द विभिन्न तरिकाबाट सिकाउन सकिन्छ । यहाँ विशेष ध्यान दिनुपर्ने कुरा के छ भने शब्द-शिक्षण गर्नु भनेको शब्दको अर्थ बताउनु मात्र होइन, बालबालिकामा शब्द प्रयोग गर्ने क्षमताको विकास गर्नु पनि हो । यसका लागि उच्चारण गर्ने ठीक ढङ्गले प्रयोग गर्ने कुरालाई प्राथमिकता दिनु आवश्यक हुन्छ । शब्द-शिक्षण गर्दा शब्दभण्डारको विकास र भाषिक सीपको विकासलाई एकैसाथमा लानु उपयुक्त हुन्छ ।

५ पाठ्यपुस्तकमा दिएका साहित्यिक विधा र शब्दहरूको शिक्षण

पाठ्यपुस्तकका पाठका मूल अंश शिक्षण गर्दा नै शिक्षण-सिकाइलाई शब्द-शिक्षणमा पनि केन्द्रित गर्न सकिन्छ । शब्द-शिक्षणका लागि अलग्गै घण्टी र अलग्गै पाठयोजनाको आवश्यकता नपर्न पनि सक्छ । एउटै पाठयोजनाबाट भाषा शिक्षणका पाठ्यवस्तु, शब्द र पाठको विषयवस्तुलाई शिक्षण गर्न सकिन्छ । पाठ्यपुस्तकका सबै पाठ तथा सबै विधा शब्द-शिक्षणका लागि उपयोगी हुन सक्छन्, त्यसमा पनि विशेष गरेर कविता, प्रबन्ध, जीवनी र कथा विधा शब्द-शिक्षणका लागि उपयोगी हुन सक्छन् । यिनै कुराहरूलाई आधार मानेर शब्दभण्डारअन्तर्गत पाठ्यक्रमले निर्धारण गरेका शब्द क्षेत्रका आधारमा शब्द-शिक्षण गर्नु उपयुक्त हुन्छ ।

६ शब्द-शिक्षण र तिनको मूल्याङ्कन

शब्दहरूको शिक्षणपछि बालबालिकाको मूल्याङ्कन मौखिक र लिखित दुवै रूपमा गर्न सकिन्छ । लिखित रूपमा मूल्याङ्कन गर्दा विषयगतभन्दा वस्तुगत प्रश्नहरू उपयुक्त ठहरिन सक्छन् । शब्द-शिक्षणपछि पाठ्यपुस्तकमा दिएका अभ्याससम्बन्धी सबै क्रियाकलापहरू गर्न लगाएर बालबालिकाको मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ । जस्तै बालबालिकाको शब्दज्ञानको मूल्याङ्कन गर्दा उच्चारण गर, अर्थ बताऊ, वाक्यमा प्रयोग गर भनेर मौखिक क्रियाकलापलाई आधार मान्न सकिन्छ । त्यस्तै लिखित रूपमा मूल्याङ्कन गर्दा मिल्दो अर्थका आधारमा जोडा मिलाऊ, मिल्दो शब्दले खाली ठाउँ भर, शब्दको अर्थ कुन हो, ठीक-वेठीक छुट्याऊ, उपयुक्त उत्तरमा चिन्ह लगाऊ भन्ने खालका वस्तुगत प्रश्न तयार गर्न सकिन्छ । यसरी मूल्याङ्कनमा विविधता ल्याएर शब्द-शिक्षणको मूल्याङ्कन गरेको अवस्थामा शिक्षण-सिकाइमा बढी प्रभावकारिता आउँछ ।

नेपाली भाषाशिक्षणको सन्दर्भमा शिक्षकले शब्द-शिक्षणलाई अनिवार्य रूपमा लिएको पाइँदैन तर शब्दभण्डारको विकासका लागि शब्द-शिक्षणलाई विशेष महत्त्व दिनुपर्छ । शब्द-शिक्षणको मूल्याङ्कन कक्षाकार्य र गृहकार्यको रूपमा पनि गर्न सकिन्छ । तर यस किसिमको मूल्याङ्कन नियमित रूपमा हुनु आवश्यक हुन्छ ।

७ उपसंहार

नेपाली भाषा शिक्षणको प्रमुख उद्देश्य बालबालिकाहरूमा भाषिक सीपको विकास गर्नु हो । भाषिक सीपको विकास गर्नु भनेको बालबालिकाहरूमा बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यस किसिमको भाषिक क्षमताको विकास गर्ने आधार भनेको शब्दभण्डारको विकास हो । यस अर्थमा नेपाली भाषा शिक्षणको सन्दर्भमा शब्द-शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

शब्द-शिक्षण गर्दा बालबालिकामा शब्द उच्चारण गर्ने क्षमताको विकास गर्नु आवश्यक हुन्छ । त्यस्तै शब्दहरूको अर्थ सही रूपमा बताउनु र तिनलाई उपयुक्त किसिमबाट वाक्यमा प्रयोग गर्न सक्षम तुल्याउनु नै शब्द-शिक्षणको प्रमुख प्रयोजन मानिन्छ । शब्दहरूको शिक्षण गर्न शैक्षिक सामग्री आवश्यक पर्छ । त्यसको व्यवस्था शिक्षक र बालबालिका दुवै मिलेर मिलाउन सक्छन् । शब्दहरूको शिक्षणका लागि शिक्षकले पाठयोजना पनि बनाउनु पर्छ । पाठयोजना बनाउनु भनेको शिक्षण-सिकाइ क्रियाकलापलाई सञ्चालन गर्न शिक्षक तयारी हुनु हो । यसका लागि शिक्षक नेपाली भाषाको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक-निर्देशिकासमेतको अध्ययन गर्नुपर्छ । यसले शब्द-शिक्षणका लागि शिक्षकलाई सजिलो हुन्छ । शब्द-शिक्षण गर्दा शब्दको प्रकृतिअनुसारको शैक्षिक सामग्रीको प्रयोग तद्नुरूपका विविध क्रियाकलापहरूलाई प्रयोगमा ल्याउन सकिन्छ । शिक्षण-सिकाइलाई जति मात्रामा विविधता प्रदान गर्न सकियो त्यति नै मात्रामा कक्षा शिक्षण रोचक र आकर्षक हुनुको साथै शिक्षण-सिकाइ प्रभावकारी पनि हुनसक्छ ।

शब्द-शिक्षण गर्दा पाठ्यपुस्तकका पाठहरूलाई नै मुख्य आधार मान्नुपर्छ । अर्थात पाठमा प्रयोग भएका शब्दहरू सामान्य अर्थ, विपरीत अर्थ, पर्यायसम्बन्धी अर्थ आदि अर्थका सम्बन्धमा जानकारी गराउन सकिन्छ । यस किसिमले शिक्षण गर्नाले बालबालिकाहरूमा शब्दभण्डारको विकास चाँडो हुन्छ ।

शब्द-शिक्षण गर्ने कुरा पनि अभ्यासमूलक र क्रियाकलापमुखी विषय हो । यसका लागि शिक्षकले वस्तुगत प्रश्न तयार गरेर प्रश्नका आधारमा शब्दको सही अर्थ पहिचान गर्नका लागि लगनशील हुनु आवश्यक हुन्छ । शब्दलाई वाक्यमा प्रयोग गर, शब्दको अर्थ बताऊ, शब्दलाई सच्याएर कापीमा सार, दिएका शब्दहरूमध्ये उपयुक्त शब्द छानेर खाली ठाउँ भरजस्ता क्रियाकलापका आधारमा शब्दहरूको शिक्षणलाई प्रभावकारी तुल्याउनुपर्छ । शब्दखेलको माध्यमबाट पनि शब्दहरूको शिक्षण गर्न सकिन्छ ।

## शब्दवर्गको परिचय र प्रयोगका सम्बन्धमा शिक्षण

### १ विषय प्रवेश

शब्दवर्गलाई अर्को शब्दमा पद वर्ग पनि भनिन्छ। शब्दले भाषामा निर्वाह गर्ने भूमिकाका आधारमा शब्दलाई वर्गीकरण गर्न सकिन्छ। शब्दहरू विभिन्न वर्गका हुन्छन्। नेपाली भाषाका प्रचलित व्याकरणहरूले नेपाली भाषाका शब्दहरूलाई सामान्य रूपमा पाँच वर्गमा विभाजन गरेका छन्। यस वर्गीकरणका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, अव्यय भनेर शब्दको वर्गीकरण गरिन्छ। अव्यय शब्दलाई उपवर्गमा पनि विभाजन गर्न सकिन्छ। यस वर्गीकरणका आधारमा अव्यय शब्दअन्तर्गत नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक शब्दहरू पर्छन्। निपात शब्दलाई पनि अव्यय शब्दअन्तर्गत नै राख्न सकिन्छ। यस दृष्टिबाट हेर्ने हो भने शब्दहरूलाई नौ वर्गमा विभाजन गर्नुपर्छ। नौ प्रकारका शब्दहरूमा नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात शब्दहरू पर्छन्।

शब्दहरूलाई विकारी र अविकारी भनेर दुई किसिममा पनि वर्गीकरण गर्ने चलन छ। यस किसिमको वर्गीकरण रूपात्मक दृष्टिबाट गरिएको वर्गीकरण हो। रूपायन हुने अर्थात् रूप चल्ने वा रूप परिवर्तन हुने शब्दलाई विकारी र रूपायन नहुने अर्थात् रूप नचल्ने वा रूप परिवर्तन नहुने शब्दलाई अविकारी शब्द भनिन्छ। विकारी शब्दभित्र नाम, सर्वनाम, विशेषण र क्रिया गरी चार किसिमका शब्दहरू पर्न आउँछन् भने अविकारी शब्दभित्र नामयोगी, क्रियायोगी, संयोजक र विस्मयादिवोधक शब्दहरू पर्छन्। प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले निपातलाई शब्दवर्गभित्र नराखेर छुट्टै शिक्षण सिकाइ गर्ने कुरालाई सङ्केत गरेको छ तर नेपाली भाषाका केही आधुनिक व्याकरणहरूमा निपातलाई पनि अविकारी शब्दअन्तर्गत नै राखेर अध्ययन गर्ने व्यवस्था गरिएको छ। यस दृष्टिकोणबाट लिने हो भने विकारी शब्दलाई चार वर्गमा र अविकारी शब्दलाई पाँच वर्गमा विभाजन गरेर अध्ययन गर्नुपर्छ। शब्दलाई नौ किसिममा वर्गीकरण गरेर अध्ययन गर्न सजिलो हुने भएकाले यहाँ त्यसैअनुसार प्रस्तुत गरिएको छ।

विकारी

(क) नाम मानिस, गाई, राम, सगरमाथा, माया, प्रेम, चामल, पानी, तेल, बथान, बगाल आदि।

(ख) सर्वनाम म, हामी, तिमी, तपाईं, हजुर, यो, त्यो, उ, यिनी, तिनी, उनी, तिनीहरू आदि।

(ग) विशेषण गुलियो, रातो, पहिलो, दोस्रो, यस, त्यस, धेरै, थोरै, अलिकति, प्रशस्त आदि।

(घ) क्रिया जानु, पढ्नु, लेख्नु, घोक्नु, रोप्नु, पखाल्नु, सुताउनु, हल्लाउनु, काट्नु, ढोग्नु आदि।

अविकारी

(ङ) नामयोगी तिर, सम्म, तर्प, नेर, पट्टि, वारि, पारि, माथि, भित्र, बाहिर, समेत, वमोजिम।

(च) क्रियायोगी राम्ररी, छिटो, ढिलो, हिजो, आज, पर, वर, टुप्लुक्क, फुत्त, फ्यात्त।

(छ) संयोजक र, तर, अनि, भने, कि, अथवा, तापनि, वा, तथा, एवम्, त्यसैले आदि।

(ज) विस्मयादिबोधक स्यावास, धन्यवाद, अहा, ओहो, छि, धत्, उफ, अहो, धत्, नाइँ आदि।

(भ) निपात नि, त, पो, ल, खै, है, र, रे, बरू, ब्यारे, हँ, नै, ल, क्या आदि ।

यस किसिमका शब्दवर्गलाई मौखिक र लिखित रूपमा प्रयोग गर्न सिकाउनु नै यस पाठको उद्देश्य मानिएको छ ।

शब्दहरूलाई वर्गीकृत गरेर अध्ययन गर्ने सन्दर्भको नाम शब्दवर्ग हो । कुनै खास वर्गका शब्दहरू खास प्रयोजनका रूपमा प्रयोगमा आउँछन् । जस्तो नाम वर्गभित्र नाम, सर्वनाम र विशेषणहरू पर्छन् । यस किसिमका शब्दले कर्ता, कर्म र पूरकको कार्य गर्छन् भने क्रियावर्गभित्र पर्ने समापिका र असमापिका क्रिया पर्छन् र यिनले क्रियापदको काम गरेका हुन्छन् । त्यस्तै अव्यय वर्गभित्र पर्ने शब्दहरू भनेका नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक शब्द हुन् । रूपका दृष्टिवाट यस किसिमका अव्यय शब्दको रूप सधैँ एकनास रहने हुन्छ । अव्यय शब्दहरू रूप नचल्ने हुन्छन् अथवा रूपमा परिवर्तन नहुने हुन्छन् । यसैले यिनीहरूलाई अविकारी शब्द भनिएको हो । अविकारी शब्दले विकारीजस्तो वचन र विभक्तिका कारण आफ्नो रूपलाई फेर्दैनन् । अविकारी शब्द वाक्यमा सबै अवस्थामा समान रूपमा प्रयोग हुन्छन् । अविकारी शब्दहरूले वाक्यमा शब्दहरूको सम्बन्धलाई दर्साउने, क्रियापदको विशेषता जाहेर गर्ने, क्रियापदसँग सङ्गति कायम गर्ने, पद, पदावली र उपवाक्यलाई संयोजन गर्ने, भनाइलाई अर्थगत रूपमा बढी प्रष्ट पार्ने र भाषामा वाक्यको चमक बढाउने कार्य गर्दछन् ।

## २ विषयवस्तु

### २.१ नाम

नामलाई अर्को शब्दमा संज्ञा पनि भनिन्छ । वस्तु वा धारणालाई जनाउने शब्दहरू नाम वा नाउँ हुन् अर्थात् कुनै वस्तु, स्थान, अवस्था आदिको नाउँका रूपमा आउने शब्दलाई नाम भनिन्छ । दृश्य वा अदृश्य, मूर्त वा अमूर्त, सङ्खेय वा असङ्खेय रूपमा प्रयोग हुने वस्तु, स्थान, अवस्था आदिलाई सङ्केत गर्ने वा जनाउने शब्दहरू नाम हुन् । नामका केही उदाहरण-

वस्तु - पुस्तक, मानिस, फूल, रामायण, चामल, पानी, दाउरा आदि ।
स्थान - देश, विदेश, लुम्बिनी, नेपाल, मुलुक, सहर, गाउँ, वन, पाखो, तराई आदि ।
अवस्था - गरिबी, हँसाइ, माया, प्रेम, घृणा, जवानी, बुढ्याइँ, मुर्ख्याइँ, सन्तोष आदि ।
दृश्य - घर, मतान, खाट, रूख, माटो, ढुङ्गो, खोलो, खेत, बारी, बाटो, चौतारो आदि ।
अदृश्य - विचार, विद्या, ज्ञान भावना, माया, सुख, धैर्य, मन, आत्मा, शान्ति, विश्वास आदि ।
सङ्खेय - गाई, कलम, पाठो, शिक्षक, विद्यार्थी, बेन्च, मेच, केटो, केटी, छोरो, रूपियाँ आदि ।
असङ्खेय - पानी, माटो, माया, हिउँ, वर्षा, हेला, रोग, सञ्चो, विसञ्चो, दया आदि ।

नाम शब्दहरूको प्रयोग वचन र लिङ्गमा पनि हुन्छ । जस्तो- एकवचनमा केटो र बहुवचनमा केटाहरू, त्यस्तै पुलिङ्गमा नाति र स्त्रीलिङ्गमा नातिनी । नाम शब्दहरू विशेस्यका रूपमा प्रयोग गरिन्छन् । जस्तै कालो केटो, काली केटी, यसरी नाम शब्दले विशेषणलाई प्रभावित तुल्याउँछन् । नाम शब्दले वाक्यमा कर्ता, कर्म र पूरकको काम गर्ने गर्छन् । नाम शब्दलाई नामको किसिमका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । नाम शब्दहरू निम्न किसिमका हुन्छन्

(क) जातिवाचक नाम : मानिस, गाई, खोलो, फूल, किताब, कलम, घर, विद्यालय, शिक्षक आदि ।

(ख) व्यक्तिवाचक नाम : राम, गोठु, कर्णाली, सिंहदरबार, सरस्वती, शारदाप्रसाद, मुनामदन आदि ।

(ग) द्रव्यवाचक नाम : सुन, चाँदी, चामल, पानी, माटो, दाउरा, हावा, घाँस, ढुङ्गो, वस्त्र आदि ।

(घ) भाववाचक नाम : स्वतन्त्रता, स्वच्छता, सम्पदा, शान्ति, न्याय, फैसला, हिंसा, जवानी आदि ।

(ङ) समूहवाचक नाम : जनता, परिवार, दल, सङ्गठन, सङ्घ, समिति, हूल, बिटो, बथान आदि ।

नाम शब्द शिक्षण गर्न शैक्षिक सामग्रीको रूपमा नाम शब्दहरूको तालिकाको प्रयोग गर्न सकिन्छ । नाम शब्दहरूलाई कर्ता, कर्म र पूरकको रूपमा वाक्यमा प्रयोग गर्न लगाएर नाम शब्दहरूको शिक्षण गर्न सकिन्छ । नेपाली विषयका पाठ्यपुस्तकहरूमा दिएका अभ्यासमूलक क्रियाकलापहरू बालबालिकालाई कक्षा कार्यका रूपमा गर्न लगाउनुपर्छ । यस किसिमका थप क्रियाकलापहरू शिक्षकहरूबाट पनि गराउन सकिन्छ । पाठ्यपुस्तकका पाठको मूल अंशका आधारमा नाम शब्दहरूलाई सङ्कलन गर्न लगाउने, तिनीहरूलाई समूहकृत गर्न निर्देशन दिने र तिनीहरूलाई वाक्यमा प्रयोग गर्नमा बालबालिकाहरूलाई सहयोग गर्नाले शिक्षण सिकाइमा प्रभावकारिता आउन सक्छ । यस किसिमका भाषातत्वसम्बन्धी कुराहरू एक दिनको शिक्षणबाट वा एउटा पाठबाट मात्र सिकाउनाले सिकाइउपलब्धि हासिल हुन सक्तैन । प्रत्येक पाठको शिक्षण गर्दा नाम शब्दमा नामयोगी र विभक्ति लाएर प्रयोग गर्न सिकाउन आवश्यक हुन्छ । नाम शब्दलाई पदसङ्गतिको आधारमा प्रयोग गर्ने क्षमताको विकास बालबालिकाहरूमा गराउनाले उनीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपको विकास हुन सक्छ ।

## २.२ सर्वनाम

सर्वनाम व्याकारणात्मक सम्बन्ध दर्शाउने शब्द हुन् । सर्वनाम शब्दको प्रयोग सन्दर्भमा निर्भर गर्छ । सर्वनाम शब्दले सन्दर्भबेगर कुनै अस्तित्व राख्दैन । यसैले सर्वनामलाई नामको सट्टामा प्रयोग हुने शब्द भनिन्छ । सर्वनाम शब्द प्रसङ्ग वा सन्दर्भअनुसार भने स्वतन्त्र रूपमा पनि प्रयोग हुन्छन् । सर्वनाम शब्दको प्रयोग वचनमा हुन्छ, यिनको प्रयोग एकवचन र बहुवचन दुबैमा हुन्छ । सर्वनाम शब्द नामिक पदको रूपमा प्रयोग हुन्छन्, यिनमा नाम शब्दजस्तै विभक्ति र नामयोगी शब्द गाँसिएर प्रयोग हुन्छन् । सर्वनाम शब्द कर्ता र कर्मको रूपमा प्रयोगमा आउँछन् । सर्वनामलाई पनि विभाजनको आधारमा अध्ययन गर्न सकिन्छ । सर्वनाम छ प्रकारका छन्

(क) पुरुषवाचक सर्वनाम : म, हामी, तिमी, तपाईं, तिमीहरू, तपाईंहरू, उ, उनी, ती, तिनी, यी, यिनी ।

(ख) दर्शक सर्वनाम : त्यो, यो, ती, यी, त्यहाँ, यहाँ, सो आदि ।

(ग) अनिश्चयवाचक सर्वनाम : कोही, केही, कतै, काहीँ, कुनै जोसुकै, जेसुकै, जुनसुकै आदि ।

(घ) प्रश्नवाचक सर्वनाम : को, के, कुन, किन, कसले, कहाँ आदि ।

(ङ) सम्बन्धवाचक सर्वनाम : जो, जसले, जे, जुन

(च) निजवाचक सर्वनाम : आफू, आफैँ आदि ।

सर्वनाम शब्दहरू सीमित सङ्ख्यामा हुन्छन् । तर सर्वनाम शब्दहरू एकदमै क्रियाशील रूपमा प्रयोगमा आइरहन्छन् । शब्दनिर्माणको क्रममा सर्वनामबाट सर्वनाम, सर्वनामबाट विशेषण

शब्दहरू बन्न सक्छन् । सर्वनाम शब्दहरू कतिपय अवस्थामा क्रियाविशेषणका रूपमा प्रयोगमा आउँछन् ।

प्राथमिक तहमा नेपाली विषय शिक्षण गर्ने शिक्षकले सर्वनामको परिभाषा र त्यसका किसिमका सम्बन्धमा भन्दा पनि सर्वनाम शब्दलाई मौखिक तथा लिखित रूपमा प्रयोग गर्ने तरिकाका बारेमा शिक्षण गर्नु आवश्यक हुन्छ । यसका लागि सर्वनाम शब्द लेखिएका शब्दपत्ती, सर्वनाम शब्द प्रयोग भएका वाक्य तालिकालाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । सर्वनाम शब्दको शिक्षण गर्दा पनि बालकेन्द्रित क्रियाकलापमुखी शिक्षण क्रियाकलापलाई अपनाउनु सान्दर्भिक हुन आउँछ । यसका लागि स्थानापन्न शिक्षणविधि, प्रश्नोत्तर क्रियाकलाप र खाली ठाउँ भर, जोडा मिलाऊ, ठीक बेठीक छुट्याऊजस्ता प्रश्नहरूको प्रयोगको माध्यमबाट सर्वनाम शब्दको शिक्षण गर्नाले शिक्षण-सिकाइ प्रभावकारी हुन सक्छ । मौखिक रूपमा सर्वनाम शब्दको प्रयोग गर्ने सम्बन्धमा शिक्षण गर्न कुराकानी गर्ने क्रियाकलाप वा छलफल गर्ने क्रियाकलापलाई प्रयोग ल्याउन सकिन्छ । सर्वनाम शब्द शिक्षण गर्न पाठ्यपुस्तकका पाठहरूमा रूपक विधाअन्तर्गतका पाठहरू उपयोगी हुन सक्छन् ।

## २.३ विशेषण

नामको विशेषता जाहेर गर्ने शब्दलाई विशेषण भनिन्छ । अर्को शब्दमा भन्ने हो भने विशेषणले नामिक पदको विशेषता जाहेर गर्ने वा बयान गर्ने काम गर्छ । नामिक पदको गुण वा अवस्था जनाउने शब्द विशेषण शब्द हुन् । विशेषण शब्दलाई चार प्रकारका विभाजन गरेर अध्ययन गर्ने गरिन्छ, जुन यस प्रकार छन्-

(क) गुणबोधक - राम्रो, मीठो, सानो, ठूलो, गुलियो, असल, इमान्दार, गरिब, धनी आदि ।
(ख) परिमाणबोधक - धेरै, थोरै, प्रशस्त, अलिकति, केही, गह्रौं, हलौं आदि ।
(ग) सङ्ख्याबोधक - एक, दुई, तीन, पहिलो, दोस्रो, दसौं, सयौं, दोबर, तेबर आदि ।
(घ) सर्वनामिक - त्यो, यो, ती, यी, ऊ, त्यहाँ, यहाँ आदि ।

विशेषण शब्द विशेष्य शब्दअनुसार प्रयोग हुन्छन् अर्थात् विशेषण शब्द विशेष्य शब्दको लिङ्ग, वचनमा आधारित भएर प्रयोगमा आउँछन् । विशेषण शब्द कर्ता, कर्म र पूरकको रूपमा पनि प्रयोग हुन्छन् । विशेषण शब्दले उद्देश्य र विधेयलाई विस्तार गर्ने गर्छन् ।

नेपाली भाषामा विशेषण शब्दहरू निकै छन् । विशेषण शब्दलाई उपयुक्त ढङ्गबाट प्रयोग गर्नाले भनाइ रोचक र भाषा रसिलो बन्छ । नेपाली भाषाका भाषिक सीपको विकासमा बोलाइ र लेखाइको क्रममा विशेषण शब्दले भनाइलाई बोझिलो पनि बनाउनु हुँदैन र आवश्यक तथा उपयुक्त ठाउँमा विशेषण शब्दको प्रयोग नगर्नाले भनाइ खल्लो पनि हुन सक्छ ।

विशेषण शब्दको शिक्षण गर्न विशेषण शब्दका पत्ती र तालिका, विशेषण शब्द प्रयोग भएका वाक्यपत्ती र तिनको तालिका, नमुना अनुच्छेद, विभिन्न किसिमका प्रश्नहरूलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । विशेषण शब्दहरू शिक्षण गर्नुको उद्देश्य मौखिक तथा लिखित रूपमा विशेषण शब्दलाई प्रयोग गरेर बालबालिकामा भाषिक व्यवहार गर्ने क्षमताको विकास गर्नु हो । यसका लागि निश्चित विशेषण शब्द बोर्डमा लेखिदिएर त्यसका आधारमा बालबालिकाहरूलाई मौखिक रूपमा कुराकानी गर्न लगाउन सकिन्छ । पाठ्यपुस्तकका पाठका कुनै अनुच्छेदमा प्रयोग भएका विशेषण शब्दहरू सङ्कलन गर्न र तिनलाई आफ्नै शब्दमा प्रयोग गर्न लाएर पनि विशेषण

शब्दको शिक्षण गर्न सकिन्छ । पाठ्यपुस्तकका पाठका अभ्यासहरूलाई पनि विशेषण शब्दहरूको शिक्षणको आधार मान्न सकिन्छ ।

## २.४ क्रिया

धातुमा 'नु' लागेर बनेका शब्द क्रिया हुन् । पदसङ्गतिका आधारमा वाक्यमा प्रयोग हुने क्रियाका रूपहरूलाई क्रियापद भनिन्छ । वाक्यमा क्रियापदको केन्द्रीय भूमिका हुन्छ । क्रियापद विना वाक्य बन्दैन । क्रियापदका रूपहरू लिङ्ग, वचन, पुरुष, काल पक्ष र भावका अर्थका आधारमा अलग-अलग हुन सक्छन् । शब्द निर्माणको सन्दर्भमा क्रियाबाट नाम, विशेषण, क्रिया विशेषण आदि शब्दहरू बन्छन् । क्रियालाई विभिन्न किसिमबाट वर्गीकरण गर्न सकिन्छ । जस्तो

(क) सकर्मक क्रिया - खानु, गर्नु, दुहुनु, खेल्नु, पढ्नु, लेख्नु आदि ।
(ख) अकर्मक क्रिया - सुत्नु, नाच्नु, हाँस्नु, जानु, उठ्नु, पाक्नु, उड्नु आदि ।

(क) एककर्मक क्रिया - धुनु, बाट्नु, पिट्नु, हेर्नु, गर्नु, खानु, खन्नु, तान्नु आदि ।
(ख) द्विकर्मक क्रिया - दिनु, सोध्नु, तिर्नु, बेच्नु, ठग्नु, लेख्नु, भन्नु आदि ।

क्रिया शब्दहरूको रूप लिङ्ग, वचन र पुरुषअनुसार फरक पर्छन् । जस्तै काल, पक्ष र भावका आधारमा पनि क्रियापदका रूपहरू फरक हुन सक्छन् । करण क्रिया र अकरण क्रिया, पूर्वकालिक क्रिया र उत्तरकालिक क्रिया, प्रेरणार्थक क्रिया र विध्यर्थक क्रियाजस्ता क्रियापदका रूपहरूलाई प्राथमिक तहका बालबालिकालाई सिकाउनुपर्ने कुरा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले निर्देशन गरेको छ ।

क्रिया वाक्यको केन्द्रीय तत्व भएकाले लेखाइ र बोलाइमा क्रियापदको प्रयोग नियमित र निरन्तर रूपमा हुनु स्वाभाविक हुन आउँछ । बालबालिकाले भाषिक व्यवहारमा गल्ती गर्ने क्षेत्रहरूमा क्रियापदहरूको प्रयोग पनि पर्न आउँछ । लेख्य नेपाली भाषाका आधारमा भाषिक व्यवहार गर्न क्रियापदको प्रयोगमा पनि विशेष ध्यान दिन आवश्यक हुन्छ । यसका लागि बालबालिकाहरूलाई क्रियापदको प्रयोग गर्नमा अभ्यस्त तुल्याउनुपर्छ । क्रिया वा क्रियापदहरू शिक्षण गर्न शैक्षिक सामग्रीको रूपमा शब्दपत्ती, तालिकाहरूको प्रयोग गर्न सकिन्छ । त्यस्तै विभिन्न वस्तुगत प्रश्नहरूलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गरेर क्रियापदको शिक्षण गर्न सकेको खण्डमा शिक्षण-सिकाइ क्रियाकलापमुखी हुन्छ ।

नेपाली भाषाका पाठ्यपुस्तकलाई नै आधार मानेर क्रियापदहरूको शिक्षण गर्ने आशय प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ को रहेको पाइन्छ । पाठ्यपुस्तकका रूपमा अलग्गै नेपाली भाषाको व्याकरणको पुस्तकको व्यवस्था गरिएको छैन । यसैले प्राथमिक तहका बालबालिकाहरूलाई नेपाली विषयका पाठ्यपुस्तकका पाठका मूल अंश र अभ्याससम्बन्धी प्रश्नका आधारमा नै क्रियापदहरूको पनि शिक्षण गर्नु उपयुक्त हुन्छ ।

क्रियापदको शिक्षण गर्ने शिक्षण क्रियाकलापका रूपमा क्रियालाई वाक्यमा प्रयोग गर, निर्देशनका आधारमा क्रियालाई प्रयोग गरेर वाक्य बनाउ, क्रियापदका आधारमा वाक्य परिवर्तन गर, क्रियापदलाई मिल्दो रूपमा जोडा मिलाऊ, खाली ठाउँभर, क्रियापद प्रयोग भएका वाक्यका आधारमा ठीक बेठीक छुट्याउ जस्ता क्रियाकलापका आधारमा क्रियाको शिक्षण गर्न सकिन्छ । त्यसै किसिमबाट शिक्षणपछि मूल्याङ्कन पनि गर्नुपर्ने हुन्छ ।

## २.५ अव्यय

अव्यय शब्दहरू अविकारी शब्द हुन् । अव्यय शब्दभित्र नामयोगी, क्रियायोगी, संयोजक र विस्मयादिबोधक शब्दहरू पर्छन् । अव्यय शब्दहरूमा क्रियायोगी शब्दहरूको सङ्ख्या प्रशस्तै भए पनि अरू अव्यय शब्दहरूको सङ्ख्या निश्चित वा सीमित रूपमा रहेको पाइन्छ । अनुकरणात्मक शब्दहरू पनि क्रियायोगी शब्दभित्रै पर्छन् । अव्यय शब्दको प्रयोग वाक्यमा शब्दशब्दबीच सम्बन्ध दर्शाउनका लागि गरिन्छ र अव्यय शब्दका आधारमा नै वाक्यहरूको गठन गर्न सकिने र भाषा पनि परिमार्जित र परिस्कृत हुँदै जाने हुन्छ । अव्यय शब्दका किसिम र तिनको उदाहरण-

(क) नामयोगी - सम्म, तिर, तर्फ, पट्टि, समेत, बाहेक, भित्र, बाहिर

(ख) क्रियायोगी - राम्ररी, विस्तारै, ढिलो, चाँडो, छिटो, कुप्लुक्क, घुप्लुक्क, भुलुक्क, हिजो, आज टाढा, नजिक, त्यहाँ, यहाँ आदि ।

(ग) संयोजक - र, अनि, पनि, तापनि, यसैले, भने, किनभने, कि, वा, अथवा, तर आदि ।

(घ) विस्मयादिबोधक - अहा, अहो, हे, ए, ऐया, स्याबास, छि, धत्, ल, लौ, उफ् आदि ।

(ङ) निपात (तालिम प्याकेजको आधारमा यसै क्रममा अध्ययन गर्ने) - नि, पो, त, ल, क्यारे, र, रे, खै, क्या, नै आदि ।

अव्यय शब्द शिक्षणका लागि पनि शैक्षिक सामग्रीको आवश्यकता पर्छ । सर्वप्रथम त पाठ्यपुस्तकका आधारमा नै पाठ्यपुस्तकका कुनै पाठलाई आधार मानेर त्यहाँ भएका अव्यय शब्दहरूको पहिचान गर्न लगाउनु उपयुक्त हुन्छ । त्यसपछि कुन शब्द कुन अव्यय वर्गभित्र पर्छ, त्यस बारेमा पनि जानकारी गराउनु आवश्यक हुन्छ । यसका लागि सम्बन्धित कक्षाको पाठ्यपुस्तकलाई नै शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । यो बाहेक शब्दपत्ती र शब्द तालिकालाई र वाक्यपत्ती तथा वाक्य तालिकालाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । अव्यय शब्दहरू भाषाका चारै सीपको लागि उत्तिकै आवश्यक पर्ने र त्यत्तिकै मात्रामा प्रचलनमा आउने शब्दहरू हुन् । अव्यय शब्दहरूले भाषालाई सरल र सरस बनाउँछन् ।

# एकाइ - १६(क)

## पदसङ्गति शिक्षण

१ विषय प्रवेश

सङ्गति भनेको मेल र पदसङ्गति भनेको पदहरूको मेल भन्ने बुभिन्छ। वाक्यमा प्रयोग भएका पदहरूको वचन, लिङ्ग, पुरुष, कारक, काल र पक्षका आधारमा रूपात्मक मेल हुनु आवश्यक हुन्छ। यस किसिमको मेललाई पदसङ्गति भनिन्छ। पदसङ्गतिमा विशेष गरेर कर्ता र क्रियापद तथा विशेष्य र विशेषणको मेललाई लिइन्छ। नेपाली भाषामा आदरका आधारमा पनि वाक्यमा पदको पदसङ्गति हुनुपर्छ।

पदसङ्गतिका बारेमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा मौखिक तथा लिखित रूपमा लिङ्ग, वचन र पुरुषको मेल गरी अभिव्यक्त गर्न भन्ने सिकाइउपलब्धि उल्लेख गरेको पाइन्छ। यसका आधारमा भन्ने हो भने प्राथमिक तह पूरा गर्न प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाले पदसङ्गतिको प्रसङ्गमा वाक्यमा आफ्ना अनुभवलाई लिखित र मौखिक रूपमा अभिव्यक्ति गर्न सक्ने क्षमता हासिल गर्न सक्नुपर्छ। यसका लागि वचन, लिङ्ग, पुरुष, विभक्ति, काल र पक्षका बारेमा बालबालिकाले जानकारी राख्नु आवश्यक हुन्छ।

बोलाइ र लेखाइमा पदसङ्गति भएन भने नेपाली भाषाको लेख्य रूपअनुसार भाषाको स्तरीयता कायम हुन सक्तैन, भाषामा एकरूपता पनि कायम हुन सक्तैन यसैले नेपाली भाषा शिक्षणमा पदसङ्गतिको महत्वपूर्ण भूमिका मानिन्छ।

२ विषयवस्तु

२.१ वचन

वचनको प्रयोग नाम, सर्वनाम, विशेषण र क्रियापदमा हुन्छ। सङ्खेय नाममा आधारमा वचन छुट्याइन्छ। सङ्ख्येय नामका आधारमा नेपाली भाषामा वचन दुई किसिमका हुन्छन्। ती हुन् - (क) एकवचन र (ख) बहुवचन।

(क) एकवचन - एउटालाई बुझाउने शब्द एकवचन हुन्छ।
(ख) बहुवचन - एकभन्दा बढीलाई बुझाउने शब्द बहुवचन हुन्छ।

एकवचनबाट बहुवचन बनाउँदा 'हरू' थप्नुपर्छ। कतिपय अवस्थामा 'हरू' नथपीकन बहुवचन क्रियापदको प्रयोग गरेर पनि बहुवचन जनाउन सकिन्छ। यस्तो अवस्थामा बहुवचनको प्रयोग गर्दा हरूको प्रयोग वैकल्पिक रूपमा हुन्छ। जस्तो

(क) साथीले जाँच दिए। (एकवचन)
(ख) साथीहरूले जाँच दिए। (बहुवचन)
(ग) कुखुरो करायो। (एकवचन)
(घ) कुखुरा कराए। (बहुवचन)
(ङ) कुखुराहरू कराए। (बहुवचन)

एकभन्दा बढी सङ्खेय नाम कर्ताको रूपमा प्रयोग भएमा 'हरू' नथपे पनि बहुवचन क्रियापदको प्रयोग हुन्छ । तर एकभन्दा बढी सङ्ख्येय नामको पनि बहुत्व जनाउनु परेमा भने पछिल्लो सङ्ख्येय नामको पछाडि 'हरू' थप्नुपर्छ । जस्तै

(क) नेता र कार्यकर्ताले भाषण गरे ।

(ख) नेता र कार्यकताहरूले भाषण गरे ।

वचनको आधारमा पदसङ्गतिबारेको शिक्षण गर्दा शिक्षण सिकाइ क्रियाकलापका रूपमा विभिन्न तरिकालाई उपयोग गर्न सकिन्छ । वचनका आधारमा वाक्यपरिवर्तन गर्न लगाउनु, वचनका आधारमा कर्ताअनुसार क्रियापदको प्रयोग गर्न सिकाउनु, क्रियापदअनुसार वचनका आधारमा कर्ताको प्रयोग गर्नु, 'हरू' थपेर एक वचनबाट बहुवचन बनाउन सिकाउन सकिन्छ । 'हरू' थपेर बहुवचन बनाउने प्रसङ्गका 'ओ' करान्त शब्दलाई आकारन्त बनाएर हरू थप्नुपर्ने हुन्छ । उदाहरणका रूपमा 'केटो' बाट 'केटाहरू' गरेर बहुवचन बनाउन सकिन्छ । कतिपय अवस्थामा 'हरू' नथपीकन बहुवचन क्रियापदको प्रयोग गरेर मात्र पनि वचनका आधारमा पदसङ्गति बनाउन सकिन्छ ।

एक वचनबाट बहुवचन बनाउँदा सङ्खयावाचक शब्दहरू पनि थप्न सकिन्छ । जस्तो : गोठमा एउटा गाई छ । गोठमा दुईटा गाई छन् । सङ्ख्यावाचक शब्दको प्रयोग भएपछि नाम शब्दमा 'हरू' नजोडिए पनि बहुवचनको रूप बन्छ । विशेष्य बहुवचन छ भने त्यसको विशेषण शब्द 'ओ' कारान्त भएमा त्यसलाई पनि आकारान्त बनाएर बहुवचन बनाउनुपर्छ । यस किसिमको जानकारी गराएर र अभ्यास गर्न लगाएर वचनका बारेमा शिक्षण गर्न सकिन्छ । ओकारान्त विशेषण आकारन्त भएमा त्यसको पछाडि लाग्ने विशेष्यमा 'हरू' नथपेमा पनि बहुवचन जनिन्छ । सामन्यतया बहुवचन बनाउने तरिकालाई यस किसिमबाट प्रयोगमा ल्याउन सकिन्छ-

'हरू' जोडेर - 'भाइ' - भाइहरू
आकारान्त पारेर - 'केटो' - केटा
रूप फेरेर - 'म' - हामी
क्रियामा बहुवचन प्रत्यय लगाएर - जान्छ - जान्छन्, पढ्छु - पढ्छौं आदि ।

## २.२ लिङ्ग

नेपाली भाषामा लिङ्गको प्रयोग नाम, विशेषण र क्रियापदमा गरिन्छ । नामका आधारमा नेपाली भाषामा पुलिङ्ग, स्त्री लिङ्ग र नपुंसक लिङ्ग भनेर लिङ्गलाई तीन किसिममा विभाजन गरिन्छ । तर विशेषण र क्रियापदका आधारमा लिङ्गको प्रयोग पुलिङ्ग र स्त्री लिङ्गमा मात्र भएको पाइन्छ । लिङ्गका किसिम-

(क) पुलिङ्ग- भाले जाति जनाउने पुलिङ्ग, जस्तै पुरुष, गोरु, लोग्ने, भाइ आदि ।

(ख) स्त्रीलिङ्ग- पोथी जाति जनाउने स्त्रीलिङ्ग जस्तै नारी, गाई, स्वास्नी, बुहारी आदि ।

(ग) नपुंसकलिङ्ग- निर्जीव र भालेपोथी नछुट्टिने नपुंसकलिङ्ग जस्तै रुख, कमिलो, माछो, पुस्तक ।

लिङ्गलाई जनाउन विभिन्न उपायको उपयोग गर्न सकिन्छ, जस्तो-

(क) शाब्दिक

पुलिङ्ग- मामा, ससुरा, भाले, भैंसी, डाँगो, ढाडे आदि ।

स्त्रीलिङ्ग- माइजू, सासू, पोथी, राँगो, छाउरी, विरालो आदि ।

(ख) व्युत्पादनात्मक

पुलिङ्ग- छोरो, बाघ, पाडो, बाँदर, पण्डित, नाति, बाछो आदि ।

स्त्रीलिङ्ग- छोरी, बघेनी, पाडी, बाँदर्नी, पण्डितनी, नातिनी, बाछी आदि ।

(ग) वाक्यात्मक

पुलिङ्ग- भाइ लड्यो/ ज्वाइँ पढ्छन्/ छोरो आयो/ साथी आयो/ छात्र आए

स्त्रीलिङ्ग- बुहारी लडी/ बहिनी पढ्छिन/ बुहारी आई/ साथी आई/ छात्रा आइन्

नपुंसकलिङ्ग- रुख लड्यो/ सुगा पढ्छ/ हवाइजहाज आयो/ बाढी आयो/ भुसुनो आयो

यहाँ उल्लेखनीय पक्ष के छ भने पुलिङ्ग र नपुंसकलिङ्गको क्रियापदमा एउटै रूपको प्रयोग हुन्छ । त्यस्तै मानवबाहेक अरूलाई जनाउने सन्दर्भमा स्त्रीलिङ्ग र पुलिङ्गमा पनि एकै किसिमको क्रियापदको प्रयोग गरिन्छ । अनि औपचारिक आदरार्थीभन्दा माथिल्लो तह जनाउन मानवमा पनि समान किसिमका क्रियापदको प्रयोग गरिन्छ । जस्तो-

छोरो बढ्यो, रुख बढ्यो, खोलो बढ्यो आदि ।

गाई करायो, गोरु करायो, ढाडे करायो, बिरालो करायो आदि ।

आमा आउनुभयो, बुबा आउनुभयो, मामा आउनुभयो, माइजू आउनुभयो आदि ।

मानवमा बाहेक अरूमा आदरार्थीको प्रयोग नेपाली भाषामा हुँदैन । क्रियापदका आधारमा लिङ्गको विभेद केवल मानवमा मात्र त्यसमा पनि सामान्य आदरार्थीसम्ममा मात्र गर्ने गरिन्छ । लिङ्गका आधारमा विशेषण विशेष्यको सङ्गतिसम्बन्धी खोज पनि मानवमा मात्र लागू हुन्छ । बहुवचनमा पनि पुलिङ्ग र स्त्रीलिङ्गको विभेद हुँदैन । जस्तो-

कालो केटो, काली केटी आदि ।

कालो गाई, कालो गोरु आदि ।

केटाहरू पढ्छन् ।

केटीहरू पढ्छन् । आदि

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार नेपाली भाषाको शिक्षण सन्दर्भमा शुद्ध भाषाको प्रयोग सिकाउने उद्देश्यले पदसङ्गतिका आधारमा लिङ्गसम्बन्धी विषयको शिक्षण गर्ने कुरा उल्लेख छ । नेपाली भाषाका पाठ्यपुस्तकमा दिएका अभ्यासहरू पनि त्यसैअनुसार तयार गरिएका छन् । यसैले पदसङ्गतिका आधारमा लिङ्गसम्बन्धी शिक्षण गर्न शैक्षिक सामग्रीका रूपमा वाक्यपत्तीहरू र वाक्यतालिकाहरूलाई प्रयोग गर्न सकिन्छ । पदसङ्गतिका आधारमा लिङ्गका बारेमा शिक्षण गर्न तयारीको रूपमा पाठयोजनाको त आवश्यक पर्छ नै । त्यसैअनुसार शैक्षिक सामग्रीको व्यवस्था मिलाउनुपर्ने र शिक्षण सिकाइ क्रियाकलाप अपनाउनुपर्ने आवश्यकता हुन्छ ।

सहभागितामूलक र क्रियाकलापमुखी शिक्षण-सिकाइ क्रियाकलाप अपनाएमा सिकाइ प्रभावकारी रूपमा हुन सक्छ । लिङ्गका आधारमा वाक्य परिवर्तन गर, पदसङ्गतिका आधारमा वाक्य सच्याएर कापीमा सार, विशेषणका दिएका रूपमध्ये मिल्दो रूपले वाक्यको खाली ठाउँ भर,

लिङ्गका आधारमा विशेषण र विशेष्यका बीचमा जोडा मिलाऊजस्ता क्रियाकलापका आधारमा शिक्षण गर्नाले सिकाइ प्रभावकारी हुन्छ। यस किसिमको शिक्षण सिकाइबाट कक्षाकार्य र मूल्याङ्कनको कार्य सँगसँगै गर्न सकिन्छ।
भाषिक सीपको विकास गर्ने दृष्टिले पदसङ्गतिको आधारमा लिङ्गसम्बन्धी विषयको शिक्षण गर्दा कुराकानी, छलफल, वाक्यमा प्रयोग, अनुच्छेद लेखनजस्ता शिक्षण क्रियाकलापलाई पनि प्रयोगमा ल्याउन सकिन्छ। पाठबाट पुलिङ्गी, स्त्रीलिङ्गी र नपुंसकलिङ्गी शब्दहरू सङ्कलन गर्न लगाएर तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनाले पनि शिक्षण-सिकाइलाई सरल र रोचक बनाउन सकिन्छ। पदसङ्गतिका आधारमा लिङ्गका बारेमा शिक्षण गर्दा कर्ता र क्रियापद तथा विशेषण र विशेष्यका बीचको पदसङ्गतिमा विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन आउँछ।

## २.३ पुरुष

नेपाली भाषामा पदसङ्गतिका सन्दर्भमा व्याकरणात्मक कोटिको रूपमा पुरुषको पनि विशेष महत्व छ। पुरुषको सम्बन्ध विशेष गरेर सर्वनामसँग रहेको छ। पुरुषको प्रयोग आदर वचन र क्रियापदमा हुन्छ। कथन सन्दर्भका आधारमा पहिलो, दोस्रो र तेस्रो पुरुष गरी पुरुष तीन किसिमका मानिन्छन्। पुरुषका आधारमा प्रयोग गरिने पुरुषवाचक सर्वनाम शब्दहरूलाई निम्न रूपमा वर्गीकरण गरेर अध्ययन गरिन्छ।

(क) प्रथम पुरुष - म (एकवचन) - हामी (बहुवचन)
(ख) द्वितीय पुरुष - तँ, तिमी, तपाइँ, यहाँ, आफू, हजुर, मौसुफ (एकवचन) - तिमीहरू, तपाइँहरू, यहाँहरू, आफूहरू, हजुरहरू, मौसुफहरू (बहुवचन)
(ग) तृतीय पुरुष - यो, त्यो, उ, यी, ती, यिनी, तिनी, उती, उहाँ, आफू, मौसुफ (एकवचन) - यिनीहरू, तिनीहरू, उनीहरू, उहाँहरू, आफूहरू, मौसुफहरू (बहुवचन)

पुरुषका आधारमा पदसङ्गतिका बारेमा शिक्षण गर्न शब्दपत्ती र शब्द तालिकाको आवश्यक पर्छ। नमुना अनुच्छेद, पाठ्यपुस्तकका पाठ र तिनका अभ्यास, विभिन्न किसिमका प्रश्नहरूलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ।
शिक्षण क्रियाकलापमा म, हामी, तिमी, तपाइँजस्ता सर्वनाम शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउन सकिन्छ। पहिलो पुरुषबाट तेस्रो पुरुषमा र तेस्रो पुरुषबाट पहिलो पुरुषमा वाक्य बदल भनेर त्यस किसिमका वाक्यहरू कक्षा कार्यका रूपमा दिन सकिन्छ। कुन सर्वनाम शब्दसँग कुन क्रिया पदको प्रयोग गरिन्छ मिल्दोसँग जोडा मिलाऊ भनेर जोडा मिलाउन लगाउन सकिन्छ। त्यस्तै दिएका वाक्यहरूमा सर्वनाम शब्द, आदरवाचक क्रियापद र क्रियापदको वचनका दृष्टिबाट शुद्ध वाक्यहरू मात्र कापीमा सार, स्त्री लिङ्गी क्रियापदहरूको सूची तयार गरजस्ता क्रियाकलाप गराउनु उपयुक्त मानिन्छ। उदाहरणका रूपमा निम्न क्रियाकलाई लिन सकिन्छ

स्त्रीलिङ्गी क्रियापद - पढ्छेस, पढ्छयौ, पढ्छिन्, पढ्छे।
आदरसूचक क्रियापद - पढ्छन्, पढ्नुभयो, पढिबक्सियो।
वचनका आधारमा क्रियापद - पढ्छ-पढ्छौं, पढ्छस्-पढ्छौ, पढ्छ-पढ्छन्।

यस किसिमबाट सर्वनाम शब्दका तालिका र क्रियापदका विभिन्न रूपहरू प्रस्तुत गरेर तिनका आधारमा वाक्य संयोजन गर्न लगाएर पदसङ्गतिको शिक्षण गर्न सकिन्छ । भाषिक सीपको सन्दर्भमा कुराकानी र छलफल क्रियाकलापका माध्यमबाट पनि पुरुषका आधारमा पदसङ्गतिका सम्बन्धमा शिक्षण गर्नु आवश्यक मानिन्छ । विशेष गरेर संवाद पाठबाट पुरुषका आधारमा पदसङ्गतिका कुराहरू सिकाउन सकिन्छ ।

## २.४ विभक्ति

विभक्ति भनेको कारकमा लाग्ने चिन्हहरू हुन् । विभक्ति नामयोगी जस्तै अग्रवर्ती शब्दमा गाँसिएर प्रयोग हुन्छन् र आफ्नो अस्तित्व कायम गर्छन् । प्राथमिक तहका बालबालिकाहरूलाई शिक्षण गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले निर्धारण गरेका विभक्तिहरू निम्न छन् । जस्तो-

- ले, लाई, मा, बाट, देखि, लागि, को, का, की, रो, रा, री, नो, ना, नी, द्वारा, निम्ति

(क) 'ले' विभक्ति प्रयोग भएका वाक्यका केही उदाहरण-

हरिले पैसा हरायो ।
यतिले के हुन्छ र ?
सबैले तमासा हेरियो ।
उसको दिन दुखले बितेको छ ।
कमल कलमले लेख्छ ।
धेरै खानाले पेट दुख्यो ।
हरि पीडाले रुन्छ ।
श्याम नाताले भाइ हो ।

(ख) 'लाई' विभक्ति प्रयोग भएका वाक्यका केही उदाहरण

रामले भाइलाई बोलायो ।
रामले सीतालाई कमल दियो ।
हरिले बिहेलाई लुगा किन्यो ।
मलाई भोक लाग्यो ।
कमलालाई अचार मन पर्दैन ।

(ग) 'मा' विभक्ति प्रयोग भएका केही वाक्यका उदाहरण

कलम झोलामा छ ।
बिदामा घर जाऊ ।
केटीमा सीता सुशील छ ।
गणितमा रमेशले बढी अङ्क ल्यायो ।
प्लेनमा पोखरा गयो ।
राम फोन गर्दैमा आउँदैन ।
औषधि खाएमा रोग निको हुन्छ ।

(घ) 'बाट' विभक्ति प्रयोग भएका केही वाक्यहरूका उदाहरण

आकाशबाट पानी पर्‍यो ।
हिमालले गुरुबाट कथा सुन्यो ।
उखुबाट चिनी बन्छ ।
हुलाकबाट चिठी आयो ।

सरकारबाट अध्यादेश जारी भयो ।

(ङ) 'द्वारा' विभक्ति प्रयोग भएका केही वाक्यका उदाहरणहरू
पसलेले बसद्वारा सामान पठायो ।
हामीद्वारा पाठ पढियो ।

(च) 'देखि' विभक्ति प्रयोग भएका केही वाक्यका उदाहरणहरू
भोलिदेखि विद्यालय बिदा हुँदैछ ।
जनकपुरदेखि जयनगरसम्म रेल चल्छ ।
श्यामदेखि सीता रिसाएकी छे ।

(छ) 'लागि' विभक्ति प्रयोग भएका वाक्यका उदाहरण
आमाले हाम्रालागि भात पकाउनुभयो ।
म तिम्रालागि जे पनि गर्न तयार छु ।

(ज) को, का, की, रो, रा, री, नो, ना, नी विभक्ति प्रयोग भएका वाक्यका उदाहरण
रामको छोरो पढ्छ । रामका छोरा पढ्छन् । रामकी छोरी पढ्छे ।
मेरो भाइ पढ्छ । मेरा भाइ पढ्छन् । मेरी बहिनी पढ्छिन् ।
आफ्नो साथी आफ्नै हुन्छ । आफ्ना साथी आफ्नै हुन्छन् । आफ्नी साथी आफ्नै हुन्छिन् ।

प्राथमिक तहका बालबालिकाहरूमा यस किसिमका विभक्तिको प्रयोगमा अभ्यास गराउनाले उनीहरूमा भाषिक सीपको विकासमा सहयोग पुग्न सक्छ । विभक्ति शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग र विविध शिक्षण-सिकाइ क्रियाकलापले सिकाइलाई प्रभावकारी तुल्याउँछ । खाली ठाउँ भर्ने प्रश्नका आधारमा मूल्याङ्कन गर्न सजिलो हुन्छ ।
कुनै अनुच्छेदबाट विभक्तिहरू सङ्कलन गर्न लगाएर तिनलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाई विभक्ति शिक्षण गर्नु उपयुक्त हुन सक्छ । कुराकानी र छलफलको प्रसङ्गमा पनि विभक्तिको प्रयोग कतिसम्म उपयुक्त ढङ्गमा भएको छ, त्यसलाई ख्याल गर्नुपर्छ र गल्ती भएमा सच्याइदिनुपर्छ । यस किसिमका विविध क्रियाकलापहरूको प्रयोग गरेर विभक्तिहरूको शिक्षण गर्न सकिन्छ ।

## २.५ काल

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले प्राथमिक तहका बालबालिकालाई शिक्षण गर्ने सन्दर्भमा वर्तमान, भूत र भविष्यत् गरी काललाई तीन प्रकारमा प्रस्तुत गरेको छ । कालको सम्बन्ध क्रियापदसँग हुन्छ । वर्तमान कालले अहिलेको भूतले भइसकेको र भविष्यत्‌ले पछि हुने क्रियालाई जनाउने गर्छ । उदाहरण

(क) वर्तमान काल - श्याम पाठ पढ्छ ।
(ख) भूत काल - श्याम पाठ पढ्नेछ ।
(ग) भविष्यत् काल - श्याम पाठ पढ्नेछ ।

(क) वर्तमान काल - वर्तमान कालको कार्य जनाउन 'छ' का वर्तमान कालिक रूपहरूको प्रयोग हुन्छ । जस्तो पढ्छ, पढ्छौं, पढ्छौ, पढ्छु, पढ्छन्, पढ्छयौ, पढ्छे, पढ्छस् आदि । कर्ताको लिङ्ग, वचन, पुरुष र आदरको आधारमा क्रियापदका वर्तमान कालका रूपहरू बन्छन् ।

(ख) भूत काल - भूत काल जनाउन पढ् धातुमा यस प्रकारका प्रत्ययहरू लागेर रूपहरू बन्छन् । जस्तो पढेँ, पढ्यौँ, पढिस्, पढ्यौ, पढ्यो, पढे, पढी, पढिन आदि । भूत कालमा पनि कर्ताको लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियापदका रूपहरू प्रयोग हुन्छन् ।

(ग) भविष्यत् काल - भविष्यत् कालको कार्य जनाउन धातुमा ने र त्यसपछि वर्तमान काल जनाउन प्रयोग हुने 'छ' का रूपहरू प्रयोग हुन्छन् । जस्तो पढ्ने छु, पढ्ने छौँ, पढ्ने छस् पढ्ने छौ, पढ्ने छ, पढ्ने छन्, पढ्ने छिन्, पढ्ने छ्यौ आदि । भविष्यत् कालमा पनि कर्ताको लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियापदका रूपहरू फरक हुन्छन् ।

## २.६ पक्ष

प्राथमिक तहका बालबालिकाहरूलाई सामान्य, अपूर्ण र पूर्ण पक्षका बारेमा जानकारी गराउने उद्देश्यले सिकाइउपलब्धि उल्लेख गरिएका छन् । पक्ष कालभित्र व्यक्त हुन्छन् । पक्षबाट क्रियाका विभिन्न अवस्था वा चरणहरू व्यक्त हुन्छन् । क्रियापदसँग सम्बद्ध व्याकरणात्मक कोटिका रूपमा पक्षलाई लिइन्छ । प्राथमिक तहका बालबालिकालाई निम्न पक्षका आधारमा वाक्य संरचनाका बारेमा जानकारी गराइन्छ ।

(क) सामान्य पक्ष - सामान्य पक्षले सामान्य वर्तमान, सामान्य भूत र सामान्य भविष्यत् कालमा प्रयोग हुने क्रियापदको रूप वा त्यस किसिमको वाक्य संरचनालाई जनाउँछ । जस्तो-

सामान्य वर्तमान- राम पढ्छ । सीता पढ्छे । भाइ खेल्छ । भाइहरू खेल्छन् । यस किसिमका वाक्यहरू सामान्य वर्तमान कालका वाक्य हुन् ।

सामान्य भूत- रामले पढ्यो । सीताले पढी । भाइले खेल्यो । भाइहरूले खेले । यस किसिमका वाक्यहरू सामान्य भूत कालका वाक्य हुन् ।

सामान्य भविष्यत्- राम पढ्ने छ । सीता पढ्ने छे । भाइ खेल्ने छ । भाइहरू खेल्ने छन् । यसकिसिमका वाक्यहरू सामान्य भविष्यत् कालका वाक्य हुन् ।

यसरी सामान्य पक्षले कालको सामान्य अवस्थालाई जनाउँछन् ।

(ख) अपूर्ण पक्ष- अपूर्ण पक्षले काम भइरहेको वा हुँदै गरेको अवस्थालाई जनाउँछ । अपूर्ण पक्षले कामको निरन्तरतालाई जनाउने हुन्छ । वर्तमान, भूत र भविष्यत् तीनै कालमा अपूर्ण पक्षका रूपमा क्रियापदहरू प्रयोग हुन्छन् ।

अपूर्ण वर्तमान - राम पढ्दै छ । सीता पढ्दै छे । भाइ खेल्दै छ । भाइहरू खेल्दै छन् । यस किसिमका वाक्यहरूले वर्तमानमा काम भइरहेको कुरालाई जनाउने भएकाले यी अपूर्ण वर्तमानका वाक्य हुन् ।

अपूर्ण भूत - राम पढ्दै थियो । सीता पढ्दै थिई । भाइ खेल्दै थियो । भाइहरू खेल्दै थिए । यस किसिमका वाक्यले भूत कालमा काम हुँदै गरेको कुरालाई जनाएकाले यी अपूर्ण भूतका वाक्यहरू हुन् ।

अपूर्ण भविष्यत् - राम पढ्दै हुनेछ । सीता पढ्दै हुनेछ । भाइ खेल्दै हुनेछ । भाइहरू खेल्दै हुनेछन् । यस किसिमका वाकयहरूले भविष्यमा काम हुँदै रहने अवस्थालाई बुझाउने भएकाले यी अपूर्ण भविष्यत्का वाक्य हुन् ।

यसरी अपूर्ण पक्षले कामको अपूर्ण अवस्थालाई जनाउँछन् ।

(ग) पूर्ण पक्ष - पूर्ण पक्षले काम सम्पन्न भइसकेको अवस्थालाई जनाउँछ । पूर्ण वर्तमान, पूर्ण भूत र पूर्ण भविष्यत् गरी पूर्ण पक्षको पनि तीनै कालमा प्रयोग हुन्छ ।

पूर्ण वर्तमान - रामले पढेको छ । सीताले पढेकी छे । भाइले पढेको छ । भाइहरूले पढेका छन् । यस किसिमका वाक्यले वर्तमानमा काम सम्पन्न भइसकेको जनाउने भएकाले यी पूर्ण वर्तमानका वाक्यहरू हुन् ।

पूर्ण भूत- रामले पढेको थियो । सीताले पढेकी थिई । भाइले पढेको थियो । भाइहरूले पढेका थिए । यस किसिमका वाक्यले भूतमा काम पूर्ण भइसकेको जनाएकाले यी वाक्यहरू पूर्ण भूतका वाक्य हुन् ।

पूर्ण भविष्यत्- रामले पढेको हुनेछ । सीताले पढेकी हुनेछे । भाइले पढेको हुनेछ । भाइहरूले पढेका हुनेछन् । यस किसिमका वाक्यले भविष्यमा काम सम्पन्न भइसक्ने कुरा जनाउने भएकाले यी वाक्य पूर्ण भविष्यत्का वाक्य हुन् ।

यसरी पूर्ण पक्षले कामको पूर्ण वा सम्पन्न अवस्थालाई जनाउँछ ।

काल र पक्षमा शिक्षण गर्दा शिक्षणसिकाइ क्रियाकलापका रूपमा दिएका क्रियापदलाई वाक्यमा प्रयोग गर, दिएको क्रियापद कुन काल वा कुन पक्षका हुन् बताऊ, तोकिएका काल र पक्षसम्वन्धी क्रियापदहरू पाठ्यपुस्तकका पाठ्बाट सङ्कलन गर, उदाहरणका आधारमा तोकिएका काल र पक्षसम्वन्धी क्रियापदका सूची र तालिका बनाऊ भनेर कक्षा कार्यका रूपमा बालबालिकालाई सिकाइमा संलग्न गराउन सकिन्छ । यसका साथै काल र पक्षलाई तोकिदिएर यसलाई आधार मानेर कुराकानी गर वा त्यसै किसिमका क्रिया पदलाई आधार मानेर एक अनुच्छेद लेख जस्ता क्रियाकलापको प्रयोगका आधारमा काल र पक्षका बारेमा शिक्षण गर्नाले पनि शिक्षण-सिकाइ प्रभावकारी हुन सक्छ ।

# वर्णविन्यास र लेख्य चिन्ह शिक्षण

## १. विषय प्रवेश

वर्णविन्यासलाई अर्को शब्दमा हिज्जे पनि भन्ने गरिन्छ। वर्णविन्यास भनेको वर्णहरूको व्यवस्थापूर्ण रखाइ हो। वर्णविन्यासभित्र वर्ण, अक्षर, मात्रा, लेख्य चिन्ह समेतका कुराहरू आउँछन्। नेपाली भाषा वर्णविन्यासको दृष्टिबाट जटिल भाषा मानिन्छ। वर्णविन्यासको सम्बन्ध नेपाली भाषाका चारै सीपहरूसँग छ। वर्णविन्यासको व्यवस्थाले नेपाली भाषालाई परिस्कृत, परिमार्जित र समृद्ध तुल्याउनमा सहयोग पुऱ्याएको हुन्छ। यसैले नेपाली भाषा शिक्षणको प्रसङ्गमा वर्णविन्याससम्बन्धी व्यवस्थाका बारेमा विशेष ध्यान पुऱ्याउनु आवश्यक पर्छ।

नेपाली भाषाका कथ्य र लेख्य गरी दुई रूप छन्। लेख्य भाषामा त त्रुटिपूर्ण वर्णविन्यासलाई भाषाको अशुद्ध प्रयोगका रूपमा लिइन्छ। शुद्ध नेपाली भाषाको प्रयोग गर्नु भनेको नै वर्णविन्यासको समुचित प्रयोगमा ध्यान पुऱ्याउनु हो। त्रुटिपूर्ण वर्णविन्यासले कतिपय अवस्थामा भाषाको प्रयोगलाई अर्थको अनर्थ पनि पार्न सक्छ। जस्तो दीन-दिन, कोश-कोस, दिशा-दिसा, शव-सब, गइन-गइनँ-गइन्, क्षमा-छेमा, बाघ-वाग, परिमाण-परिणाम, आधी-आदि, खाली खालि यस किसिमका श्रुतिसमभिन्नार्थक शब्दले फरकफरक अर्थ बताउँछन्। तोपलाई टोप भनेर सुन्दा र त्यसलाई त्यसैअनुसार व्यावहारिक प्रयोगको रूपमा प्रतिक्रिया जनाउनाले संवेदनशील असर समेत पर्न सक्छ। उच्चारण शिक्षण पनि वर्णविन्यासमा नै आधारित शिक्षण क्रियाकलाप हो। वर्णविन्यासमा ख्याल नगरी लेख्ने लेख त्यतिकै अशोभनीय हुन्छ।

नेपाली भाषा शिक्षण गर्ने प्रसङ्गमा प्राथमिक तहका तल्ला कक्षाहरूदेखि नै बालबालिकाहरूलाई वर्णविन्यासका सम्बन्धमा क्रमिक रूपमा जानकारी गराउँदै लानु आवश्यक हुन्छ। जस्तो य-ए, ओ-व, ण-न, र-ल, ब-भ, द-ध आदि। नेपाली भाषामा मात्रा पनि फरक फरक रूपमा लेखिन्छ, जस्तो तर्कुले, वर्धने, दाहिना, बाइमात्रा, शिरविन्दु, चन्द्रविन्दु र दवासविन्दु आदि। यस किसिमबाट विभिन्न आधारमा वर्णहरूलाई समुचित रूपमा व्यवस्थित ढङ्गले प्रयोग गर्ने व्यवस्थाको नाम नै वर्ण-विन्यास हो। त्यो नियम लेख्य चिन्हमा पनि लागू हुन्छ, जस्तो अल्प विराम, अर्ध विराम, उद्गार, उद्धरण, सम्बोधन, विस्मयादिबोधक आदि। प्राथमिक तहका बालबालिकाहरूलाई शिक्षण गर्न नेपाली विषयका शिक्षकले वर्णविन्याससम्बन्धी विषयवस्तुका बारेमा आफू पनि पोख्त हुनु आवश्यक हुन्छ र वर्णविन्याससम्बन्धी जानकारी बालबालिकाहरूलाई कसरी गराउने भन्ने बारेमा पनि जानकारी हासिल गर्नु आवश्यक हुन आउँछ।

## २ विषयवस्तु

वर्णविन्यास र लेख्य चिन्हका विषयवस्तुका रूपमा निम्न विषयवस्तुलाई मोटामोटी रूपमा प्रस्तुत गर्न सकिन्छ

(क) ह्रस्वदीर्घ
(ख) खुट्टा काट्नु र नकाट्नु
(ग) य-ए आदि
(घ) शिरविदु र चन्द्रविन्दु
(ङ) ऋ र रि

(च) क्ष, छे र छय

(छ) ब, व र ओ

(ज) श, ष, स

(झ) पदयोग र पदवियोग

(ञ) चिन्हप्रयोग

अल्पविराम

- पूर्णविराम
- प्रश्न चिन्ह
- विस्मयादिवोधक
- उद्धरणको प्रयोग आदि ।

(क) ह्रस्वदीर्घ

उच्चारण गर्नमा कम समय लाग्नेलाई ह्रस्व भनिन्छ भने ह्रस्व उच्चारण गर्न लाग्ने समयजति नै अरू थप समय लाएर उच्चारण गरिनेलाई दीर्घ भनिन्छ । स्वर वर्णमा इ र उ को प्रयोग ह्रस्व र दीर्घका रूपमा हुन्छ । इ र उ ह्रस्व स्वर वर्ण हुन् । ई र ऊ दीर्घ स्वर वर्ण हुन् । यसै आधारमा व्यञ्जन अक्षरमा लाग्ने मात्राहरू पनि ह्रस्व र दीर्घ दुवै हुन्छन् । ह्रस्व इ जनाउने मात्रालाई बाइमात्रा र दीर्घ ई जनाउने मात्रालाई दाहिना ई भनिन्छ । त्यस्तै ह्रस्व उ जनाउने मात्रालाई तर्कुले र दीर्घ उ जनाउने मात्रालाई बर्धने भन्ने गरेको पाइन्छ । तिनीहरूका चिन्ह यस प्रकार छन्

ह्रस्व (बाइमात्रा) इ - ि

दीर्घ (दाहिना) ई - ी

ह्रस्व (तर्कुले) उ - ु

दीर्घ (बर्धने) ऊ - ू

(ख) खुट्टो काट्नु र नकाट्नु

खुट्टो काटेका वर्णलाई हलन्त र खुट्टो नकाटेका वर्णलाई अजन्त वर्ण भनिन्छ । नेपाली भाषामा हलन्त उच्चारण गरिने कतिपय वर्ण खुट्टो नकाटीकन पनि लेखिन्छ भने कतिपय हलन्त उच्चारण गरिने वर्णहरू भने खुट्टो काटेर नै लेखिन्छ । यस्तो अवस्थामा लेख्य भाषाको अनुशरण गरेर शिक्षकहरूले बालबालिकालाई त्यसैअनुसार शिक्षण गर्नुपर्छ ।

खुट्टो काटेका वर्णहरू क्, ख्, ग् आदि ।

खुट्टो नकाटेका वर्णहरू क, ख, ग, आदि ।

(ग) य-ए आदि

ए स्वर वर्ण हो । यो शुद्ध स्वर वर्ण हो । ऐ (अइ) र औ (अउ) भने संयुक्त स्वरवर्ण हुन् । 'ए' को उच्चारणमा ओठ फैलिछ । तर 'य' को उच्चारणमा ओठ फैलिँदैन । 'य' लाई अर्ध स्वर पनि भनिन्छ । 'य' को उच्चारण 'इअ' को रूपमा हुन्छ । 'य' लाई एकलख ( ) मात्रा लाउँदा यसको उच्चारण 'ए' को रूपमा नै हुन्छ । जस्तो एउटा र यौटा दुवै लेख्ने प्रचलन छ । तर य र ए को उच्चारण र प्रयोगमा फरक पाइन्छ । लेख्य भाषाको प्रचलन वा नियमअनुसार नै य र ए को प्रयोग गर्नुपर्छ ।

ए - एक, गए, गएको, गएर, गएमा आदि ।
य - यक्ष, यज्ञ, यश, यम, यस्तो, त्यस्तो आदि ।

(घ) शिरबिन्दु र चन्द्रबिन्दु

शिरबिन्दु र चन्द्रबिन्दु फरक किसिमका मात्रा हुन् । म् र न् लाई मात्राको रूपमा प्रयोग गर्दा शिरविन्दुको रूपमा प्रयोग गर्नुपर्छ । ङ् र ञ् लाई मात्राको रूपमा प्रयोग गर्दा चन्द्रबिन्दुको रूपमा प्रयोग गर्नुपर्छ । शिरबिन्दु अक्षरको डिकामाथि थोप्लो वा विन्दुको रूपमा लेखिन्छ भने चन्द्रबिन्दु अक्षरको डिकामाथि अर्धचन्द्राकार र त्यसको बीचमा बिन्दु दिएर लेखिन्छ । शिरबिन्दुको उच्चारण नाक र मुख दुबैको सहयोगबाट हुन्छ । चन्द्रविन्दुको उच्चारण भने नाकको सहयोगले मात्र गरिन्छ । शिरबिन्दुको नाम अनुस्वार पनि हो भने चन्द्रबिन्दुलाई जूनटिकी पनि भनिन्छ ।

शिरबिदु - ( ं )
चन्द्रबिन्दु - ( ँ )

(ङ) ऋ र रि

ऋ स्वर वर्ण हो । नेपाली भाषमा 'ऋ' को उच्चारण 'रि' को रूपमा नै गरिन्छ, तर लेख्य रूपमा संस्कृत शब्दमा ऋ को र अन्य नेपाली शब्दमा भने 'रि' को नै प्रयोग गरे हुन्छ ।

ऋ = ऋषि ऋचा आदि ।
रि = रिट्ठो, रिकापी, रिबन आदि ।

(च) क्ष, छे र छय

'क्ष' को उच्चारण छे वा छयजस्तो सुनिने भए तापनि त्यसको उच्चारण फरक हुन्छ । क्ष संयुक्त व्यञ्जन वर्ण हो भने छे वा छय भने 'छ' मा मात्रा लागेको र हलन्त बनी य को सहारा लिएर बनेको अक्षर हो । 'क्ष' क र ष मिलेर बनेको संयुक्त वर्ण भएकाले क्ष को उच्चारण क्ष जस्तो रूपमा हुनुपर्छ ।

क्ष - क्षमा, पक्ष, क्षण, संरक्षक आदि ।
छे - छेरा, छेवर, छेलो आदि ।
छय - छयामा, छयापी, छयाङ् आदि ।

(छ) ब, व र ओ

'ब' व्यञ्जन वर्ण हो । यसको उच्चारण तल्लो र माथिल्लो ओठको स्पर्शबाट हुन्छ । ब लाई बाटुलो ब भनिन्छ । यसको बीचमा छड्के रूपमा चिनिएको हुन्छ । यसको उच्चारण एकल प्रणालीबाट मात्र हुन्छ । तर 'व' को उच्चारण भने कतै व को रूपमा र कतै ब को रूपमा हुने गरेको पाइन्छ । व अर्ध व्यञ्जवर्ण हो, यसलाई ओ को रूपमा पनि उच्चारण गरिन्छ । व को उच्चारण उअ जस्तो गरेर हुन्छ । नेपाली भाषामा व को लेखाइ प्रयोग उच्चारणअनुसार मात्र नभएर आफ्नै किसिमले हुने गरेको छ । कतिपय अवस्थामा व र ओ को उच्चारण समानजस्तो भए पनि लेखाइमा भने फरक हुन्छ त्यस्तै कतिपय अवस्थामा ब र व को उच्चारण समान रूपमा भए पनि लेखाइमा फरक रूपमा नै लेखिन्छ ।

ब - बालुवा, बाकस, बेपार, बोक्नु आदि ।

व - वकिल, वतन, वर, वाद, अवसर, विवश, विवेक, वृक्ष आदि ।
ओ - ओखल, ओखर, ओदान आदि ।

(ज) श, ष र स

नेपाली वर्णमालामा तीन किसिमका 'स' को प्रयोग गर्ने गरेको पाइन्छ । 'श' जिब्रो र तालको सहयोगबाट उच्चारण हुने भएकाले तालव्य 'श' भनिन्छ । 'ष' जिब्रो र मुर्द्धा (दन्तमूल र तालुको बीचको भाग) को सहयोगबाट उच्चारण हुने भएकाले मुर्द्धन्य ष भनिन्छ । 'स' जिब्रो र दन्तमूलको सहयोगबाट उच्चारण हुने भएकाले दन्त्य स भनिन्छ ।

श - शत्रु, शनिबार, शरीर, शरण आदि ।
ष - उषा, भाषा, भाषण, ॠषि, कृषि आदि ।
स - सरकार, विकास, सेना, सिद्धान्त, सिस्नो आदि ।

(झ) पदयोग र पदवियोग

पदलाई जोडेर लेख्नुलाई पदयोग र पदलाई छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ । जस्तो विभक्ति, नामयोगी र समस्त शब्दहरूलाई एउटै डिकोमा लेखिन्छ भने संयोजक, विस्मयादिबोधक, निपात, क्रियायोगी, विशेषण र विशेष्य शब्द तथा क्रियापद अलग डिकोमा लेखिन्छ ।

पदयोग - रामले झोलाभित्रको किताब डेस्कमाथि राख्यो र साथीसँगै बस्यो ।
पदवियोग - राम र हरि आए पनि श्याम त सुटुक्क बजार पो गएछ ।

(ञ) चिन्हको प्रयोग

लेख्य भाषामा लेख्य चिन्हहरूको प्रयोग गरिन्छ । लेख्य चिन्हहरूको प्रयोग नभएको लेखाइ भद्दा किसिमको हुन्छ । गति र यतिलाई आधार मानेर वाचन गर्न पनि लेख्य चिन्हको प्रयोगको आवश्यकता पर्छ । यसैले लेख्दा लेख्य चिन्हहरूको प्रयोग गर्नु आवश्यक छ । नेपाली भाषामा प्रयोग गरिने लेख्य चिन्हहरू अनेक छन्, तर प्राथमिक शिक्षा पाठ्यक्रमअनुसार प्राथमिक तहका बालबालिकालाई शिक्षण गर्नुपर्ने लेख्य चिन्हहरूमा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्धरण र विस्मयादिवोधक पर्छन् ।

पूर्णविराम - पूर्णविराम वाक्यलाई टुङ्ग्याउँदा वाक्यको अन्त्यमा दिइने लेख्य चिन्ह हो । पूर्णविराम चिन्हले पूर्ण रूपमा विश्राम गर्ने वा रोकिने र अनि त्यसपछि मात्र अर्को वाक्यको थालनी गर्ने कुरालाई बोध गराउँछ । पूर्णविराम चिन्हको स्वरूप ( । ) यस्तो ठाडो धर्को आकारको हुन्छ । उदाहरण- राम्रोसँग विद्यालय जाऊ । पानी खाऊ । घर टाढा छ ।

अल्पविराम चिन्ह - यसलाई अङ्ग्रेजीमा कमा भन्ने गरिएको छ । अल्पविराम चिन्हले कम समय रोकिनुपर्ने वा थोरै समय विश्राम लिनुपर्ने कुरालाई बुझाउँछ । अल्पविराम चिन्हको स्वरूप ( , ) यस्तो प्रकारको हुन्छ । यो चिन्हको प्रयोग पद, पदावली र उपवाक्यहरूको संयोजन गर्नका लागि गरिन्छ । उदाहरण राम, श्याम र गोपाल खेल्छन् । तिमीले बोलाएछौ, मैले सुनिन । धोबीधारा, काठमाडौं । नानी हो, तिमीहरूलाई मैले गृहकार्य गर्न भनेको थिएँ । आदि ।

प्रश्नवाचक चिन्ह - प्रश्नवाचक चिन्हको स्वरूप ( ? ) यस्तो हुन्छ । यो लेख्य चिन्ह प्रश्न गर्दा प्रयोग गर्ने गरिन्छ । कुनै कुरा निश्चित रूपमा किटानीसाथ भन्न नसक्नाले शङ्का गर्ने अवस्था जनाउने वाक्यमा पनि प्रश्नवाचक चिन्ह प्रयोग गरिन्छ । प्रश्नवाचक चिन्ह पनि वाक्य टुङ्ग्याउने लेख्य चिन्ह हो । उदाहरण तिम्रो नाम के हो ? तिम्रो घर कहाँ छ ? तिमी अहिले कहाँबाट आयौ ? उसलाई अझै सञ्चो भएको छैन ? के गरौं त ? आदि ।

उद्धरण चिन्ह - उद्धरण चिन्ह विशेष किसिमको भनाइमा, कसैको भनाइलाई उद्धृत गर्दा, कुनै महत्त्वपूर्ण पद, पदावली र वाक्यहरूलाई विशेष महत्त्व दिएर अलग्याउँदा वा प्रष्टयाउँदा पनि प्रयोग गरिन्छ । उदाहरण सबैले भन्छन्- "पढेरभन्दा परेर जानिन्छ ।" "मुनामदन" लोकप्रिय खण्डकाव्य हो । 'श' लाई मोटो श पनि भन्ने चलन छ । आदि ।

उद्धरण चिन्ह एकोहोरो ' ' र दोहोरो " " दुबै रूपमा प्रयोग गरिन्छ । यो चिन्हको प्रयोग गर्दा अन्य चिन्हहरूको प्रयोग पनि आफ्नो नियमअनुसार हुने गर्छ । पूर्णविराम र प्रश्नवाचक चिन्हसँगै उद्धरण चिन्हको पनि प्रयोग गर्नु परेको खण्डमा पूर्ण विराम र प्रश्नवाचक चिन्हको प्रयोगपछि मात्र यो चिन्ह प्रयोग गरिन्छ । उदाहरण "मानिस ठूलो दिलले हुन्छ ।" यो, महाकवि देवकोटाको भनाइ हो ।

विस्मयादिबोधक चिन्ह - विस्मयादिबोधक चिन्हलाई उद्‌गार चिन्ह पनि भनिन्छ ।

हर्ष, विस्मात्, घृणा, आश्चर्य आदिको भाव प्रकट गर्दा र सम्बोधनमा पनि यो चिन्ह प्रयोग हुन्छ । उदाहरण अहो ! कस्तो अनौठो जमाना आयो, जताततै आतङ्कैआतङ्कले समाज कोलाहल छ । बुद्ध ! स्वर्गबाट शान्तिको सन्देश पठाइदेऊ न ।

# एकाइ - १७

## भाषिक मूल्याङ्कन

### मूल्याङ्कनको अर्थ

मूल्याङ्कन शिक्षण-सिकाइको महत्त्वपूर्ण अङ्ग हो। शिक्षणसिकाइ अर्थपूर्ण एवम् प्रभावकारी बनाउन मूल्याङ्कन आवश्यक हुन्छ । मूल्याङ्कनलाई शिक्षणसिकाइ प्रक्रियाको मार्ग निर्देशक मान्न सकिन्छ। शिक्षणसिकाइका क्रममा विद्यार्थीहरूले सिकाइउपलब्धि प्राप्त गर्न सक्षम भए नभएको पत्ता लगाउन, कठिनाइस्तर पत्ता लगाउन, सुधारात्मक तथा उपचारात्मक शिक्षण गर्न, शिक्षक स्वयम्ले आफ्नो शिक्षण कार्यकलापको प्रभावकारिता थाहा पाउन समेत मूल्याङ्कनले सहयोग पुऱ्याएको हुन्छ। मूल्याङ्कन विद्यार्थीहरूको क्षमता परीक्षणमा मात्र सीमित हुँदैन। यसले सम्पूर्ण शिक्षण-सिकाइ प्रक्रियाको नै प्रभावकारिताको परीक्षण गरिरहेको हुन्छ। पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री आदिको उपयुक्तता केलाउन समेत मूल्याङ्कनले सहयोग गर्दछ।

### भाषिक मूल्याङ्कन

भाषा शिक्षणको प्रसङ्गमा प्रयोग गरिने मूल्याङ्कन नै भाषिक मूल्याङ्कन हो। यसले बालबालिकाहरू भाषिक क्षमताको आँकलन गर्न मद्दत गर्दछ। यसमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ र तीसँग सम्बन्धित शब्दभण्डार, उच्चारण, बोध (श्रुति+पठन), शब्दप्रयोग, भाषातत्वजस्ता कुराको मूल्याङ्कन गर्नु पर्दछ। यसबाट विद्यार्थीहरूले के कति प्रगति गरे, उनीहरूको समस्या वा कठिनाइ के छ र त्यो समस्या वा कठिनाइको कारण के हो र उक्त कठिनाइको निराकरण गर्न के कस्तो अभ्यास वा निराकरणात्मक शिक्षण गर्नुपर्दछ भन्ने पृष्ठपोषण मिल्दछ।

भाषिक मूल्याङ्कन अन्य विषय शिक्षणको मूल्याङ्कनमा प्रयोग गरिने मूल्याङ्कनभन्दा भिन्न छ। भाषिक मूल्याङ्कनले विषयवस्तुको ज्ञानभन्दा भाषिक सीपको विकासमा विशेष महत्त्व राख्दछ। भाषिक मूल्याङ्कन लिखित परीक्षाबाट मात्र सम्भव नहुने भएकाले भाषाका चारै सीपको मूल्याङ्कन गर्न मूल्याङ्कनका औपचारिक र अनौपचारिक दुबै प्रक्रियालाई अपनाउनु पर्दछ। भाषिक मूल्याङ्कन औपचारिक र अनौपचारिक दुबै रूपमा गर्न सकिन्छ। भाषिक मूल्याङ्कन भन्नाले भाषिक सीपलाई आधार मानेर गरिने भाषासम्बन्धी मूल्याङ्कन हो।

भाषाशिक्षण सीपमूलक र अभ्यासमूलक विषय हो। भाषिक सीप सिकाइले लामो समय लिन सक्छ। भाषाको सिकाइमा विद्यार्थीहरूले क्रमिक रूपमा विस्तारैविस्तारै दक्षता हासिल गर्दछन्। सबै विद्यार्थीहरूमा समान रूपले भाषिक क्षमता विकास पनि हुन सक्दैन। यसले गर्दा विद्यार्थीहरू भाषिक क्षमतामा के कस्तो प्रगति भइरहेको छ भन्ने कुरा थाहा पाउन भाषा शिक्षणमा मूल्याङ्कन बारम्बार या निरन्तर रूपमा प्रयोग गरिरहनु पर्दछ। भाषाशिक्षणमा मूल्याङ्कनका विभिन्न साधनहरूको प्रयोगविना विद्यार्थीको भाषिक क्षमताको स्तर पत्ता लगाउन सकिँदैन। जस्तै विद्यार्थीको सुनाइ सीपसम्बन्धी मूल्याङ्कन गर्नु छ भने सुन र भन, सुन र गर, सुन र लेख आदिजस्ता कार्यकलापको मद्दतबाट गर्न सकिन्छ। त्यस्तै बोलाइ सीपको मूल्याङ्कन गर्न कुनै विषयमा कुराकानी गर, कुनै चित्र वा वस्तुको वर्णन गर, छलफल गर आदिजस्ता कार्यकलापको सहयोगबाट गर्न सकिन्छ। पढाइ सीपको मूल्याङ्कन गर्नु छ भने उच्चारण गर्ने, सस्वर वाचन गर्ने, पढेर उत्तर दिने आदि जस्ता कार्यकलापको सहयोगबाट मूल्याङ्कन गर्न सकिन्छ। लेखाइ सीपको मूल्याङ्कन गर्न, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तरलेखन, सारांशलेखन, सिर्जनात्मक लेखन

आदि कार्यकलापको मद्दतबाट गर्न सकिन्छ । यसैगरी शब्दभण्डारको मूल्याङ्कन गर्न शब्दको अर्थ बताउने, शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने आदि कार्यकलापको मद्दत लिनु पर्दछ । यसरी भाषिक मूल्याङ्कनमा विविधता अपनाउनु आवश्यक छ । भाषिक क्षमता थाहा पाउन भाषिक मूल्याङ्कनका विविध कार्यकलापलाई निरन्तर उपयोग गरी भाषामा दक्ष बनाउन भाषिक मूल्याङ्कनको महत्वपूर्ण स्थान हुन्छ ।

भाषिक मूल्याङ्कनका साधनहरू

भाषिक मूल्याङ्कन मूलतः सीप केन्द्रित मूल्याङ्कन हो । भाषिक मूल्याङ्कनका निर्धारित उद्देश्य अनुरूपका साधनहरूलाई प्रयोगमा ल्याउनु पर्छ । यस्ता साधनहरू विभिन्न हुन सक्छन् । भाषिक मूल्याङ्कनको प्रयोगमा आउन सक्ने साधनका रूपमा मौखिक जाँच, लिखित जाँच र पर्यवेक्षणलाई मुख्य रूपमा लिने गरिन्छ ।

(क) मौखिक जाँच

भाषिक मूल्याङ्कनका लागि मौखिक र लिखित जाँच आ-आफ्नो स्थानमा उत्तिकै महत्त्वपूर्ण मानिन्छन् । तापनि भाषिक मूल्याङ्कन सन्दर्भमा मौखिक जाँचलाई अत्यावश्यक साधनका रूपमा लिने गरिन्छ । बालबालिकाहरूको मौखिक अभिव्यक्तिगत सीप र तत्सम्बन्धी विविध पक्षको साथै सस्वर वाचन सीपको मूल्याङ्कनका लागि मौखिक जाँचलाई उपयोग गरिन्छ । भाषाशिक्षणको कार्यकलाप सँगसँगै वा कार्यकलापको अन्तमा वर्णोच्चारण, शब्दोच्चारण, ध्वनिपहिचान, वर्णविभेदीकरण, वादविवाद, सम्वाद, वक्तृत्वकला, वस्तु वा चित्रवर्णन, सस्वरवाचन, कवितावाचन, शब्दार्थ-शिक्षण, शब्दप्रयोग, श्रुतिवोधजस्ता भाषिक सीपको मूल्याङ्कन मौखिक जाँचको माध्यमबाट गर्न सकिन्छ । यसमध्ये कतिपय भाषिक सीपको मूल्याङ्कन मौखिक जाँचविना सम्भव नै हुँदैन । विद्यार्थीको वैयक्तिक क्षमताको पहिचान गरी शिक्षणमा प्रभावकारिता ल्याउन समेत उपयुक्त मानिने मौखिक जाँचको प्रयोगमा श्रम, साधन र समय चाहिँ धेरै खर्च हुने गर्छ । तैपनि भाषिक सीपको मूल्याङ्कनमा मौखिक जाँचको महत्त्वपूर्ण भूमिका रहेको कुरा नकार्न सकिँदैन ।

(ख) लिखित जाँच

लिखित जाँचलाई लेख्य अभिव्यक्तिको लागि गरिने भाषिक मूल्याङ्कनको महत्त्वपूर्ण साधन मानिन्छ । लिखित जाँचको माध्यमबाट अक्षरलेखन, शब्दरचना, वाक्यरचना, वोधप्रश्नोत्तर (श्रुति+पढन) हिज्जे प्रयोग, लिखित रचना (प्रबन्ध, निबन्ध, चिट्ठी आदि), वर्णविन्यास, श्रुतिरचना आदि भाषिक सीपको मूल्याङ्कन गर्न सकिन्छ । लिखित जाँचबाट भाषाका सम्पूर्ण सीपहरूको मूल्याङ्कन गर्न सकिँदैन । तर पनि हाम्रो देशमा लिखित परीक्षाकै माध्यमबाट भाषिक मूल्याङ्कन गर्ने गरिन्छ । लिखित जाँचका लागि वस्तुगत र विषयगत प्रश्नहरू सोध्न सकिन्छ । लिखित रूपमा अभिव्यक्ति गर्ने कलाको मूल्याङ्कनका लागि भने विषयगत जाँच (परीक्षा) महत्वपूर्ण मानिन्छ भने वोधसम्बन्धी मूल्याङ्कनमा वस्तुगत प्रश्न उपयुक्त मानिन्छ ।

(ग) पर्यवेक्षण

भाषाको वास्तविक रूप कथ्य हो । भाषालाई मानवीय व्यवहारको माध्यम मानिन्छ । भाषिक व्यवहार प्रसङ्गपूर्ण, वक्ता-स्रोताअनुरूप शिष्ट तथा प्रभावकारी हुनुपर्छ । यसको माध्यमबाट विद्यार्थीहरूका मौखिक अभिव्यक्तिहरूसँग सम्बन्धित विभिन्न भाषिक सीप तथा क्षमताको

मूल्याङ्कन गर्न सकिन्छ । मौखिक जाँच तथा लिखित जाँचलाई उपयोग गरेर भाषिक व्यवहारका कतिपय सीप र पक्षको मूल्याङ्कन गर्न सकिँदैन । यसमा सामाजिक सम्पर्कका कारणले गर्नुपर्ने व्यवहारिक मूल्याङ्कन पर्दछ । बोलेको कुरा सुनेर मात्रै पनि भाषाका सबै पक्षलाई समेट्न सकिँदैन । त्यसको लागि पर्यवेक्षण (अवलोकन) को आवश्यकता हुन्छ । पर्यवेक्षणलाई उपयोग गरेर वक्ता-स्रोताको हाउभाउ, चेष्टा, ध्यानाकर्षण आदि अभिव्यक्ति कौशलको मूल्याङ्कन गर्न सकिन्छ । कुराकानी, छलफल, वस्तु तथा चित्र वर्णन, सस्वरवाचन, सम्वाद, वादविवाद र घटना तथा अनुभव वर्णन आदिमा भाग लिन लगाई त्यसको पर्यवेक्षण गरी विद्यार्थीहरूको भाषिक क्षमताको पहिचान गरी आवश्यक सुधारात्मक शिक्षण गर्न सकिन्छ । यसको लागि विद्यार्थीको पर्यवेक्षण गरी भाषिक क्षमताको अभिलेख राख्नुपर्दछ । यसको निम्ति जाँचसूची र श्रेणी मापनजस्ता साधनहरूलाई उपयोग गर्नु आवश्यक हुन्छ ।

(अ) जाँचसूची

जाँचसूचीमा जाँच लिइने वा पर्यवेक्षण गरिने कुराका खासखास बुँदाहरूको उल्लेख गरी तत्सम्बन्धी प्रत्येक विद्यार्थीको भाषिक क्षमता के कस्तो छ ? सो किटान गर्नको लागि प्रत्येक बुँदामा विभिन्न किसिमका विकल्पहरूको साथै उत्तरहरू पनि समावेश गरिएको हुन्छ । समावेश गरिएका विकल्पहरूमध्ये सम्बन्धित विद्यार्थीका लागि उपयुक्त विकल्प छनौट गरी सो विकल्पमा चिनो लगाई सङ्केत गरिन्छ । जाँचसूचीमा आवश्यक कुरा लेख्नको लागि केही खाली ठाउँ समेत राखेर सूची तयार गरिन्छ ।

उच्चारण क्षमता कस्तो छ ?

(क) स्पष्ट उच्चारण गर्दछ ।
(ख) तोते उच्चारण गर्दछ ।
(ग) ट/त मा बिराउने गर्दछ ।
(घ) उच्चारण ठीकसँग गर्न सक्दैन ।
(ङ) अन्य केही भए उल्लेख गर्ने ।

(आ) श्रेणीमापन

खासखास भाषिक सीपमा विद्यार्थीहरूको धारणा के कस्तो स्तरको छ वा कुन खालको छ ? तत्सम्बन्धी मापन गर्नको लागि बनाइएको अवलोकनको साधनलाई श्रेणी मापन भनिन्छ । श्रेणी मापनमा कुनै पनि भाषिक सीप वा क्षमताको जाँच गर्न सामान्यत तीनदेखि पाँच श्रेणीहरू राखिने गरिन्छ । तीमध्ये उपयुक्त श्रेणीमा चिनो लगाई यसको मापन गरिन्छ । त्यसको आधारमा कुन विद्यार्थी कुन कुरामा के कस्तो स्तर, क्षमता छ, सो को मूल्याङ्कन गरी आवश्यक सुधार गर्न यसले सहयोग पुऱ्याउँछ । जस्तै

विद्यार्थीको सस्वरपठन क्षमता कस्तो छ ?

| | | | | | |
|---|---|---|---|---|---|
| (१) | उत्तम | मध्यम | निम्न | | |
| (२) | अतिउत्तम | उत्तम | मध्यम | निम्न | |
| (३) | अतिउत्तम | उत्तम | मध्यम | निम्न | ज्यादै निम्न |

भाषिक मूल्याङ्कनका लागि प्रश्नहरू

भाषिक मूल्याङ्कनका लागि वस्तुगत र विषयगत प्रश्नहरू तयार गर्न सकिन्छ ।

(क) वस्तुगत प्रश्नहरू

एक शब्द वा एक वाक्यका साथै कुनै सङ्केतद्वारा उत्तर दिने गरी तयार गरिने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । यसका लागि समय र प्रयोजन निश्चित गरेर मात्र प्रश्न तयार गरिन्छ । ठीक बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने र बहुवैकल्पिक (ठीक उत्तर छान्ने) जस्ता प्रश्न वस्तुगत प्रश्न हुन् । जाँचमा यसमा धेरै लेख्नु आवश्यक हुँदैन र बालबालिकाहरूका निजी विचार लेख्नु हुँदैन । यस किसिमको प्रश्नबाट वोध क्षमता, शब्दभण्डार र कार्यमूलक व्याकरणसम्बन्धी मूल्याङ्कन गर्न सकिन्छ ।

वस्तुगत प्रश्नका विशेषताहरू

(१) वस्तुगत - संक्षिप्त र तोकिएको उत्तर हुन्छ । व्यक्तिगत निर्णय र विचारलाई यसमा प्राथमिकता दिइँदैन । तोकिएको अङ्क प्राप्त हुन्छ । फरकफरक अङ्क प्राप्त हुने सम्भावना हुँदैन ।

(२) व्यापक - वस्तुगत प्रश्न तयार गर्दा सम्पूर्ण विषयवस्तुलाई समावेश गरी तयार गर्न सकिन्छ । एउटै पाठबाट पनि विभिन्न किसिमका प्रश्नहरू पनि तयार गर्न सकिन्छ ।

(३) विश्वासनीय - यस्तो परीक्षणका लागि गरिने मापन विश्वसनीय हुन्छ । यसको छोटो र वस्तुगत उत्तर दिनुपर्ने हुन्छ । जसले मापन गरे पनि समान अङ्क प्राप्त हुन्छ ।

(४) वैधता - कुनै पनि योग्यता र क्षमताको मापनको लागि यस्ता प्रश्नबाट गरिने मूल्याङ्कन वैध हुन्छ । विशेष गरेर योग्यताका लागि चाहिने विषयका आधारमा यस्ता प्रश्न तयार गरिन्छ ।

(५) समयको बचत - यस्ता प्रश्न निर्माण गर्दा अधिक समय लागे पनि परीक्षा लिन र परीक्षण गर्न थोरै समय भए पुग्छ । परिणामको लागि विद्यार्थीले लामो समयसम्म कुर्नु पर्दैन ।

(६) परीक्षण - यस्ता प्रश्नको परीक्षण गर्न धेरै समय लाग्दैन र सजिलो हुन्छ । वस्तुगत प्रश्नहरूले परीक्षणमा एउटा उत्तरकुञ्जीका तयार गरिन्छ र परीक्षण गरिन्छ । त्यसैले यस्तो प्रश्नको परीक्षण गर्न सजिलो हुन्छ । फेरि अरू कुनै शिक्षकले उत्तर परीक्षण गरे पनि समान अङ्क प्राप्त हुन्छ ।

वस्तुगत प्रश्नका किसिमहरू

(१) बहुवैकल्पिक

एउटा प्रश्न वा समस्या र त्यसको चारओटा विकल्पहरू दिएर तयार गरिने प्रश्नहरू बहुवैकल्पिक प्रश्न हुन् । दिइएका विकल्पका उत्तरमध्ये एउटा चाहिँ सही र शुद्ध हुन्छ त्यसैमा सङ्केत गरेर उत्तर दिनका लागि प्रश्न तयार गरिन्छ । बोध, व्याकरणतत्व, वर्णविन्यास र शब्दार्थ आदि मापन गर्न यस्ता प्रश्न तयार गरिन्छ । यस्ता प्रश्नमा दिइने विकल्पहरू ज्यादै नजिक हुनु पनि आवश्यक छ । विकल्पहरू शब्द वा वाक्यका रूपमा तयार गरी दिइन्छ । वस्तुगत प्रश्नहरूमध्ये यो प्रश्न ज्यादै महत्त्वपूर्ण मानिन्छ । यो सबभन्दा प्रभावकारी परीक्षण हो । यति भएर पनि यस्ता प्रश्न तयार गर्ने व्यक्तिले राम्रो प्रश्न तयार गर्न निकै मिहिनेत गर्नुपर्दछ ।

(२) खाली ठाउँ भर्ने

अपूर्ण कथन वा वाक्य दिएर त्यसलाई उपयुक्त शब्द वा वाक्यांश राखेर पूरा गर्न दिइने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । खाली ठाउँका लागि निश्चित शब्द वा पदावली नै चाहिन्छ । तथ्यपरक कुराहरूको परीक्षणका लागि यसले मद्दत गर्दछ । भाषामा बोध, उच्चारण, शब्दभण्डार र भाषातत्त्व आदिको परीक्षणका लागि खाली ठाउँ भर्ने प्रश्नहरू दिन सकिन्छ । खाली ठाउँ भर्ने प्रश्न बनाउँदा प्राथमिक तहको तल्लो कक्षाका लागि खाली ठाउँ भर्न २/३ ओटा विकल्पहरू दिन सकिन्छ भने माथिल्लो कक्षाको लागि नदिन पनि सकिन्छ । निम्न माध्यमिक र माध्यमिक कक्षाका लागि यस किसिमको प्रश्न उपयोगी नहुन सक्छ ।

(३) ठीक बेठीक छुट्याउने प्रश्न

शुद्ध र अशुद्ध कथन दिएर ठीक भए ठीक र बेठीक भए बेठीक चिन्ह लेख्ने किसिमका प्रश्नहरूलाई ठीक बेठीक छुट्याउने प्रश्न भनिन्छ । यस्ता प्रश्नमा सत्य र असत्य किसिमका कथन मात्रै दिइन्छ । दिएका कथनलाई प्रशिक्षार्थीले हो वा होइन भनेर सङ्केत गरी छुट्याउन मात्र लगाइन्छ । बोध, वाक्यरचना, शब्दनिर्माण आदिमा यस्ता प्रश्न बनाउन सकिन्छ । यस्तो प्रश्न प्राथमिक तहका तल्लो कक्षामा बढी उपयोगी हुन्छ । यस्ता प्रश्नको उत्तर अनुमानबाट पनि मिलाउन सकिने हुनाले त्यति भरपर्दो मान्न सकिँदैन ।

(४) जोडा मिलाउने

दुई खण्डमा तयार गरिएको प्रश्न जोडा मिलाउने प्रश्न हो । खण्ड 'क' मा सोधिने कुराहरू र खण्ड 'ख' मा उत्तर दिइएको हुन्छ । भाषाशिक्षणमा बोध, शब्दवर्ग, भाषातत्त्व, परिभाषा आदिका बारेमा मापन गर्न जोडा मिलाउने प्रश्न सोध्न सकिन्छ । दुई स्तम्भमा तयार गरिएको प्रश्नलाई एक अर्कोमा मिल्ने कुराको बीच निर्देशनअनुसार जोडा मिलाउन लगाइन्छ । प्राथमिक तहमा यस किसिमको प्रश्न उपयोगी ठानिन्छ । प्रश्न बनाउँदा खण्ड 'क' मा भन्दा खण्ड 'ख' मा २ ओटा बढी सम्भाव्य उत्तर दिनुपर्छ ।

(ख) विषयगत प्रश्न

पठनबोध र विषयवस्तुको आधारमा तयार गरिएको प्रश्नलाई विषयगत प्रश्न भनिन्छ । यस किसिमको प्रश्नबाट विद्यार्थीहरूको मौलिक विचार र अभिव्यक्ति व्यक्त हुने गर्दछ । विद्यार्थीहरूले प्राप्त गरेको ज्ञानको क्षेत्र र विषयवस्तुको गहिराइको मापन गर्न यस्ता प्रश्नहरूको व्याख्या गरिएको पाइन्छ । विषयगत प्रश्नलाई मुख्य रूपले दुई किसिमका भनेर चर्चा गरेको छ ।

(१) संक्षिप्त उत्तरात्मक प्रश्न

विषयवस्तुको बोध सम्बन्धित तर निबन्धात्मक प्रश्नको तुलनामा छोटो किसिमको उत्तर लेख्न सक्ने गरी तयार गरिएको प्रश्नलाई संक्षिप्त उत्तरात्मक प्रश्न भनिन्छ । स-साना भाषिक रचना, व्याकरणात्मक तत्त्व, शब्दार्थ र वाक्यगठनसँग सम्बन्धित प्रश्नहरू संक्षिप्त उत्तरात्मक प्रश्न हुन् । यस्तो प्रश्नको उत्तर विद्यार्थीको स्तरअनुसार एक वाक्यदेखि केही वाक्य र केही अनुच्छेदसम्म हुन सक्छ । नेपाली भाषामा विशेष गरेर एक वा अनेक वा अधिक वाक्य र अनुच्छेदमा उत्तर लेख्न लगाउने गरी यस्ता प्रश्न दिइन्छ । प्राथमिक तहमा यस किसिमको प्रश्न धेरै उपयुक्त हुन्छ ।

(२) निबन्धात्मक प्रश्न

सु-सङ्गठित मौलिक रचनाका लागि तयार गरिएको प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ। यस्ता प्रश्नको उत्तर धेरै अनुच्छेदमा लेखिन्छ। धेरै अनुच्छेदमा उत्तर लेख्ने भएको हुनाले विभिन्न सीपहरूको विकास गराउने अपेक्षा गरिएको हुन्छ। तर प्राथमिक तहमा यस किसिमको प्रश्न उपयुक्त नहुन सक्छ। त्यसैले विद्यार्थीको स्तर सुहाउँदो एक वा दुई अनुच्छेदसम्म मात्र लेख्न सक्ने खालका प्रश्नमा नै सीमित राख्नुपर्छ।

यस्ता प्रश्नहरूको उत्तर लेखनको साथै परीक्षण गर्न पनि कठिन हुन्छ। विद्यार्थीले यस्ता प्रश्नहरूको उत्तर लेख्दा वर्णनात्मक, तुलनात्मक विवेचनात्मक, निर्णयात्मक रूपले लेख्न आवश्यक हुन्छ। समस्यामूलक प्रश्न पनि राख्न सकिन्छ। यस्ता प्रश्नको उत्तर परीक्षण गर्दा शब्दप्रयोग, वाक्य संरचना, क्रमबद्धता, उपयुक्तता र सिलसिला मिले नमिलेको आदि हेरिनुपर्छ। निबन्धात्मक प्रश्नको अभिप्राय भाषाको विभिन्न पक्षको प्रासङ्गिक र प्रावाहमयता प्राप्त गर्नु हो।

यस प्रश्नका फाइदाहरू

- शिक्षक विद्यार्थीको लागि उपयुक्त हुन्छ।
- विद्यार्थीको अनुभवलाई क्रमबद्ध रूपमा सङ्गठन गर्न मद्दत पुऱ्याउँछ।
- परीक्षा लिन र उत्तरपुस्तिका परीक्षण गर्न मद्दत पुऱ्याउँछ।
- परीक्षा लिन र उत्तरपुस्तिका परीक्षण गर्न सजिलो हुन्छ।
- पाठ्यवस्तु एवम् भाषिक सीप सबैको विषयमा लेख्न र समालोचना गर्न सहयोग पुग्दछ।
- विद्यार्थीहरू उत्तर दिन पूर्ण रूपमा स्वतन्त्र हुन्छन्।
- सिकारुको विषयवस्तुज्ञान, भाषिक क्षमता, अनुभव र भाषातत्त्वको ज्ञान स्तर पत्ता लगाउन सकिन्छ।
- विद्यार्थीको मौलिकता र सिर्जनात्मक क्षमता मापन गर्न सकिन्छ।

बेफाइदाहरू

- पाठ्यवस्तुलाई समेटेर प्रश्न बनाउन कठिन हुन्छ।
- उत्तरपुस्तिका परीक्षणमा बैधताको अभाव देखिन्छ।
- प्राप्ताङ्कमा विश्वासनीयता हुँदैन वा फरकफरक हुन्छ।
- व्यक्तिगत आग्रह बढी मात्रामा पर्न सक्छ।
- परीक्षण गर्न धेरै समय लाग्छ।